# हाम्रो सुनकोशी


नेपाल सरकार पाठ्यक्रम विकास केन्द्रले तोके अनुसार
कक्षा १ देखि कक्षा ८ सम्मका लागि सुनकोसी गाउँपालिकाद्वारा तयार पारिएको

## स्थानीय पाठ्यक्रम




**सुनकोशी गाउँपालिका**

सिन्धुपाल्चोक




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० /१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

सुनकोशी गाउँपालिकाको स्थानीय पाठ्यक्रम

# हाम्रो सुनकोशी

२०८०




## आधारभूत तह

कक्षा १-८

# हाम्रो सुनकोशी

## कार्यदलको तर्फबाट



शिक्षा विकास र सभ्यताको आधारशिला हो । शिक्षा औपचारिक र अनौपचारिक रूपमा लेखिन्छ । औपचारिक शिक्षालाई व्यवस्थित गर्न र योजनाबद्ध रूपमा सञ्चालन गर्न पाठ्यक्रमको आवश्यकता पर्दछ । पाठ्यक्रम निर्माण गर्ने र परिमार्जन गर्ने कुरा निरन्तर चलिरहने प्रक्रिया हो । अभिभावकको चाहना र सिकारुको आवश्यकतालाई सम्बोधन गरी समाजको आवश्यकता र सपनाको जगमा पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्न सकेमा अपेक्षित लाभ लिन सकिन्छ ।

नेपालको संविधान २०७२ ले प्रदान गरेको विद्यालय शिक्षाको सञ्चालन र स्थानीय पाठ्यक्रम निर्माणको अधिकारलाई आधार बनाएर सुनकोशी गाँउपालिकाको कार्यालय पाङ्ग्रेटार सिन्धुपाल्चोकको निर्णय अनुसार हामीलाई स्थानीय पाठ्यक्रम (कक्षा १-८) निर्माण गर्ने जिम्मेवारी प्रदान गर्नुभएकोमा हार्दिक धन्यवाद व्यक्त गर्दछौँ ।

सरोकारवालाहरूको पटकपटकको छलफल, विज्ञको सल्लाह सुझाव, पाठ्यक्रम निर्माण कार्यदलको सामुहिक लगनशीलता, गाउँपालिकाको सल्लाह एवम् निर्देशन र स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन २०७६ को निर्देशनको आधारमा यो स्थानीय पाठ्यक्रम तयार गरिएको हो ।

यस पाठ्यक्रममा सुनकोशीको परिचय, हाम्रा संस्कृति र संस्कार, हाम्रा प्राकृतिक र मानव निर्मित सम्पदा, स्थानीय प्रविधि तथा घरेलु उद्योग, हाम्रो कृषि, पशुपन्छी र माछापालन, हाम्रा पेसा, व्यवसाय, हाम्रा जडिबुटी, हाम्रा धार्मिक र पर्यटकीय स्थल, विपत व्यवस्थापन गरी ९ ओटा क्षेत्र र क्रम, तहगत सक्षमता, कक्षागत सिकाइ उपलब्धि, विषय क्षेत्रगत कार्य घण्टा, विषयवस्तुको विस्तृतीकरण, सिकाइ सहजीकरण प्रक्रिया, सम्भाव्य शिक्षण सिकाइ विधि, विद्यार्थी मूल्याङ्कन, विद्यार्थी मूल्याङ्कनका लागि अभिलेख फारम, सम्भाव्य परियोजना/प्रयोगात्मक कार्यका उदाहरण तथा सम्भावित क्रियाकलापहरू, सिकाइ स्तरीकरण, नतिजा विश्लेषण, विशिष्टिकरण तालिका, नमुना प्रश्नपत्र समेटेका छौं ।

पाठ्यक्रम निर्माण गर्दा अपनाउनु पर्ने सम्पूर्ण प्रक्रियाहरू पूरा गरेकोमा हामी विश्वस्त छौ ।

स्थानीय परिवेश तथा स्थानीय वातावरणको जगमा तयार गरिएको यस पाठ्यक्रमले सुनकोशी गाँउपालिका सिन्धुपाल्चोकको चिनारी दिने, आफ्नो पहिचान कायम राख्ने र सुन्दर सुनकोशी, समृद्ध सुनकोशी र सुखी सुनकोशी निर्माणको आधार तयार गर्नेमा विश्वास लिएका छौं ।

स्थानीय पाठ्यक्रम कक्षा १-८ मा उल्लिखित विषयवस्तुहरूको सान्दर्भिकता र औचित्यता यसको सफल र प्रभावकारी कार्यान्वयनबाट मात्र सम्भव हुनेछ । स्थानीय पाठ्यक्रम कार्यान्वयन शिक्षकलाई कार्यान्वयनमा सहयोग पुगोस् भन्ने उद्देश्यले विषयवस्तुहरूलाई सरल ढङ्गले क्रमबद्ध रूपमा समेटिएको छ । स्थानीय ज्ञान सिपलाई विद्यार्थी समक्ष

पुऱ्याउनको निमित्त स्थानीय स्तरमा नै उपलब्ध हुने सहजकर्ता शिक्षकको समेत व्यवस्था गरेर सिप सिकाउने लक्ष्य यस पाठ्यक्रमले लिएको छ ।

यस कार्यका लागि स्थानीय निकायले आवश्यक बजेटको व्यवस्था गर्नुपर्ने हुन्छ । कक्षा ८ सम्मको अध्ययन पूरा गर्ने विद्यार्थीले सुनकोशी गाउँपालिकाभित्रका सबै क्षेत्रका विषयवस्तुहरूका अध्ययन गरी कुनै न कुनै सिप सिकेर जीवनयापन गर्न सक्दछन् भन्ने विश्वास लिएका छौँ ।


शैक्षिक सत्र २०८० देखि एकैसाथ कक्षा १ देखि कक्षा ८ सम्म यस स्थानीय पाठ्यक्रम कार्यान्वयनमा थुप्रै चुनौतिहरू आउन सक्दछन् । तापनि पाठ्यक्रम प्रवोधीकरणपश्चात् कार्यान्वयनमा सहजता आउने नै छ । यसको कार्यान्वयनपश्चात् प्राप्त सल्लाह सुझावलाई ग्रहण गर्दै यो पाठ्यक्रमलाई आगामी दिनमा थप प्रभावकारी बनाउन आवश्यकता अनुसार समसामयिक परिमार्जन गर्न सकिनेछ । पाठ्यक्रम निर्माणजस्तो गहन जिम्मेवारी हामीलाई सुम्पनु भएकोमा सुनकोशी गाउँपालिका सिन्धुपाल्चोकलाई र पाठ्यक्रम निर्माणमा हामीलाई सहयोग गर्नुहुने विद्यार्थी, शिक्षक, प्रधानाध्यापक, अभिभावक, शिक्षकका पेसागत संस्था, विद्यालय व्यवस्थापन समिति, स्थानीय संघ संस्थालगायत सम्पूर्ण सरोकारवालाहरूलाई धन्यवाद ज्ञापन गर्दछौं । पाठ्यक्रम निर्माणमा विज्ञको भूमिकामा रहनुभएका सुनकोशी-३ उखुवारी निवासी श्री उद्धवप्रसाद प्याकुरेलप्रति कृतज्ञ छौँ ।

पाठ्यक्रमको भाषा सम्पादन गर्नु हुने शिक्षा तथा मानव स्रोत विकास केन्द्र, तालिम महाशाखा, सानोठिमी भक्तपुरका निर्देशक श्री गणेशप्रसाद भट्टराईप्रति आभारी छौँ । यस पाठ्यक्रमको कार्यान्वयनमा आ-आफ्नो तर्फबाट सक्दो सहयोग गरिदिनुहुन सबैमा हार्दिक अनुरोध गर्दछौं ।

**स्थानीय पाठ्यक्रम निर्माण कार्यदल**
**सुनकोशी गाँउपालिका, सिन्धुपाल्चोक**

संयोजक, विष्णुप्रसाद न्यौपाने
सदस्य, माधवप्रसाद खनाल
सदस्य, कृष्णप्रसाद दंगाल
सदस्य, साङ्दोर्जे लामा
सदस्य, तुलवहादुर लामा

मिति : २०७९।११।३०




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० /१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016




# हाम्रो सुनकोशी

**प्रकाशक**

सुनकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, पाङ्ग्रेटार

**प्रतिलिपि अधिकार**

सुनकोशी गाउँपालिकामा सुरक्षित

**अन्तिम शुद्धाशुद्धी**

प्रेम लामा

**सहयोगी**

दिनेश थापा

**डिजाइन**

प्रभात श्रेष्ठ, सेवा कम्प्युटर सेन्टर (९८५११७४५१४)

**प्रकाशन**

५०० प्रति (२०८०)

---

सुनकोशी गाउँकार्यपालिकाको मिति २०७९ चैत २९ गतेको निर्णयानुसार
शैक्षिक सत्र २०८० देखि परीक्षणसहित लागु हुने गरी स्वीकृत

स्थानीय सरकार

# सुनकोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

पाङ्ग्रेटार, सिन्धुपाल्चोक

बागमती प्रदेश नेपाल



## मन्तव्य

नेपालको संविधान २०७२ ले प्रदान गरेको विद्यालय शिक्षा सञ्चालन र स्थानीय पाठ्यक्रम निर्माणको अधिकारलाई आधार बनाएर सुनकोशी गाउँपालिकाको निर्णय अनुसार स्थानीय पाठ्यक्रम (कक्षा १-८) निर्माणका लागि कार्यदल गठन गरी कार्यान्वयनमा रहेको व्यहोरा सबैमा अवगत नै छ । गाउँपालिकाबाट गठन गरिएको कार्यदलबाट निर्धारित समय भित्रै स्थानीय पाठ्यक्रम निर्माण गरी गाउँपालिकालाई हस्तान्तरण गरेकोमा म हर्षित भएको छु । बालबालिकाको "ज्ञान, सिप र क्षमताको अभिवृद्धि सुनकोशीको समृद्धि" भन्ने कुरालाई आत्मसात गरी स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयनको मार्गदर्शन (मातृभाषा सहित), २०७६ विकास गरी स्थानीय पाठ्यक्रम निर्माणलाई सहजीकरण गर्ने प्रयास सुनकोशी गाउँपालिकाले गरेको छ । स्थानीय पाठ्यक्रम निर्माण पश्चात् त्यसको प्रभावकारी कार्यान्वयनमा यस गाउँपालिकाले पाठ्यक्रम प्रबोधीकरण गर्ने, आवश्यक अनुगमन गर्ने, विद्यालय ले यसलाई कार्यान्वयन गर्दै जाने र आवश्यकताको आधारमा समयानुकूल बनाउँदै लैजाने हो भने त्यसको प्रभावकारिता अझै बढेर जानेमा विश्वास लिईएको छ ।

हाम्रो संस्कृति, संस्कार, प्राकृतिक सम्पदा, मानव निर्मित सम्पदा, स्थानीय प्रविधि तथा उद्योग, कृषि तथा पशुपन्छी, पेसा व्यवसाय, जडिबुटी, धार्मिक तथा पर्यटकीय स्थलहरू र विपद् व्यवस्थापनका बारेमा सुसूचित गराउनु स्थानीय पाठ्यक्रमको मुख्य उद्देश्य रहेको छ । यस पाठ्यक्रमले सुनकोशीको परिवेशलाई उच्च प्राथमिकता दिँदै, सुनकोशी गाउँपालिकाभित्रका अभिभावकहरूको चाहना र सिकाइको आवश्यकतालाई सम्बोधन गर्दै स्थानीय परिवेशको जगमा टेकेर विज्ञहरू समेतको सहयोगमा कार्यदलद्वारा निर्माण गरिएको यस पाठ्यक्रमले सुन्दर सुनकोशी, समृद्ध सुनकोशी र सुखी सुनकोशी निर्माणको आधार तय गर्ने विश्वास लिएको छु । शिक्षालाई व्यावहारिक र जीविकोपार्जनमुखी बनाउने, स्थानीय आवश्यकताको पहिचान र संरक्षण गर्ने मूल उद्देश्यका साथमा सुनकोशीभित्रका शैक्षिक, प्राज्ञिक, बौद्धिक तथा अन्य सरोकारवालाहरूबाट प्राप्त रचनात्मक र सिर्जनात्मक सुझावहरूलाई शिरोधार्य गरी स्थानीय परिवेशलाई आधार मानी तयार गरिएको यो पाठ्यक्रम अत्यन्तै सह्रानीय रहेको छ । शैक्षिक सत्र २०८० बाट एकै पटक कक्षा १ देखि कक्षा ८ सम्म लागु गर्ने गरी सुनकोशीको परिवेशलाई परिवेश अनुकूल स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याउन सकेकोमा यस पाठ्यक्रम निर्माण कार्यदलका संयोजक एवम् सदस्यहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु । यस पाठ्यक्रम कार्यान्वयनका लागि सुनकोशी गाउँपालिकाभित्रका सम्पूर्ण विद्यालय, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, प्रधानाध्यापक, शिक्षक र अभिभावकलगायत सम्पूर्ण सरोकारवालाहरूमा हार्दिक अनुरोध गर्दछु । स्थानीय सरकारले आवश्यकता अनुसार समयानुकूल परिमार्जन हुँदै जाने व्यहोरा समेत सबैमा अवगत गराउन चाहन्छु ।

अन्त्यमा, स्थानीय सरकारको गरिमालाई अभिवृद्धि गर्दै बाल मानसपटलमा आफ्नोपनको विकास र रुचिका विषयलाई समेटी सिकाइ कार्यमा विद्यार्थीहरूको ज्ञान, सिप, क्षमता, सक्षमता जस्ता पक्षहरूको अभिवृद्धि हासिल गर्नमा यो समय अनुकूल सान्दर्भिक र समृद्ध सुनकोशी निर्माणमा प्रमुख सेतुको रूपमा यस पाठ्यक्रम सफल रहनेछ भन्ने आत्मविश्वासका साथ पाठ्यक्रम पूर्ण कार्यान्वयनको शुभकामना व्यक्त गर्दछु ।

**टपिन्द्रप्रसाद तिमल्सिना**
अध्यक्ष

स्थानीय सरकार
सुनकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पाङ्ग्रेटार, सिन्धुपाल्चोक

बागमती प्रदेश नेपाल



# मन्तव्य

सुनकोशी गाउँपालिकाबाट स्थानीय पाठ्यक्रम निर्माण गरी शैक्षिक सत्र २०८० बाट गाउँपालिकाका सातै वडाको सामुदायिक विद्यालयहरूमा लागु गर्न स्थानीय पाठ्यक्रम प्रकाशन गर्न लागेकोमा मलाई अत्यन्त खुसी लागेको छ । शिक्षा नै समग्र राष्ट्र विकासको आधार हो । शिक्षा नवीनतम ज्ञान, प्रविधि, समाज र व्यक्तिको जीवनसँग जोडिनु पर्दछ । त्यसकारण शिक्षालाई शैक्षिक विकेन्द्रीकरणको अवधारणा अनुसार स्थानीय आवश्यकतामा आधारित शिक्षाको जग बलियो बनाउन विद्यालयको आधारभूत तहदेखि नै स्थानीय तहमा पाठ्यक्रम निर्माण र त्यसको कार्यान्वयन गर्ने व्यवस्था हुँदै आइरहेको छ ।

नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्रले स्थानीय सरकार विद्यालय तथा शिक्षकहरूलाई स्थानीय पाठ्यक्रमको विकास र कार्यान्वयनमा सघाउ पुऱ्याउनको लागि स्थानीय पाठ्यक्रम प्रारूप २०७१ विकास गरेको छ । परिवर्तित, राजनैतिक एवम्, प्रशासनिक व्यवस्था अनुसार संघीय संरचना अन्तर्गत अभिभावक, स्थानीय विज्ञ, शिक्षक तथा अन्य सरोकारवालाहरूको सहभागितामा स्थानीय पाठ्यक्रमको विकास गर्ने सम्पूर्ण जिम्मेवारी स्थानीय सरकारलाई हस्तान्तरण गरिएकोले स्थानीय सरकारलाई स्थानीय सन्दर्भ र आवश्यकताका आधारमा विषयवस्तुको छनोट गर्न पूर्ण स्वायत्तता प्रदान गरिएको हुँदा सुनकोशी गाउँपालिकाको सातै वडाको सामुदायिक विद्यालयहरूमा कक्षा १ देखि ८ सम्म स्थानीय पाठ्यक्रम शैक्षिक सत्र २०८० बाट लागु गर्न सुनकोशी गाउँपालिकाको तर्फबाट स्थानीय पाठ्यक्रम निर्माण गर्न कार्यदल गठन गरी जिम्मेवारी दिएकोमा कार्यदलबाट समयमा नै स्थानीय पाठ्यक्रम लेखन कार्य सम्पन्न गरेकोमा कार्यदललाई हार्दिक धन्यवाद दिँदै सुनकोशी गाउँपालिकाभित्रका सम्पूर्ण विद्यालयहरूको शैक्षिक उपलब्धिको साथै गाउँपालिकाको शैक्षिक, भौतिक, ऐतिहासिक, धार्मिक, सांस्कृतिक पक्षहरूको बारेमा सहयोग पुग्नेछ भन्ने अपेक्षा सहित शुभकामना व्यक्त गर्दछु ।

**कान्छी लामा**
उपाध्यक्ष

स्थानीय सरकार

# सुनकोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

पाङ्ग्रेटार, सिन्धुपाल्चोक

बागमती प्रदेश नेपाल



## मन्तव्य

सुनकोशी गाउँपालिकाले आफ्ना विद्यालयहरूमा स्थानीय पाठ्यक्रम तयार गरी लागु गर्न लागेकोमा मलाई असाध्यै खुसी लागेको छ।यस सन्दर्भमा सर्वप्रथम म सम्पूर्ण विद्यार्थी भाइबहिनीहरू विद्यालय परिवारहरू, शिक्षा क्षेत्रका विशिष्ट महानुभावहरू एवम् सुनकोशी गाउँपालिकाका आम समुदायलाई हार्दिक बधाई व्यक्त गर्न चाहान्छु।मानिसको जीवनलाई प्रभाव पार्ने तथा उन्नत वनाउन आवश्यक पर्ने सम्पूर्ण ग्राह्य ज्ञान नै शिक्षा हो। पढेर, सुनेर, सिकेर वा अन्य कुनै प्रकारले ग्रहण गरिने सैद्धान्तिक तथा व्यवहारिक विषयको बुझाई नै ज्ञान वा शिक्षा हो।शिक्षाले ज्ञान वा विचार प्रदान गर्दछ। शिक्षा व्यावहारिक र जीवनोपयोगी हुनुपर्दछ, जसले मानिसलाई भौतिक र आत्मिक दुवै सुःख प्रदान गर्दछ। त्यसैले शिक्षा मार्फत प्राप्त ज्ञानको उपयोग गरेर उसको जीवन सफल बन्ने प्रकृतिको शिक्षा प्रणाली हुनु पर्दछ।

नेपालको संविधान २०७२ को धारा ३१ मा प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँच तथा आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क पाउने हक हुने कुरा उल्लेख छ।संवैधानिक एवम् कानुनी व्यवस्था बमोजिम प्रत्येक देशको शिक्षा नीति एवम् पाठ्यक्रम केन्द्रबाट तयार हुन्छ। यसरी केन्द्रबाट तयार भएको पाठ्यक्रम सबै क्षेत्रका लागि एकै प्रकृतिको अर्थात समान हुन्छ। देशभर लागु भएको एकै प्रकारको पाठ्यक्रमले सबै स्थानका स्थानीय संस्कृति, जनजीवन, भूगोललगायतका पक्षलाई समेट्न सक्दैन। अझ नेपालजस्तो विविध भौगोलिक, सांस्कृतिक एवम् भाषिक परिवेश भएको देशमा समाजको आवश्यकता एवम् चाहना फरक-फरक हुन्छन्। स्थानीय आवश्यकता र मागको आधारमा तयार भएको वा स्थानीय ज्ञान, सिप र प्रविधिलाई समेटी तयार गरिने पाठ्यक्रम व्यावहारिक एवम् जीवनोपयोगी हुने हुन्छ। जीवनोपयोगी शिक्षा प्रणालीले मानिसलाई जीवन जिउन सजिलो बनाउँछ। तसर्थ आधारभूत तहमा यसको ठूलो महत्त्व हुन्छ।

स्थानीय पाठ्यक्रमको मूल मर्मलाई आत्मसात गरेर सुनकोशी गाउँपालिकाले गाउँपालिका क्षेत्रभित्र लागु हुने गरी आधारभूत तहको लागि स्थानीय पाठ्यक्रम तयार गर्न सुनकोशी गाउँपालिकामा एक कार्यदल गठन गरी शिक्षा क्षेत्रका विशिष्ट महानुभावहरूलाई समेटेर स्थानीय पाठ्यक्रमको मस्यौदा तयार गर्न जिम्मेवारी दिइएकोमा उक्त कार्यदलले प्रचलित कानुन एवम् राष्ट्रियस्तरका विज्ञसमेतको राय परामर्शमा स्थानीय पाठ्यक्रमको मस्यौदा तयार गरी निर्देशक समिति समक्ष पेश गरेको र निर्देशक समितिले आवश्यक छलफलपश्चात स्वीकृत एवम् लागु गर्न सिफारिस गर्ने निर्णय मुताबिक सुनकोशी गाउँपालिका क्षेत्रको आधारभूत तहमा शैक्षिक सत्र २०८० देखि एकैपटक स्थानीय पाठ्यक्रम लागु भएको छ। यसबाट आधारभूत तहमा अध्ययनरत विद्यार्थी भाइबहिनीहरूले स्थानीय माग र आवश्यकता बमोजिमको व्यावहारिक शिक्षा प्राप्त गर्नेछन् जुन उनीहरूको जीवनमा उपयोगी हुनेछ भन्ने विश्वास लिएको छु।

मिति : २०७९ चैत्र १२

**पूर्णप्रसाद दुलाल**
प्रमुख प्रशासकीय अधिकृत




# हाम्रो सुनकोशी

## विषय सूची


| | | |
|---|---|---|
| १. | विषयक्षेत्र र विषयवस्तु | १० |
| १. | परिचय | १३ |
| २. | तहगत सक्षमता | १४ |
| ३ | सिकाइ उपलब्धि | १६ |
| | (क) कक्षा १-३ | १६ |
| | (ख) कक्षा ४-५ | २० |
| | (ग) कक्षा ६-८ | २३ |
| ४. | विषयवस्तुको क्षेत्र र क्रम | २७ |
| | (क) कक्षा १-३ | २७ |
| | (ख) कक्षा ४-५ | ३१ |
| | (ग) कक्षा ६-८ | ३५ |
| ५. | विषयवस्तुको विस्तृतीकरण | ४० |
| | कक्षा १ | ४० |
| | कक्षा २ | ४८ |
| | कक्षा ३ | ५६ |
| | कक्षा ४ | ६५ |
| | कक्षा ५ | ७३ |
| | कक्षा ६ | ८२ |
| | कक्षा ७ | ९० |
| | कक्षा ८ | ९९ |
| ७. | सिकाइ सहजीकरण प्रक्रिया | १०७ |
| ८. | विद्यार्थी मूल्याङ्कन | १०९ |

# विषयक्षेत्र र विषयवस्तु

| क्र.स. | विषय क्षेत्र | विषय वस्तु |
|---|---|---|
| १ | सुनकोशीको परिचय | आफू र आफ्नो परिवारको परिचय, आफ्नो गाउँ, वडा, पालिकाको नाम, भौगोलिक अवस्था, सिमाना, नक्सा, क्षेत्रफल, जनसङ्ख्या, हावापानी, पालिकाको अक्षांश देशान्तर, ऐतिहासिक स्थल, ऐतिहासिक व्यक्तित्व, स्थानीय सङ्घ संस्था, सडक, पूर्वाधार, शासकीय स्वरूप (बालक्लब, स्काउट, सहकारी, विद्यालय, गाउँपालिका) |
| २ | हाम्रा संस्कृति र संस्कार | नाम, पहिचान, महत्त्व, संरक्षण, संस्कारहरूको विश्लेषण, सकारात्मक पक्ष, सुधारात्मक पक्ष, सहिष्णुता, सहभागिता :<br>वेशभूषा, भाषा, चालचलन, रहनसहन, चाडपर्व, लोकबाजा, स्थानीय गीत, स्थानीय खेल, स्थानीय लोककथा, मेलापर्व, जन्म, मृत्यु, विवाह दर्ता, बसाइँसराइ, धार्मिक आस्था, लैङ्गिक विभेद, मातृभाषा, धामीझाँक्री प्रथा, जातीय पहिचान, अनुशासन |
| ३ | हाम्रा प्राकृतिक र मानव निर्मित सम्पदा | नाम, परिचय, वर्गीकरण, महत्त्व, फाइदा, उपयोग, संरक्षण, संवर्धन,<br>प्राकृतिक सम्पदा : वनजङ्गल, जलस्रोत, गुफा, सुरुङ, टाकुरा, वन्यजन्तु, झरना, खोला,<br>मानव निर्मित : भ्युटावर, पदमार्ग, फाँट, सडक, विद्यालय, मठमन्दिर, धारा कुवा, पाटीपौवा, चौतारो, स्वास्थ्य चौकी, प्रहरी संस्था, वडा कार्यालय, पोखरी, विद्युत् प्राधिकरण, खेल मैदान कवर्ड हल, गुम्बा, चर्च, पार्क, बस बिसौनी, सङ्घसंस्था भवन, कलेज, बैङ्क, सामुदायिक स्रोत पुस्तकालय, सामुदायिक वा अध्ययन केन्द्र, हुलाक, गोरेटो बाटो सिँचाइ, डिप बोरिङ, लिफ्टिङ खानेपानी, पशुपन्छी, पुल , स्विमिङ पुल, सत्तल, देवाली थान, वृद्धाश्रम, सालिक, स्तूप, भूमे चैत्य |
| ४ | स्थानीय प्रविधि तथा घरेलु उद्योग | नाम, परिचय, महत्त्व, उपयोग, विकासक्रम, स्थानीय स्रोत, संरक्षण, सिप विकास, बजार<br>परम्परागत प्रविधि : ढिकी, जाँतो, ओखल, पानी घट्ट, काठको डुङ्गा, सिलौटो, चेपुवा, कोल, हलो, जुवा, आरन, टुकी, लाल्टिन, गुन्द्री, हतासो, चकटी, डोको, घुम, भकारी) हर्पे, ठेकी, मदानी, दुना, टपरी, मुङ्ग्रो, ढुङ्ग्रो, डोको, डालो, नाङ्लो, चकमक, लिड्को, डल्लेठो, हलो, जुवा, कोको, चकटी, सोली, घुम, भकारी, पेरुङ्गो, सरङ, कुचो, लम्फा, तुलो तराजु, पानस, खुर्पेटो, दाप, हँसिया, खुकुरी, खुर्पा, ढ्याङ्ग्रो, खैँजेडी, सुकुल, पञ्चेबाजा |

| क्र.स. | विषय क्षेत्र | विषय वस्तु |
|---|---|---|
| ५ | हाम्रो कृषि, पशुपन्छी र माछा पालन | नाम, परिचय, सूचीकरण, वर्गीकरण, महत्त्व, उपयोग, खेती गर्ने तरिका र सहभागिता, संरक्षण, व्यावसायिकता, रोग र उपचार, सूचना, बजार<br>अन्न र कन्दमूल : धान, मकै, गहुँ, तोरी, फापर, कोदो, जौ, भटमास, जुनेलो, घैया धान, सखरखण्ड, तरुल, पिँडालु, भ्याकुर, गिठ्ठा, भुइँ स्याउ<br>तरकारी : आलु, प्याज, रायोको साग, मुला, गाँजर, फर्सी, लौका, स्कुस, घिरौंला, काँको, करेला, कुभिन्डो, चिचिन्डो, बरेला, गोलभँडा निगुरो, जलुको, पालुङ्गो, काउली, बेथे, लट्टे, लुँडे, सिपलकान, सिस्नो, सिमसाग, ग्वाँदे, बन्दा, भिन्डी, भेडे खोर्सानी<br>तेलहन : तोरी, रायो, तिल, भटमास, बदाम, सर्सिउँ, सिलाम, झुसे, चिउरी, हिबुवा<br>दलहन : मास, मस्याङ, रहरी, बोडी, सिमी, केराउ, मुसुरो, गहत राज्मा, बकुल्ला, चना<br>मसला : अदुवा, बेसार, लसुन, प्याज, छ्यापी, मेथी, ज्वानो, धनियाँ, सुप, अलैंची, तेजपत्ता, जरा, खोर्सानी<br>फलफूल : अम्बा, आँप, कटहर, हलुवावेद, केरा, मेवा, स्याउ, सुन्तला, कागती, लहरे आँप, लप्सी, काफल, भोगटे, नासपाती, बिमिरो अमला, चुत्रो, अमारो, पधैंलु, ऐंसेलु, जुरे काफल, जामुनो, क्यामुनो, फलिड, थाकल, जुनार, एभोकाडो, किवी, ड्रागन<br>पशुपन्छी : गाई, भैंसी, बाख्रा, कुखुरा, हाँस, टर्की, सुँगुर, बङ्गुर, कुकुर, परेवा, सुगा, मलेवा, माछा, कालिज, भेडा, खरायो, बट्टाई |
| ६ | हाम्रा पेसा व्यवसाय | नाम, परिचय, आवश्यकता, पेसा व्यवसायप्रति सम्मान, सहभागिता, अभ्यास<br>पेसा व्यवसाय : कषि, सिकर्मी, डकर्मी, सूचीकार, शिक्षण, जे.टी.ए, सुनुवार, ताम्राकार, सिल्पकार, व्यापार, धर्म गुरु, पुरोहित, वादन, डाक्टर, ड्राइभर, मजदुरी, पशुपालन, तरकारी खेती, पन्छीपालन, माछा मार्ने, जुत्ता सिउने, सिलाइबुनाइ, (चोया बाँस, निगालो) पर्यटन, भेटनरी, थान्का, गलैंचा, वाइरिङ, प्लम्बिङ |
| ७ | हाम्रा जडीबुटी | नाम, पहिचान, वर्गीकरण, उपयोग, संरक्षण, संवर्धन, प्रयोग तरिका, बजार<br>स्थानीय स्तरमा पाइने जडीबुटी : अमला, हर्रो, बर्रो, पाँचऔंले, तुलसी, घिउकुमारी, कुरिलो, पुदिना, सर्पगन्धा, लज्जावती, घोडताप्रे, बेसार, अदुवा, पिप्ला, बोजो, तितेपाती, निम, पासाण भेद, ठूलो ओखती, दोखे झार, खरेटो, कन्चिर्नु, बिमिरो, पारिजात, जाई, गुर्जो, अकाशबेली, गुराँस, टिम्मुर, ज्वानो, मेथी, अलैंची, पानी अमला, भोटे साकिनो, सिमल तरुल, फूल तरुल, भुइँ तरुल, वन तरुल, चम्सुर अल्लो, भनिया, निवारो, खनिउँ, तिमिलो, चिराइतो, असुरो, सिस्नो, आँक, चुत्रो, भृङ्गिराज, चमेली पात, तुलसी, बाबरी, दुबो, टोटला फूल, भुइँ अमला, नागबेली |

| क्र.स. | विषय क्षेत्र | विषय वस्तु |
|---|---|---|
| ८ | हाम्रा धार्मिक र पर्यटकीय स्थल | धार्मिक तथा पर्यटकीय स्थलहरूको नाम, परिचय, महत्त्व, वर्गीकरण, संरक्षण, आकर्षण, होटल, होमस्टे, पूर्वाधार, प्रचारप्रसार<br>धार्मिक तथा पर्यटकीय स्थल :<br>वडा न. १ : महाकाल मन्दिर, सामुदायिक वन अध्ययन केन्द्र, वाघभैरव मन्दिर, सीतापाइला, बाघभैरव रङ्गाशाला, ऋषेश्वर महादेव, राधाकृष्ण मन्दिर, सीतापाइला पदमार्ग<br>वडा नं २ : ठोकर्पा थामडाँडा भ्युटावर, लट्टेश्वर महादेव, दोर्पा गुफा, सपनेश्वर महादेव, सानी पँधेरी, कालिदेवी भोटेखेत, संसारीमाई, आइतबारे भुमेस्थान, देउराली गुम्बा, जोरभिर, बोल्ने पहरो देवीथान, सैलुङ्गेश्वर महादेव ( रायोधारा र महादेव)<br>वडा नं ३ :  कालिदेवी मन्दिर (ढाँड), पञ्चकन्या देवी मन्दिर, गौखुरेश्वर महादेव, खटखटेश्वर महादेव, भुमेथान, तिर्थेश्वर महादेव मसन्दर (डाँडाटोल संसारीमाई (कल्लाबारी) चमेरे गुफा (मगार), देवीथान तीनथुम्के डाँडा, बुद्ध पार्क (मिलडाँडा), उखुबारी होम स्टे,जलेश्वर महादेव भुसी खोला दोभान, देवीथान कल्लेरी, गणेशथान मन्दिर पुरानाकोट, सुनकोशी ऱ्याफ्टिङ, सीतापाइला, थामडाँडा पदमार्ग, ज्यामिरे उखुबारी पदमार्ग, चारधाम मन्दिर (चिहाने)<br>वडा नं ४ :  बैदाबारी कालिदेवी मन्दिर, वेत्रावती कालिदेवी मन्दिर, सेराबेँसी लट्टेश्वरी महादेव, कृष्ण मन्दिर, साङ्लिङ गुम्बा, पेमा छोइलिङ गुम्बा, पञ्चमी डाँडा हिकी, भुमेथान डाँडा गाउँ, गोल्मादेवी थान, सेतीदेवी मन्दिर कालिपोखरी, तिलखोरिया खेल मैदान, कालीपोखरी खेल मैदान, पौडिपोखरी यमुनाडाँडा, भोगटे पधेँरो, वेत्रावती पधेँरो, खहरे पधेँरो, मानेधारा छोर्तेल, चौतारा डाँडा हिकी डाँडागाउँ, ग्यानी खोला सत्तल, सुनकोशी ऱ्याफ्टिङ, सेतीदेवी मन्दिर ठकुरी बिसौना, सेतीदेवी मन्दिर खोरङ, डाँडागाउँ सत्तल, रातमाटे सत्तल, खहरेखोला सतह, सीमपानी सत्तल, सिमपानी हिकी, सिमपानी छोर्तेन, सिमपानी सामुदायिक भवन, यमुनाडाँडा स्वास्थ्य चौकी, सामुदायिक महिला भवन, सेतीदेवी मन्दिर रातमाटे, रक्तकाली मन्दिर सीलापर्वत छोर्तेन, बज्युपाने खोरङ<br>वडा नं. ५ : गुरु पदम सम्भोव, मनि छ्युगोरलिङ गुम्बा, भिमसेन थान मन्दिर, कालिदेवी, लहरेमाने, सुनखानी सत्तल, भोटेयामना सत्तल, भिरकुना कालिदेवी, भङ्गेरी भिमसेनथान, टासिछ्लिङ गुम्बा, साङ्लिङ गुम्बा, महादेव मन्दिर,<br>वडा नं. ६ : तीनचम्के मन्दिर, सेतीदेवी मन्दिर (डाँडा देवीथान), विन्द्यवासिनी मन्दिर, लट्टेश्वर मन्दिर, कालिदेवी मन्दिर सानो पाखर, कालीचौर खेलमैदान, सिमलडाँडा मन्दिर, दुर्गादेवी मन्दिर, तल्लो टाँसी उर्गेन, माथिल्लो तिर्थकलिङ, बाह्र किलो गुम्बा, थुम्पाखर गुम्बा, चर्चहरू : हर्रे नेल्छम, नेपाल इसाई मन्डली,कुइले सच्चाइ केन्द्र, सिमडाँडा सच्चाइ केन्द्र, एघार किलो मानेडाँडा, गोल्मे भ्यु पार्क, नौ किलो खेल मैदान, भुमेस्थान मन्दिर, हरिसिद्धि मन्दिर, सामुदायिक पार्टी प्यालेस, सामुदायिक सिकाइ केन्द्र, भैरवी देवी मन्दिर, कुल मन्दिर : अन्तर्पू बस्नेत टोल/ थापा टोल,  शिव मन्दिर, गोल्मादेवी मन्दिर, निस्सी चर्च, कालिन्चोक मन्दिर, सेतीदेवी मन्दिर टिमुरे, खेल मैदान, क्रियापुत्री भवन, आँखीभ्याल पहाड<br>वडा नं ७ : तेन्जिङ हिलारी पदमार्ग, वसन्तपुर खेल मैदान, तिमल्सिना कुलायन मन्दिर, सेतीदेवी मन्दिर, पाङ्ग्रेटार : लामोसाँघु, सेभेन डे एडभेन्टिज चर्च, आरधना चर्च, ठूलो पँधेरा, गौखुरे महादेव, सेतीदेवी थान, सुनकोशी जलविद्युत केन्द्र, गोकर्णेश्वर महादेव, पाँचकन्या सेतीदेवी, सेतीदेवी माझीगाउँ, माझीको पितृ नाच, जालपादेवी मन्दिर, सुनकोशी नदी, वनझाँक्री ठूलोओढार, पात्ले : कालीदेवी मन्दिर, गोल्मादेवी मन्दिर, सेतीदेवी मन्दिर, ज्वालादेवी मन्दिर, रिङ्गटेभिर |
| ९ | विपत् व्यवस्थापन | परिचय, वर्गीकरण ( प्राकृतिक र मानव सिर्जित), असरहरू, प्रकोपहरू (भूकम्प, बाढी, पहिरो, आगलागी, हुरीबतास, चट्याङ अतिवृष्टि, अनिवृष्टि, असिना, हुस्सु, कुहिरो, तुसारो, महामारी), सावधानी, जनचेतना, उद्धार, तालिम, राहत, पुनरुत्थान |

## १. परिचय

स्थानीय आवश्यकताका आधारमा स्थानीय विषयवस्तु एवम् स्रोत साधनको अधिकतम प्रयोग र स्थानीय विज्ञताको उपयोग गरी निर्माण गरिएको पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो । पूर्वअनुभवसँग जोडेर बालबालिकामा दिगो सिकाइ गर्न सकिन्छ । बालबालिकाको पूर्वअनुभव उनीहरूको घर, समाज र स्थानीय परिवेश हुन्छ जुन स्थानीय पाठ्यक्रमको माध्यमबाट प्राप्त गराउन सकिन्छ । पाठ्यक्रमले बालबालिकाको शारीरिक, बौद्धिक, आध्यात्मिक र सांस्कृतिक पक्षको विकास गर्छ । उनीहरूलाई जिम्मेवारी बोध गर्ने अवसर हासिल हुने अवस्था सिर्जना गर्छ । विश्व बजारमा प्रतिस्पर्धी, सञ्चार तथा सूचना प्रविधिको ज्ञान भएका, समूहमा काम गर्न सक्ने, हरेक विविधतालाई सम्मान गर्ने र समालोचना तथा सिर्जनात्मक अभिव्यक्तिको सिप भएका जनशक्ति तयार गर्नेतर्फ पाठ्यक्रम केन्द्रित रहेको हुन्छ । विद्यार्थीका विविध आवश्यकता र चाहनालाई पूरा गर्न स्थानीय आवश्यकतामा आधारित भएर स्थानीय पाठ्यक्रम 'हाम्रो सुनकोशी २०७९' विकास गरिएको छ । स्थानीय आवश्यकता, स्थानीय स्रोत साधन र स्थानीय विज्ञतालाई आधार बनाई यो पाठ्यक्रम तयार गरिएको छ । केन्द्रीय पाठ्यक्रमले समेट्न नसकेका सुनकोशी गाउँपालिकाको परिचय, संस्कृति र संस्कार, प्राकृतिक र मानव निर्मित सम्पदा, स्थानीय प्रविधि र घरेलु सामान, कृषि पशुपन्छी र माछा पालन, पेसा व्यवसाय, जडीबुटी, धार्मिक तथा पर्यटकीय स्थल, विपत् व्यवस्थापन, जस्ता विषयलाई यस पाठ्यक्रमले सम्बोधन गरेको छ । पाठ्यक्रमका माध्यमबाट स्थानीय कला, संस्कृति, परम्परा, पर्यटकीय क्षेत्र, सिप, भाषा आदिको संरक्षण र संवर्धन गर्न साथै स्थानीय व्यवसाय, प्राकृतिक सम्पदा तथा संस्कृतिको जानकारी गराई त्यसअनुरूपको व्यवहार गर्न सक्ने बनाउन सहयोग पुग्छ । यस पाठ्यक्रमले बालबालिकालाई स्थानीय भौगोलिक, जातीय, लैङ्गिक, भाषिक, सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक, प्राकृतिक विविधताप्रति परिचित हुँदै संरक्षण, संवर्धन र विकास कार्यमा सहभागी गराउन मद्दत पुग्छ । स्वावलम्बी एवम् आत्मनिर्भर हुने ढङ्गको शिक्षा प्रदान गरी रोजगारउन्मुख नागरिक तयार गर्नु स्थानीय पाठ्यक्रमको मूल ध्येय रहेको छ । यस पाठ्यक्रममा सुनकोशी गाउँपालिकाको स्थानीय विषय क्षेत्र समेटिएकाले अध्ययन अध्यापनमा सैद्धान्तिकभन्दा व्यावहारिक र प्रयोगात्मक पक्षमा बढी जोड दिनुपर्ने हुन्छ । यस विषयका लागि कक्षा १-३ मा साप्ताहिक ५ र कक्षा ४-८ मा ४ पाठ्यघण्टा छुट्याइएको छ । वार्षिक कुल कार्यघण्टा क्रमशः १-३ कक्षामा १६० र ४-५ कक्षामा १२८ छुट्याइएको छ । मूल्याङ्कनलाई शिक्षणसिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा प्रयोग गर्नुपर्ने पक्षलाई जोड दिइएको छ । यस विषयको पाठ्यक्रम विकास गर्दा उल्लिखित विषयवस्तुको अवधारणा विकास, अभ्यास र निरन्तर सिकाइ तथा मूल्याङ्कनबिचको सन्तुलन कायम गरिएको छ ।

यस पाठ्यक्रममा परिचय, तहगत सक्षमता, कक्षागत सिकाइ उपलब्धि, विषयवस्तुको क्षेत्र र क्रम, सिकाइ सहजीकरण प्रक्रिया र विद्यार्थी मूल्याङ्कनलाई समेटिएको छ । यस क्रममा, विषयगत रूपमा अपेक्षित ज्ञान, सिप, अभिवृत्ति, मूल्य र कार्य तत्परतालाई समेटी त्यसको क्रियात्मक स्वरूपमा सक्षमता, सिकाइको स्तर र सक्षमताको विशिष्टीकृत विस्तृतीकरण गरिएको छ । सिकाइ उपलब्धि एवम् लम्बीय र समतलीय सन्तुलनका आधारमा विषयवस्तुको क्षेत्र र क्रम, विषयगत विशिष्टपन र मौलिकतालाई समेटी सिकाइ सहजीकरणका विधि तथा प्रक्रिया समावेश गरिएको छ । यसमा विद्यार्थीको निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनका विधि तथा प्रक्रिया उल्लेख गरी विद्यार्थी मूल्याङ्कनलाई व्यवस्थित गरिएको छ ।

## २. तहगत सक्षमता

(क) **स्थानीय विषयमा आधारभूत तह (कक्षा १–३) को अन्त्यमा निम्नलिखित सक्षमता हासिल हुने छन् :**

१. आफू, आफ्नो गाउँ, वडा र गाउँपालिकासँग परिचित भई गौरव गर्न

२. आफ्नो र आफ्नो समुदायको संस्कृति र संस्कारको जानकारी र सहभागिता

३ स्थानीय स्तरमा भएका प्राकृतिक र मानव निर्मित सम्पदाको जानकारी र संरक्षण कार्यमा सहभागिता

४, स्थानीय स्तरमा भएका स्थानीय प्रविधि र घरेलु उद्योगको जानकारी र संरक्षण कार्यमा सहभागिता

५. आफ्नो परिवार एवम् समुदायले उत्पादन गर्ने अन्न, तरकारी, फलफूल र पशुपन्छीको जानकारी र उपयोग

६. आफ्नो परिवार एवम् समुदायका पेसा व्यवसाय साथै स्थानीय प्रविधिको जानकारी एवम् सहभागिता

७. आफ्नो वरपर पाइने जडीबुटीको जानकारी र प्रयोग

८, आफ्नो वरपर रहेका धार्मिक एवम् पर्यटकीय स्थलको जानकारी

९. आफ्नो वरपर आइपर्ने विपत् एवम् जोखिमको पहिचान र सजगता

(ख) **यस विषयमा आधारभूत तह (कक्षा ४–५) को अन्त्यमा निम्नलिखित सक्षमता हासिल हुने छन् :**

१. वडा र गाउँपालिकाको धरातलीय स्वरूप, हावापानी, जनसङ्ख्या, सिमाना, सामाजिक व्यक्तित्वको जानकारी र सन्दर्भगत सम्मान

२. आफ्नो समुदाय र वडाको संस्कृति र संस्कारको परिचय, महत्त्व, संरक्षण र सहभागिता

३, स्थानीय स्तरमा रहेका प्राकृतिक एवम् मानव निर्मित सम्पदाको जानकारी, उपयोग, संरक्षण र संवर्धन

४. वडा स्तरमा रहेका स्थानीय प्रविधि र घरेलु उद्योगको जानकारी, महत्त्व, प्रयोग र विकास

५. आफ्नो समुदाय एवम् वडा स्तरमा उत्पादन गर्ने अन्न, तरकारी, फलफूल र पशुपन्छीको जानकारी, फाइदा र सहभगिता

६. आफ्नो समुदाय एवम् वडा स्तरका पेसा व्यवसायको जानकारी, सिप विकासमा सहभागिता

७. आफ्नो वडा स्तरमा पाइने जडीबुटीको जानकारी, महत्त्व र प्रयोग

८. आफ्नो वडा स्तरमा रहेका धार्मिक एवम् पर्यटकीय स्थलको जानकारी, महत्त्व र संरक्षण

९. आफ्नो वडा स्तरमा आइपर्ने विपत् एवम् जोखिमको पहिचान र सजगता

**(ग) यस विषयमा आधारभूत तह (कक्षा ६–८) को अन्त्यमा निम्नलिखित सक्षमता हासिल हुने छन् :**

१. सुनकोशी गाउँपालिकाको हावापानी, जनसङ्ख्या, सडक सञ्जाल, ऐतिहासिक स्थल र व्यक्तित्वको परिचय, संरक्षण सम्मान र विकास प्रक्रियामा सहभागिता

२. सुनकोशी गाउँपालिकाको संस्कृति र संस्कारको जानकारी, महत्त्व, संरक्षण र सहभागिता

३. सुनकोशी गाउँपालिकामा रहेका प्राकृतिक एवम् मानव निर्मित सम्पदाको जानकारी, महत्त्व, संरक्षण र संवर्धन  कार्यमा सहभागिता

४. सुनकोशी गाउँपालिका प्रचलित स्थानीय प्रविधि र घरेलु उद्योगको जानकारी, महत्त्व, प्रयोग, व्यावसायिक विकास प्रक्रियामा सहभागिता

५. सुनकोशी गाउँपालिकामा उत्पादन हुने अन्न, तरकारी, फलफूल र पशुपन्छीको जानकारी, व्यावसायिक सिप विकास, भण्डारण र बजारको खोज अनुसन्धानमा सहभगिता

६. सुनकोशी गाउँपालिकामा प्रचलित पेसा व्यवसायको जानकारी, महत्व, प्रयोग र सिप विकासमा सहभगिता

७. सुनकोशी गाउँपालिकामा पाइने जडीबुटीको जानकारी, महत्त्व, प्रयोग व्यावसायिक सिप विकास

८. सुनकोशी गाउँपालिकामा रहेका धार्मिक एवम् पर्यटकीय स्थलको विकास प्रक्रियामा सहभागिता

९. सुनकोशी गाउँपालिकामा आइपर्ने विपत् एवम् जोखिमको जानकारी, न्यूनीकरण अभ्यास, पूर्व तयारी अभ्यास साथै सजगता

## सिकाइ उपलब्धि (Learning Achivement)

**कक्षा १–३**

| विषयक्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|
| १ सुनकोशीको परिचय | १.१ आफ्नो नाम, उमेर, विद्यालयको नाम बताउन<br>१.२ आफ्नो परिवारको परिचय दिन<br>१.३ घरमुलीको नाम बताउन<br>१.४ परिवार सङ्ख्या बताउन<br>१.५ आफू बसेको स्थानको नाम र वडा नं बताउन<br>१.६ आफ्नो गाउँपालिकाको नाम बताउन | १.१ आफ्नो घर, विद्यालय वरपरको भौगोलिक अवस्था : अग्लो, होचो, समथर, भिरालो, लेक, बेँसी अवलोकन गरी बताउन<br>१.२ सुनकोशी गाउँपालिकाको वडा सङ्ख्या बताउन<br>१.३ छिमेकको परिचय र परिवार सङ्ख्या उल्लेख गर्न<br>१.४ आफ्नो कक्षाका विद्यार्थी सङ्ख्या उल्लेख गर्न<br>१.५ आफ्नो घरको सिमाना : पूर्व, पश्चिम, उत्तर र दक्षिण छुट्याउन<br>१.६ आफ्ना गाउँटोलमा रहेको संस्थाको नाम उल्लेख गर्न | १.१ आफ्नो वडाको भौगोलिक अवस्था अग्लो, होचो, समथर, भिरालो, लेक, बेँसी अवलोकन गरी उल्लेख गर्न<br>१.२ आफ्नो गाउँटोलको सिमाना : पूर्व, पश्चिम, उत्तर र दक्षिण छुट्याउन<br>१.३ आफ्नो गाउँको नक्सा सामान्य नक्सा कोर्न<br>१.४ समुदायमा रहेका सामाजिक व्यक्तित्वको पहिचान गरी सूची बनाउन<br>१.५ विद्यालयमा रहेका कक्षागत विद्यार्थी सङ्ख्या उल्लेख गर्न |

| विषयक्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|
| २.हाम्रो संस्कृति र संस्कार | २.१ आफ्नो परिवारका सदस्यले लगाउने पोसाकको नाम बताउन<br>२.२ परिवारका सदस्यले बोल्ने मातृभाषा बताउन<br>२.३ आफ्नो परिवारले वर्षभरि मनाउने चाडपर्वको नाम बताउन<br>२.४ आफ्नो परिवारले मान्ने धर्म संस्कृतिको नाम बताउन<br>२.५ घर टोलछिमेकमा प्रचलित लोक बाजाको नाम बताउन<br>२.६ आफ्नो घरमा अभिवादनका तरिका अभिनय गर्न | २.१ आफ्नो छिमेकीहरूले लगाउने पहिरन सूची बनाउन<br>२.२ आफ्नो गाउँटोलमा बोलिने मातृभाषाका दशओटा शब्द बोल्न र लेख्न<br>२.३ आफ्नो परिवारले चाडपर्वमा खाइने परिकारको सूची तयार गर्न<br>२.४ आफ्नो टोल छिमेकले मान्ने धर्म संस्कृतिको सूची तयार गर्न<br>२.५ समुदायमा रहेका लोकबाजाको परिचय दिन<br>२.६ समुदायमा प्रचलित लोक गीत पहिचान गरी अभ्यास गर्न<br>२.७ घरमा प्रचलित लोककथा सुनेर सुनाउन<br>२.८ माया, आदर सत्कारको अभ्यास गर्न | २.१ आफ्नो वडाभरिका मानिसले लगाउने पहिरन र राष्ट्रिय पोसाकको सूची बनाउन<br>२.२ आफ्नो वडाका मानिसले बोल्ने मातृभाषाका दशओटा शब्द बोल्न र लेख्न<br>२.३ आफ्नो परिवारमा चाडपर्व मनाउने तरिका बताउन<br>२.५ आफ्नो वडाभरि लाग्ने मेला, पर्व, जात्राको सूची तयार गर्न<br>२.६ स्थानीय लोकबाजाको परिचय र अभ्यास गर्न<br>२.७ स्थानीय लोक गीत गायन अभ्यास गर्न<br>२.८ अनुशासन पालनका तरिका बताउन र पालन गर्न |
| ३. हाम्रा प्राकृतिक र मानव निर्मित सम्पदा | ३.१ आफ्नो घर वरपर भएका रुखबिरुवा खोलानाला, र जीवजन्तुका नाम बताउन<br>३.२ आफ्नो घर वरपर रहेका मानव निर्मित सम्पदाका नाम बताउन | ३.१ आफ्नो विद्यालय वरपर भएका रुखबिरुवा खोलानाला, र जीवजन्तुको परिचय दिन<br>३.२ आफ्नो विद्यालय वरपर रहेका मानव निर्मित सम्पदाका परिचय दिन | ३.१ आफ्नो टोल छिमेक वरपर भएका रुखबिरुवा, खोलानाला र जीवजन्तुको महत्त्व उल्लेख गर्न<br>३.२ आफ्नो टोल छिमेक वरपर भएका मानव निर्मित सम्पदाको सूची बताई महत्त्व दर्साउन |

| विषयक्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|
| ४. स्थानीय प्रविधि र घरेलु उद्योग | ४.१ आफ्नो घरमा प्रयोग हुने स्थानीय प्रविधिको नाम बताउन<br>४.२ आफ्नो घरमा निर्माण भएका घरेलु उद्योगबाट उत्पादित सामानको नाम बताउन | ४.१ आफ्नो गाउँघरमा प्रयोग हुने स्थानीय प्रविधिको परिचय दिन<br>४.२ आफ्नो घरमा निर्माण भएका घरेलु उद्योगबाट उत्पादित सामानको परिचय दिन | ४.१ आफ्नो वडाभरि प्रयोग हुने स्थानीय प्रविधिको महत्त्व दर्साउन<br>४.२ आफ्नो वडाभरि निर्माण भएका घरेलु उद्योगबाट उत्पादित सामानको महत्त्व उल्लेख गर्न |
| ५.कृषि, पशुपन्छी र माछा पालन | ५.१ आफ्नो खेतबारीमा उत्पादित अन्न र कन्दमूलको नाम चिन्न र बताउन<br>५.२ आफ्नो खेतबारीमा उत्पादित दलहन, तेलहन र मसलाजन्य वस्तुको नाम चिनेर बताउन<br>५.३ आफ्नो खेतबारी र करेसाबारीमा उत्पादित तरकारीहरूको नाम चिनेर बताउन<br>५.४ आफ्नो खेतबारीमा उत्पादित फलफूलहरूको नाम चिनेर बताउन<br>५.५ आफ्नो घरमा पालिने पशुपन्छीको नाम चिनेर बताउन | ५.१ आफ्नो समुदायमा उत्पादित अन्नहरूको पहिचान गरी परिचय दिन<br>५.२ आफ्नो खेतबारीमा उत्पादित दलहन, तेलहन र मसलाजन्य वस्तुको परिचय दिन<br>५.३ आफ्नो समुदायमा उत्पादित तरकारीहरूको पहिचान गरी परिचय दिन<br>५.४ आफ्नो समुदायमा उत्पादित फलफूलहरूको पहिचानसहित परिचय दिन<br>५.५ आफ्नो समुदायमा पालिने पशुपन्छी र कीटको पहिचान गरी परिचय दिन<br>५.६ कृषि कार्यका लागि प्रयोग गरिने औजारको नामसहित परिचय दिन | ५.१ आफ्नो वडामा उत्पादित अन्नहरूको खोज गरी महत्त्व र उपयोग उल्लेख गर्न<br>५.२ आफ्नो खेतबारीमा उत्पादित दलहन, तेलहन र मसलाजन्य वस्तुको खोज गरी महत्त्व दर्साउन<br>५.३ आफ्नो वडामा उत्पादित तरकारीहरूको खोजगरी महत्त्व र उपयोग उल्लेख गर्न<br>५.४ तरकारीका वर्गीकरण गर्न<br>५.५ आफ्नो वडामा उत्पादित फलफूलहरूको खोजगरी महत्त्व र उपयोग उल्लेख गर्न<br>५.६ आफ्नो वडामामा पालिने पशुपन्छी, माछा र कीटको खोज गरी महत्त्व र उपयोग दर्साउन |

| विषयक्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ |
|---|---|---|---|
| ६.पेसा व्यवसाय, | ६.१ आफ्नो परिवारका सदस्यको पेसा व्यवसायको नाम बताउन<br>६.२ आफ्नो परिवारका सदस्यको पेसा व्यवसायमा प्रयोग हुने सामग्रीको नाम चिनेर बताउन | ६.१ आफ्नो टोल छिमेकीका परिवारका सदस्यका पेसा व्यवसायको नाम बताई परिचय दिन<br>६.२ आफ्नो टोल छिमेकीका परिवारका सदस्यका पेसा व्यवसायमा प्रयोग हुने सामग्रीको नाम बताई परिचय दिन | ६.१ समुदाय स्तरमा अपनाइएका पेसा व्यवसायको खोजगरी र आम्दानी गर्ने तरिका उल्लेख गर्न<br>६.२ पेसा व्यवसायको महत्त्व दर्साउन<br>६.३ आफ्नो परिवारका सदस्यले अपनाएका पेसामा सहभागिता हुन र अनुभव उल्लेख गर्न |
| ७ जडीबुटी | ७.१ आफ्ना घर वरपर पाइने जडीबुटीको नाम बताउन | ७.१ आफ्ना समुदायमा पाइने जडीबुटीको परिचय दिई प्रयोग गर्न | ७.१ आफ्ना वडामा पाइने जडीबुटीको खोज गरी महत्त्व वर्णन गर्न |
| ८.हाम्रा धार्मिक र पर्यटकीय स्थल | ८.१ बालबालिकाले भ्रमण गरेका रमाइला स्थानहरूको नाम बताउन<br>८.२ आफ्नो समुदाय वरपर भएका प्रचलित पर्यटकीय स्थलहरू नाम बताउन | ८.१ आफ्नो गाउँटोल वरपर भएका प्रचलित पर्यटकीय स्थलहरू सामान्य वर्णन गर्न<br>८.२ आफ्नो समुदायमा रहेका मठ, मन्दिर, चर्च, गुम्बाको सूची बनाउन | ८.१ आफ्नो वडाभित्र भएका प्रचलित पर्यटकीय स्थलहरूको नाम सूची बनाई परिचय दिन<br>८.२ आफ्नो समुदायमा रहेका मठ, मन्दिर, चर्च, गुम्बामा लाग्ने मेलाको तिथि मिति उल्लेख गरी सहभागिता जनाउन |
| ९. विपत् व्यवस्थापन | ९.१ आफ्नो घर वरपर आइपर्ने विपत् तथा जोखिम पहिचान गरी र सजगता अपनाउन | ९.१ आफ्नो छिमेक वरपर आइपर्ने विपत् तथा जोखिमको परिचय दिन र सजगता अपनाउन<br>९.२ आफ्नो छिमेक वरपर आइपर्ने विपत् तथा जोखिमका घटनाका उदाहरण दिन | ९.१ आफ्नो छिमेक र वडाभित्र विपत् आइपर्ने स्थान पहिचान गरी र सजगता अपनाउन<br>९.२ आफ्नो छिमेक र वडाभित्र विपत् आइपरेका घटनाको उदाहरण दिन |

## सिकाइ उपलब्धि (learning Achivement)

### कक्षा ४-५

| विषयक्षेत्र | कक्षा ४ | कक्षा ५ |
| --- | --- | --- |
| १.सुनकोशीको परिचय | १.१ आफ्नो गाउँपालिकाको धरातलीय स्वरूप अग्लो, होचो, समथर, भिरालो, लेक र बेँसी उल्लेख गर्न<br>१.२ आफ्नो वडाको सिमाना : पूर्व, पश्चिम, उत्तर र दक्षिण छुट्याउन<br>१.३ विद्यालय सेवा क्षेत्रको नक्सा बनाउन<br>१.३ आफ्नो समुदायको जनसङ्ख्या र घरधुरी सङ्ख्या उल्लेख गर्न<br>१.४ आफ्नो समुदायमा रहेका सामाजिक व्यक्तित्वको पहिचान गरी सूची बनाउन | १.१ आफ्नो गाउँपालिकाको धरातलीय स्वरूपअनुसारको हावापानी वर्णन गर्न<br>१.२ आफ्नो गाउँपालिकाको सिमाना : पूर्व, पश्चिम, उत्तर र दक्षिण छुट्याउन<br>१.३ आफ्नो वडाको जनसङ्ख्या : जम्मा, महिला, पुरुष उल्लेख गर्न<br>१.४ आफ्नो वडाभित्रका जनप्रतिनिधिको पहिचान गरी कामको वर्णन गर्न<br>१.५ आफ्नो वडाको क्षेत्रफल उल्लेख गर्न<br>१.६ गाउँपालिकाको नक्सामा वडाको पहिचान गर्न |
| २.हाम्रो संस्कृति, र संस्कार | २.१ आफ्नो गाउँपालिकाका मानिसले विशेष गरी मेला पर्वमा लगाउने पोसाक एवम् पहिरन पहिचान गरी महत्त्व दर्साउन<br>२.२ आफ्नो गाउँपालिकामा मनाइने स्थानीय चाडपर्व, गीत, जात्रा, नृत्य तथा बाजाको महत्त्व दर्साई सहभागिता जनाउन<br>२.३ आफ्नो समुदायभित्रको जातजातिका संस्कार सूची तयार गर्न<br>२.४ आफ्नो वडाभित्र बोलिने भाषाहरू पहिचान गरी महत्त्व वर्णन गर्न<br>२.५ आफ्नो टोल छिमेकको चालचलन र रहनसहन वर्णन गर्न<br>२.६ असल आचरणको आवश्यकता उल्लेख गर्न | २.१ आफ्नो गाउँपालिकाभित्रका मानिसले लगाउने विशेष पोसाक एवम् पहिरनको महत्त्व वर्णन गरी संरक्षणका उपाय उल्लेख गर्न<br>२.२आफ्नो गाउँपालिकामा मनाइने स्थानीय चाडपर्व, गीत, जात्रा, नृत्य, बाजाका संरक्षणको उपाय उल्लेख गरी महोत्सवमा सहभागी हुन<br>२.३ आफ्नो वडाभित्रका जातजातिका संस्कृति र संस्कारको महत्त्व वर्णन गर्न<br>२.४ आफ्नो गाउँपालिकाभित्र बोलिने भाषाको पहिचान गरी बोल्ने र लेख्ने अभ्यास गर्न<br>२.५ आफ्नो गाउँपालिकाभित्र स्थापित लोककथा पहिचान गरी महत्त्व दर्साउन<br>२.६ असल आचरणको अनुशरण गर्न |

| विषयक्षेत्र | कक्षा ४ | कक्षा ५ |
|---|---|---|
| ३. हाम्रा प्राकृतिक र मानव निर्मित सम्पदा | ३.१ आफ्नो समुदायभित्र रहेका प्राकृतिक सम्पदाको सूची बनाई उपयोग र फाइदा उल्लेख गर्न<br>३.२ आफ्नो समुदायभित्र रहेका मानव निर्मित सम्पदाको सूची बनाई उपयोग र फाइदा वर्णन गर्न | ३.१ आफ्नो वडाभित्र रहेका सामुदायिक, निजी र कबुलियती वनको सूची बनाई संरक्षण र संवर्धनका उपाय उल्लेख गर्न<br>३.२ आफ्नो वडाभित्र रहेका सार्वजनिक भवनहरूको सूची बनाई संरक्षण र संवर्धनका उपाय उल्लेख गर्न |
| ४.स्थानीय प्रविधि र घरेलु उद्योग | ४.१ स्थानीय प्रविधिको आवश्यकता र महत्त्व वर्णन गर्न<br>४.२ घरेलु उद्योग सञ्चालनबाट हुने फाइदा तथा बेफाइदा सूची बनाउन<br>४.३ दुना, टपरी बनाउने अभ्यास गर्न | ४.१ स्थानीय प्रविधिको विकास क्रम उल्लेख गर्न<br>४.२ स्थानीय स्तरमा सञ्चालन भएका घरेलु उद्योगको परिचय दिन<br>४.३ स्थानीय स्तरमा सञ्चालन भएका उद्योगको प्रकारहरू उल्लेख गर्न |
| ५. कृषि, पशुपन्छी र माछा पालन | ५.१ स्थानीय तहमा पाइने अन्न र कन्दमूलहरूको उपयोगिता उल्लेख गर्न<br>५.२ स्थानीय स्तरमा उत्पादित दलहन, तेलहन, मसला जन्य वस्तुको उपयोगिता वर्णन गर्न<br>५.३ गाउँपालिकाभित्र विभिन्न मौसममा रोपिने तरकारीको सूची बनाई तरकारी बारीमा मलजल, गोडमेल, संरक्षणमा अभ्यास गर्न<br>५.४ गाउँपालिकाभित्र पाइने फलफूलको सूची बनाई मलजल गोडमेल काँटछाँट, संरक्षणमा अभ्यास गर्न<br>५.५ गाउँपालिका स्तरमा पशुपालन व्यवसायका लागि चाहिने पूर्वाधार एवम् गोठ, खोर, घार व्यवस्थान अवस्था उल्लेख गर्न | ५.१ गाउँपालिकाभित्र फल्ने अन्नहरूको गोडमेल, मलजल तथा सिँचाइका उपायहरू उल्लेख गर्न<br>५.२ स्थानीय स्तरमा उत्पादित दलहन, तेलहन, मसला जन्य बालीको उत्पादन तरिका उल्लेख गरी अभ्यास गर्न<br>५.३ गाउँपालिकाभित्र पाइने तरकारीको महत्त्व तथा फाइदाको सूची बनाउन<br>५.४ मौसमी र बेमौसमी तरकारी वर्गीकरण गरी फाइदाको सूची बनाउन<br>५.५ गाउँपालिकाभित्र पाइने फलफूलमा लाग्ने रोगको सूची बनाई उपचारका तरिका उल्लेख गर्न<br>५.६ गाउँपालिकाभित्र पालिने पशुपन्छीको सूची बनाई तिनको उत्पादनको अवस्था उल्लेख गर्न<br>५.७ मौरी पालनका फाइदा सूची बनाई चरीचरण क्षेत्र र पौष्टिक आहारको जानकारी लिन |

| विषयक्षेत्र | कक्षा ४ | कक्षा ५ |
|---|---|---|
| ६. हाम्रा पेसा व्यवसाय | ६.१ स्थानीय पेसा व्यवसायको आवश्यकता र महत्त्व उल्लेख गर्न<br>६.२ स्थानीय पेसा व्यवसायमा सिपको आवश्यकता वर्णन गर्न<br>६.३ माला उन्ने अभ्यास गर्न | ६.१ पेसा व्यवसायप्रति सम्मानका उपाय उल्लेख गरी सहयोग गर्न<br>६.२ पेसागत सिप विकाशका लागि स्थानीय अभ्यासको खोज गरी वर्णन गर्न<br>६.३ सिलाइ बुनाइको अभ्यास गर्न |
| ७. जडीबुटी | ७.१ गाउँपालिकाभित्र पाइने जडीबुटीको पहिचान गरी परिचय दिन | ७.१ स्थानीय स्तरमा पाइने जडीबुटीको महत्त्व दर्साई संरक्षण सम्वर्धनका उपाय उल्लेख गर्न<br>७.२ जडीबुटीको स्थानीय स्तरमा प्रयोगका तरिका उल्लेख गर्न |
| ८. हाम्रा धार्मिक र पर्यटकीय स्थल | ८.१ पर्यटनको परिचय दिई प्रकार उल्लेख गर्न<br>८.२ आफ्नो वडाभित्र रहेका पर्यटकीय स्थलहरू वर्णन गर्न<br>८.३ आफ्नो वडाभित्र रहेका धार्मिक स्थलहरूको पहिचान गरी सूचीकरण गर्न र महत्त्व दर्साउन | ८.१ पर्यटनको महत्त्व वर्णन गर्न<br>८.२ पर्यटन प्रवर्धनमा स्थानीय तरिका उल्लेख गर्न जस्तै अतिथि सत्कार होटल, होम स्टे<br>८.३ आफ्नो गाउँपालिकाभित्र रहेका धार्मिक स्थलहरूको पहिचान गरी सूचीकरण गर्न र संरक्षणका उपाय उल्लेख गर्न |
| ९. विपत् व्यवस्थापन | ९.१. प्राकृतिक प्रकोपका प्रकार र असरको सूची बनाउन<br>९.२ विपत् जोखिममा मानवीय सम्बन्ध उल्लेख गर्न<br>९.३. भूकम्प, बाढी, पहिरो, आगलागी, खडेरी, अतिवृष्टि, अनावृष्टि तथा पर्यावरणीय परिवर्तनसम्बन्धी आफ्नो धारणा राख्न<br>९.४. जोखिमका क्षेत्रहरूको पहिचान तथा चित्रण गर्न (विद्यालय टोल छिमेक) | ९.१ प्राकृतिक र मानव निर्मित विपत्‌को परिचय दिन<br>९.२. मानव निर्मित विपत् जोखिम न्यूनीकरणका स्थानीय अभ्यास उल्लेख गर्न<br>९.३ विद्यालयदेखि वडास्तरसम्मका जोखिमका क्षेत्रहरू पहिचान गरी सजगताका उपाय उल्लेख गर्न |

## सिकाइ उपलब्धि (learning Achivement)

### कक्षा ६-८

| विषयक्षेत्र | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|
| १.सुनकोशीको परिचय | १.१ आफ्नो पालिकाको नाम सुनकोशी गाउँपालिका रहनुको कारण उल्लेख गर्न<br>१.२ गाउँपालिकाको सिमाना पहिचान : पूर्व, पश्चिम, उत्तर दक्षिण छुट्याउन<br>१.२ गाउँपालिकाको हावापानीको पहिचान गरी वर्णन गर्न<br>१.३ जिल्लाको नक्सामा गाउँपालिकाको पहिचन गर्न<br>१.४ आफ्नो वडाभित्र रहेका ऐतिहासिक स्थलहरू पहिचान गरी सूची बनाउन र एउटा ऐतिहासिक स्थलको वर्णन गर्न<br>१.५ गाउँपालिकाभित्रका ऐतिहासिक व्यक्ति तथा व्यक्तित्वको पहिचान गरी सूची बनाउन | १.१.१ गाउँपालिकाको भौगोलिक अवस्था : अक्षांश देशान्तर छुट्याई वर्णन गर्न<br>१.२ गाउँपालिकाको नक्सा निर्माण गरी सङ्केतीकरण गर्न<br>१.३ गाउँपालिकाको क्षेत्रफल उल्लेख गरी वर्णन गर्न<br>१.४ स्थानीय बालक्लब र सहकारीको शासकीय स्वरूप उल्लेख गर्न<br>१.५ गाउँपालिकाभित्रका ऐतिहासिक व्यक्ति तथा व्यक्तित्वको परिचय दिन<br>१.५ गाउँपालिकाभित्रका सडक सञ्जालको अवस्था वर्णन गर्न | १.१ धरातलीय बनावटको आधारमा आफ्नो गाउँपालिकालाई चिनाउने भौगोलिक स्थान र तिनको महत्त्व उल्लेख गर्न<br>१.२ विद्यालय र गाउँपालिकाको शासकीय स्वरूप र कार्य वर्णन गर्न<br>१.३ गाउँपालिकाको जातिगत, लिङ्गगत, उमेरगत जनसंख्या विश्लेषण गर्न<br>१.४ आफ्नो गाउँपालिकाको पूर्वाधार विकास योजना पहिचान गरी उल्लेख गर्न |

| विषयक्षेत्र | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|
| २.हाम्रो संस्कृति र संस्कार | २.१ आफ्नो समुदायका जातजातिका न्वारन, छेवर, विवाह र मृत्यु संस्कार सम्पन्न गर्ने तरिका उल्लेख गर्न<br>२.२ आफ्नो गाउँपालिकाभित्र मनाइने चाडपर्व र मेलामा बजाइने बाजा, गीत, नाचको पहिचान र महत्त्व वर्णन गर्न<br>२.३ स्थानीय लोकगीत, भजन, सिलोक, सेलो, नृत्यको पहिचान गरी महत्त्व दर्साउन, संरक्षणका उपाय उल्लेख गरी र सहभागिता हुन<br>२.४ असल आचरणको स्थानीय अभ्यास उल्लेख गर्न | २.१ आफ्नो समुदायका जातजातिका संस्कारअनुसार जन्म, न्वारन, विवाह र मृत्यु अन्त्येष्टि, गर्ने चलनको अध्ययन गरी वर्णन गर्न<br>२.२ स्थानीय पर्व स्थानीय जात्रा मनाउने विधि र महत्त्व वर्णन गर्न<br>२.३ तामाङ सेलो, रत्यौली गीत, रोपाइँ गीत, लाखे नाच, झाँक्री, लामा नृत्यको पहिचान गरी महत्त्व उल्लेख गर्न साथै संरक्षण कार्यमा सहभागिता जनाउन | २.१ स्थानीय संस्कृतिको महत्त्व, संरक्षण तथा संवर्धन गर्ने उपायहरूको वर्णन गर्न र सहभागी हुन<br>२.२ स्थानीय चाडपर्वले समाजमा पार्ने सकारात्मक र सुधारात्मक पक्षको विश्लषण गर्न<br>२.३ स्थानीय स्तरमा मानिने धर्म, धार्मिक सहिष्णुता र सद्भाव साथै यसको महत्त्व वर्णन गर्न<br>२.४ आफ्नो जातजातिअनुसार जन्म विवाह र मृत्यु साथै अन्य प्रचलित संस्कारको अध्ययन गरी वर्णन गर्न |
| ३. हाम्रा प्राकृतिक र मानव निर्मित सम्पदा | ३.१ आफ्नो गाउँपालिकाभित्र रहेका जलसम्पदाको पहिचान गरी महत्त्व वर्णन गर्न साथै संरक्षण र संवर्धनमा सहभागिता जनाउन<br>३.२ स्थानीय स्तरका मन्दिर, पाटी, पौवा, बाटो, पोखरी, चौतारो जस्ता सम्पदाको महत्व वर्णन गर्न साथै संरक्षणका उपाय उल्लेख गरी सहभागिता जनाउन | ३.१ आफ्नो गाउँपालिकाभित्र रहेका वन्यजन्तु सम्पदाको पहिचान गरी महत्त्व वर्णन गर्न साथै संरक्षण र संवर्धनमा सहभागिता जनाउन<br>३.२, स्थानीय स्तरका पुल, नहर, खेल मैदान, पार्क जस्ता सम्पदाको सूची बनाई महत्त्व दर्साउन साथै उपयोग र संरक्षणमा सहभागिता जनाउन | ३.१, पालिकाभित्र रहेका सुरुङ, गुफा, ताल तलैया, झरना जस्ता प्राकृतिक सम्पदाको महत्त्व वर्णन गरी संरक्षण, प्रचार प्रसारमा सहभागिता जनाउन<br>३.२ स्थानीय स्तरका भ्युटावर, पदमार्ग, सडक, खानेपानी, पुस्तकालय जस्ता सम्पदाको महत्त्व वर्णन गरी उपयोग, संरक्षणमा सहभागिता जनाउन |

| विषयक्षेत्र | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|
| ४.स्थानीय प्रविधि र घरेलु उद्योग | ४.१ स्थानीय प्रविधि संरक्षणका उपाय उल्लेख गर्न<br>४.२ घरेलु उद्योगका लागि आवश्यक कच्चा पदार्थ अध्ययन गरी प्रतिवेदन तयार गर्न<br>४.३ डोको बुन्ने अभ्यास गर्न | ४.१ स्थानीय उद्योग विकासका लागि स्थानीय अभ्यास अध्ययन गरी प्रतिवेदन तयार गर्न<br>४.२ स्थानीय उद्योग विकासका लागि गाउँ पालिकाको भूमिका एवम् योजना अध्ययन गरी उल्लेख गर्न<br>४.३ मुढा बुन्ने अभ्यास गर्न | ४.२ स्थानीय प्रविधिको विकासका सम्भावना अध्ययन गरी प्रतिवेदन तयार गर्न<br>४.१ घरेलु उद्योगबाट उत्पादित वस्तुको बजार, प्रचार प्रसारमा सहभागी हुन<br>४.३ बाँस निगालोबाट सजावटका सामान बनाउने अभ्यास गर्न |
| ५. कृषि, पशुपन्छी र माछा पालन | ५.१ गाउँपालिकाभित्र उत्पादन हुने अन्नहरूको उन्नत बिउबिजनको पहिचान, छनोट र भण्डारण कार्यको उल्लेख गर्न<br>५.२ तरकारी बालीमा लाग्ने रोग पहिचान गरी उपचार विधि उल्लेख गर्न<br>५.३ गाउँपालिकाभित्र व्यावसायिक फलफूल खेतीको अवस्था अध्ययन गरी प्रतिवेदन तयार गर्न<br>५.४ माछा पालनको आवश्यकता र महत्त्व उल्लेख गर्न<br>५.५ स्थानीय स्तरमा पालिएका पशुपन्छीको रोग पहिचान गरी उपचार विधि उल्लेख गर्न | ५.१ अन्न खेती गर्ने तरिका वर्णन गर्न र सहभागिता जनाउन<br>५.२ गाउँपालिकाभित्र फल्ने कन्दमूलको पहिचान गरी महत्त्व वर्णन गर्न साथै खेती गर्ने तरिकामा सहभागिता हुन<br>५.३ व्यावसायिक तरकारी खेतीको आवश्यकता, महत्त्व वर्णन गर्न साथै सहभागिता हुन<br>५.४ व्यावसायिक फलफूल खेतीको आवश्यकता महत्त्व वर्णन गर्न साथै सहभागिता हुन<br>५.५ व्यावसायिक बाख्रा पालनको आवश्यकता महत्त्व वर्णन गर्न र बजारको अध्ययन गरी प्रतिवेदन तयार गर्न | ५.१गाउँपालिकामा उत्पादन भएका अन्न र कन्दमूलको भण्डारण र बजार अध्ययन गरी प्रतिवेदन तयार गर्न<br>५.२ स्थानीय स्तरमा फलेका तरकारी, प्रशोधन, भण्डारण र बजार अध्ययन गरी प्रतिवेदन तयार गर्न<br>५.३ स्थानीय स्तरमा फल्ने फलफूलको भण्डारण, प्रशोधन र बजार अध्ययन गरी प्रतिवेदन तयार गर्न<br>५.४ व्यावसायिक कुखुरा पालन र बजार अध्ययन गरी प्रतिवेदन तयार गर्न |

| विषयक्षेत्र | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|
| ६. पेसा व्यवसाय | ६.१ स्थानीय आवश्यकतामा आधारित पेसा व्यवसाय छनोट गर्ने सिपको आवश्यकता वर्णन गर्न<br>६.२ . हाउस वाइरिङ, प्लम्बिङ, स्टोरिङ तथा स्थानीय रूपमा उपलब्ध हुने फलफूल तरकारी बहुउपयोगको महत्त्व वर्णन गरी प्रयोग गर्न | ६.१ हाउस वाइरिङ र प्लम्बिङ गर्ने तरिकाको अभ्यास गर्न<br>६.२ अचार, जाम, पाक कला, पुष्प खेतीको अभ्यास गर्न<br>६.३ पुष्प खेतीको आवश्यकताको वर्णन गरी अभ्यास गर्न | ६.१ हाउस वाइरिङ र प्लम्बिङ गर्ने तरिकाको अभ्यास गर्न<br>६.२ अचार, जाम, पाक कला, तरकारी खेतीको अभ्यास गर्न<br>६.३ फूलको बजार अवस्था अध्ययन गरी प्रतिवेदन तयार गर्न |
| ७. जडीबुटी | ७.१ स्थानीय जडीबुटी प्रयोग गरी उपचार गर्ने विधि उल्लेख गर्न | ७.१ स्थानीय स्तरमा पाइने जडीबुटीको व्यावसायिक खेती गर्ने तरिका अध्ययन गरी प्रतिवेदन तयार गर्न | ७.१ स्थानीय स्तरमा पाइने जडीबुटीहरूको बजार व्यवस्था अध्ययन गरी प्रतिवेदन तयार गर्न |
| ८. हाम्रा धार्मिक र मानव निर्मित पर्यटकीय स्थल | ८.१ गाउँपालिकाभित्र रहेका पर्यटकीय स्थलहरूको अवलोकन गरी उपयोगिता वर्णन गर्न | ८.१ गाउँपालिकाभित्र रहेका पर्यटकीय स्थलहरूको संरक्षण र संवर्धनको योजना बनाउन र सहभागी हुन<br>८.२ पर्यटन पूर्वाधार विकास अध्ययन गरी प्रतिवेदन तयार गर्न | ८.१ गाउँपाउँपालिकाभित्र रहेका पर्यटकीय स्थलहरूको प्रचार प्रसार कार्यमा सहभागी भई पर्यटक आकर्षण गर्ने तरिका अभ्यास गर्न |
| ९. विपत् व्यवस्थापन | ९.१. विपत् सामनाको पूर्व तयारीको अभ्यास गर्न<br>९.२. विपत् जोखिमको नक्साङ्कन गर्न<br>९.३ स्थानीय स्तरका विपत् जोखिमका क्षेत्रहरूको अध्ययन गरी प्रतिवेदन तयार गर्न<br>९.४ पुनर्लाभ, पुनर्निर्माणमा विद्यालय, सङ्घसंस्थाहरू, गाउँ/नगरको भूमिका उल्लेख गर्न | ९.१ पुनर्लाभ, पुनर्निर्माणमा विभिन्न निकायको भूमिका उल्लेख गर्न<br>९.२. विपत् व्यवस्थापनका सैद्धान्तिक तथा व्यावहारिक अवधारणा उल्लेख गर्न<br>९.३ सङ्कटासन्न क्षेत्र र समुदायको पहिचान गरी सजगताका उपाय उल्लेख गर्न | ९.१ विपत् सामनाका पूर्व तयारीको योजना निर्माण गर्न<br>९.२ प्रकोप पात्रो निर्माण गर्न<br>९.३. पुनर्लाभ, पुनर्निर्माणले ल्याएका सामाजिक परिवर्तनहरू उल्लेख गर्न<br>९.४. विपत् व्यवस्थापनमा नेपालको अभ्यास उल्लेख गर्न<br>९.५. सङ्कटासन्न क्षेत्र र समुदायको रक्षात्मक उपाय उल्लेख गर्न |

## विषयवस्तुको क्षेत्र र क्रम (Scope and sequence)

**कक्षा १-३**

| विषयक्षेत्र | कक्षा १ | कार्य घण्टा | कक्षा २ | कार्य घण्टा | कक्षा ३ | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| १ सुनकोशीको परिचय | १.१ आफ्नो नाम, उमेर, विद्यालयको नाम<br>१.२ आफ्नो परिवारको परिचय<br>१.३ घरमुलीको नाम<br>१.४ परिवार सङ्ख्या<br>१.५ आफू बसेको स्थानको नाम र वडा<br>१.६ आफ्नो गाउँपालिकाको नाम | २६ | १.१ आफ्नो घर, विद्यालय वरपरको भौगोलिक अवस्था : अग्लो, होचो, समथर, भिरालो, लेक, बँसी<br>१.२ वडा सङ्ख्या<br>१.३ छिमेकको परिचय र परिवार सङ्ख्या<br>१.४ आफ्नो कक्षाका विद्यार्थी सङ्ख्या<br>१.४ आफ्नो घरको सिमाना : पूर्व, पश्चिम, उत्तर र दक्षिण<br>१.५ आफ्ना गाउँटोलमा रहेको संस्थाका नाम | २६ | १.१ आफ्नो वडाको भौगोलिक अवस्था<br>अग्लो, होचो, समथर, भिरालो, लेक, बँसी<br>१.२आफ्नो गाउँटोलको सिमाना : पूर्व, पश्चिम, उत्तर र दक्षिण<br>१.३ आफ्नो गाउँको नक्सा<br>१.४ समुदायमा रहेका सामाजिक व्यक्तित्वको पहिचान<br>१.५ विद्यालयमा रहेका कक्षागत विद्यार्थी सङ्ख्या | २६ |

| विषयक्षेत्र | कक्षा १ | कार्य घण्टा | कक्षा २ | कार्य घण्टा | कक्षा ३ | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| २.हाम्रो संस्कृति र संस्कार | २.१ आफ्नो परिवारका सदस्यले लगाउने पोसाक<br>२.२ परिवारका सदस्यले बोल्ने मातृभाषा<br>२.३ आफ्नो परिवारले वर्षभरि मनाउने चाडपर्वको नाम<br>२.४ आफ्नो परिवारले मान्ने धर्म संस्कृतिको नाम<br>२.५ घर टोलछिमेकमा प्रचलित लोक बाजाको नाम<br>२.६ आफ्नो घरमा अभिवादनका तरिका | २८ | २.१ आफ्नो छिमेकीहरूले लगाउने पहिरन<br>२.२ आफ्नो गाउँटोलमा बोलिने मातृभाषा<br>२.३ आफ्नो परिवारले चाडपर्वमा खाइने परिकार<br>२.४ आफ्नो टोल छिमेकले मान्ने धर्म संस्कृति<br>२.५ समुदायमा रहेका लोकबाजाको परिचय<br>२.६ समुदायमा प्रचलित लोक गीत पहिचान<br>२.७ घरमा प्रचलित लोककथा<br>२.८ माया, आदर सत्कारको अभ्यास | २८ | २.१ आफ्नो वडाभरिका मानिसले लगाउने पहिरन र राष्ट्रिय पोसाक<br>२.२ आफ्नो वडाका मानिसले बोल्ने मातृभाषा<br>२.३ आफ्नो परिवारमा चाडपर्व मनाउने तरिका<br>२.५ आफ्नो वडाभरि लाग्ने मेला, पर्व, जात्रा<br>२.६ स्थानीय लोकबाजाको परिचय र अभ्यास<br>२.७ स्थानीय लोक गीत गायन अभ्यास<br>२.८ अनुशासन पालनका तरिका | २८ |
| ३. हाम्रा प्राकृतिक र मानव निर्मित सम्पदा | ३.१ आफ्नो घर वरपर भएका रुखबिरुवा खोलानाला, र जीवजन्तुका नाम<br>३.२ आफ्नो घर वरपर रहेका मानव निर्मित सम्पदाका नाम | १७ | ३.१ आफ्नो विद्यालय वरपर भएका रुखबिरुवा खोलानाला र जीवजन्तुको परिचय<br>३.२ आफ्नो विद्यालय वरपर रहेका मानव निर्मित सम्पदाका परिचय | १७ | ३.१ आफ्नो टोल छिमेक वरपर भएका रुखबिरुवा खोलानाला, र जीवजन्तुको महत्त्व,<br>३.२ आफ्नो टोल छिमेक वरपर भएका मानव निर्मित सम्पदाको सूची र महत्त्व | १७ |

| विषयक्षेत्र | कक्षा १ | कार्य घण्टा | कक्षा २ | कार्य घण्टा | कक्षा ३ | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| ४. स्थानीय प्रविधि र घरेलु उद्योग | ४.१ आफ्नो घरमा प्रयोग हुने स्थानीय प्रविधिको नाम<br>४.२ आफ्नो घरमा निर्माण भएका घरेलु उद्योगबाट उत्पादित सामानको नाम | १८ | ४.१ आफ्नो गाउँघरमा प्रयोग हुने स्थानीय प्रविधिको परिचय<br>४.२ आफ्नो घरमा निर्माण भएका घरेलु उद्योगबाट उत्पादित सामानको परिचय | १८ | ४.१ आफ्नो वडाभरि प्रयोग हुने स्थानीय प्रविधिको महत्त्व<br>४.२ आफ्नो वडाभरि निर्माण भएका घरेलु उद्योगबाट उत्पादित सामानको महत्त्व | १८ |
| ५.कृषि, पशुपन्छी र माछा पालन | ५.१ आफ्नो खेतबारीमा उत्पादित अन्न र कन्दमूलको नाम<br>५.२ आफ्नो खेतबारीमा उत्पादित दलहन, तेलहन र मसलाजन्य वस्तुको नाम<br>५.३ आफ्नो खेतबारी र करेसा बारीमा उत्पादित तरकारीहरूको नाम<br>५.४ आफ्नो खेतबारीमा उत्पादित फलफूलहरूको नाम<br>५.५ आफ्नो घरमा पालिने पशुपन्छीको नाम | ३१ | ५.१ आफ्नो समुदायमा उत्पादित अन्नहरूको पहिचान र परिचय<br>५.२ आफ्नो खेतबारीमा उत्पादित दलहन, तेलहन र मसलाजन्य वस्तुको परिचय<br>५.३ आफ्नो समुदायमा उत्पादित तरकारीहरूको पहिचान र परिचय<br>५.४ आफ्नो समुदायमा उत्पादित फलफूलहरूको पहिचान र परिचय<br>५.५ आफ्नो समुदायमा पालिने पशुपन्छी र कीटको पहिचान र परिचय<br>५.६ कृषि कार्यका लागि प्रयोग गरिने औजारको नाम र परिचय | ३१ | ५.१ आफ्नो वडामा उत्पादित अन्नहरूको खोज, महत्त्व, उपयोग<br>५.२ आफ्नो खेतबारीमा उत्पादित दलहन, तेलहन र मसलाजन्य वस्तुको खोज, महत्त्व<br>५.३ आफ्नो वडामा उत्पादित तरकारीहरूको खोज महत्त्व र उपयोग<br>५.४ तरकारीका वर्गीकरण<br>५.५ आफ्नो वडामा उत्पादित फलफूलहरूको खोज, महत्त्व र उपयोग<br>५.६ आफ्नो वडामा पशुपन्छी, माछा र कीटको खोज, महत्त्व र उपयोग | ३१ |

| विषयक्षेत्र | कक्षा १ | कार्य घण्टा | कक्षा २ | कार्य घण्टा | कक्षा ३ | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| ६.पेसा व्यवसाय, | ६.१ आफ्नो परिवारका सदस्यको पेसा व्यवसायको नाम<br>६.२ आफ्नो परिवारका सदस्यको पेसा व्यवसायमा प्रयोग हुने सामग्रीको नाम | १३ | ६.१ आफ्नो टोल छिमेकीका परिवारका सदस्यका पेसा व्यवसायको नाम र परिचय<br>६.२ आफ्नो टोल छिमेकीका परिवारका सदस्यका पेसा व्यवसायमा प्रयोग हुने सामग्रीको नाम | १३ | ६.१ समुदाय स्तरमा अपनाइएका पेसा व्यवसायको खोज र आम्दानी गर्ने तरिका<br>६.२ पेसा व्यवसायको महत्त्व<br>६.३ आफ्नो परिवारका सदस्यले अपनाएका पेसामा सहभागिता | १३ |
| ७ जडीबुटी | ७.१ आफ्ना घर वरपर पाइने जडीबुटीको नाम | ९ | ७.१ आफ्ना समुदायमा पाइने जडीबुटीको परिचय र प्रयोग | ९ | ७.१ आफ्ना वडामा पाइने जडीबुटीको खोज र महत्त्व | ९ |
| ८.हाम्रा धार्मिक र पर्यटकीय स्थल | ८.१ बालबालिकाले भ्रमण गरेका रमाइला स्थानहरूको नाम<br>८.२ आफ्नो समुदायवरपर भएका प्रचलित धार्मिक स्थलहरू | ११ | ८.१ आफ्नो गाउँटोल वरपर भएका प्रचलित पर्यटकीय स्थलहरू<br>८.२ आफ्नो समुदायमा रहेका मठ, मन्दिर, चर्च, गुम्बा | ११ | ८.१ आफ्नो वडाभित्र भएका प्रचलित पर्यटकीय स्थलहरूको नाम र परिचय<br>८.२ आफ्नो समुदायमा रहेका मठ, मन्दिर, चर्च, गुम्बामा लाग्ने मेलाको तिथिमिति र सहभागिता | ११ |
| ९. विपत् व्यवस्थापन | ९.१ आफ्नो घर वरपर आइपर्ने विपत् तथा जोखिम पहिचान र सजगता | ७ | ९.१ आफ्नो छिमेक वरपर आइपर्ने विपत् तथा जोखिमको परिचय र सजगता<br>९.२ आफ्नो छिमेक वरपर आइपर्ने विपत् तथा जोखिमका घटनाका उदाहरण | ७ | ९.१ आफ्नो छिमेक र वडाभित्र विपत् आइपर्ने स्थान पहिचान र सजगता<br>९.२ आफ्नो छिमेक र वडाभित्र विपत् आइपरेका घटनाको उदाहरण | ७ |
| | जम्मा कार्य घण्टा | १२८ | | १२८ | | १२८ |

## विषयवस्तुको क्षेत्र तथा क्रम तालिका (Scope and sequence)

**कक्षा ४-५**

| विषयक्षेत्र | कक्षा ४ | कार्य घण्टा | कक्षा ५ | कार्य घण्टा |
|---|---|---|---|---|
| १.सुनकोशीको परिचय | १.१ आफ्नो गाउँपालिकाको धरातलीय स्वरूप अग्लो, होचो, समथर, भिरालो, लेक, बेँसी,<br>१.२ आफ्नो वडाको सिमाना : पूर्व, पश्चिम, उत्तर र दक्षिण<br>१.३ विद्यालय सेवा क्षेत्रको नक्सा<br>१.३ आफ्नो समुदायको जनसङ्ख्या र घरधुरी सङ्ख्या<br>१.४ आफ्नो समुदायमा रहेका सामाजिक व्यक्तित्वको पहिचान | २२ | १.१ आफ्नो गाउँपालिकाको धरातलीय स्वरूपअनुसारको हावापानी<br>१.२ आफ्नो गाउँपालिकाको सिमाना : पूर्व, पश्चिम, उत्तर र दक्षिण<br>१.३ आफ्नो वडाको जनसङ्ख्या : जम्मा, महिला, पुरुष<br>१.४ आफ्नो वडाभित्रका जनप्रतिनिधिको पहिचान र काम<br>१.५ आफ्नो वडाको क्षेत्रफल<br>१.६ गाउँपालिकाको नक्सामा वडाको पहिचान | २२ |

| विषयक्षेत्र | कक्षा ४ | कार्य घण्टा | कक्षा ५ | कार्य घण्टा |
|---|---|---|---|---|
| २.हाम्रो संस्कृति र संस्कार | २.१ आफ्नो गाउँपालिकाका मानिसले विशेष गरी मेला पर्वमा लगाउने पोसाक एवम् पहिरन पहिचान<br>२.२ आफ्नो गाउँपालिकामा मनाइने स्थानीय चाडपर्व, गीत, जात्रा, नृत्य तथा बाजाको महत्त्व र सहभागिता<br>२.३ आफ्नो समुदायभित्रको जातजातिका संस्कार<br>२.४ आफ्नो वडाभित्र बोलिने भाषाहरू पहिचान र महत्त्व<br>२.५ हाम्रा चालचलन र रहनसहन<br>२.६ असल आचरणका पहिचान<br>२.७ जन्मोत्सव मनाउने स्थानीय तरिका | २० | २.१ आफ्नो गाउँपालिकाभित्रका मानिसले लगाउने विशेष पोसाक एवम् पहिरनको महत्त्व र संरक्षण<br>२.२आफ्नो गाउँपालिकामा मनाइने स्थानीय चाडपर्व, गीत, जात्रा, नृत्य, बाजा तथा महोत्सव सहभागिता<br>२.३ आफ्नो वडाभित्रको संस्कृति र संस्कार<br>२.४ आफ्नो गाउँपालिकाभित्र बोलिने भाषाको पहिचान र अभ्यास<br>२.५ आफ्नो गाउँपालिकाभित्र स्थापित लोककथा पहिचान र महत्त्व<br>२.६ सन्तुलित ताजा र तरिकाका साथ भोजन अभ्यास | २० |
| ३. हाम्रा प्राकृतिक र मानव निर्मित सम्पदा | ३.१ आफ्नो समुदायभित्र रहेका प्राकृतिक सम्पदाको सूची, उपयोग र फाइदा<br>३.२ आफ्नो समुदायभित्र रहेका मानव निर्मित सम्पदाको सूची, उपयोग र फाइदा | ११ | ३.१ आफ्नो वडाभित्र रहेका सामुदायिक, निजी र कबुलियती वनको सूची, संरक्षण र संवर्धन<br>३.२ आफ्नो वडाभित्र रहेका सार्वजनिक भवनहरूको सूची, संरक्षण र संवर्धन | ११ |

| विषयक्षेत्र | कक्षा ४ | कार्य घण्टा | कक्षा ५ | कार्य घण्टा |
|---|---|---|---|---|
| ४.स्थानीय प्रविधि र घरेलु उद्योग | ४.१ स्थानीय प्रविधिको आवश्यकता र महत्त्व<br>४.२ घरेलु उद्योग सञ्चालनबाट हुने फाइदा तथा बेफाइदा<br>४.३ दुना, टपरी बनाउने अभ्यास | १० | ४.१ स्थानीय प्रविधिको विकास क्रम<br>४.२ स्थानीय स्तरमा सञ्चालन भएका घरेलु उद्योगको परिचय<br>४.३ स्थानीय स्तरमा सञ्चालन भएका उद्योगको प्रकार<br>४.४ पराल, छ्वाली, खोस्टाबाट गुन्द्री, चकटी बुन्ने अभ्यास | १० |
| ५. कृषि, पशुपन्छी र माछा पालन | ५.१ स्थानीय तहमा पाइने अन्न र कन्दमूलहरूको उपयोगिता<br>५.२ स्थानीय स्तरमा उत्पादित दलहन, तेलहन, मसला जन्य वस्तुको उपयोगिता<br>५.३ गाउँपालिकाभित्र विभिन्न मौसममा रोपिने तरकारी, तरकारी बारीमा मलजल, गोडमेल, संरक्षण र अभ्यास<br>५.४ गाउँपालिकाभित्र पाइने फलफूलको मलजल गोडमेल काँटछाँट, संरक्षण र अभ्यास<br>५.५ गाउँपालिका स्तरमा पशुपालन व्यवसायका लागि चाहिने पूर्वाधार र वासस्थान अवस्था गोठ, खोर, घार आदि | २७ | ५.१ गाउँपालिकाभित्र फल्ने अन्नहरूको गोडमेल, मलजल तथा सिँचाइका उपायहरू<br>५.२ स्थानीय स्तरमा उत्पादित दलहन, तेलहन, मसला जन्य बालीको उत्पादन तरिका र अभ्यास<br>५.३ गाउँपालिकाभित्र पाइने तरकारीको महत्त्व तथा फाइदा<br>५.४ मौसमी र बेमौसमी तरकारी<br>५.५ गाउँपालिकाभित्र पाइने फलफूलमा लाग्ने रोग र उपचार<br>५.६गाउँपालिकाभित्र पालिने पशुपन्छी र तिनको उत्पादनको अवस्था<br>५.७ मौरी पालनका फाइदा, चीरचरण क्षेत्र र आहारको जानकारी | २७ |

| विषयक्षेत्र | कक्षा ४ | कार्य घण्टा | कक्षा ५ | कार्य घण्टा |
|---|---|---|---|---|
| ६. हाम्रा पेसा व्यवसाय | ६.१ स्थानीय पेसा व्यवसायको आवश्यकता र महत्त्व<br>६.२ स्थानीय पेसा व्यवसायमा सिपको आवश्यकता<br>६.३ माला उन्ने अभ्यास | ११ | ६.१ पेसा व्यवसायप्रतिको सम्मान र सहयोग<br>६.२ पेसागत सिप विकाशका लागि स्थानीय अभ्यास<br>६.३ सिलाइ बुनाइको अभ्यास | ११ |
| ७. जडीबुटी | ७.१ गाउँपालिकाभित्र पाइने जडीबुटीको पहिचान र परिचय | ७ | ७.१ स्थानीय स्तरमा पाइने जडीबुटीको महत्त्व, संरक्षण संवर्धन<br>७.२ जडीबुटीको स्थानीय स्तरमा प्रयोग | ७ |
| ८. हाम्रा धार्मिक र पर्यटकीय स्थल | ८.१ पर्यटनको परिचय र प्रकार<br>८.२ आफ्नो वडाभित्र रहेका पर्यटकीय स्थलहरू<br>८.३ आफ्नो वडाभित्र रहेका धार्मिक स्थलहरूको पहिचान, सूचीकरण र महत्त्व | १३ | ८.१ पर्यटनको महत्त्व<br>८.२ पर्यटन प्रवर्धनमा स्थानीय तरिका (जस्तैः अतिथि सत्कार होटल, होमस्टे)<br>८.३ आफ्नो गाउँपालिकाभित्र रहेका धार्मिक स्थलहरूको पहिचान, सूचीकरण र संरक्षणका उपाय | १३ |
| ९. विपत् व्यवस्थापन | ९.१. प्राकृतिक प्रकोपका प्रकार र असर<br>९.२ विपत् जोखिममा मानवीय सम्बन्ध<br>९.३. भूकम्प, बाढी, पहिरो, आगलागी, खडेरी, अतिवृष्टि, अनावृष्टि तथा पर्यावरणीय परिवर्तन सम्बन्धी धारणा<br>९.४. जोखिमका क्षेत्रहरूको पहिचान तथा चित्रण (विद्यालय टोल छिमेक) | ७ | ९.१ प्राकृतिक र मानव निर्मित विपत्को परिचय<br>९.२. मानव निर्मित विपत् जोखिम न्यूनीकरण स्थानीय अभ्यास<br>९.३ विद्यालयदेखि वडास्तरसम्मका जोखिमका क्षेत्रहरू पहिचान | ७ |
| | जम्मा कार्य घण्टा | १२८ | | १२८ |

## विषयवस्तुको क्षेत्र तथा क्रम तालिका (Scope and sequence)

**कक्षा ६-८**

| विषयक्षेत्र | कक्षा ६ | कार्य घण्टा | कक्षा ७ | कार्य घण्टा | कक्षा ८ | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| १.सुनकोशीको परिचय | १.१ सुनकोशी गाउँपालिकाको नामकरण<br>१.२ गाउँपालिकाको सिमाना पहिचान : पूर्व, पश्चिम, उत्तर दक्षिण<br>१.२ गाउँपालिकाको हावापानीको पहिचान<br>गर्मी जाडो, ओसिलो, पारिलो, लेक र बेँसीको तापक्रम<br>१.३ जिल्लाको नक्सामा गाउँपालिको पहिचान<br>१.४ आफ्नो वडाभित्र रहेका ऐतिहासिक स्थलहरू<br>१.५ गाउँपालिकाभित्रका ऐतिहासिक व्यक्ति तथा व्यक्तित्व | २२ | १.१.१ गाउँपालिकाको भौगोलिक अवस्था : अक्षांश, देशान्तर<br>१.२ गाउँपालिकाको नक्सा निर्माण र सङ्केतीकरण : वनजङ्गल, बस्ती, खोला, स्कुल, बाटो,<br>१.३ गाउँपालिकाको क्षेत्रफल<br>१.४ शासकीय स्वरूप : बालक्लब, सहकारी<br>१.५ गाउँपालिकाभित्रका ऐतिहासिक व्यक्ति तथा व्यक्तित्व<br>१.५ गाउँपालिकाभित्रका सडक सञ्जाल | २२ | १.१ धरातलीय बनावटको आधारमा आफ्नो गाउँपालिकालाई चिनाउने भौगोलिक स्थान र तिनको महत्त्व<br>१.२ शासकीय स्वरूप र कार्य : विद्यालय, गाउँपालिका<br>१.३ गाउँपालिकाको जनसंख्या विश्लषण : जातिगत, लिङ्गगत, उमेरगत<br>१.४ आफ्नो गाउँपालिकाको पूर्वाधार विकास योजना पहिचान | २२ |

| विषयक्षेत्र | कक्षा ६ | कार्य घण्टा | कक्षा ७ | कार्य घण्टा | कक्षा ८ | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| २.हाम्रो संस्कृति र संस्कार | २.१ आफ्नो समुदायका जातजातिका न्वारन, छेवर, विवाह र मृत्यु संस्कार सम्पन्न गर्ने तरिका<br>२.२ आफ्नो गाउँपालिकाभित्र मनाइने चाडपर्व र मेलामा बजाइने बाजा, गीत,नाचको पहिचान र महत्त्व<br>२.३ स्थानीय लोकगीत, भजन, सिलोक, सेलो, नृत्यको पहिचान, महत्त्व, संरक्षण र सहभागिता<br>२.४ असल आचरणको स्थानीय अभ्यास (विशिष्ट बनाउने) बोली, आदर सत्कार, क्षमा, पालो पर्खने, सहयोग) | २० | २.१ आफ्नो समुदायका जातजातिका संस्कारअनुसार जन्म, न्वारन, विवाह र मृत्यु अन्त्येष्टि, गर्ने चलनको अध्ययन<br>२.२ स्थानीय पर्व स्थानीय जात्रा मनाउने विधि र महत्त्व<br>२.३ तामाङ सेलो, रत्यौली गीत, रोपाइँ गीत, लाखे नाच, झाँक्री, लामा नृत्यको पहिचान, महत्त्व, संरक्षण र सहभागिता | २० | २.१ स्थानीय संस्कृतिको महत्त्व, संरक्षण तथा संवर्धन गर्ने उपायहरू<br>२.२ स्थानीय चाडपर्वले समाजमा पार्ने सकारात्मक र सुधारात्मक पक्षको विश्लेषण<br>२.३ स्थानीय स्तरमा मानिने धर्म, धार्मिक सहिष्णुता र सद्भाव साथै यसको महत्त्व<br>२.४ आफ्नो जातजातिअनुसार जन्म विवाह र मृत्यु साथै अन्य प्रचलित संस्कार | २० |
| ३. हाम्रा प्राकृतिक र मानव निर्मित सम्पदा | ३.१ आफ्नो गाउँपालिकाभित्र रहेका जलसम्पदाको पहिचान, महत्त्व, संरक्षण र संवर्धनमा सहभागिता<br>३.२ स्थानीय स्तरका मन्दिर, पाटी, पौवा, बाटो, पोखरी, चौतारो जस्ता सम्पदाको महत्त्व, संरक्षणका उपाय र सहभागिता | ११ | ३.१ आफ्नो गाउँपालिकाभित्र रहेका वन्यजन्तु सम्पदाको पहिचान, महत्त्व, संरक्षण र संवर्धनमा सहभागिता<br>३.२, स्थानीय स्तरका पुल, नहर, खेल मैदान, पार्क जस्ता सम्पदाको सूची, महत्त्व, उपयोग र संरक्षणमा सहभागिता | ११ | ३.१, पालिकाभित्र रहेका सुरुङ, गुफा, ताल तलैया, झरना जस्ता प्राकृतिक सम्पदाको महत्त्व, संरक्षण, प्रचार प्रसारमा सहभागिता<br>३.२ स्थानीय स्तरका भ्युटावर, पदमार्ग, सडक, खानेपानी, पुस्तकालय जस्ता सम्पदाको महत्त्व, उपयोग, संरक्षणमा सहभागिता | ११ |

| विषयक्षेत्र | कक्षा ६ | कार्य घण्टा | कक्षा ७ | कार्य घण्टा | कक्षा ८ | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| ४.स्थानीय प्रविधि र घरेलु उद्योग | ४.१ स्थानीय प्रविधि संरक्षणका उपाय<br>४.२ घरेलु उद्योगका लागि आवश्यक कच्चा पदार्थ<br>४.३ डोको बुन्ने अभ्यास | १० | ४.१ स्थानीय उद्योग विकासका लागि स्थानीय अभ्यास<br>४.२ स्थानीय उद्योग विकासका लागि गाउँपालिकाको भूमिका एवम् योजना<br>४.३ मुढा बुन्ने अभ्यास | १० | ४.२ स्थानीय प्रविधिको विकासका सम्भावना<br>४.१ घरेलु उद्योगबाट उत्पादित वस्तुको बजार, प्रचार प्रसार<br>४.३ बाँस निगालोबाट सजावटका सामान बनाउने अभ्यास | १० |
| ५. कृषि, पशुपन्छी र माछा पालन | ५.१ गाउँपालिकाभित्र उत्पादन हुने अन्नहरूको उन्नत बिउबिजनको पहिचान, छनोट र भण्डारण<br>५.२ तरकारी बालीमा लाग्ने रोग र उपचार<br>५.३ गाउँपालिकाभित्र व्यावसायिक फलफूल खेतीको अवस्था<br>५.४ माछा पालनको आवश्यकता र महत्त्व<br>५.५ स्थानीय स्तरमा पालिएका पशुपन्छीको रोग पहिचान र उपचार | २७ | ५.१ अन्न खेती गर्ने तरिका र सहभागिता,<br>५.२ गाउँपालिकाभित्र फल्ने कन्दमूलको पहिचान, महत्त्व र खेती गर्ने तरिकामा सहभागिता<br>५.३ व्यावसायिक तरकारी खेतीको आवश्यकता, महत्त्व र सहभागिता<br>५.४ व्यावसायिक फलफूल खेतीको आवश्यकता, महत्त्व र सहभागिता<br>५.५ व्यावसायिक बाख्रा पालनको आवश्यकता महत्त्व र बजार | २७ | ५.१गाउँपालिकामा उत्पादन भएका अन्न र कन्दमूलको भण्डारण र बजार पहिचान<br>५.२ स्थानीय स्तरमा फलेका तरकारी, प्रशोधन भण्डारण, र बजार पहिचान<br>५.३ स्थानीय स्तरमा फल्ने फलफूलको भण्डारण, प्रशोधन र बजार पहिचान<br>५.४ व्यावसायिक कुखुरा पालन र बजार | २७ |

| विषयक्षेत्र | कक्षा ६ | कार्य घण्टा | कक्षा ७ | कार्य घण्टा | कक्षा ८ | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| ६. पेसा व्यवसाय | ६.१ स्थानीय आवश्यकतामा आधारित पेसा व्यवसाय छनोट गर्ने सिप<br>६.२ . हाउस वाइरिङ, प्लम्बिङ, स्टोरिङ तथा स्थानीयरूपमा उपलब्ध हुने फलफूल तरकारी बहुउपयोगको पहिचान | ११ | ६.१ हाउस वाइरिङ र प्लम्बिङको महत्त्व र प्रयोग<br>६.२ अचार, जाम, पाक कला, पुष्प खेतीको अभ्यास<br>६.३ पुष्प खेतीको आवश्यकता र अभ्यास | ११ | ६.१ हाउस वाइरिङ र प्लम्बिङ् गर्ने तरिकाको प्रयोग<br>६.२ अचार, जाम, पाक कला, तरकारी खेतीको अभ्यास<br>६.३ पुष्पको बजार अध्ययन, पहिचान | ११ |
| ७. जडीबुटी | ७.१ स्थानीय जडीबुटी प्रयोग गरी उपचार गर्ने विधि र सावधानी | ७ | ७.१ स्थानीय स्तरमा पाइने जडीबुटीको व्यावसायिक खेती गर्ने तरिका | ७ | ७.१ स्थानीय स्तरमा पाइने जडीबुटीहरूको बजार पहिचान | ७ |
| ८.हाम्रा धार्मिक र पर्यटकीय स्थल | ८.१ गाउँपालिकाभित्र रहेका पर्यटकीय स्थलहरूको अवलोकन र उपयोगिता | १३ | ८.१ गाउँपालिकाभित्र रहेका पर्यटकीय स्थलहरूको संरक्षण र संवर्धन<br>८.२ पर्यटन पूर्वाधार विकास | १३ | ८.१ गाउँपाउँपाकिभित्र रहेका पर्यटकीय स्थलहरूको प्रचार प्रसार र पर्यटक आकर्षण गर्ने तरिका र अभ्यास | १३ |

| विषयक्षेत्र | कक्षा ६ | कार्य घण्टा | कक्षा ७ | कार्य घण्टा | कक्षा ८ | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| ९. विपत् व्यवस्थापन | ९.१. विपत् सामनाको पूर्व तयारी<br>९.२. विपत् जोखिमको नक्साङ्कन<br>९.३ विपत् जोखिमका क्षेत्रहरूको पहिचान<br>९.४ पुनर्लाभ, पुननिर्माणमा विद्यालय, सङ्घसंस्था, गाउँ/नगरको भूमिका | ७ | ९.१ पुनर्लाभ, पुनर्निर्माणमा विभिन्न निकायको भूमिका<br>९.२. विपत् व्यवस्थापनका सैद्धान्तिक तथा व्यावहारिक अवधारणा<br>९.३ सङ्कटासन्न क्षेत्र र समुदायको पहिचान | ७ | ९.१ विपत् सामनाका पूर्व तयारीको योजना निर्माण<br>९.२ प्रकोप पात्रो निर्माण<br>९.३. पुनर्लाभ, पुनर्निर्माणले ल्याएका सामाजिक परिवर्तन<br>९.४. विपत् व्यवस्थापनमा नेपालको अभ्यास<br>९.५. सङ्कटासन्न क्षेत्र र समुदायको रक्षात्मक उपाय | ७ |
| | जम्मा कार्य घण्टा | १२८ | | १२८ | | १२८ |

## ५. विषयवस्तुको विस्तृतीकरण तथा सिकाइ सहजीकरण प्रक्रिया

**कक्षा १**

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन |
|---|---|---|---|---|
| १ सुनकोशीको परिचय | १.१ आफ्नो नाम, उमेर र विद्यालयको नाम बताउन<br>१.२ आफ्नो परिवारको परिचय दिन<br>१.३ घरमुलीको नाम बताउन<br>१.४ परिवार सङ्ख्या बताउन<br>१.५ आफू बसेको स्थानको नाम र वडा नं बताउन<br>१.६ आफ्नो गाउँपालिकाको नाम बताउन | १.१ आफ्नो नाम, उमेर, विद्यालयको नाम<br>१.२ आफ्नो परिवारको परिचय<br>१.३ घरमुलीको नाम<br>१.४ परिवार सङ्ख्या<br>१.५ आफू बसेको स्थानको नाम र वडा<br>१.६ आफ्नो गाउँपालिकाको नाम : सुनकोशी | • शिक्षकले आफ्नो, नाम, ठेगानासहित प्रस्टसँग आफ्नो परिचय दिने र विद्यार्थीलाई पनि त्यसै गरी परिचय दिन सहजीकरण गर्ने<br>• परिचय खेल खेलाएर प्रस्टसँग विद्यार्थीको आफ्नो नाम, उमेर र विद्यालयको नाम भन्ने अभ्यास गराउने<br>• शिक्षकले घरमूलीको नामसहित आफ्नो परिवारको परिचय दिने र विद्यार्थीलाई त्यसै गरी घर परिवार र घरमुली परिचय दिन उत्प्रेरित गर्ने<br>• विद्यार्थीको अनुभवसँग जोडेर आफू बसेको गाउँको नाम छलफल गराउने । विद्यार्थीलाई पालैपालो आफ्नो गाउँको नाम भन्ने अभ्यास गराउने । यसै गरी वडा नम्बर चिनाएर भन्ने अभ्यास गराउने<br>• हाम्रो गाउँ पालिकाको नाम कसलाई थाहा छ भनी प्रश्न गर्ने, सकेसम्म विद्यार्थीबाट गाउँपालिकाको नाम बताउने प्रयास गर्ने, विद्यार्थीले भन्न नसके शिक्षक आफैँले गाउँपालिकाको नाम बताइदिने र उच्चारण गर्ने अभ्यास गराउने<br>• पुनः आफ्नो नाम, गाउँको नाम, वडा नं, गाउँपालिकाको नामसहित भन्ने गरी परिचय खेल खेलाउने । प्रस्टसँग भन्न नसकेसम्म अभ्यासलाई निरन्तरता दिने | निम्नलिखित र यस्तै सान्दर्भिक प्रश्नहरूमा आधारित भई विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् :<br>• तपाईंको नाम के हो ?<br>• तपाईंको परिवारका सदस्यको नाम भन्नुहोस् ।<br>• तपाईंको घरमूलीको नाम भन्नुहोस् ।<br>• तपाईंको गाउँको नाम के हो ?<br>• तपाईंको वाड नं भन्नुहोस त ? |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन |
|---|---|---|---|---|
| २.हाम्रो संस्कृति र संस्कार | २.१ आफ्नो परिवारका सदस्यले लगाउने पोसाकको नाम बताउन<br>२.२ परिवारका सदस्यले बोल्ने मातृभाषा बताउन<br>२.३ आफ्नो परिवारले वर्षभरि मनाउने चाडपर्वको नाम बताउन<br>२.४ आफ्नो परिवारले मान्ने धर्म संस्कृतिको नाम बताउन<br>२.५ घर टोलछिमेकमा प्रचलित लोक बाजाको नाम बताउन<br>२.६ आफ्नो घरमा अभिवादनका तरिका अभिनय गर्न | २.१ आफ्नो परिवारका सदस्यले लगाउने पोसाक : भोटो, कछाड, कमिज, सुरुवाल, दौरा, सर्ट, पाइन्ट, चोलो, फरिया, जामा<br>२.२ परिवारका सदस्यले बोल्ने मातृभाषा : नेपाली, तामाङ, नेवार, पहरी, माझी<br>२.३ आफ्नो परिवारले वर्षभरि मनाउने चाडपर्वको नाम : दसैं, तिहार, माघे सङ्क्रान्ति, साउने सङ्क्रान्ति...<br>२.४ आफ्नो परिवारले मान्ने धर्म संस्कृतिको नाम : हिन्दु, बौध, क्रिस्चियन<br>२.५ घर टोलछिमेकमा प्रचलित लोक बाजाको नाम : मादल, डम्फु, बाँसुरी, खैंजडी, पञ्चेबाजा,<br>२.६ आफ्नो घरमा अभिवादनका तरिका :<br>नमस्कार, फ्याफुल्ला, जो जो लोपा, | • तपाईंले अहिले कुन कुन लुगा लगाउनुभएको छ ? घरमा कुन कुन लुगा लगाउनुहुन्छ ? मैले लगाएका लुगाको नाम के के होला ? तपाईंको आमाबुबाले के के लुगा लगाउनुहुन्छ ? जस्ता प्रश्न गर्ने । विद्यार्थीबाट जे जस्तो जवाफ आउँछ स्वीकार गर्ने र स्याबास दिने<br>• विभिन्न पहिरनका चित्र पोस्टर प्रदर्शन गर्ने र छलफल गर्दै पहिरनका नाम भन्न लगाउने<br>• चित्र पोस्टरमा भएका चित्रमध्ये विद्यार्थीले र उनका आमाबुबाले लगाउने पहिरन चिन्न र भन्न लगाउने<br>• तपाईंले घरमा कुन भाषा बोल्नुहुन्छ भनी पालैपालो भन्न लगाउने र आफूले घरमा बोल्ने भाषा बोल्न उत्प्रेरित गर्ने<br>• विद्यार्थीको पूर्वअनुभवलाई आधार बनाई प्रश्न गर्ने<br>• जस्तैः तपाईंले दसैं चाड मनाउनुभएको छ ? अरू कुन कुन चाड मनाउनुभएको छ ? विद्यार्थीले दिएको उत्तरलाई आधार बनाई चाडपर्व के हो र किन मनाउनुपर्छ छलफल गराउने<br>• विभिन्न स्थानीय चाड मनाएका चित्र प्रदर्शन गरी छलफल र प्रश्नोत्तर गर्ने र आफ्नो परिवारले मनाएको चाड पहिचान गराउने<br>• विद्यार्थीको पूर्वअनुभवसँग छलफल गरी स्थानीय बाजाहरूको चित्र, भिडियो तथा ठोस बाजा नै प्रदर्शन गराउने<br>• बाजा चिनाएर नाम भन्ने भन्न लगाउने<br>• तपाईं घरमा कस कसलाई कसरी अभिवादन गर्नुहुन्छ भनी प्रश्न गर्ने र अभिवादनको अभिनय गराउने | • तपाईंले लगाउने पोसाकको नाम के के हुन् ?<br>• तपाईंको आमाले लगाउने पोसाक के के हुन् ?<br>• तपाईं कुन भाषा बोल्नुहुन्छ ?<br>• मठ मन्दिर, चैत्य गुम्बा, चर्चका चित्र देखाउनुहोस् र प्रश्न गर्नुहोस् (जस्तैः यो के को चित्र हो ? चर्चको चित्र कुन हो ? गुम्बाको चित्र कुन हो ? मन्दिरको कुन हो ? आदि)<br>• तपाईंका आमाबुबाले कुन धर्म मान्नुहुन्छ ?<br>• कुनै तीनओटा स्थानीय बाजाको नाम भन्नुहोस् ।<br>• तपाईंले घरमा गर्ने अभिवादन अभिनय गरी देखाउनुहोस् । |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन |
|---|---|---|---|---|
| ३. हाम्रा प्राकृतिक र मानव निर्मित सम्पदा | ३.१ आफ्नो घर वरपर भएका रुखबिरुवा खोलानाला र जीवजन्तुका नाम बताउन<br>३.२ आफ्नो घर वरपर रहेका मानव निर्मित सम्पदाका नाम बताउन | ३.१ आफ्नो घर वरपर भएका रुखबिरुवाका नाम : साल, सल्ला, चिलौने... खोलानालाका नाम : सुनकोशी, भुसी खोला, सहेले खोला, पाखर खोला जीवजन्तुका नाम : चितुवा, बाँदर, स्याल, बँदेल, कालिज, तित्रा, ढुकुर...<br>३.२ आफ्नो घर वरपर रहेका मानव निर्मित सम्पदाका नाम : चौतारो, बाटो, मन्दिर, भवन... | • तपाईंको घर वरपर कुन कुन रुखबिरुवा छन् ? तपाईंले घरबाट विद्यालय आउँदा कुन कुन खोला देख्नुभयो ? तपाईंले कुन कुन जीवजनावर र चरा देख्नुभएको छ ? भनी प्रश्न गर्दै विद्यार्थीको पूर्वअनुभवलाई व्यक्त गराउने<br>• विद्यालय वरपर अवलोकन गराई रुख चराचुरुङ्गी खोला, पोखरी, चौर चिनाउने<br>• जीवजनावर, रुख र नदीनालाको चित्र देखाई छलफल गराउने<br>• खोला, चरा र रुखको चित्र कोर्न लगाउने<br>• विभिन्न मानव निर्मित सम्पदाको भिडियो, चित्र, पोस्टर र फोटो प्रदर्शन गर्ने र नाम भन्न लगाउने<br>• चित्र, भिडियोमा जस्तै तपाईंको घर वरपर के छन् भनी प्रश्न गर्ने र विद्यार्थीलाई उत्तर दिन सहजीकरण गर्ने | • तपाईंको गाउँपालिकाको नाम के हो ?<br>• तपाईंले चिनेका तीनओटा रुखको नाम भन्नुहोस् ।<br>• तीनओटा चराको नाम भन्नुहोस् ।<br>• तपाईंको घरनजिक रहेको खोलाको नाम भन्नुहोस् ।<br>• तपाईंको घर वरपर चौतारो, पोखरी, भवन छन् ? |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन |
|---|---|---|---|---|
| ४. स्थानीय प्रविधि र घरेलु उद्योग | ४.१ आफ्नो घरमा प्रयोग हुने स्थानीय प्रविधिको नाम बताउन<br>४.२ आफ्नो घरमा निर्माण भएका घरेलु उद्योगबाट उत्पादित सामानको नाम बताउन | ४.१ आफ्नो घरमा प्रयोग हुने स्थानीय प्रविधिको नाम : ढिकी, जाँतो, ओखल, ठेकी मदानी<br>४.२ आफ्नो घरमा निर्माण भएका घरेलु उद्योगबाट उत्पादित सामानको नाम : कुचो, दाम्लो, डोको, डालो, नाङ्लो.... | • स्थानीय स्तरमा पाइने स्थानीय प्रविधिका चित्र प्रदर्शन गरी छलफल प्रश्नोत्तर गरी स्थानीय प्रविधिको चिनारी गराउने<br>• स्थानीय प्रविधिको सामग्री कसकसले देखेको छ, पूर्वअनुभवको आधारमा छलफल गर्ने<br>• स्थानीय प्रविधिका सामग्री सङ्कलन गरी प्रदर्शन गराउने र नाम भन्न लगाउने<br>• स्थानीय प्रविधिका कुन कुन सामग्री कसकसको घरमा छ प्रश्नोत्तर गर्ने<br>• घरेलु उद्योगबाट उत्पादित सामग्री सङ्कलन गरी प्रदर्शन गर्ने<br>• प्रदर्शन गरिएका सामग्री के के हुन्, विद्यार्थीलाई पालैसँग भन्न लगाउने । यीमध्ये तपाईंको घरमा कुन कुन घरेलु सामग्री छन् ? प्रश्न गर्ने र भन्न लगाउने<br>• यी सामग्रीहरू तपाईंको घरमा बनेका हुन् वा होइनन् छलफल गर्ने<br>• विद्यालयबाट नजिक रहेको कुनै उद्योग अवलोकन गराउने<br>• अवलोकन गरेका कुरा पालैसँग भन्न लगाउने | • जाँतोमा के गरिन्छ ?<br>• ढिकीमा के गरिन्छ ?<br>• चित्रमा भएका मध्ये तपाईंको घरमा कुन कुन स्थानीय प्रविधिका सामान छन् ?<br>• घरेलु उद्योगबाट उत्पादित सामग्री देखाएर यो के हो ? |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन |
|---|---|---|---|---|
| ५.कृषि, पशुपन्छी र माछा पालन | ५.१ आफ्नो खेतबारीमा उत्पादित अन्न र कन्दमूलको नाम चिन्न र बताउन<br>५.२ आफ्नो खेतबारीमा उत्पादित दलहन, तेलहन र मसलाजन्य वस्तुको नाम चिनेर बताउन<br>५.३ आफ्नो खेतबारी र करेसा बारीमा उत्पादित तरकारीहरूको नाम चिनेर बताउन<br>५.४ आफ्नो खेतबारीमा उत्पादित फलफूलहरूको नाम चिनेर बताउन<br>५.५ आफ्नो घरमा पालिने पशुपन्छीको नाम चिनेर बताउन | ५.१ आफ्नो खेतबारीमा उत्पादित अन्न र कन्दमूलको नाम : धान, मकै, कोदो, गहुँ, फापर, सखरखण्ड, पिँडालु, तरुल....<br>५.२ आफ्नो खेतबारीमा उत्पादित दलहन, तेलहन र मसलाजन्य वस्तुको नाम : मास, मस्याङ, मुसुरो....<br>५.३ आफ्नो खेतबारी र करेसा बारीमा उत्पादित तरकारीहरूको नाम : रायो साग, काउली, मुला, आलु, बोडी, फर्सी करेला, सिमी.....<br>५.४ आफ्नो खेतबारीमा उत्पादित फलफूलहरूको नाम : आँप, अम्बा, मेवा, आरु, नास्पाती...<br>५.५ आफ्नो घरमा पालिने पशुपन्छीको नाम : बाखा, कुखुरा, गाई, भैँसी, सुँगुर, बङ्गुर... | • विद्यार्थीको पूर्वअनुभवसँग सम्बन्धित भएर उनीहरूको घरमा पाइने अन्न र कन्दमूल छलफल गराउने,<br>• स्थानीय स्तरमा पाइने विभिन्न अन्न र कन्दमूलको चित्र प्रदर्शन र छलफल गरी तिनका नाम भन्न लगाउने<br>• विभिन्न अन्न सङ्कलन गरी अवलोकन गराउने, छाम्न दिने र नाम भन्न लगाउने<br>• विद्यार्थीको पूर्वअनुभवलाई आधार बनाई उनीहरूले खाने गरेका तरकारीको बारेमा छलफल गर्ने<br>• विद्यार्थीको करेसाबारीमा कुन कुन तरकारीहरू छन् छलफल गराउने र तरकारीको नाम भन्न लगाउने<br>• तरकारीका चित्र प्रदर्शन गर्ने र नाम भन्न लगाउने<br>• नमुना तरकारी सङ्कलन गर्ने र कक्षामा प्रदर्शन गरी हेर्न छाम्न दिई नाम भन्न लगाउने<br>• नजिकको तरकारीबारी अवलोकन गराई तरकारीको नाम भन्न लगाउने<br>• स्थानीय स्तरमा पाइने तरकारीका नाम चिनेर चित्रमा सोहीअनुसारको रङ भर्न लगाउने<br>• विद्यार्थीको पूर्वअनुभवलाई आधार बनाई उनीहरूले खाएका फलफूलका बारेमा छलफल गर्ने<br>• स्थानीय स्तरका फलफूलका चित्र प्रदर्शन गराउने र नाम भन्न लगाउने<br>• नजिक रहेको फलफूल बगैँचा अवलोकन गराउने र फलफूलका नाम भन्न लगाउने<br>• स्थानीय स्तरका नमुना फलफूल सङ्कलन गर्ने र स्वाद चाख्न दिएर फलफूलको स्वाद र नाम भन्न लगाउने<br>• विद्यार्थीका घरमा कुन कुन पशुपन्छी पालिएका छन् छलफल गर्ने र नाम भन्न लगाउने<br>• स्थानीय स्तरका पशुपन्छीका चित्र प्रदर्शन गर्ने र नाम भन्न लगाउने<br>• नजिक रहेको गोठ, खोर, घार अवलोकन गराउने र पशुपन्छी चिनाउने | • तपाईंको घरमा कुन कुन अन्नहरू छन् ?<br>• तपाईंको खेतबारीमा कुन कुन कुन अन्न फल्छन् ?<br>• तपाईंको करेसाबारीमा कुन कुन तरकारी छ ?<br>• तपाईंलाई मन पर्ने तरकारी के हो ? आदि<br>• अवलोकन गरेका कुरालाई रुजु सूची बनाई मूल्याङ्कन गर्ने<br>• तपाईंलाई मन पर्ने पाँचओटा फलफूलको नाम भन्नुहोस् :<br>• तपाईंको खेतबारीमा कुन कुन फलफूलका बोटरू छन् ?<br>• पाकेको आँपको स्वाद कस्तो हुन्छ ?<br>• तपाईंको घरमा पालिएका पशुपन्छीको नाम भन्नुहोस् । |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन |
|---|---|---|---|---|
| ६.पेसा व्यवसाय, | ६.१ आफ्नो परिवारका सदस्यको पेसा व्यवसायको नाम बताउन<br>६.२ आफ्नो परिवारका सदस्यको पेसा व्यवसायमा प्रयोग हुने सामग्रीको नाम चिनेर बताउन | ६.१ आफ्नो परिवारका सदस्यको पेसा व्यवसायको नाम : कृषि, नोकरी, ड्राइभर, सिकर्मी डकर्मी, सूचीकार.....<br>६.२ आफ्नो परिवारका सदस्यको पेसा व्यवसायमा प्रयोग हुने सामग्रीको नाम : कुटो, कोदालो, हलो, हथौडा, बसिला, डस्टर, कल, कैँची, करौँती | • विद्यार्थीहरूको पूर्वअनुभवलाई आधार बनाई तपाईंको परिवारका सदस्यले के के काम गर्नुहुन्छ भन्दै पालैपालो प्रश्न गर्ने । विद्यार्थीबाट सही जवाफ लिने प्रयत्न गर्ने । सही उत्तर नआए सहयोग गर्ने<br>• विभिन्न पेसा व्यवसायसँग सम्बन्धित चित्र तस्बिर प्रदर्शन गर्दै चित्रमा कुन कुन काम गरिरहेका छन्, छलफल गर्ने र परिवारका सदस्यले चित्रमा भएका मध्ये कुन काम गर्नुहुन्छ भन्न लगाउने<br>• तपाईंका परिवारका सदस्यले काम गर्दा के के सामान प्रयोग गर्नुहुन्छ ? भनी प्रश्न गर्ने र विभिन्न पेसागत सामानका चित्र पोस्टर प्रदर्शन गरी पेसागत सामानको नाम चिनाउने | • तपाईंको आमाले घरमा के काम गर्नुहुन्छ ?<br>• तपाईंको बुवाको पेसा के हो ?<br>• तपाईंको काका काकी के काम गर्नुहुन्छ ?<br>• खेतबारीमा काम गर्ने मानिसलाई के भनिन्छ ?<br>• तपाईंको बुबाले काम गर्दा कुन कुन सामान प्रयोग गर्नुहुन्छ ? |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन |
|---|---|---|---|---|
| ७ जडीबुटी | ७.१ आफ्ना घर वरपर पाइने जडीबुटीको नाम बताउन | ७.१ आफ्ना घर वरपर पाइने जडीबुटीको नाम : अमला, हर्रो बर्रो, पाँचऔँले, तुलसी... | • सामान्य बिमारी पर्दा तपाइँले घरमा कस्तो कस्तो औषधी खानुभयो भनी विद्यार्थीको पूर्वअनुभव जोडेर छलफल गराउने<br>• घर विद्यालय वरपर पाइने विभिन्न जडीबुटी सङ्कलन गर्ने र तिनीहरूको नाम भन्न लगाउने<br>• स्थानीय स्तरमा पाइने जडीबुटीको चित्र प्रदर्शन गर्ने र छलफल प्रश्नोत्तर गरी जडीबुटीको नाम भन्न लगाउने | • तीनओटा जडीबुटीको नाम भन्नुहोस् ।<br>• बिमारी पर्दा कुन औषधी खानुभयो?<br>• तपाइँको घर वरपर कुन कुन जडीबुटी छन् ? |
| ८.हाम्रा धार्मिक र पर्यटकीय स्थल | ८.१ बालबालिकाले भ्रमण गरेका रमाइला स्थानहरूको नाम बताउन<br>८.२ आफ्नो समुदाय वरपर भएका प्रचलित धार्मिक स्थलहरू नाम बताउन | ८.१ बालबालिकाले भ्रमण गरेका रमाइला स्थानहरूको नाम : सीतापाइला, थामडाँडा, सुनकोशी, कालीपोखरी, गुरु पद्म सम्भव, आँखीभ्याल पहाड, तेन्जिङ हिलारी मार्ग<br>८.२ आफ्नो समुदायवरपर भएका प्रचलित धार्मिक स्थलहरू : बाघभैरव मन्दिर, लट्टेश्वर महादेव, कालिका मन्दिर, कृष्ण मन्दिर, भीमसेनथान मन्दिर, तीनचम्के मन्दिर, सेतीदेवी थान..... | • शिक्षकले आफू सुनकोशी गाउँपालिकाको कुनै ठाउँ भ्रमण गरेको अनुभव सुनाउने र तपाइँ आमाबुबासँग कुन कुन ठाउँ घुम्न जानुभएको छ ? भनी प्रश्न गर्ने । पालैसँग विद्यार्थीको अनुभव व्यक्त गर्न लगाउने<br>• सुनकोशी गाउँपालिकाको रमाइला ठाउँहरूको फोटो वा भिडियो दृश्य देखाउने र पर्यटकीय ठाउँ चिनाउने<br>• नजिकैको पर्यटकीय स्थल अवलोकन गराउने<br>• विद्यार्थीले घुमेको र रमाइलो लागेको ठाउँ कुन कुन हो सोध्ने र छलफल गरी नाम बताउन लगाउने<br>• तपाइँको घर वरपर कुन कुन देवी देवताका मन्दिर, गुम्बा, चैत्य, चर्च छन् भनी प्रश्न गर्ने र आफ्नो घर वरपर रहेका मन्दिर, गुम्बा, चैत्य र चर्चको नाम भन्ने अभ्यास गराउने | • तपाइँ घुम्न गएको रमाइलो स्थानको नाम भन्नुहोस् ।<br>• तपाइँको नजिक रहेका धार्मिक स्थलको नाम भन्नुहोस् । |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन |
|---|---|---|---|---|
| ९. विपत् व्यवस्थापन | ९.१ आफ्नो घर वरपर आइपर्ने विपत् तथा जोखिम पहिचान गरी र सजगता अपनाउन | ९.१ आफ्नो घर वरपर आइपर्ने विपत् तथा जोखिम पहिचान र सजगता : भिर, मोटरबाटो, हातहतियार, आगलागी, बाढी पहिरो, भूकम्प..... | • तपाईंले आगलागी भएको देख्नुभएको छ ? हुरीबतास चलेको थाहा छ ? बाढी पहिरो आएको थाहा छ ? भूकम्प आएको थाहा छ जस्ता प्रश्न गरी विद्यार्थीको पूर्वअनुभव अभिव्यक्त गराउने<br>• विपत्को अवस्था आउँदाको आफ्नो अनुभव सुनाउने र विद्यार्थीलाई पनि सुनाउन लगाउने<br>• विपत्का अवस्थाका चित्र प्रदर्शन गर्ने र छलफल गरी विपत्का अवस्था चिनाउने<br>• कस्ता कस्ता काम गर्दा जोखिम हुन्छ छलफल गर्ने विद्यार्थीको पूर्वअनुभवसँग सम्बन्धित भई छलफल गर्ने र जोखिम हुने अवस्था पहिचान गराउने | • विपत्का अवस्थाको चित्र देखाउनुहोस् र प्रश्न गर्नुहोस् ।<br>• आगलागीको चित्र कुन हो ?<br>• बाढी पहिरोको चित्र कुन हो ?<br>• हुरीबतासको चित्र कुन हो ? |

## ५. विषयवस्तुको विस्तृतीकरण  तथा सिकाइ सहजीकरण प्रक्रिया

कक्षा २

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन |
|---|---|---|---|---|
| १ सुनकोशीको परिचय | १.१ आफ्नो घर, विद्यालय वरपरको भौगोलिक अवस्था : अग्लो, होचो, समथर, भिरालो, लेक, बेँसी अवलोकन गरी बताउन<br>१.२ सुनकोशी गाउँपालिकाको वडा सङ्ख्या बताउन<br>१.३ छिमेकको परिचय र परिवार सङ्ख्या उल्लेख गर्न<br>१.४ आफ्नो कक्षाका विद्यार्थी सङ्ख्या उल्लेख गर्न<br>१.५ आफ्नो घरको सिमाना : पूर्व, पश्चिम, उत्तर र दक्षिण छुट्याउन<br>१.६ आफ्ना गाउँटोलमा रहेको संस्थाको नाम उल्लेख गर्न | १.१ आफ्नो घर, विद्यालय वरपरको भौगोलिक अवस्था : अग्लो, होचो, समथर, भिरालो, लेक, बेँसी<br>१.२ वडा सङ्ख्या : ठोकर्पा १, ठोकर्पा २, कालिका ३, यामुना ४, सुनखानी ५, थुमपाखर ६ र पाङ्ग्रेटार ७<br>१.३ छिमेकको परिचय र परिवार सङ्ख्या<br>१.४ आफ्नो कक्षाका विद्यार्थी सङ्ख्या : छात्र, छात्रा<br>१.४ आफ्नो घरको सिमाना : पूर्व, पश्चिम, उत्तर र दक्षिण<br>१.५ आफ्ना गाउँटोलमा रहेको संस्थाको नाम : विद्यालय, सहकारी, वन, महिला, टोल सुधार.... | • विद्यार्थीलाई विद्यालयको चौरमा लैजाने र विद्यालय वरपरको धरातलीय बनावट अग्लो, होचो, समथर, भागहरू  कता कता छन्, देखाउन लगाई  छलफल गराउने<br>• विद्यार्थीको घरवपर जमिनका भाग कस्ता कस्ता छन् उनीहरूको अनुभव व्यक्त गर्न लगाई छलफल गराउने र अग्लो होचो भिरालो समथर भागको पहिचान गराउने<br>• अग्लो, होचो, भिरालो, समथर भाग देखिने चित्र प्रदर्शन गरी छलफल गराउने र तपाईंको घर भएको ठाउँ कुन चित्रसँग मिल्छ भन्दै पहिचान गराउने,<br>• गाउँपालिकाको नक्सा प्रदर्शन गरी सबै वडा चिनाउने र आफू बसेको वडासँग जोडिएका छिमेकी वडाहरू पहिचान गराउने<br>• छिमेकी परिवारका सदस्यको नाम पालैसँग भन्न लगाउने सदस्यसँगको नाता चिनाउने साथै छिमेककीको परिवार सङ्ख्या गन्ने अभ्यास गराउने<br>• आफ्नो घरको सिमाना : पूर्व,  पश्चिम, उत्तर र दक्षिणमा छिमेकीका घर, गोठ, खेत, बारी, वन के छ ? छलफल गर्ने छुट्याउन सहजीकरण गर्ने<br>• चित्र, पोस्टर, भिडियो प्रदर्शन गरी शिक्षकले केही संस्थाको नाम उदाहरण दिने र आफ्नो गाउँटोलमा रहेका त्यस्ता समुदायको सेवाका काम गर्ने कुन कुन संस्थाहरू छन्, छलफल गर्ने संस्थाका नाम भन्न लगाउने | निम्नलिखित र यस्तै सान्दर्भिक प्रश्नहरूमा आधारित भई विद्यार्थीको मूल्याङ्कन गर्नुहोस्:<br>• तपाईंको घर कस्तो ठाउँमा छ ?<br>• भिरालो जमिन तपाईंको घरबाट कतापट्टि छ ?<br>• तपाईंको गाउँको चित्र बनाउनुहोस् ।<br>• तपाईंको वडासँग कुन कुन छिमेकी वडाहरू जोडिएका छन् ? |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन |
|---|---|---|---|---|
| २.हाम्रो संस्कृति र संस्कार | २.१ आफ्नो छिमेकीहरूले लगाउने पहिरन सूची बनाउन<br>२.२ आफ्नो गाउँटोलमा बोलिने मातृभाषाका दशओटा शब्द बोल्न र लेख्न<br>२.३ आफ्नो परिवारले चाडपर्वमा खाइने परिकारको सूची तयार गर्न<br>२.४ आफ्नो टोल छिमेकले मान्ने धर्म संस्कृतिको सूची चयार गर्न<br>२.५ समुदायमा रहेका लोकबाजाको परिचय दिन<br>२.६समुदायमा प्रचलित लोक गीत पहिचान गरी अभ्यास गर्न<br>२.७ घरमा प्रचलित लोककथा सुनेर सुनाउन<br>२.८ माया, आदर सत्कारको अभ्यास गर्न | २.१ आफ्नो छिमेकीहरूले लगाउने पहिरन : भोटो, कछाड, कमिज, सुरुवाल, दौरा, सर्ट, पाइन्ट, चोलो, फरिया, जामा<br>२.२ आफ्नो गाउँटोलमा बोलिने मातृभाषा : नेपाली, तामाङ, नेवार, पहरी, माझी.....<br>२.३ आफ्नो परिवारले चाडपर्वमा खाइने परिकार : रोटी, खिच्रो, फुलौरा, माछा मासु, खिर, चाकु......<br>२.४ आफ्नो टोल छिमेकले मान्ने धर्म संस्कृति : हिन्दु, बौध, क्रिस्चियन<br>२.५ समुदायमा रहेका लोकबाजाको परिचय : मादल, डम्फु, बाँसुरी, खैंजडी, पञ्चेबाजा,<br>२.६समुदायमा प्रचलित लोक गीत पहिचान : काँठे भाका, असारे भजन, कीर्तन.....<br>२.७ घरमा प्रचलित लोककथा, दन्त्यकथा<br>२.८ माया, आदर सत्कारको अभ्यास | • विद्यालय छिमेकीहरूले लगाउने पहिरनका नमुना सङ्कलन गर्ने र प्रदर्शन गराउने<br>• प्रदर्शन गरिएका पहिरनमध्येबाट आफ्नो परिवार र छरछिमेकीले लगाउने पहिरन चिन्न लगाउने<br>• चाड वा महोत्सव मेला अवलोकन गराउने र महिला पुरुषले के कस्ता पहिरन लगाएका छन् ? सूची तयार गर्न लगाउने<br>• आफ्ना टोलछिमेकका मानिसले कुन कुन भाषा बोल्छन्, छलफल गराउने र कम्तिमा दश शब्द बोल्न अभ्यास गराउने<br>• तपाईंको टोलछिमेकमा कुन धर्म के के गरी मनाउनुहुन्छ भनी प्रश्न गर्ने र विद्यार्थीको अनुभवलाई अभिव्यक्त गर्न प्रोत्साहन गर्ने<br>• शिक्षकले स्थानीय स्तरमा मनाइने धर्मको परिचय दिने र विद्यार्थीलाई धर्मका परिचय दिन अभ्यास गराउने<br>• आफ्नो परिवार र टोल छिमेकमा मनाइने चाडपर्व र महोत्सवको सूची बनाउन लगाउने<br>• विद्यालय नजिकका चाडपर्व र महोत्सवसँग जानकार व्यक्तिलाई आमन्त्रण गरी जातिगत रूपमा मनाइने चाडपर्व र महोत्सव के के हुन, कसरी मनाइन्छ, कस्ता कलाहरू प्रस्तुत गरिन्छ, कस्ता कस्ता परिकार बनाएर खाइन्छ, कस्ता बाजा बजाइन्छ ? विद्यार्थीलाई जानकारी गराउन शिक्षकले सहजीकरण गर्ने<br>• गाउँघरमा गाउने गरिएका लोक भाकाहरूको गाउने अभ्यास गराउने<br>• शिक्षकले एउटा लोकथा सुनाउने र यस्तै लोककथा बुबाआमाबाट सुन्न अभिप्रेरित गर्ने र कक्षामा सुनाउन लगाउने<br>• आफ्नो टोलछिमेकमा जातिगत रूपमा गरिने अभिवादन के कसरी गरिन्छ, अभिनय गर्न लगाउने | • निम्नलिखित र यस्तै सान्दर्भिक प्रश्नहरूमा आधारित भई विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् :<br>• आफ्नो छिमेकीहरूले लगाउने पहिरनको परिचय दिनुहोस्<br>• तपाईं कुन धर्म मनाउनुहुन्छ ?<br>• तपाईंले मान्ने धर्मको सामान्य परिचय दिनुहोस्<br>• तपाईंको घरनजिक रहेको मन्दिरको छोटकरीमा परिचय दिनुहोस् ।<br>•<br>• तपाईंको टोल छिमेकले मनाउने चाडपर्व के के हुन् ?<br>• तपाईंको छिमेकमा चाडपर्व महोत्सवमा गाउने गीत के हो ?<br>• एउटा एउटा भजन गाएर सुनाउनुहोस् ।<br>• मादल, डम्फु खैंजेडी बजाएर देउनुहोस् ।<br>• एउटा लोककथा सुनाउनुहोस् । |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन |
|---|---|---|---|---|
| ३. हाम्रा प्राकृतिक र मानव निर्मित सम्पदा | ३.१ आफ्नो विद्यालय वरपर भएका रुखबिरुवा खोलानाला, र जीवजन्तुको परिचय दिन<br>३.२ आफ्नो विद्यालय वरपर रहेका मानव निर्मित सम्पदाका परिचय दिन | ३.१ आफ्नो विद्यालय वरपर भएका रुखबिरुवा : साल, सल्ला, चिलाउने, साज, उत्तिस... खोलानाला : सुनकोशी, भुसी खोला, सहेले खोला, पाखर खोला जीवजन्तुको परिचय : चितुवा, बाँदर, स्याल, बँदेल, कालिज, तित्रा, ढुकुर...<br>३.२ आफ्नो विद्यालय वरपर रहेका मानव निर्मित सम्पदाका परिचय : भ्युटावर, पदमार्ग, फाँट, सडक, विद्यालय, मठमन्दिर, धारा कुवा, पाटीपौवा | • विद्यार्थीको पूर्वअनुभवसँग जोडेर प्राकृतिक सम्पदाको छलफल गराउने र पहिचान गराउने,<br>• विद्यार्थीलाई विद्यालयबाट नजिक रहेका मन्दिर, गुम्बा, चर्चमा लिएर जाने, वरिपरि भएका प्राकृतिक सम्पदा नदी, रुख, धारा, पोखरी जे जे छन् अवलोकन गराउने, यी प्राकृतिक सम्पदा हुन् भनी प्रस्ट पार्ने<br>• शिक्षकले सार्वजानिक चौर, मूल धारा, खोलानाला र जीवजन्तुका सामान्य परिचय दिने र विद्यार्थीलाई परिचय दिन अभ्यास गराउने<br>• प्राकृतिक सम्पदा मूल धारा, खोलानाला र जीवजन्तुका चित्र बनाउन अभ्यास गराउने<br>• आफ्नो विद्यालय वरपर रहेका मानव निर्मित सम्पदा बाटो, पाटी, पौवा, मन्दिरको चित्र, भिडियो प्रदर्शन गरी परिचय दिन सहजीकरण गर्ने<br>• विद्यार्थीलाई बिद्यालयनजिकका बाटो, पाटी, पौवा, मन्दिर अवलोकन गराउने र परिचय दिन सहजीकरण गर्ने | • प्राकृतिक सम्पदा भनेको के हो ?<br>• वन जङ्गल कस्तो सम्पदा हो ?<br>• वन्यजन्तुको सामान्य परिचय दिनुहोस् ।<br>• तपाईंको विद्यालय नजिक रहेका मन्दिरको परिचय दिनुहोस् । |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन |
|---|---|---|---|---|
| ४. स्थानीय प्रविधि र घरेलु उद्योग | ४.१ आफ्नो गाउँघरमा प्रयोग हुने स्थानीय प्रविधिको परिचय दिन<br>४.२ आफ्नो घरमा निर्माण भएका घरेलु उद्योगबाट उत्पादितसामानको परिचय दिन | ४.१ आफ्नो गाउँघरमा प्रयोग हुने स्थानीय प्रविधिको परिचय : पानी घट्ट, काठको डुङ्गा, सिलौटो, चेपुवा, कोल, हलो, जुवा, आरन<br>४.२ आफ्नो घरमा निर्माण भएका घरेलु उद्योगबाट उत्पादित सामानको परिचय : मान्द्रो, डोको, डालो, थुन्से, पिर्का, गुन्द्री, चकटी..... | • स्थानीय प्रविधिको चित्र प्रदर्शन गरी कुन कुन चित्र कुन कुन प्रविधि, छलफल गर्ने<br>• स्थानीय प्रविधिको एक एकओटा नमुना सङ्कलन गरी कक्षाकोठामा प्रदर्शन गर्ने र अवलोकन गराई परिचय दिने<br>• टोल छिमेकमा प्रयोग भएका स्थानीय प्रविधिको सूची तयार गराउने<br>• कक्षाकोठामा स्थानीय घरेलु सामग्रीहरू प्रदर्शन गरी प्रत्येक सामान देखाउँदै यसको नाम केहो ? के कामको लागि प्रयोग हुन्छ ? केबाट बन्छ ? छलफल गर्ने र घरेलु सामग्रीको परिचय गराउने, घरेलु सामानको आकार, प्रकार र बनोटको आधारमा परिचित गराउने<br>• गीत कविता, कथाका माध्यमबाट घरेलु सामानको परिचय गराउने<br>• घरेलु सामग्रीको एक एकओटा नमुना सङ्कलन गरी कक्षाकोठामा प्रदर्शन गर्ने र अवलोकन गराई परिचय दिने<br>• समुदायमा प्रयोग हुने घरेलु उत्पादनका सामग्रीहरू छलफल गरी सूचीकरण गराउने | • चित्रमा ढिकी कहाँनेर छ ?<br>• तोरी पेल्ने साधनको नाम के हो ?<br>• हँसिया, कोदालो खुकुरी कहाँ बनाइन्छ ?<br>• तपाईंको टोल छिमेकमा कुन कुन स्थानीय प्रविधिका सामग्री प्रयोगमा छन् ?<br>• समुदायमा प्रयोग हुने घरेलु उत्पादनका सामग्रीहरूको सूची बनाउनुहोस् ।<br>• डोको केबाट बनेको छ ?<br>• हसिया केबाट बनेको छ ?<br>• टपरीको आकार कस्तो छ ?<br>• गुन्द्रीको आकार कस्तो छ ? |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन |
|---|---|---|---|---|
| ५.कृषि, पशुपन्छी र माछा पालन | ५.१ आफ्नो समुदायमा उत्पादित अन्नहरूको पहिचान गरी परिचय दिन<br>५.२ आफ्नो खेतबारीमा उत्पादित दलहन, तेलहन र मसलाजन्य वस्तुको परिचय दिन<br>५.३ आफ्नो समुदायमा उत्पादित तरकारीहरूको पहिचान गरी परिचय दिन<br>५.४ आफ्नो समुदायमा उत्पादित फलफूलहरूको पहिचानसहित परिचय दिन<br>५.५ आफ्नो समुदायमा पालिने पशुपन्छी र कीटको पहिचानगरी परिचय दिन<br>५.६ कृषि कार्यका लागि प्रयोग गरिने औजारको नामसहित परिचय दिन | ५.१ आफ्नो समुदायमा उत्पादित अन्नहरूको पहिचान र परिचय : धान, मकै, कोदो, गहुँ, फापर, सखरखण्ड, पिँडालु, तरुल....<br>५.२ आफ्नो खेतबारीमा उत्पादित दलहन, तेलहन र मसलाजन्य वस्तुको परिचय : मास, मस्याङ, मुसुरो, अदुवा, बेसार, लसुन, प्याज, छ्यापी, ....<br>५.३ आफ्नो समुदायमा उत्पादित तरकारीहरूको पहिचान र परिचय : रायो साग, काउली, मुला, आलु, बोडी, फर्सी करेला, सिमी.....<br>५.४ आफ्नो समुदायमा उत्पादित फलफूलहरूको पहिचान र परिचय : अम्वा, आँप, कटहर, हलुवावेद, केरा, मेवा, स्याउ, सुन्तला, कागती, लहरे आँप, लप्सी, काफल.....<br>५.५ आफ्नो समुदायमा पालिने पशुपन्छी र कीटको पहिचान र परिचय : गाई, भैंसी, बाखा, कुखुरा हाँस, टर्की, सुँगुर बङ्गुर....<br>५.६ कृषि कार्यका लागि प्रयोग गरिने औजारको नाम र परिचय : हलो, जुवा, दाँदे, लिङ्को, कोदालो, चाँदे, कोली, डल्लेठो, हँसिया, खुर्पा...... | • धान, मकै, गहुँ, कोदो, फापर जस्ता अन्नहरू र सखरखण्ड, तरुल, पिँडालु जस्ता कन्दमूलको नमुना सङ्कलन गर्ने र हेरेर छामेर अन्न र कन्दमूलहरूको अनुभव गराउने, विद्यार्थीको पूर्वअनुभवका आधारमा छलफल गर्ने र स्थानीय अन्न र कन्दमूलहरूको परिचय दिन सहजीकरण गर्ने<br>• विद्यार्थीलाई विद्यालयको नजिकै खेतबारीमा लैजाने र सम्भव भएका अन्नबालीको अवलोकन गराउने र परिचय दिन उत्प्रेरित गर्ने<br>• आफ्नो खेतबारीमा फल्ने दलहन, तेलहन र मसलाजन्य वस्तु सङ्कलन गर्ने र विविध तरिकाबाट परिचय दिन सहजीकरण गर्ने<br>• स्थानीय स्तरमा पाइने तरकारीहरू हरिया सागपातहरूको चित्र प्रदर्शन, नमुना तरकारी प्रदर्शन एवम् तरकारी बारीको अवलोकन, छलफल, प्रश्नोत्तरबाट तरकारीहरूको परिचय गराउने,<br>• विभिन्न तरकारीका चित्र, नमुना, वास्तविक तरकारीहरू प्रदर्शन गर्दै खाइने भागका आधारमा वर्गीकरण गर्न लगाउने<br>• नजिकमा रहेको तरकारी बारीमा अवलोकन गराउने र खाइने भागका आधारमा छलफल प्रश्नोत्तर गराउने<br>• तरकारीसम्बन्धी चित्रकथा गीतबाट वर्गीकरण गर्न लगाउने<br>• विभिन्न प्रकारका तरकारीहरूका चित्रहरू बनाई रङ भर्न लगाउने<br>• विद्यार्थीको पूर्वअनुभवका आधारमा छलफल गरी स्थानीय फलफूलको परिचय दिन प्रोत्साहन गर्ने<br>• विद्यालयबाट नजिकको फलफूल बगैँचा अवलोकन गराउने र बगैचामा भएका फलफूलको सूची तयार गर्न लगाउने<br>• मौसम अनुसार स्थानीय फलफूल सङ्कलन गराई स्वाद चाख्न लगाउने र सो फलफूलको परिचय दिन लगाउने<br>• स्थानीय स्तरमा पाइने फलफूलको चित्र बनाई रङ भर्न लगाउने<br>• दुध, मासु, फुल, उन, हाड छाला प्राप्त हुने स्थानीय स्तरका घरपालुवा र जङ्गली पशुपन्छीको चित्र प्रदर्शन गर्ने छलफल र प्रश्नोत्तर गरी वर्गीकरण गराउने<br>• स्थलगत गोठ, खर्क, खोरमा प्रत्यक्ष अवलोकन गराउने, अनुभवका आधारमा छलफल प्रश्नोत्तर गराउने<br>• छलफल गरी स्थानीय घरपालुवा र जङ्गली जनावर वर्गीकरण गराउने | • स्थानीय स्तरमा पाइने तीनओटा अन्न र कन्दमूलहरूको परिचय दिनुहोस् ।<br>• तपाईंले घरमा दैनिक खाने तरकारीहरूको नाम भन्नुहोस् ।<br>• फर्सीको कुन कुन भाग तरकारी खाइन्छ?<br>• तपाईंको घर वरपर पाइने एउटा फलफूलको परिचय दिनुहोस् ।<br>• दुधका लागि पालिने दुईओटा जनावरको नाम भन्नुहोस् ।<br>• गोठमा कुन कुन जनावर बस्छन् ?<br>• बाघ जङ्गली जनावर हो कि घरपालुवा जनावर हो ? |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन |
|---|---|---|---|---|
| ६.पेसा व्यवसाय, | ६.१ आफ्नो टोल छिमेकीका परिवारका सदस्यका पेसा व्यवसायको नाम बताई परिचय दिन<br>६.२ आफ्नो टोल छिमेकीका परिवारका सदस्यका पेसा व्यवसायमा प्रयोग हुने सामग्रीको नाम बताई परिचय दिन | ६.१ आफ्नो टोल छिमेकीका परिवारका सदस्यका पेसा व्यवसायको नाम र परिचय : सिकर्मी, डकर्मी, व्यपारी, किसान.......<br>६.२ आफ्नो टोल छिमेकीका परिवारका सदस्यका पेसा व्यवसायमा प्रयोग हुने सामग्रीको नाम : मिटर, लिटर, टेप, कुटो, कोदालो, हलो, हथौडा, बसिला, डस्टर, कल, कैँची, करौँती | • छलफलको माध्यमबाट घरपरिवार तथा टोलछिमेकका मानिसको पेसा व्यवसाय सूची बनाउन लगाउने<br>• सूची तयार गरिएका पेसा व्यवसायको सामान्य परिचय दिन सहजीकरण गर्ने<br>• ती पेसा व्यवसायमा के के सामग्री प्रयोग हुन्छन्, छलफल गर्ने सूची बनाउन लगाउने | • तपाइँको छिमेकीले के पेसा गर्नुहुन्छ ?<br>• कुनै एक पेसाको परिचय दिनुहोस् ।<br>• कुनै एक पेसामा प्रयोग हुने सामग्रीको नाम लेख्नुहोस् । |
| ७ जडीबुटी | ७.१ आफ्ना समुदायमा पाइने जडीबुटीको परिचय दिई प्रयोग गर्न | ७.१ आफ्ना समुदायमा पाइने जडीबुटीको परिचय र प्रयोग : घिउकुमारी, कुरिलो पुँदिना, सर्पगन्धा, लज्जावती, घोडताप्रे, बेसार, अदुवा, पिप्ला, बोजो, तितेपाती, निम | • स्थानीय स्तरमा पाइने जडीबुटी सङ्कलन गर्ने र हेरेर, सुँघेर, छाम्न दिएर जडीबुटी पहिचान गराउने,<br>• स्थानीय स्तरमा पाइने जडीबुटी रुख, बुट्यान र झारपातका रूपमा छलफल गरी परिचय गराउने, लहरामा हुने, ओसिलो जमिनमा हुने, पारिलो जमिनमा हुने, जमिनमुनि फल्ने कुरा छलफल गराउने, रोगअनुसार उपचार गर्ने जडीबुटी परिचय गराउने<br>• स्थानीय स्तरमा पाइने पाँच किसिमका जडीबुटी सङ्कलन गरी कुन रोगमा कुन जडीबुटी प्रयोग गर्नुपर्छ, अभिभावकलाई सोध भनी परियोजना कार्य गराउने | • तपाइँको वरपर पाइने एउटा जडीबुटीको परिचय दिनुहोस् ।<br>• जमिनमुनि फल्ने दुईओटा जडीबुटीको नाम भन्नुहोस् । |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन |
|---|---|---|---|---|
| ८.हाम्रा धार्मिक तथा पर्यटकीय स्थल | ८.१ आफ्नो गाउँटोल वरपर भएका प्रचलित पर्यटकीय स्थलहरू सामान्य वर्णन गर्न<br>८.२ आफ्नो समुदायमा रहेका मठ, मन्दिर, चर्च, गुम्बाको सूची बनाउन | ८.१ आफ्नो गाउँटोलवरपर भएका प्रचलित पर्यटकीय स्थलहरू : बाघभैरव, थामडाँडा भ्युटावर, ज्यामिरे उखुबारी पदमार्ग, छोइलिङ गुम्बा, सानो पाखर, सुनकोशी जलविद्युत्.......<br>८.२ आफ्नो समुदायमा रहेका मठ, मन्दिर, चर्च, गुम्बा : महाकाल मन्दिर, सपनेश्वर महादेव, गणेशथान मन्दिर, वैदाबारी कालिदेवी मन्दिर, टासिछलिङ गुम्बा, विन्द्यवासिनी मन्दिर, गौखुरे महादेव, चर्च..... | • आफ्नो गाउँटोल वरपरका पर्यटकीय क्षेत्र र धार्मिक स्थलका चित्र, पोस्टर र भिडियो प्रदर्शन गर्ने र ठाउँ र धार्मिक स्थलहरू चिनाउने<br>• प्रदर्शन गरिएका ठाउँ र धार्मिक स्थलहरू कुन कुन स्थान भ्रमण गर्नुभएको छ भनी विद्यार्थीलाई प्रश्न गर्ने र भ्रमण गरेका ठाउँ र धार्मिक स्थलको नाम भन्न प्रोत्साहन गराउने<br>• शिक्षक आफूले ती ठाउँमध्ये एउटा ठाउँको देखेका र अनुभव गरेका कुरा सुनाउने र सोहीअनुसार विद्यार्थीलाई भ्रमण गर्दा देखेका र अनुभव गरेका कुरा सुनाउन प्रोत्साहन गर्ने<br>• विद्यालयबाट नजिकको एउटा पर्यटन स्थल र धार्मिक स्थल भ्रमण गराउने  र त्यहाँ देखेका साथै रमाइलो लागेका कुरा कापीमा टिपोट गर्न लगाउने<br>• आफूले भ्रमण गरेका आफ्नो गाउँवरपरकाका धार्मिक र पर्यटकीय स्थलको एक एक अनुच्छेदमा वर्णन गर्न लगाउने | • तपाईंको गाउँटोल वरपर आफूले भ्रमण गरेका तीनओटा ठाउँको नाम लेख्नुहोस् ।<br>• आफूले भ्रमण गरेको धार्मिक स्थल र पर्यटकीय स्थलको एक एक अनुच्छेदमा वर्णन गर्नुहोस् । |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन |
|---|---|---|---|---|
| ९. विपत् व्यवस्थापन | ९.१ आफ्नो छिमेक वरपर आइपर्ने विपत् तथा जोखिमको परिचय दिन र सजगता अपनाउन<br><br>९.२ आफ्नो छिमेक वरपर आइपर्ने विपत् तथा जोखिमका घटनाका उदाहरण दिन | ९.१ आफ्नो छिमेक वरपर आइपर्ने विपत् तथा जोखिमको परिचय र सजगता : भिर, मोटरबाटो, हातहतियार, आगलागी, बाढी पहिरो, भूकम्प.....<br><br>९.२ आफ्नो छिमेक वरपर आइपर्ने विपत् तथा जोखिमका घटनाका उदाहरण | • विपत् आइपर्दाका अवस्थाका चित्र पोस्टर प्रदर्शन गर्ने र कुन कुन विपत्का अवस्था हुन् छलफल गराउने<br>• कुन कुन विपत् आइपर्दा विद्यार्थीले कस्तो कस्तो अनुभव गरेका छन्, उनीहरूको पूर्वअनुभव व्यक्त गर्न प्रोत्साहन गर्ने<br>• शिक्षकले विपत्का अवस्थाका समान्य परिचय बताउने र विद्यार्थीलाई परिचय दिन अभ्यास गराउने<br>• विपत् आइपर्दा अपनाउनुपर्ने सुरक्षा छलफल गर्ने र आत्मा सुरक्षाका उपायहरू सूची बनाउन लगाउने | • निम्नलिखित र यस्तै सान्दर्भिक प्रश्नहरूमा आधारित भई विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् :<br>•<br>• के के हुँदा विपत् आइपर्छ ?<br>• हावाहुरी चल्दाको आफ्नो अनुभव सुनाउनुहोस् ।<br>• भूकम्प आउँदा कसरी सुरक्षित हुन सकिन्छ ? |

## ५. विषयवस्तुको विस्तृतीकरण तथा सिकाइ सहजीकरण प्रक्रिया

**कक्षा ३**

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन |
|---|---|---|---|---|
| १ सुनकोशीको परिचय | १.१ आफ्नो वडाको भौगोलिक अवस्था अग्लो, होचो, समथर, भिरालो, लेक, बेंसी अवलोकन गरी उल्लेख गर्न<br>१.२ आफ्नो गाउँटोलको सिमाना : पूर्व, पश्चिम, उत्तर र दक्षिण छुट्याउन<br>१.३ आफ्नो गाउँको नक्सा सामान्य नक्सा कोर्न<br>१.४ समुदायमा रहेका सामाजिक व्यक्तित्वको पहिचान गरी सूची बनाउन<br>१.५ विद्यालयमा रहेका कक्षागत विद्यार्थी सङ्ख्या उल्लेख गर्न | १.१ आफ्नो वडाको भौगोलिक अवस्था अग्लो, होचो, समथर, भिरालो, लेक, बेंसी<br>१.२ आफ्नो गाउँटोलको सिमाना : पूर्व, पश्चिम, उत्तर र दक्षिण<br>१.३ आफ्नो गाउँको नक्सा<br>१.४ समुदायमा रहेका सामाजिक व्यक्तित्वको पहिचान<br>१.५ विद्यालयमा रहेका कक्षागत विद्यार्थी सङ्ख्या | • आफ्नो वडाको नक्सा देखाएर वडाभित्र रहेका स्थानहरू पहिचान गर्न लगाउने<br>• आफ्नो वडाभित्र भएका कुन कुन ठाउँहरू अग्ला स्थानमा छन्, कुन कुन ठाउँ होचा स्थानमा छन्, कुन कुन स्थान समथर छन्, उनीहरूले घुमेको देखेको आधारमा छलफल गराउने<br>• आफ्नो विद्यालयनजिकका स्थानहरू अवलोकन गराउने र अग्लो, होचो समथर, लेक, बेंसी पहिचान गराउने<br>• आफ्नो वडामा भएका मुख्य मुख्य भौगोलिक स्थानहरूको भिडियो वा फोटा देखाएर छलफल गराउने,<br>• आफ्नो वडामा भएका गाउँबस्तीहरू पहिचान गर्न लगाउने र गाउँबस्तीहरूको नाम सूचीबद्ध गर्न लगाउने<br>• आफ्नो घर र गाउँको पूर्व, पश्चिम, उत्तर र दक्षिणमा कसको घर वा के वा कुन बस्ती छ अवलोकन गराउने र छलफल गर्ने<br>• आफ्नो समुदायमा सामाजिक विकासमा अगुवाइ गर्ने व्यक्ति को को छन् र उनीहरूले के के काम गरेका छन्, समूहमा छलफल गरी निष्कर्ष निकाल्ने<br>• परियोजना कार्य दिएर सामाजिक व्यक्तित्वको नाम, काम एवम् योगदानको प्रतिवेदन तयार गर्न लगाउने<br>• आफ्नो विद्यालयको प्रत्येक कक्षाको हाजिरी कपी अध्ययन गर्न लगाई प्रत्येक कक्षामा विद्यार्थी सङ्ख्या कति छन्, पत्ता लगाउन छलफल गर्ने | • निम्नलिखित र यस्तै सान्दर्भिक प्रश्नहरूमा आधारित भई विद्यार्थीको मूल्याङ्कन गर्नुहोस्:<br>• तपाईंको वडाको धरातलीय बनावट कस्तो छ ?<br>• तपाईंको वडामा भएका गाउँबस्तीहरूको सूची बनाउनुहोस् ।<br>• तपाईंको घरबाट उत्तरमा के छ ?<br>• तपाईंको समुदायमा रहेका सामाजिक व्यक्तित्वहरूको सूची बनाउनुहोस् । |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन |
|---|---|---|---|---|
| २.हाम्रो संस्कृति र संस्कार | २.१ आफ्नो वडाभरिका मानिसले लगाउने पहिरन र राष्ट्रिय पोसाकको सूची बनाउन<br>२.२ आफ्नो वडाका मानिसले बोल्ने मातृभाषाका दशओटा शब्द बोल्न र लेख्न<br>२.३ आफ्नो परिवारमा चाडपर्व मनाउने तरिका बताउन<br>२.५ आफ्नो वडाभरि लाग्ने मेला, पर्व, जात्राको सूची तयार गर्न<br>२.६ स्थानीय लोकबाजाको परिचय र अभ्यास गर्न<br>२.७ स्थानीय लोक गीत गायन अभ्यास गर्न<br>२.८ अनुशासन पालनाका तरिका बताउन र पालन गर्न | २.१ आफ्नो वडाभरिका मानिसले लगाउने पहिरन र राष्ट्रिय पोसाक : भोटो, कछाड, कमिज, सुरुवाल, दौरा, सर्ट, टोपी, पाइन्ट, चोलो, फरिया, जामा, गहना र शृङ्गारका सामान<br>२.२ आफ्नो वडाका मानिसले बोल्ने मातृभाषा : नेपाली, तामाङ, नेवार, पहरी, माझी.....<br>२.३ आफ्नो परिवारमा चाडपर्व मनाउने तरिका : दसैँ, तिहार, ल्होछार, क्रिसमस, माघे सङ्क्रान्ति....<br>२.५ आफ्नो वडाभरि लाग्ने मेला, पर्व, जात्रा तिथि मिति<br>२.६ स्थानीय लोकबाजाको परिचय र अभ्यास : मादल, डम्फु, बाँसुरी, खैँजडी, पञ्चेबाजा,<br>२.७ स्थानीय लोक गीत गायन अभ्यास : काँठे भाका, असारे भजन, कीर्तन..<br>२.८ अनुशासन पालनका तरिका | • विभिन्न प्रकारका पोसाकहरू भएको चित्र, चार्ट प्रदर्शन गरी छलफल र प्रश्नोत्तर गर्ने<br>• विद्यार्थीहरूलाई आफ्नो आफ्नो संस्कृतिअनुसार आफ्नो वडाभरिका मानिसहरूले के कस्ता पोसाक लगाउँछन्, कुनै मेलामा नै गई सोधखोज गरी सूची बनाउन, परियोजना तयार गर्न र प्रयोग गर्न लगाउने<br>• आफू र आफ्नो परिवारले लगाएका पोसाकसँग आफ्नो वडाभरिका मानिसले लगाएका पोसाक तुलना गराउने र राष्ट्रिय पोसाकको परिचय गराउने<br>• आफ्नो परिवारका सदस्यले मनाउने मुख्य मुख्य चाडहरू के के हुन्, छलफल गर्ने र चाडपर्व मनाउने तरिका अनुभवका आधारमा प्रस्तुति गराउने<br>• चाडपर्वको सामान्य परिभाषा बताउने<br>• उल्लिखित नामहरूमध्ये कुनै तीनओटा चाडपर्वको बारेमा विद्यार्थीको जानकारीमा रहेको कुरा बताउन लगाउने<br>• उक्त पर्वहरू मनाएको अभिनय गर्न लगाउने<br>• आफ्नो वडाभित्रका स्थानीय चाडपर्व, महोत्सव र मेलामा गाइने गीत गाउन अभ्यास गराउने र पहिरनसहित अभिनयात्मक नृत्य अभ्यास गराउने<br>• तपाईंको टोल छिमेकी वडामा भएका मठ मन्दिरहरूको नाम बताउनुहोस् भनी सोध्ने र विद्यार्थीहरूले भनेको कुरा टिपेर छलफल गराउने<br>• स्थानीय स्तरमा भएका प्रमुख धार्मिक स्थलहरूमा मेला लागेका फोटो वा भिडियो देखाएर वर्णन गर्ने<br>• विद्यालयनजिकै कुनै धार्मिक स्थलमा लाग्ने मेला अवलोकन गराउने र आफ्नो वडाभित्र लाग्ने मेला, पर्व, महोत्सव र जात्राको सूची तयार गर्न लगाउने<br>• अनुशासनको परिभाषा दिई पालन गर्ने तरिका उदाहरणसहित प्रस्तुत गर्ने | • निम्नलिखित र यस्तै सान्दर्भिक प्रश्नहरूमा आधारित भई विद्यार्थीको मूल्याङ्कन गर्नुहोस्:<br>• तपाईँका वडाका मानिसले लगाउने पहिरनको सूची बनाउनुहोस् ।<br>• तपाईंको घरनजिक लाग्ने मेला अवलोकन गरी प्रतिवेदन तयार गर्नुहोस्<br>• जात्रा कसरी मनाइन्छ, वर्णन गर्नुहोस् ।<br>• स्थानीय स्तरमा मनाइने चाड र मनाउने मिति सूचीकृत गर्नुहोस् ।<br>• विवाह महोत्सवमा गाइने रत्यौली गीत गाउनुहोस् र नृत्य देखाउनुहोस्<br>• तपाईंको घरमा गरिने तीनओटा संस्कारको नाम भन्नुहोस् ।<br>• अनुशासन पालन गर्ने तरिका उल्लेख गर्नुहोस् । |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन |
|---|---|---|---|---|
| ३. हाम्रा प्राकृतिक र मानव निर्मित सम्पदा | ३.१ आफ्नो टोल छिमेक वरपर भएका रुखबिरुवा खोलानाला र जीवजन्तुको महत्त्व उल्लेख गर्न<br>३.२ आफ्नो टोल छिमेक वरपर भएका मानव निर्मित सम्पदाको सूची बताइ र महत्त्व दर्साउन | ३.१ आफ्नो टोल छिमेक वरपर भएका रुखबिरुवा : साल, सल्ला, चिलाउने, साज, उत्तिस... खोलानाला : सुनकोशी, भुसी खोला, सहेले खोला, पाखर खोला र जीवजन्तुको महत्त्व : चितुवा, बाँदर, स्याल, बँदेल, कालिज, तित्रा, ढुकुर...<br>३.२ आफ्नो टोल छिमेक वरपर भएका मानव निर्मित सम्पदाको सूची र महत्त्व : चौकी, प्रहरी संस्था, वडा कार्यालय, पोखरी, विद्युत् प्राधिकरण, खेल मैदान... | • विद्यालय वरपरका प्राकृतिक र मानव सम्पदा भएका मुख्य स्थानहरूमा घुमाउने र छलफल गराउँदै प्राकृतिक र मानव सम्पदाको महत्त्व बोध गराउने<br>• आफ्नो वडा क्षेत्रमा रहेका प्राकृतिक र मानव निर्मित सम्पदाहरू के के छन् भनी सोध्ने र विद्यार्थीहरूबाट आएका उत्तर सेतो पाटीमा टिपेर छलफल गर्ने, आफ्नो वडा क्षेत्रमा रहेका प्राकृतिक र मानव निर्मित सम्पदाको सूची तयार गर्न लगाउने र बुँदागत रूपमा तिनीहरूको महत्त्व लेखी छलफल गराउने<br>• आफूलाई मन परेको प्राकृतिक सम्पदाको चित्र कोरेर रङ भर्न लगाउने | • तपाईंको वरपर पाइने रुखबिरुवाको महत्त्व बताउनुहोस् ।<br>• तपाईंको वरपर पाइने खोलानालाको महत्त्व बताउनुहोस् ।<br>• तपाईंको वरपर पाइने जीवजन्तुको महत्त्व बताउनुहोस् ।<br>• तपाईंको वरपर रहेका मानव निर्मित सम्पदाको महत्व उल्लेख गर्नुहोस् । |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन |
|---|---|---|---|---|
| ४. स्थानीय प्रविधि र घरेलु उद्योग | ४.१ आफ्नो वडाभरि प्रयोग हुने स्थानीय प्रविधिको महत्त्व दर्साउन<br>४.२ आफ्नो वडाभरि निर्माण भएका घरेलु उद्योगबाट उत्पादित सामानको महत्त्व उल्लेख गर्न | ४.१ आफ्नो वडाभरि प्रयोग हुने स्थानीय प्रविधिको महत्त्व : गुन्द्री, हतासो, चकटी, डोको, घुम, भकारी) हर्पे, ठेकी मदानी, दुना, टपरी...<br>४.२ आफ्नो वडाभरि निर्माण भएका घरेलु उद्योगबाट उत्पादित सामानको महत्त्व : मान्द्रो, डोको, डालो, थुन्से, पिर्का, गुन्द्री, चकटी..... | • चित्र छलफल गरी कामका आधारमा स्थानीय प्रविधिको वर्गीकरण गराउने<br>• विद्यार्थीको पूर्वअनुभव जोड्दै स्थानीय प्रविधिको परिचय छलफल गराउने<br>• स्थानीय प्रविधि नहुँदा घरयासी काम र प्रयोगका हिसाबले पर्ने असर छलफल गर्ने<br>• स्थानीय प्रविधिको बनोट, प्रयोग, आम्दानी, खर्च, सिप, कामको अवसरका हिसाबले परिचय गराउने<br>• विभिन्न घरेलु उद्योगका चित्र भिडियो प्रदर्शन गर्ने आफ्नो वडाभित्र कुन कुन उद्योग छन्, छलफल गराउने<br>• घरेलु सामानहरू कक्षामा प्रदर्शन गराएर राख्ने । समूह बनाएर सामानहरूको नाम लेखेर लेबल राख्न लगाउने । सामान देखाएर उपयोगका आधारमा वर्गीकरण गराउने<br>• कुन कुन घरेलु सामान कुन घरेलु उद्योगबाट उत्पादन भएका हुन् पहिचान गराउने<br>• विद्यार्थीको पूर्वअनुभव जोड्दै स्थानीय घरेलु सामानको महत्त्व के के हुन सक्छ, छलफल गराउने<br>• स्थानीय घरेलु सामान नहुँदा घरयासी प्रयोगका हिसाबले पर्ने असर छलफल गर्ने<br>• स्थानीय घरेलु सामग्रीको बनोट, प्रयोग, आम्दानी, खर्च, सिप, कामको अवसरका हिसाबले परिचयात्मक छलफल गराउने | • कुनै तीनओटा स्थानीय प्रविधिको परिचय दिनुहोस् ।<br>• तपाईंको वडाभित्र भएका घरेलु उद्योगको सूची बनाउनुहोस् ।<br>• तपाईंको वडाभित्र प्रयोग हुने घरेलु सामानहरूको सूची बनाउनुहोस् ।<br>• कुनै तीनओटा घरेलु सामानको परिचय दिनुहोस् । |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन |
|---|---|---|---|---|
| ५.कृषि, पशुपन्छी र माछा पालन | ५.१ आफ्नो वडामा उत्पादित अन्नहरूको खोज गरी महत्त्व र उपयोग उल्लेख गर्न<br>५.२ आफ्नो खेतबारीमा उत्पादित दलहन, तेलहन र मसलाजन्य वस्तुको खोज गरी महत्व दर्साउन<br>५.३ आफ्नो वडामा उत्पादित तरकारीहरूको खोजगरी महत्त्व र उपयोग उल्लेख गर्न<br>५.४ तरकारीका वर्गीकरण गर्न<br>५.५ आफ्नो वडामा उत्पादित मौसमअनुसारका फलफूलहरूको खोजगरी महत्त्व र उपयोग उल्लेख गर्न<br>५.६ आफ्नो वडामामा पालिने पशुपन्छी, माछा र कीटको खोजगरी महत्त्व र उपयोग दर्साउन | ५.१ आफ्नो वडामा उत्पादित अन्नहरूको खोज, महत्त्व, उपयोग : धान, मकै, कोदो, गहुँ, फापर.....<br>५.२ आफ्नो खेतबारीमा उत्पादित दलहन, तेलहन र मसलाजन्य वस्तुको खोज, महत्त्व: तोरी रायो तिल, सिमी, केराउ, मुसुरो गहत राज्मा, बकुल्ला, चना, भटमास, बदाम, मेथी, ज्वानो धनियाँ, सुप, अलैंची, तेजपत्ता, जरा<br>५.३ आफ्नो वडामा उत्पादित तरकारीहरूको खोज महत्त्व र उपयोग : लौका, स्कुस, घिरौंला काँक्रो, करेला, कुभिन्डो चिचिन्डो निगुरो, जलुको, पालुङ्गो, काउली, बेथे, लट्टे<br>५.४ तरकारीका वर्गीकरण लौका, स्कुस, घिरौंला काँक्रो, करेला, कुभिन्डो चिचिन्डो बरेला, गोलभैंडा, निगुरो, जलुको...<br>५.५ आफ्नो वडामा उत्पादित फलफूलहरूको खोज, महत्त्व र उपयोग : काफल, भोगटे, नासपाती, बिमिरो अमला, चुत्रो..<br>५.६ आफ्नो वडामामा पालिने पशुपन्छी, माछा र कीटको खोज, महत्त्व र उपयोग : गाई, भैंसी, बाखा... | • गाउँ र वडाका खेतबारी अवलोकन गराउने र खेतबारीमा कुन कुन अन्न र कन्दमूलहरू फल्छन्, प्रश्नोत्तर छलफल गर्ने<br>• अन्न र कन्दमूल नहुँदा के हुन्छ ? प्रश्न गर्ने र विद्यार्थीलाई आआफ्नो विचार अभिव्यक्त गर्न लगाउने । विद्यार्थीले आफ्नो विचार राखिसकेपछि अन्न र कन्दमूलको महत्त्व प्रस्ट पार्ने<br>• आफ्नो खेतबारीमा उत्पादित दलहन, तेलहन र मसलाजन्य वस्तुको अवलोकन खोज गरी महत्त्व दर्साउने<br>• आफ्नो वडामा पाइने तरकारीहरूको चित्र, वास्तविक तरकारीहरूको नमुना सङ्कलन गरी प्रदर्शन, छलफल र प्रश्नोत्तरसहित वर्गीकरण गराउने र तिनको महत्त्व दर्साउने<br>• विद्यालयमा करेसाबारी व्यवस्थापन गरी मौसमअनुसारको तरकारी खेती गर्न सहभागी गराउने<br>• आफ्नो करेसाबारीमा तरकारी हुँदा हुने फाइदा र नहुँदा हुने बेफाइदा छफलफल गर्ने र तरकारीको महत्त्व प्रष्ट पार्ने<br>• चित्र प्रदर्शन गर्दै स्थानीय क्षेत्रमा मौसमअनुसार कुन कुन फलफूल पाइन्छ छलफलसहित परिचय गराउने<br>• फलफूल खेती गर्दा र फलफूल खाँदा हुने फाइदा चर्चा गर्ने र फलफूलको महत्त्व प्रस्ट पार्ने ।<br>• विद्यार्थीको पूर्वअनुभवमा आधारित भई स्थानीय पशु पन्छीबाट हुने उत्पादन र त्यसको फाइदा छलफल गराउने र सूची निर्माण गराउने<br>• छाला उन कुन कुन जनावरबाट प्राप्त गर्न सकिन्छ ? छाला र उनको उपयोगिता साथै बन्ने सामग्रीसमेत छलफल गराउने<br>• दुध, मासु, फुल, मह प्राप्त गर्न सकिने पशुपन्छी तथा कीटको पहिचान गरी पौष्टिक आहार र आम्दानीका हिसाबले हुने फाइदा छलफल गर्ने | • आफ्नो वडामा उत्पादित अन्नहरूको खोज गरी महत्त्व लेख्नुहोस् ।<br>• आफ्नो वडामा उत्पादित तरकारीहरूको खोज गरी महत्त्व लेख्नुहोस् ।<br>• आफ्नो वडामा उत्पादित फलफूलहरूको खोज गरी महत्व लेख्नुहोस् ।<br>• आफ्नो वडामा पालिने पशुपन्छी, माछा र कीटको अवलोकन खोज महत्त्व उल्लेख गर्नुहोस् । |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन |
|---|---|---|---|---|
| ६ . पे सा व्यवसाय, | ६.१ समुदाय स्तरमा अपनाइएका पेसा व्यवसायको खोज गरी र आम्दानी गर्ने तरिका उल्लेख गर्न<br>६.२ पेसा व्यवसायको महत्व दर्साउन<br>६.३ आफ्नो परिवारका सदस्यले अपनाएका पेसामा सहभागिता हुन र अनुभव उल्लेख गर्न | ६.१ समुदाय स्तरमा अपनाइएका पेसा व्यवसायको खोज र आम्दानी गर्ने तरिका : शिक्षण, जे.टी.ए , सुनुवार, ताम्राकार, सिल्पकार, व्यापार, धर्म गुरु पुरोहित..<br>६.२ पेसा व्यवसायको महत्त्व : शिक्षण, जे.टी.ए , सुनुवार, ताम्राकार, सिल्पकार, व्यपार, धर्म गुरु पुरोहित..<br>६.३ आफ्नो परिवारकासदस्यले अपनाएका पेसामा सहभागिता | • तपाईंको समुदायका मानिसहरूले कुन कुन पेसा गर्नुहुन्छ ? प्रश्न गर्ने । विद्यार्थीबाट आएका उत्तर हरूलाई सेतोपाटीमा टिप्दै जाने । विद्यार्थीले सबै पेसा भन्न नसके सहयोग गर्ने<br>• विद्यार्थीहरूलाई समुदायमा भ्रमण गराउने र पेसाको महत्त्व दर्साउने<br>• विद्यार्थीका परिवारले कुन पेसा अँगालेका छन् सोध्ने र सोही पेसा गरिरहेका ठाउँमा लगी अवलोकन र अभ्यास गराउने | • तपाईंको समुदायका मानिसले अँगालेका तीनओटा पेसाको नाम भन्नुहोस् ।<br>• पेसा व्यवसायको महत्त्व वर्णन गर्नुहोस् ।<br>• तपाईंको समुदायमा प्रयोग भएका सूचना र सञ्चारका माध्यमहरू के के छन् ? |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन |
| --- | --- | --- | --- | --- |
| ७ जडीबुटी | ७.१ आफ्ना वडामा पाइने जडीबुटीको खोज गरी महत्त्व वर्णन गर्न : | ७.१ आफ्ना वडामा पाइने जडीबुटीको खोज र महत्त्व : तितेपाती, निम, पाषाण भेद, ठूलो ओखती, दोखे झार, खरेटो, कन्चिर्नु, बिमिरो, पारिजात, जाई, गुर्जो, अकाशबेली | • आफ्नो वडाभित्र पाइने जडीबुटीको महत्त्व समूह निर्माण गरी छलफल गराउने र निष्कर्ष निकाल्न लगाउने<br>• जडीबुटीको आम्दानी र उपयोगका विषयमा छलफल गरी महत्त्व दर्साउने<br>• जडीबुटी विशेषज्ञलाई आमन्त्रण गरी स्थानीय स्तरमा पाइने जडीबुटीको महत्त्व, बताउन लगाउने | • स्थानीय स्तरमा कुन कुन जडीबुटी पाइन्छ ? स्थानीय स्तरमा पाइने जडीबुटीको महत्त्व वर्णन गर्नुहोस् ।<br>• स्थानीय स्तरमा पाइने जडीबुटीबाट कसरी आम्दानी बढाउन सकिन्छ? |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन |
|---|---|---|---|---|
| ८.हाम्रा धार्मिक र पर्यटकीय स्थल | ८.१ आफ्नो वडाभित्र भएका प्रचलित पर्यटकीय स्थलहरूको नाम सूची बनाई परिचय दिन<br>८.२ आफ्नो समुदायमा रहेका मठ, मन्दिर, चर्च, गुम्बामा लाग्ने मेलाको तिथि मिति उल्लेख गरी सहभागिता जनाउन | ८.१ आफ्नो वडाभित्र भएका प्रचलित पर्यटकीय स्थलहरूको नाम र परिचय : वाघभैरव रङ्गाशाला, दोर्पा गुफा, तीनथुम्के डाँडा, सुनकोशी र्‍याफ्टिङ, पौडीपोखरी यमुनाडाँडा,सुनखानी सत्तल, बाह्र किलो गुम्बा, वसन्तपुर खेल मैदान.....<br>८.२ आफ्नो समुदायमा रहेका मठ, मन्दिर, चर्च, गुम्बामा लाग्ने मेलाको तिथि मिति र सहभागिता : सेतीदेवी माझीगाउँ, भुमेस्थान मन्दिर, साङ्लिङ गुम्बा, रक्तकाली मन्दिर, चारधाम मन्दिर ( चिहाने), देउराली गुम्बा, ऋषेश्वर महादेव.. | • आफ्नो वडाभित्रका प्रचलित पर्यटकीय क्षेत्र र धार्मिक स्थलका चित्र, पोस्टर र भिडियो प्रदर्शन गर्ने र ठाउँहरू चिनाउने<br>• प्रदर्शन गरिएका ठाउँहरू कुन कुन स्थान भ्रमण गर्नुभएको छ भनी विद्यार्थीलाई प्रश्न गर्ने र भ्रमण गरेका ठाउँको नाम भन्न प्रोत्साहन गराउने<br>• शिक्षक आफूले ती ठाउँमध्ये एउटा ठाउँको देखेका र अनुभव गरेका कुरा सुनाउने र सोहीअनुसार विद्यार्थीलाई भ्रमण गर्दा देखेका र अनुभव गरेका कुरा सुनाउन प्रोत्साहन गर्ने<br>• विद्यालयबाट नजिकको एउटा एउटा पर्यटन स्थल र धार्मिक स्थल भ्रमण गराउने  र त्यहाँ देखेका साथै रमाइलो लागेका कुरा कापीमा टिपोट गर्न लगाउने<br>• आफ्नो गाउँ र वडाभित्र रहेका पर्यटकीय स्थल र धर्मिक स्थलहरूको सूची निर्माण गर्न लगाउने | • तपाईंको वडाभित्र रहेका प्रमुख पर्यटकीय स्थान र धार्मिक स्थलहरूको नाम लेख्नुहोस् ।<br>• तपाईंले आफ्नो वडाभित्र भ्रमण गरेको कुनै एक पर्यटकीय स्थलको वर्णन गर्नुहोस् । |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन |
|---|---|---|---|---|
| ९. विपत् व्यवस्थापन | ९.१ आफ्नो छिमेक र वडाभित्र विपत् आइपर्ने स्थान पहिचान गरी र सजगता अपनाउन<br><br>९.२ आफ्नो छिमेक र वडाभित्र विपत् आइपरेका घटनाको उदाहरण दिन | ९.१ आफ्नो छिमेक र वडाभित्र विपत् आइपर्ने स्थान पहिचान र सजगता : भिर, मोटरबाटो, हातहतियार,आगलागी, बाढी पहिरो, भूकम्प.....<br><br>९.२ आफ्नो छिमेक र वडाभित्र विपत् आइपरेका घटनाको उदाहरण | • भूकम्प, आगलागी, बाढी पहिरो, हुरीबतास, भूक्षय जस्ता विपत्को, तस्बिर,पोस्टर, भिडियो प्रदर्शन गर्ने र यी विपत् आइपर्नाका कारण छलफल गर्ने र यस्ता विपत् आइपर्ने स्थान कहाँ कहाँ हुन सक्छन् पहिचान गराउने<br>• आगलागी हुनाका कारणहरू के के हुन सक्छन्, विद्यार्थीको समूह बनाई छलफल गराउने र समूहगत रूपमा सूची तयार गर्न लगाई समूहगत प्रस्तुति गराउने कसरी सजग हुनुपर्छ विद्यार्थीको अनुभव लिने र प्रस्ट पारिदिने । आगलागीबाट बच्न के के गर्न सकिन्छ ? धनजनको नोक्सान कम गर्न के गर्न सकिन्छ ? आगलागी भयो भने हामी होसियारीपूर्वक के के गर्न सक्छौं ? जस्ता प्रश्न गर्ने र विद्यार्थीको विचार लिने साथै शिक्षकले थप उपायहरू बताउने<br>• के के गर्दा जोखिम हुन सक्छ, जोखिमबाट बच्ने उपायहरू छलफल गर्ने र गाउँघरमा घटेका जोखिमका घटनाका उदाहरण भन्न अभिप्रेरित गर्ने | • तपाईंको वडाभित्र विपत् आइपर्ने स्थानहरू कुन कुन हुन् ?<br>• तपाईंको गाउँघरमा घटेका तीनओटा जोखिमका घटना उल्लेख गर्नुहोस् । |

## ५. विषयवस्तुको विस्तृतीकरण तथा सिकाइ सहजीकरण प्रक्रिया

**कक्षा ४**

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन |
|---|---|---|---|---|
| १.सुनकोशीको परिचय | १.१ आफ्नो गाउँपालिकाको धरातलीय स्वरूप अग्लो, होचो, समथर, भिरालो, लेक र बेँसी उल्लेख गर्न<br>१.२ आफ्नो वडाको सिमाना : पूर्व, पश्चिम, उत्तर र दक्षिण छुट्याउन<br>१.३ विद्यालय सेवा क्षेत्रको नक्सा बनाउन<br>१.३ आफ्नो समुदायको जनसङ्ख्या र घरधुरी सङ्ख्या उल्लेख गर्न<br>१.४ आफ्नो समुदायमा रहेका सामाजिक व्यक्तित्वको पहिचान गरी सूची बनाउन | १.१ आफ्नो गाउँपालिकाको धरातलीय स्वरूप अग्लो, होचो, समथर, भिरालो, लेक, बेँसी<br>१.२ आफ्नो वडाको सिमाना : पूर्व, पश्चिम, उत्तर र दक्षिण<br>१.३ आफ्नो विद्यालय सेवा क्षेत्रको नक्सा<br>१.३ आफ्नो समुदायको जनसङ्ख्या र घरधुरी सङ्ख्या<br>१.४ आफ्नो समुदायमा रहेका सामाजिक व्यक्तित्वको पहिचान | • आफ्नो गाउँपालिकाको धरातलीय स्वरूप अग्लो, होचो, समथर, भिरालो, लेक, बेँसीको अवस्था छलफल अन्तरक्रिया गर्ने<br>• सुनकोशी गाउँपालिकाको भूधरातलीय स्वरूप स्पष्ट हुने गरी माटोको नमुना तयार गर्न लगाउने<br>• आफ्नो वडाको नक्सा प्रदर्शन गरी पूर्व, पश्चिम, उत्तर, दक्षिणमा कुन स्थान पर्छन् ? छलफल अन्तरक्रिया गर्ने<br>• आफ्नो गाउँ अवलोकन गराउने र गाउँको नक्सा कोर्ने अभ्यास गराउने<br>• वडाको जनसङ्ख्या चार्ट प्रदर्शन गर्ने र वडामा रहेका घरधुरी सङ्ख्या, कति छन् ? छलफल प्रश्नोत्तर गराउने र घरधुरी सङ्ख्या, महिला पुरुषको जनसङ्ख्या वर्गीकरण गराउने<br>• आफ्नो समुदायमा रहेका शिक्षा, स्वास्थ्य, बाटो आदि विकासमा अगुवाइ गर्ने सामाजिक व्यक्तित्वको खोजी गर्न, उनीहरूको योगदान पहिचान गर्न र सम्मान गर्न परियोजना कार्य गराउने | • निम्नलिखित र यस्तै सान्दर्भिक प्रश्नहरूमा आधारित भई विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् :<br>• तपाईंको वडाको पूर्व, पश्चिम, उत्तर र दक्षिणमा कुन कुन गाउँपालिका वा नगरपालिका पर्छन् ?<br>• सुनकोशी गाउँपालिकाको धरातलीय स्वरूप कस्तो छ ?<br>• तपाईंको वडाको जम्मा जनसङ्ख्या कति छ ?<br>• तपाईंको समुदायमा रहेका सामाजिक व्यक्तित्वको पहिचान गर्नुहोस् र योगदानको वर्णन गर्नुहोस् ।<br>• कक्षा क्रियाकलापका आधारमा मूल्याङ्कन गर्ने |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन |
|---|---|---|---|---|
| २.हाम्रो संस्कृति, र संस्कार | २.१ आफ्नो गाउँपालिकाका मानिसले विशेष गरी मेला पर्वमा लगाउने पोसाक एवम् पहिरन पहिचान गरी महत्व दर्साउन<br>२.२ आफ्नो गाउँपालिकामा मनाइने स्थानीय चाडपर्व, गीत, जात्रा, नृत्य तथा बाजाको महत्व दर्साई सहभागिता जनाउन<br>२.३ आफ्नो समुदायभित्रको जातजातिका संस्कार सूची तयार गर्न<br>२.४ आफ्नो वडाभित्र बोलिने भाषाहरू पहिचान गरी महत्व वर्णन गर्न<br>२.५ आफ्नो टोल छिमेकको चालचलन र रहनसहन वर्णन गर्न<br>२.६ असल आचरणको आवश्यकता उल्लेख गर्न | २.१ आफ्नो गाउँपालिकाका मानिसले विशेष गरी मेला पर्वमा लगाउने पोसाक एवम् पहिरन पहिचान : सारी, चोलो, कमिज, सुरुवाल, गहना र शृङ्गारका सामान<br>२.२ आफ्नो गाउँपालिकामा मनाइने स्थानीय चाडपर्व, गीत, जात्रा, नृत्य तथा बाजाको महत्व र सहभागिता<br>२.३ आफ्नो वडाभित्रको जातजातिका संस्कार : गुठी, कुलपूजा, सनसारी पूजा, देवाली.....<br>२.४ आफ्नो वडाभित्र बोलिने भाषाहरू पहिचान र महत्व :<br>नेपाली, नेपाल भाषा, तामाङ भाषा, पहरी, माझी..<br>२.५ हाम्रा चालचलन र रहनसहन<br>२.६ असल आचरण आवश्यकता : पालो कुर्ने, आदर, सत्कार, नम्र बोली.... | • विभिन्न प्रकारका पोसाकहरू भएको चित्र, चार्ट प्रदर्शन गरी छलफल र प्रश्नोत्तर गराउने<br>• विद्यार्थीहरूलाई आफ्नो आफ्नो संस्कृतिअनुसार सुनकोशी गाउँपालिकाभरिका मानिसहरूले के कस्ता पोसाक लगाउँछन्, कुनै मेलामा नै गई सोधखोज गरी सूची बनाउन, परियोजना तयार गर्न र प्रयोग गर्न लगाउने<br>• आफू र आफ्नो परिवारले लगाएका पोसाकसँग सुनकोशी गाउँपालिकाभरिका मानिसले लगाएका पोसाक तुलना गराउने<br>• आफ्नो गाउँपालिकाभित्र मनाइने चाडपर्वको छलफल र अन्तरक्रिया गरी सूची तयार गराउने<br>• उल्लिखित नामका चाडपर्वको के के महत्व छ, विद्यार्थीको जानकारीमा रहेको कुरा बताउन लगाउने<br>• उक्त पर्वहरूमा विद्यार्थीलाई सहभागी गराउने र त्यहाँ हुने जात्रा, गीत नृत्य, बाजाको अभ्यास गराउने साथै अभिनय गराउने जसका लागि शिक्षकले थप सहजीकरण गर्ने<br>• स्थानीय चाडपर्व महोत्सवमा बजाइने बाजाको छलफलसहित सूची तयार गराउने<br>• स्थानीय बाजा बजाउन अभ्यास गराउने<br>• छलफल र प्रश्नोत्तरका माध्यमबाट आफ्नो वडाका मानिसहरूले कुन कुन भाषा बोल्छन् सूचीकरण गर्ने र भाषाको महत्व दर्साउने<br>• वडाभित्र गरिने संस्कारहरूसँग सम्बन्धित चित्र/भिडियो प्रदर्शन गरी पहिचान गराउने ।<br>• संस्कारहरूसँग सम्बन्धित चित्र/भिडियो प्रदर्शन गर्ने र संस्कारको महत्व दर्साउने<br>• आफ्नो गाउँ र समुदायको चालचलन र रहनसहन के कस्तो छ छलफल गर्ने र महत्व दर्साउने<br>• असल आचरण भनेको हो भनी प्रश्न गर्ने र छलफल गरी असल आचणको उदाहरणहरू प्रस्तुत गरी परिभाषा बताउने साथै असल आचरणको आवश्यकता स्पष्ट पार्ने र पालो कुर्ने, आदर, सत्कार, नम्र बोली जस्ता कार्यको अभ्यास गराउने | • आफ्नो गाउँपालिकाका मानिसले लगाउने विशेष पोसाकको सूची बनाई परिचय दिनुहोस् :<br>• तपाईं सहभागी हुनुभएको कुनै मेला वा जात्राको अनुभव लेख्नुहोस् :<br>• तपाईंको वडाभित्र कुन कुन जातिका मानिस बसोबास गर्छन् र उनीहरूको संस्कार के के छ, उल्लेख गर्नुहोस्<br>• आफ्नो गाउँ र समुदायको चालचलन र रहनसहन उल्लेख गर्नुहोस् :<br>• असल आचरण भनेको के हो हो ? हरेक मानिसमा असल आचरणको किन आवश्यकता पर्छ ? |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन |
|---|---|---|---|---|
| ३. हाम्रा प्राकृतिक र मानव निर्मित सम्पदा | ३.१ आफ्नो समुदायभित्र रहेका प्राकृतिक सम्पदाको सूची बनाई उपयोग र फाइदा उल्लेख गर्न<br>३.२ आफ्नो समुदायभित्र रहेका मानव निर्मित सम्पदाको सूची बनाई उपयोग र फाइदा वर्णन गर्न | ३.१ आफ्नो समुदायभित्र रहेका प्राकृतिक सम्पदाको सूची, उपयोग र फाइदा : वनजङ्गल, जलस्रोत, गुफा.....<br>३.२ आफ्नो समुदायभित्र रहेका मानव निर्मित सम्पदाको सूची, उपयोग र फाइदा : बैङ्क, सामुदायिक स्रोत पुस्तकालय, सामुदायिक वा अध्ययन केन्द्र, हुलाक... | • आफ्नो वरपर रहेका प्राकृतिक सम्पदा र मानव निर्मित सम्पदाको अवलोकन गराउने र संक्षिप्त प्रतिवेदन तयार गरी प्रस्तुति गर्न लगाउने<br>• आफ्नो समुदायभित्र रहेका नदी खोला, ताल, झरना, गुफा, वनजङ्गल, वन्यजन्तु, पहाड, बाटो, पुल, नहर, भवन, चौतारो, पाटीको अवस्था अनुभवको आधारमा छलफल गराउने र मुख्य मुख्य नदी, वनजङ्गल, पोखरी र गुफा, , बाटो, पुल, नहर, भवन, चौतारो आदिको सूचीकृत गराउने उपयोग एवम् फाइदा स्पष्ट पार्ने | • प्राकृतिक सम्पदा भनेको के हो ?<br>• प्राकृतिक सम्पदाभित्र के के कुरा पर्छन् ?<br>• तपाईंको समुदायमा मानव निर्मित सम्पदाहरू के के छन् ?<br>• प्राकृतिक र मानव निर्मित सम्पदाबाट हामीले के के फाइदा लिन सक्छौँ वर्णन गर्नुहोस् । |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन |
|---|---|---|---|---|
| ४.स्थानीय प्रविधि र घरेलु उद्योग | ४.१ स्थानीय प्रविधिको आवश्यकता र महत्व वर्णन गर्न<br>४.२ घरेलु उद्योग सञ्चालनबाट हुने फाइदा तथा बेफाइदा सूची बनाउन<br>४.३ दुना, टपरी बनाउने अभ्यास गर्न | ४.१ स्थानीय प्रविधिको आवश्यकता र महत्त्व : ढिकी, जाँतो, ओखल, पानी घट्ट, काठको डुङ्गा, सिलौटो, चेपुवा, कोल, हलो, जुवा, आरन....<br>४.२ घरेलु उद्योग सञ्चालनबाट हुने फाइदा तथा बेफाइदा : डोको डालो, नाङ्लो, चकमक, लिड्को, डल्लेठो, हलो, जुवा, कोको, चकटी, सोली, घुम, भकारी, पेरुङ्गो..<br>४.३ दुना, टपरी बनाउने अभ्यास | • स्थानीय स्तरमा प्रयोगमा भएका कुन कुन स्थानीय प्रविधि कसरी उपयोग हुन्छन् छलफल गर्न लगाउने<br>• स्थानीय स्तरमा भएका स्थानीय प्रविधि अवलोकन गराउने र उपयोग गर्ने तरिका छलफल गरी वर्णन गर्न लगाउने<br>• स्थानीय स्तरमा रहेका स्थानीय प्रविधिको किन आवश्यकता पर्छ र यसको के महत्त्व छ छलफल गरी निष्कर्ष निकाल्ने<br>• घरेलु सामानहरू कक्षामा प्रदर्शन गराएर राख्ने । समूह बनाएर सामानहरूको नाम लेखेर लेबल राख्न लगाउने । सामान देखाएर उपयोगका आधारमा वर्गीकरण गराउने<br>• विद्यार्थीको पूर्वअनुभव जोड्दै स्थानीय घरेलु सामानको महत्त्व के के हुन सक्छ छलफल गराउने<br>• स्थानीय घरेलु सामान नहुँदा घरयासी प्रयोगका हिसाबले पर्ने असर छलफल गर्ने<br>• स्थानीय घरेलु सामग्री प्रयोग, आम्दानी, खर्च, सिप, कामको अवसरका हिसाबले हुने फाइदा र बेफाइदा छलफल गराउने<br>• विद्यार्थीकै सहभागितामा उपलब्ध भएसम्म सालको पात यदि उपलब्ध नभएमा टपरी र दुना गाँस्न मिल्ने कुनै वनस्पतिका पात टिपेर ल्याउने र दुना, टपरी गाँस्ने अभ्यास गराउने | • कुन कुन स्थानीय प्रविधि कुन कुन कामका लागि प्रयोग गरिन्छ उल्लेख गर्नुहोस् :<br>• स्थानीय प्रविधिको महत्त्व वर्णन गर्नुहोस् :<br>• स्थानीय घरेलु सामान कुन कुन कामका लागि प्रयोग गरिन्छ ? उल्लेख गर्नुहोस् ।<br>• घरेलु सामानहरूको फाइदा सूची तयार गरी भन्नुहोस् ।<br>• एउटा दुना र एउटा टपरी गाँसेर प्रदर्शन गर्नुहोस् । |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन |
|---|---|---|---|---|
| ५. कृषि, पशुपन्छी र माछा पालन | ५.१ स्थानीय तहमा पाइने अन्न र कन्दमूलहरूको उपयोगिता उल्लेख गर्न<br>५.२ स्थानीय स्तरमा उत्पादित दलहन, तेलहन, मसला जन्य वस्तुको उपयोगिता वर्णन गर्न<br>५.३ गाउँपालिकाभित्र विभिन्न मौसममा रोपिने तरकारीको सूची बनाई तरकारी बारीमा मलजल, गोडमेल, संरक्षणमा अभ्यास गर्न<br>५.४ गाउँपालिकाभित्र पाइने फलफूलको सूची बनाई मलजल गोडमेल काँट छाँट, संरक्षणमा अभ्यास गर्न<br>५.५ गाउँपालिका स्तरमा पशुपालन व्यवसायका लागि चाहिने पूर्वाधार एवम् गोठ, खोर, घार व्यवस्थान अवस्था उल्लेख गर्न | ५.१ स्थानीय तहमा पाइने अन्न र कन्दमूलहरूको उपयोगिता : धान, मकै, गहुँ, तोरी फापर, कोदो, जौ, भटमास, जुनेलो, घैया धान, सखरखण्ड, तरुल..<br>५.२ स्थानीय स्तरमा उत्पादित दलहन, तेलहन, मसला जन्य वस्तुको उपयोगिता : केराउ मुसुरो गहत राज्मा, बकुल्ला, चना, मेथी, ज्वानो धनियाँ, सुप, अलैँची, तेजपत्ता, जरा, खोर्सानी, सिलाम, भुसे, चिउरी, हिबुवा<br>५.३ गाउँपालिकाभित्र विभिन्न मौसममा रोपिने तरकारी, तरकारी बारीमा मलजल, गोडमेल, संरक्षण र अभ्यास : बेथे, लट्टे, लुँडे, सिपलकान, सिस्नो , सिमसाग, ग्वाँदे, बन्दा, भिन्डी, भेडे खोर्सानी...<br>५.४ गाउँपालिका भित्र पाइने फलफूलको मलजल गोडमेल काँटछाँट, संरक्षण र अभ्यास : अम्बा, आँप, कटहर, हलुवावेद, केरा, मेवा<br>५.५ गाउँपालिका स्तरमा पशुपालन व्यवसायका लागि चाहिने पूर्वाधार र वासस्थान अवस्था गोठ, खोर, घार आदि | • स्थानीय स्तरमा पाइने अन्न सन्तुलित भोजन, पौष्टिक आहार, आम्दानीको स्रोत, रोजगारीको अवसरका हिसाबले उपयोगिता माथि छलफल गराउने<br>• ५.२ स्थानीय स्तरमा उत्पादित दलहन, तेलहन, मसला जन्य वस्तुको उपयोगिता छलफल गर्ने र निष्कर्ष निकाल्ने<br>• स्थानीय स्तरमा फल्ने अन्नले आम्दानीको स्रोत कसरी हुन सक्छ छलफल गर्ने<br>• कुन कुन अन्नमा कुन कुन पौष्टिक तत्त्व पाइन्छ छलफल गरी वर्गीकरण गर्न लगाउने<br>• कुन महिनामा कुन कुन तरकारी रोपिन्छ विद्यार्थीका पूर्वअनुभवका आधारमा छलफल गरी पूर्वअनुमान गराउने<br>• विभिन्न तरकारीका बिउ सङ्कलन गर्ने, विद्यालयको हातामा तरकारी बारी व्यवस्थापन गर्ने र विद्यार्थीहरूको सहभागितामा स्थानीय स्तरमा लाग्ने तरकारी रोप्न लगाउने, विद्यार्थीहरूलाई दिनहुँ जसो अवलोकन गराई बिउ र बोटमा आएको परिवर्तनको सूची बनाउन लगाउने, फरक मौसममा फरक तरकारी रोप्दा हुने नकारात्मक असर छलफल अवलोकन गरी र आवश्यक मौसममा आवश्यक तरकारी रोप्दा हुने सकारात्मक असर पत्ता लगाउन सहजीकरण गर्ने<br>• स्थानीय स्तरमा पाइने तरकारीसम्बन्धी विद्यार्थीहरूले तरकारी बालीमा मल र सिँचाई गरेको, देखेको, सुनेको पूर्वअनुभव गरेको आधारमा छलफल गर्न लगाउने र तरकारी बालीमा मलजल र गोडमेल गर्नुको आवश्यकता, फाइदा पत्ता लगाउन सहजीकरण गर्ने,<br>• स्थानीय फलफूल व्यवसायी एवम् फलफूल विशेषज्ञलाई स्रोत व्यक्तिका रूपमा बोलाउने र छलफल गराउने, विद्यार्थीहरूलाई फलफूल बगैँचा अवलोकन गराई गोडमेल साथै संरक्षण गर्न सहभागी गराउने<br>• फलफूल बालीमा सिँचाइको आवश्यकता छलफल गरी आवश्यकताअनुसार सिँचाई हुँदा र नहुँदाको असर पत्ता लगाउने<br>• कम्पोस्ट मल बनाउने परम्परागत र नयाँ प्रविधिसँग सम्बन्धित रही छलफल अवलोकन गराई तरकारी बालीमा कम्पोस्ट मलको उपयोगिता प्रस्ट बनाई प्रयोगात्मक रूपमा प्रयोग गर्ने तरिका सिकाउने<br>• चित्र, कथा गीतका माध्यमबाट फलफूलको फाइदा र संरक्षण गर्ने तरिका प्रस्ट पार्ने<br>• पशुपन्छीलाई स्वस्थसँग हुर्काउन बढाउन के के आवश्यकता पर्छ, पूर्वअनुभवका आधारमा समूहबिच छलफल गराउने<br>• घाँस, चरिचरण खर्क, गोठ, खोर र त्यस स्थानको हावापानी अवलोकन, छलफल, प्रश्नोत्तर गराउने<br>• उपयुक्त हावापानीमा उपयुक्त पशुपन्छी पालन गर्दा हुने पाइदा छलफल गराउने<br>• पशुपन्छी पालनका लागि आवश्यक स्रोत साधानको उपलब्धता र व्यवस्थापन गर्ने तरिका छलफल गराउने | • व्यावसायिक अन्न खेतीबाट हुने फाइदाहरू उल्लेख गर्नुहोस् ।<br>• अन्न आम्दानीको स्रोत कसरी बन्न सक्छ ?<br>• अन्नमा के के पौष्टिक तत्त्व पाइन्छ ?<br>• तरकारी बारीमा मलजल, गोडमेल, संरक्षण गर्ने तरिका उल्लेख गर्नुहोस् ।<br>• विषयवस्तुसँग सम्बन्धित रहेर प्रश्नोत्तर गर्नुहोस् ।<br>• जस्तै : गोठ, खोर किन आवश्यक पर्छ ?<br>• (अवलोकन फारम प्रयोग गरी विद्यर्थीको सहभागिता, सक्रियताको आधारमा मूल्याङ्कन गर्ने र कार्यसञ्चयिका अभिलेख राख्ने |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन |
|---|---|---|---|---|
| ६. हाम्रा पेसा व्यवसाय | ६.१ स्थानीय पेसा व्यवसायको आवश्यकता र महत्त्व उल्लेख गर्न<br>६.२ स्थानीय पेसा व्यवसायमा सिपको आवश्यकता वर्णन गर्न<br>६.३ माला उन्ने अभ्यास गर्न | ६.१ स्थानीय पेसा व्यवसायको आवश्यकता र महत्त्व : ड्राइभर, मजदुरी, पशुपालन, तरकारी खेती, पंछीपालन, माछा मार्ने...<br>६.२ स्थानीय पेसा व्यवसायमा सिपको आवश्यकता<br>६.३ माला उन्ने अभ्यास गर्न | • स्थानीय रूपमा प्रयोगमा आएका पेसा व्यवसाय सम्बन्धित चित्र, भिडियो प्रदर्शन गर्ने र पेसा व्यवसाय किन आवश्यक छ छलफल गर्ने<br>• पेसा व्यवसाय नहुँदा के कस्ता असरहरू पर्छन्, छलफल गर्ने र निष्कर्ष निकाल्ने<br>• स्थानीय स्तरमा सञ्चालित पेसा व्यवसायको महत्त्व छलफल गर्ने र निष्कर्ष निकाल्ने<br>• विद्यार्थीहरूलाई स्थानीय स्तरमा पाइने पुष्प सङ्कलन गराउने र माला उन्ने अभ्यास गराउने | • स्थानीय पेसा व्यवसायको महत्त्व वर्णन गर्नुहोस् ।<br>• स्थानीय पेसा व्यवसायमा सिपको किन आवश्यकता वर्णन गर्नुहोस् । |
| ७. जडीबुटी | ७.१ गाउँपालिकाभित्र पाइने जडीबुटीको पहिचान गरी परिचय दिन | ७.१ गाउँपालिकाभित्र पाइने जडीबुटीको पहिचान र परिचय : चिराइतो असुरो, सिस्नो, आँक, चुत्रो, भृङ्गिराज,चमेली पात, तुलसी, बाबरी, दुबो, टोटला फूल, भुइँ अमला, नागबेली... | • विद्यार्थीहरूको पूर्वअनुभवलाई आधार बनाई छलफलको माध्यमबाट स्थानीय स्तरमा पाइने जडीबुटीको आकार, प्रकार, प्रयोग, पाइने स्थानको हिसाबले परिचय गराउने<br>• स्थानीय स्तरमा पाइने जडीबुटी स्थलगत अवलोकन गराई परिचय गराउने<br>• स्थानीय स्तरमा पाइने जडिबुटीको नमुना प्रदर्शन गरी, छामेर, चाखेर, पहिचान गराउने | • तपाईंको वरिपरि पाइने तीनओटा जडीबुटीको परिचय उल्लेख गर्नुहोस् ।<br>• स्थलगत अवलोकन गरी पाँच पाँचओटा जडीबुटी सङ्कलन गरी परिचय दिनुहोस् । |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन |
| --- | --- | --- | --- | --- |
| ८.हाम्रा धार्मिक र पर्यटकीय स्थल | ८.१ पर्यटनको परिचय दिई प्रकार उल्लेख गर्न<br>८.२ आफ्नो वडाभित्र रहेका पर्यटकीय स्थलहरू वर्णन गर्न<br>८.३ आफ्नो वडाभित्र रहेका धार्मिक स्थलहरूको पहिचान गरी सूचीकरण गर्न र महत्व दर्साउन | ८.१ पर्यटनको परिचय र प्रकार : आन्तरिक पर्यटन, बाह्य पर्यटन, पर्यावरणीय पर्यटन, सांस्कृतिक पर्यटन....<br>८.२ आफ्नो वडाभित्र रहेका पर्यटकीय स्थलहरू : सीता पाइला, थामडाँडा, उखुबारी होमस्टे, सुनकोशी.......<br>८.३ आफ्नो वडाभित्र रहेका धार्मिक स्थलहरूको पहिचान, सूचीकरण र महत्व : ऋषेश्वर महादेव, वोल्ने पहरो देवीथान, गणेशथान मन्दिर पुरानाकोट, भूमेथान डाँडा गाउँ, साङ्लिङ गुम्बा, नेपाल इसाई मण्डली, पाल्ले : कालीदेवी | • छलफलको माध्यमबाट पर्यटन र पर्यटक, आन्तरिक र बाह्य पर्यटकको परिभाषा प्रस्ट बनाउने<br>• विद्यार्थीलाई आन्तरिक पर्यटक बनाएर नजिकैको पर्यावरणीय, वा सांस्कृतिक स्थलको अवलोकन भ्रमण गराउने र अवलोकन अध्ययनको आधारमा वडाभरि रहेका पर्यटकीय स्थल हुनुको कारण छलफल गर्ने<br>• आफ्नो वडाभित्र पर्यावरणीय र सांस्कृतिक पर्यटक स्थलहरू कहाँ कहाँ छन् छलफल गराउने र सूची निर्माण गरी परिचय गराउने<br>• आफ्नो वडाभित्र रहेका धार्मिक स्थलहरूको विषयमा छलफल गर्ने र सूची तयार गर्न लगाउने | • पर्यटन भनेको के हो ?<br>• पर्यटन कति प्रकारका हुन्छन् ? ती के के हुन ?<br>• पर्यावरणीय पर्यटनभित्र के के पर्छन् ?<br>• सांस्कृतिक पर्यटनभित्र के के पर्छन् ? |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन |
|---|---|---|---|---|
| ९. विपत् व्यवस्थापन | ९.१. प्राकृतिक प्रकोपका प्रकार र असर सूची बनाउन<br>९.२ विपत् जोखिममा मानवीय सम्बन्ध उल्लेख गर्न<br>९.३. भूकम्प, बाढी, पहिरो, आगलागी, खडेरी, अतिवृष्टि, अनावृष्टि तथा पर्यावरणीय परिवर्तनसम्बन्धी आफ्नो धारणा राख्न<br>९.४. जोखिमका क्षेत्रहरूको पहिचान तथा चित्रण गर्न (विद्यालय टोल छिमेक) | ९.१. प्राकृतिक प्रकोपका प्रकार र असर<br>९.२ विपत् जोखिममा मानवीय सम्बन्ध<br>९.३. भूकम्प, बाढी, पहिरो, आगलागी, खडेरी, अतिवृष्टि, अनावृष्टि तथा पर्यावरणीय परिवर्तन सम्बन्धी धारणा<br>९.४. जोखिमका क्षेत्रहरूको पहिचान तथा चित्रण (विद्यालय टोल छिमेक) | • आफ्नो वडाभित्र आइपर्ने प्राकृतिक प्रकोपका फोटा, पोस्टर र भिडियो प्रदर्शन गरी यहाँ तपाइँहरूले के के देख्नुभयो ? प्राकृतिक प्रकोप भनेको के हो ? प्राकृतिक प्रकोप कसरी हुन्छ ? जस्ता प्रश्न सोध्ने र विपत्का अवस्थाको परिचय दिने, प्राकृतिक प्रकोप हुनाका कारण प्रश्नोत्तर छलफल गरी विद्यार्थीको विचार लिने<br>• भूक्षय, बाढी पहिरो, आगलागी, भूकम्प, हुरीबतास जस्ता विपत्का असरहरू छलफल गर्ने<br>• भूक्ष्यय, बाढी पहिरो, आगलागी, भूकम्प, हुरीबतास जस्ता विपत्बाट बच्ने उपायरू अभिनयको अभ्यास गरी प्रस्ट पार्ने<br>• जलवायु एवम् पर्यावरणीय परिवर्तन हुँदा के कस्ता प्राकृतिक प्रकोप हुन सक्छन् र त्यसका असर के के हुन सक्छन्, छलफल गर्ने<br>• छलफल र अभ्यासबाट विद्यालय टोल छिमेकमा जोखिमका क्षेत्रहरूको पहिचान तथा चित्रण गराउने | • निम्नलिखित र यस्तै सान्दर्भिक प्रश्नहरूमा आधारित भई विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् :<br>•<br>• भूकम्प, आगलागी, बाढी पहिरो, हुरीबतास, भू-क्षयको छोटो परिचय दिनुहोस् ।<br>• आगलागीबाट हुने असरहरू लेख्नुहोस् ।<br>• विपत् र प्राकृतिक प्रकोपका जोखिमबाट बच्ने उपायहरू लेख्नुहोस् । |

## ५. विषयवस्तुको विस्तृतीकरण  तथा सिकाइ सहजीकरण प्रक्रिया

**कक्षा ५**

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन |
|---|---|---|---|---|
| १.सुनकोशीको परिचय | १.१ आफ्नो गाउँपालिकाको धरातलीय स्वरूपअनुसारको हावापानी वर्णन गर्न<br>१.२ आफ्नो गाउँपालिकाको सिमाना : पूर्व, पश्चिम, उत्तर र दक्षिण छुट्याउन<br>१.३ आफ्नो वडाको जनसङ्ख्या : जम्मा, महिला, पुरुष उल्लेख गर्न<br>१.४ आफ्नो वडाभित्रका जनप्रतिनिधिको पहिचान गरी कामको वर्णन गर्न<br>१.५ आफ्नो वडाको क्षेत्रफल उल्लेख गर्न<br>१.६ गाउँपालिकाको नक्सामा वडाको पहिचान गर्न | १.१ आफ्नो गाउँपालिकाको धरातलीय स्वरूपअनुसारको हावापानी : शीतोष्ण, समशीतोष्ण, उष्ण<br>१.२ आफ्नो गाउँपालिकाको सिमाना : पूर्व, पश्चिम, उत्तर र दक्षिण<br>१.३ आफ्नो वडाको जनसङ्ख्या : जम्मा, महिला, पुरुष<br>१.४ आफ्नो वडाभित्रका जनप्रतिनिधिको पहिचान र काम<br>१.५ आफ्नो वडाको क्षेत्रफल<br>१.६ गाउँपालिकाको नक्सामा वडाको पहिचान | • सुनकोशी गाउँपालिकाको नक्सा, सबै क्षेत्र समेटिएको भिडियो प्रदर्शन गर्ने र लेक क्षेत्र र बेँसी क्षेत्र पहिचान गराउने<br>• विद्यार्थीलाई लेक र बेँसीको भ्रमण गराई हावापानी महसुस गराउने, लेक र बेँसीको अधिकतम र न्यूनतम तामक्रम जानकारी गराउने, हावापानीअनुसार वनस्पति खेतीबाली, बाक्ला पातला पहिरन, भिरालो र समथर भूवनावट, टाढासम्मको भूगोल देखिने र नजिकका मात्र भूगोल देखिने जस्ता लेक र बेँसीमा पाइने फरक  कुराको जानकारी गराउने।  भ्रमणका आधारमा  लेक र बेँसीमा पाइने फरक कुराहरूलाई समेटी प्रतिवेदन तयार गर्न लगाउने<br>• आफ्नो गाउँपालिकाको नक्सा प्रदर्शन गरी आफ्नो वडाको पूर्व, पश्चिम, उत्तर, दक्षिणमा कुन स्थान पर्छन्, छलफल अन्तरक्रिया गर्ने<br>• सुनकोशी गाउँपालिकाको पछिल्लो जनगणनानुसार आफ्नो वडाको जम्मा घरधुरी सङ्ख्या, जम्मा जनसङ्ख्या, जनसङ्ख्या तालिका प्रस्तुत गर्ने र छलफल गराई महिला पुरुषको जनसङ्ख्या विश्लेषण गर्ने<br>• आफ्नो वडामा जनप्रतिनिधि को को छन् पहिचान गर्न छलफल गर्ने र उनीहरूको काम र कर्तव्य छलफल गरी निष्कर्ष निकाल्ने<br>• गाउँपालिकाको नक्सा प्रदर्शन गर्ने र आफ्नो वडा पत्ता लगाउन लगाउने साथै आफ्नो वडाको क्षेत्रफल पत्ता लगाउन लगाउने। सोही आकृतिमा आफ्नो वडाको नक्सा निर्माण गरी सङ्केत भर्न सहजीकरण गर्ने | • निम्नलिखित र यस्तै सान्दर्भिक प्रश्नहरूमा आधारित भई विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् ।<br>•<br>• सुनकोशीगाउँपालिकामा हावापानीका हिसाबले लेक र बेँसीमा पाइने फरक कुराहरू के के छन् ?<br>• सुनकोशीको लेक र बेँसीको हावापानी अधिकतम र न्यूनतम कति कति छ ?<br>• आफ्नो वडाको नक्सा निर्माण गर्नुहोस् ।<br>• तपाईंको आफ्नो वडाको घरधुरी सङ्ख्या जम्मा जनसङ्ख्या, महिला पुरुषको जनसङ्ख्या, तालिकामा देखाउनुहोस् । |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन |
|---|---|---|---|---|
| २.हाम्रो संस्कृति, र संस्कार | २.१ आफ्नो गाउँपालिकाभित्रका मानिसले लगाउने विशेष पोसाक एवम् पहिरनको महत्त्व वर्णन गरी संरक्षणका उपाय उल्लेख गर्न<br>२.२ आफ्नो गाउँपालिकामा मनाइने स्थानीय चाडपर्व, गीत, जात्रा, नृत्य, बाजाका संरक्षणको उपाय उल्लेख गरी महोत्सवमा सहभागी हुन<br>२.३ आफ्नो वडाभित्रका जातजातिका संस्कृति र संस्कारको महत्त्व वर्णन गर्न<br>२.४ आफ्नो गाउँपालिकाभित्र बोलिने भाषाको पहिचान गरी बोल्ने र लेख्ने अभ्यास गर्न<br>२.५ आफ्नो गाउँपालिकाभित्र स्थापित लोककथा पहिचानगरी महत्त्व दर्साउन<br>२.६ असल आचरणको अनुसरण गर्न | २.१ आफ्नो गाउँपालिका भित्रका मानिसले लगाउने विशेष पोसाक एवम् पहिरनको महत्त्व र संरक्षण : सारी, चोलो, कमिज, सुरुवाल, गहना र शृङ्गारका सामान<br>२.२ आफ्नो गाउँपालिकामा मनाइने स्थानीय चाडपर्व, गीत, जात्रा, नृत्य, बाजा तथा महोत्सव सहभागिता<br>२.३ आफ्नो वडाभित्रको संस्कृति र संस्कार : गुठी, कुलपूजा, सनसारी पूजा, देवाली..<br>२.४ आफ्नो गाउँपालिकाभित्र बोलिने भाषाको पहिचान र अभ्यास : नेपाली, नेपाल भाषा, तामाङ भाषा, पहरी, माझी..<br>२.५ आफ्नो गाउँपालिकाभित्र स्थापित लोककथा पहिचान र महत्त्व<br>२.६ सन्तुलित ताजा र तरिकाका साथ भोजन अभ्यास | • आफ्नो गाउँपालिकाभित्रका मानिसले लगाउने विशेष पोसाकको नमुना सङ्कलन गर्ने र प्रदर्शन गराउने साथै छलफल प्रश्नोत्तर गर्ने<br>• विद्यार्थीको समूह विभाजन गरी र गाउँपालिकाभित्रका मानिसहरूले लगाउने मौलिक पोसाकको महत्त्व र संरक्षण गर्ने उपायहरू छलफल गराउने र निष्कर्ष निकाल्न लगाउने<br>• स्थानीय चाडपर्व महोत्सवमा बजाइने बाजाको छलफलसहित सूची तयार गराउने<br>• स्थानीय बाजा बजाउन अभ्यास गराउने<br>• सेलो, भजन कीर्तन आयोजना गर्ने र विद्यार्थीलाई अभ्यास गराउने<br>• संस्कारहरूसँग सम्बन्धित चित्र/भिडियो प्रदर्शन गर्ने<br>• आफ्नो वडामा बसोबास गर्ने जातजातिका संस्कारका जानकारी दिने<br>• विद्यार्थी आफ्नो आफ्नो जातिका न्वारन, विवाह, पितृ कार्य कसरी गरिन्छ ? बताउन प्रोत्साहन गर्ने<br>• सबै विद्यार्थीले बताएपछि शिक्षकले जातिगत संस्कारमा भएका कुरा प्रस्ट्याई दिने<br>• वडाभित्र बसोबास गर्ने विभिन्न जातिका संस्कारसँग जानकार व्यक्तिलाई आमन्त्रण गरी न्वारन, विवाह र पितृ कार्यमा गरिने मुख्य मुख्य कुरा बताउन लगाउने<br>• विद्यार्थीलाई जातिगत संस्कारका कुरा टिपोट गर्न लगाउन<br>• आफ्नो गाउँपालिकाभित्र बोलिने भाषाको सूचीकृत गराउने र बोल्ने अभ्यास गराउने<br>• आफ्नो गाउँघरमा प्रचलित लोककथा सङ्कलन गर्न परियोजना कार्य दिने र प्रस्तुत गराउने<br>• आफ्नो घरमा ताजा खानेकुरा कसरी खाइने गरेको छ, खाना खाने तरिका कस्तो छ, छलफल गर्ने र तरिकासँग खाना खाने अभ्यास कसरी गर्नुपर्छ, छलफलसहित निष्कर्ष निकाल्ने | • विषयवस्तुसँग सम्बन्धित प्रश्नोत्तर गर्ने, छलफल, प्रश्नोत्तर, परियोजना कार्यमा विद्यार्थी सक्रियता, सहभागितालाई अवलोकन गरी मूल्याङ्कन गर्ने<br>• तपाईंको गाउँपालिकाभित्र प्रयोग हुने पहिरनको महत्त्व वर्णन गर्नुहोस् ।<br>• तपाईंको वडामा रहेका कुनै एक जातिको न्वारन संस्कारको वर्णन गर्नुहोस् ।<br>• तपाईंको गाउँघरमा प्रचलित एउटा लोककथा लेख्नुहोस् । |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन |
|---|---|---|---|---|
| ३. हाम्रा प्राकृतिक र मानव निर्मित सम्पदा | ३.१ आफ्नो वडाभित्र रहेका सामुदायिक, निजी र कबुलियती वनको सूची बनाई संरक्षण र संवर्धनका उपाय उल्लेख गर्न<br>३.२ आफ्नो वडाभित्र रहेका सार्वजनिक भवनहरूको सूची बनाई संरक्षण र संवर्धनका उपाय उल्लेख गर्न | ३.१ आफ्नो वडाभित्र रहेका सामुदायिक, निजी र कबुलियती वनको सूची, संरक्षण र संवर्धन<br>३.२ आफ्नो वडाभित्र रहेका सार्वजनिक भवनहरूको सूची, संरक्षण र संवर्धन<br>: विद्यालय, हुलाक, अस्पताल, चौकी..... | • सुनकोशी गाउँपालिकाको आफ्नो वडाभित्र रहेका वन समूहका किसिम वर्गीकरण गर्न छलफल गर्ने र ती वन समूहहरूले वन उपभोग, संरक्षण र संवर्धनका गरेका अभ्यासहरू के के छन्, छलफल गरी निष्कर्ष निकाल्ने<br>• विद्यालय नजिक रहेका सामुदायिक वन वा निजी वन वा कबुलियत वनका जिम्मेवार व्यक्तिलाई विद्यायलयमा आमन्त्रण गरी वा विद्यार्थीलाई कार्यलयमा नै लगेर वनको उपभोग, संरक्षण, संवर्धन कसरी भइरहेको छ व्यक्त गराउने ।<br>• विद्यार्थीलाई परियोजना कार्य दिएर वनको उपभोग, संरक्षण र संवर्धनको अभ्यासको प्रतिवेदन तयार गराउने<br>• आफ्नो वडाभित्र रहेका मुख्य मुख्य सार्वजनिक भवनहरूको सूची तयार गराउने र तिनको संरक्षण संवर्धनका उपायहरू छलफल गरी निष्कर्ष निकाल्ने | • तपाईंको वडामा रहेका वन समूहका किसिम वर्गीकरण गर्नुहोस् ।<br>• वनजङ्गल संरक्षणका पाँच उपाय लेख्नुहोस् ।<br>• तपाईंको वडामा रहेका कुनै पाँचओटा सार्वजनिक भवनको नाम लेखी तिनका संरक्षणका उपाय लेख्नुनुहोस् । |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन |
|---|---|---|---|---|
| ४.स्थानीय प्रविधि र घरेलु उद्योग | ४.१ स्थानीय प्रविधिको विकास क्रम उल्लेख गर्न<br>४.२ स्थानीय स्तरमा सञ्चालन भएका घरेलु उद्योगको परिचय दिन<br>४.३ स्थानीय स्तरमा सञ्चालन भएका उद्योगको प्रकारहरू उल्लेख गर्न<br>४.५ सिलाइ बुनाइको अभ्यास गर्न | ४.१ स्थानीय प्रविधिको विकास क्रम : ढिकी, जाँतो, ओखल, पानी घट्ट, काठको डुङ्गा, सिलौटो, चेपुवा, कोल, हलो, जुवा, आरन...<br>४.२ स्थानीय स्तरमा सञ्चालन भएका घरेलु उद्योगको परिचय : कुटानी, पिसानी, धूप, हातहतियार....<br>४.३ स्थानीय स्तरमा सञ्चालन भएका उद्योगको प्रकारहरू: साना उद्योग, मझौला उद्योग, ठुला उद्योग | • स्थानीय प्रविधि सन्चालकलाई स्रोत व्यक्तिका रूपमा आमन्त्रण गरी आफूले सञ्चालन गरेको स्थानीय प्रविधि निर्माण प्रक्रियाका अनुभव सुनाउन लगाउने<br>• स्थानीय स्तरमा रहेका स्थानीय प्रविधि अवलोकन अध्ययन गराउने र स्थानीय प्रविधिको विकास क्रम छलफल गराउने (जस्तै: ओखल, ढिकी, पानी मिल, इलेकिट्रक मिल, जाँतो, घट्ट, मिल, क्रसर उद्योग)<br>• स्थानीय स्तरमा पाइने स्थानीय प्रविधिको विकास कसरी गर्न सकिएला ? भइरहेका स्थानीय प्रविधि विकास क्रमलाई जोड्दै पूर्वअनुमान गराउने, अन्तरक्रिया छलफल गराउने,<br>• गाउँपालिकाभित्र सञ्चालित उद्योगका फोटो, भिडियो प्रदर्शन गरी उद्योगहरूको परिचय गराउने<br>• विद्यालयबाट नजिक रहेको उद्योग अवलोकन गराई उद्योगको परिचय गराउने<br>• गाउँपालिकाभित्र सञ्चालित उद्योगहरूको सूची तयार गर्ने उद्योगका प्रकारहरू छलफल अन्तरक्रियाका माध्यमबाट छुट्याउने | •<br>• निम्नलिखित र यस्तै सान्दर्भिक प्रश्नहरूमा आधारित भई विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् ।<br>• सुनकोशी गाउँपालिकाभित्र सञ्चालित उद्योगहरूको परिचय दिनुहोस् ।<br>• सुनकोशी गाउँपालिकाभित्र कुन कुन प्रकारका उद्योग सञ्चालन भएका छन् उल्लेख गर्नुहोस् । |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन |
|---|---|---|---|---|
| ५. कृषि, पशुपन्छी र माछा पालन | ५.१ गाउँपालिकाभित्र फल्ने अन्नहरूको गोडमेल, मलजल तथा सिँचाइका उपायहरू उल्लेख गर्न<br>५.२ स्थानीय स्तरमा उत्पादित दलहन, तेलहन, मसला जन्य बालीको उत्पादन तरिका उल्लेख गरी अभ्यास गर्न<br>५.३ गाउँपालिकाभित्र पाइने तरकारीको महTTव तथा फाइदाको सूची बनाउन<br>५.४ मौसमी र बेमौसमी तरकारी वर्गीकरण गरी फाइदाको सूची बनाउन<br>५.५ गाउँपालिकाभित्र पाइने फलफूलमा लाग्ने रोगको सूची बनाई उपचारका तरिका उल्लेख गर्न<br>५.६ गाउँपालिकाभित्र पालिने पशुपन्छीको सूची बनाई तिनको उत्पादनको अवस्था उल्लेख गर्न<br>५.७ मौरी पालनका फाइदा सूची बनाई चरीचरण क्षेत्र र पौष्टिक आहारको जानकारी लिन | ५.१ गाउँपालिकाभित्र फल्ने अन्नहरूको गोडमेल, मलजल तथा : सिँचाइका उपायहरू : धान, मकै, गहुँ, तोरी फापर, कोदो.....<br>५.२ स्थानीय स्तरमा उत्पादित दलहन, तेलहन, मसला जन्य बालीको उत्पादन तरिका र अभ्यास : तोरी, रायो, तिल, मास मस्याङ, रहरी, बोडी, अदुवा, बेसार, लसुन<br>५.३ गाउँपालिकाभित्र पाइने तरकारीको महTTव तथा फाइदा : आलु प्याज, रायोको साग, मुला, गाँजर फर्सी लौका, स्कुस, घिरौँला काँको, करेला...<br>५.४ मौसमी र बेमौसमी तरकारी<br>५.५ गाउँपालिकाभित्र पाइने फलफूलमा लाग्ने रोग र उपचार<br>५.६ गाउँपालिकाभित्र पालिने पशुपन्छी र तिनको उत्पादनको अवस्था : दुध, मासु, अण्डा, छाला, उन...<br>५.७ मौरी पालनका फाइदा, चरिचरण क्षेत्र र पौष्टिक आहारको जानकारी | • स्थानीय स्तरमा रहेका अन्नबाली स्थानीय किसानले गोडमेल गर्दै गरेको अवलोकन गराउने र गोडमेल गर्नुपर्ने कारण र गोडमेल गर्दा नगर्दा अन्नबालीमा पर्ने असर छलफल गर्ने<br>• अन्न बालीमा मलजलको आवश्यकता छलफल गराउने र कम्पोस्ट मल प्रयोग गर्दा हुने फाइदा छलफल गराई निष्कर्ष निकाल्ने<br>• अन्न बालीको संरक्षण गर्ने उपायहरू छलफल गरी उपायहरू सूची तयार गर्ने<br>• स्थानीय स्तरमा उत्पादित दलहन, तेलहन, मसलाजन्य बालीको उत्पादन तरिका छलफल गर्ने अवलोकन गराई उत्पादनका तरिका वर्णन गराउने<br>• मौसमी र बेमौसमी तरकारीको वर्गीकरण गर्ने र स्थानीय स्तरमा व्यावसायिक तरकारी खेती गर्दा हुने फाइदा विद्यार्थीको पूर्वअनुभवका आधारमा छलफल गर्ने र फाइदाका सूची तयार गर्न लगाउने<br>• नजिकको तरकारी बारीको अवलोकन गराई तरकारीबालीमा के रोग लागेको छ पहिचान गराउने र लाग्न सक्ने रोगहरूको पूर्वअनुमान गराउने<br>• स्थानीय स्तरमा पाइने तितेपाती, असुरो, बनमारा, खिर्रो विद्यार्थीलाई नै सङ्कलन गर्न लगनउने, गाई, भैँसीको गोबर गहुँतसहित मिलाएर एक हप्तासम्म ड्रममा राखी कुहाउने र त्यसलाई जैविक मल औषधीको रूपमा तरकारीमा छर्न सहभागी गराउने<br>• मौसमी र बेमौमी तरकारी खेतीको परिचयसहित महत्त्व छलफल गर्ने र विद्यालय हातामा मौसमी तरकारी खेती गर्ने नमुना अभ्यास गर्ने<br>• विद्यार्थीहरूलाई स्थानीय फलफूल बगैँचा अवलोकन गराउने र रोग लागेको छ भने पहिचान गराउने साथै लाग्नसक्ने सम्भावित रोगहरूको पूर्वअनुमान गराउने<br>• स्थानीय फलफूल व्यवसायी तथा विशेषज्ञलाई आमन्त्रण गरी फलफूलमा लाग्ने रोग उपचार विधि छलफल, अन्तरक्रिया गराउने<br>• फलफूल खेती संरक्षण गर्नुपर्ने आवश्यकता छलफल गर्ने र संरक्षण गर्ने उपायहरू सूची बनाउने<br>• स्थानीय फलफूल खेतीमा गोडमेल, मलजल, सिँचाइ, उपचार, बार बार्ने, चुना लगाउने जस्ता कार्यमा विद्यार्थीहरूलाई सहभागी गराउने र अनुभव उल्लेख गर्न लगाउने<br>• पूर्वअनुभवका आधारमा विद्यार्थीका अभिभावकले घरमा पालिएका खसी बाख्रा, हाँस, कुखुरा, बङ्गुर आदि कहाँ लगेर बेच्नुहुन्छ, छलफल गर्ने<br>• पशुपन्छी व्यवसायीलाई विद्यालयमा आमन्त्रण गर्ने र पशुपन्छी उत्पादनको बजार व्यवस्थापन प्रक्रियासम्बन्धी आफ्ना अनुभव सुनाउन लगाउने साथै विद्यार्थीलाई बजार अवलोकन गराउने<br>• विद्यार्थीहरूलाई स्थानीय बजार अवलोकन गराउनुहोस् र पशुपन्छी उत्पादन र बजार व्यवस्थापन प्रक्रिया जानकारी गराउने | • अन्नबाली किन गोडमेल गर्नुपर्छ ? कारण दिनुहोस् ।<br>• स्थानीय बालीमा कम्पोस्ट प्रयोग गर्दा हुने फाइदा उल्लेख गर्नुहोस् ।<br>• स्थानीय संरक्षण गर्ने तरिका उल्लेख गर्नुहोस् ।<br>• स्थानीय स्तरमा उत्पादित तरकारीको महत्त्व वर्णन गनुहोस् :<br>• बेमौसमी तरकारी खेतीको परिचय दिई महत्त्व लेख्नुहोस् ।<br>• स्थानीय फलफूल खेतीमा लाग्ने रोगहरू के के हुन् उल्लेख गर्नुहोस् ।<br>• स्थानीय फलफुल खेतीमा लाग्ने रोग उपचार विधि उल्लेख गर्नुहोस् ।<br>• सम्बन्धित विषयवस्तुमा रही प्रश्नोत्तर गर्नुहोस् र अवलोकन र छलफलमा सहभागिता र सक्रियतालाई आधार बनाई मूल्याङ्कन गर्ने |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन |
|---|---|---|---|---|
| ६. हाम्रा पेसा व्यवसाय | ६.१ पेसा व्यवसायप्रति सम्मानका उपाय उल्लेख गरी सहयोग गर्न<br>६.२ पेसागत सिप विकासका लागि स्थानीय अभ्यासको खोज गरी वर्णन गर्न<br>६.३ सिलाइ बुनाइको अभ्यास | ६.१ पेसा व्यवसायप्रतिको सम्मान र सहयोग<br>६.२ पेसागत सिप विकासका लागि स्थानीय अभ्यास<br>६.३ सिलाइ बुनाइको अभ्यास | • स्थानीय पेसा व्यवसायको सूची तयार गर्न लगाउने र प्रस्तुति गराउने साथै एक पेसाका मानिसले अर्को पेसाका मानिसलाई कसरी सहयोग पुऱ्याएको छ र कसरी एक पेसाका व्यक्तिले अर्को पेसाका व्यक्तिलाई सम्मान गर्नुपर्छ छलफल गराउने<br>• तयार गरेको सूचीलाई आधार मानी कुन कुन पेसा व्यवसायको विकासका लागि कुन कुन निकायले तालिम एवम् अभ्यास गराएका छन्, कुन कुन व्यवसायमा नयाँ प्रविधिको विकास भएको छ जस्ता सवालमा छलफल गर्ने र निष्कर्ष निकाल्ने<br>• आफ्नो वडामा रहेका सिलाइ बुनाइमा दक्खल व्यक्तिलाई विद्यालयमा आमन्त्रण गर्ने र आवश्यक सामग्री तयार गरी विद्यार्थीलाई उनीको टोपी रुमाल बुनाइको अभ्यास गराउने साथै भोटो, चोलो, सर्ट सिउनका लागि कपडा काट्ने अभ्यास गराउने | • एक पेसाका व्यक्तिले अर्को पेसाका व्यक्तिलाई कसरी सहयोग पुऱ्याएको हुन्छ ?<br>• पेसा व्यवसाय विकासका लागि के के गर्न सकिन्छ<br>• उनीको टोपी बुनेर देखाउनुहोस् । |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन |
|---|---|---|---|---|
| ७. जडीबुटी | ७.१ स्थानीय स्तरमा पाइने जडीबुटीको महत्त्व दर्साई संरक्षण संवर्धन उपाय उल्लेख गर्न<br>७.२ जडीबुटीको स्थानीय स्तरमा प्रयोगका तरिका र सावधानी उल्लेख गर्न | ७.१ स्थानीय स्तरमा पाइने जडीबुटीको महत्त्व, संरक्षण संवर्धन : अमला, हर्रो, बर्रो, पाँचऔंले, तुलसी, घिउकुमारी, कुरिलो पुदिना, सर्पगन्धा, लज्जावती, घोडताप्रे, बेसार, अदुवा, पिप्ला, बोजो, तितेपाती..<br>७.२ जडीबुटीको स्थानीय स्तरमा प्रयोग र सावधानी | • सुनकोशी गाउँपालिकाभित्र पाइने जडीबुटीको महत्त्व समूह निर्माण गरी छलफल गराउने र निष्कर्ष निकाल्न लगाउने<br>• जडीबुटीको संरक्षण संवर्धन गर्न हाम्रो भूमिका के रहन्छ ? छलफल अन्तरक्रिया गरी निष्कर्ष निकाल्न लगाउने<br>• जडीबुटी विशेषज्ञलाई आमन्त्रण गरी स्थानीय स्तरमा पाइने जडीबुटीको महत्त्व, स्थानीय स्तरमा पाइने जडीबुटीको संरक्षण संवर्धन र प्रयोगका विषयमा छलफल अन्तरक्रिया गराउने<br>• सही तरिका वा मात्रा मिलाएर प्रयोग नगर्दा हुने हानि छलफल गरी निष्कर्ष निकाल्ने | सम्बन्धित विषयवस्तुमा रही प्रश्नोत्तर गर्ने ।<br>अवलोकन र छलफलमा सहभागिता र सक्रियतालाई आधार बनाई मूल्याङ्कन गर्ने |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन |
|---|---|---|---|---|
| ८. हाम्रा धार्मिक र पर्यटकीय स्थल | ८.१ पर्यटनको महत्त्व वर्णन गर्न<br>८.२ पर्यटन प्रवर्धनमा स्थानीय तरिका उल्लेख गर्न (जस्तैः अतिथि सत्कार होटल, होमस्टे)<br>८.३ आफ्नो गाउँपालिकाभित्र रहेका धार्मिक स्थलहरूको पहिचान गरी सूचीकरण गर्न र संरक्षणका उपाय उल्लेख गर्न | ८.१ पर्यटनको महत्त्व<br>८.२ पर्यटन प्रवर्धनमा स्थानीय तरिका, जस्तै अतिथि सत्कार होटल, होमस्टे<br>८.३ आफ्नो गाउँपालिकाभित्र रहेका धार्मिक स्थलहरूको पहिचान, सूचीकरण र संरक्षणका उपाय : सुनकोशी, थामडाँडा, पदम सम्भव, थामडाँडा..... | • कुन कुन हिसाबले सुनकोशी गाउँपालिकामा पर्यटन व्यवसायको महत्त्व छ, छलफल प्रश्नोत्तर गर्ने<br>• सुनकोशी गाउँपालिकामा पर्यटन प्रर्वधन गर्न एवम् पर्यटकलाई आकर्षण गर्न हाम्रो भूमिका के के हुन सक्छ ? समूहगत छलफल गरी निष्कर्ष निकाल्ने<br>• पर्यटन व्यवसायीलाई आमन्त्रण गरी पर्यटन व्यवसाय र पर्यटन प्रवर्धनमा स्थानीयको भूमिका विषयमा अन्नरक्रिया गर्ने<br>• पर्यटक भनेका अतिथि हुन र उनीहरूलाई आकर्षण गर्न सत्कार गर्नुपर्ने कुरा स्पष्ट बनाउने र सत्कारका तरिकाहरू अभिनय गराउने<br>• आफ्नो गाउँपालिकामा रहेका धार्मिक स्थलको सूचीकरण गराउने र तिनको संरक्षणका उपाय छलफल गर्ने साथै सांस्कृतिक पर्यटन वृद्धि गर्न धार्मिक स्थलहरूको महत्त्व बताउने<br>• | • सम्बन्धित विषय वस्तुमा रही प्रश्नोत्तर गर्नुहोस् र अवलोकन र छलफलमासहभागिता र सक्रियतालाई आधार बनाई मूल्याङ्कन गर्नुहोस् ।<br>• पर्यटनको महत्व वर्णन गर्नुहोस् ।<br>• पर्यटन प्रवर्धनमा स्थानीय तरिका वर्णन गर्नुहोस् ।<br>• गाउँपालिकाभित्र रहेका मुख्य मुख्य धार्मिक स्थलको सूची तयार गर्नुहोस् ।<br>• धार्मिक स्थलको संरक्षण र संवर्धन गर्ने उपायहरू लेख्नुहोस् । |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन |
|---|---|---|---|---|
| ९. विपत् व्यवस्थापन | ९.१ प्राकृतिक र मानव निर्मित विपत्को परिचय दिन<br>९.२. मानव निर्मित विपत् जोखिम न्यूनीकरण स्थानीय अभ्यास उल्लेख गर्न<br>९.३ विद्यालयदेखि वडास्तरसम्मका जोखिमका क्षेत्रहरू पहिचान गरी सजगताका उपायहरू उल्लेख गर्न | ९.१प्राकृतिक र मानव निर्मित विपत्को परिचय<br>९.२. मानव निर्मित विपत् जोखिम न्यूनीकरण स्थानीय अभ्यास<br>९.३ विद्यालयदेखि वडास्तरसम्मका जोखिमका क्षेत्रहरू पहिचान | • गाउँलिकाभित्र कुन कुन विपत् आइपर्छन छलफल गर्ने र सूची तयार गर्ने<br>• तयार गरिएका विपत्का सूची कुन कुन मानवीय र कुन कुन प्राकृतिक कारण हुन् ? छलफल अन्तरक्रिया गरी छुट्याउने<br>• विद्यालयदेखि वडास्तरसम्मका जोखिमका क्षेत्रहरू पहिचान गराउन छलफल प्रश्नोत्तर गर्ने<br>• मानवीय कारणबाट उत्पन्न जोखिम र प्राकृतिक कारणबाट उत्पन्न जोखिम न्यूनीकरणका उपायहरू छलफल अन्तरक्रिया गरी प्रस्ट बनाउने | • सुनकोशी गाउँपालिकाभित्र आइपर्ने प्राकृति विपत्हरू के के हुन् ?<br>• सुनकोशी गाउँपालिकाभित्र आइपर्ने मानवीय विपत् के के हुन् ?<br>• विपत्बाट बच्ने उपायहरू उल्लेख गर्नुहोस् । |

## ५. विषयवस्तुको विस्तृतीकरण तथा सिकाइ सहजीकरण प्रक्रिया

**कक्षा ६**

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन |
|---|---|---|---|---|
| १. सुनकोशीको परिचय | १.१ आफ्नो पालिकाको नाम सुनकोशी गाउँपालिका रहनुको कारण उल्लेख गर्न<br>१.२ गाउँपालिकाको सिमाना पहिचान : पूर्व, पश्चिम, उत्तर दक्षिण छुट्याउन<br>१.२गाउँपालिकाको हावापानीको पहिचान गरी वर्णन गर्न<br>१.३ जिल्लाको नक्सामा गाउँपालिको पहिचन गर्न<br>१.४ आफ्नो वडाभित्र रहेका ऐतिहासिक स्थलहरू पहिचान गरी सूची बनाउन र एउटा ऐतिहासिक स्थलको वर्णन गर्न<br>१.५ गाउँपालिकाभित्रका ऐतिहासिक व्यक्ति तथा व्यक्तित्वको पहिचान गरी सूची बनाउन | १.१ सुनकोशीगाउँपालिकाको नामकरण<br>१.२ गाउँपालिकाको सिमाना पहिचान : पूर्व, पश्चिम, उत्तर दक्षिण<br>१.२ गाउँपालिकाको हावापानीको पहिचान गर्मी जाडो, ओसिलो, पारिलो, लेक र बेँसीको तापक्रम<br>१.३ जिल्लाको नक्सामा गाउँपालिकाको पहिचन<br>१.४ आफ्नो वडाभित्र रहेका ऐतिहासिक स्थलहरू : ठोकर्पा समुदायिक वन अनुसन्धान केन्द्र<br>१.५ गाउँपालिकाभित्रका ऐतिहासिक व्यक्ति तथा व्यक्तित्व | • आफ्नो गाउँपालिकाको नाम कसरी सुनकोशी गाउँपालिका रहन गयो, उदाहरणसहित स्पष्ट पार्ने<br>• सुनकोशी गाउँपालिकाको नक्सा प्रदर्शन गर्ने र पूर्व, पश्चिम, उत्तर र दक्षिणमा कुन कुन गाउँपालिका, नगरपालिका र जिल्ला छन् ? छलफल गरी पहिचान गराउने<br>• सुनकोशी गाउँपालिकाभित्र कुन कुन ठाउँमा जाँदा गर्मी, जाडो वा न गर्मी न जाडो कस्तो महसुस गरेका छन्, विद्यार्थीको पूर्वअनुभवका आधारमा छलफल गर्ने र गर्मी मौसममा बेँसीमा बढी गर्मी हुन्छ, लेकमा शीतल हुन्छ, जाडो याममा बेँसीमा कम जाडो हुन्छ, लेकमा बढी जाडो हुन्छ भनी प्रस्ट पार्ने<br>• सिन्धुपाल्चोक जिल्लाको नक्सा प्रदर्शन गर्ने र सो नक्सामा सुनकोशी गाउँपालिका कहाँ पर्छ खोजी गराउने साथै नक्सा कोर्ने अभ्यास गराउने<br>• छलफलको आधारमा सुनकोशी गाउँपालिकाभित्र कुन कुन स्थान लेक हो कुन कुन स्थान बेँसी हो, कुन कुन स्थान पहाडको मध्यभाग हो छुट्याउन लगाउने र ती स्थानको हावापानी कस्तो हुन्छ वर्गीकरण गराउने<br>• विद्यार्थीहरूलाई पारिलो र ओसिलो स्थानमा लगी तापक्रम महसुस गराउने र फरक छुट्याउन लगाउने<br>• थर्मामिटरको प्रयोग गरी लेक, मध्यभूभाग, बेँसीको तापक्रम नाप गरी देखाउने<br>• आफ्नो वडाभित्र रहेका ऐतिहासिक स्थलका विषयमा छलफल प्रश्नोत्तर गर्ने र ऐतिहासिक स्थल हुनाका कारणहरू खोजी गर्ने<br>• कस्ता व्यक्तिलाई ऐतिहासिक व्यक्ति भनिन्छ भन्दै प्रश्नोत्तर छलफलबाट स्पष्ट गराउने र सुनकोशी गाउँपालिकाभित्र रहेका ऐतिहासिक व्यक्तित्व पहिचान गर्ने साथै परिचय गराउने | • सुनकोशी गाउँपालिकाको पूर्व, पश्चिम, उत्तर र दक्षिणमा कुन कुन गाउँपालिका र जिल्ला वा देश पर्छन् ? उल्लेख गर्नुहोस् ।<br>• सुनकोशी गाउँपालिकाको धरातलीय भूबनोटको आधारमा छ, स्थानको हावापानी छुट्याउनुहोस् ।<br>• सुनकोशी गाउँपालिकाको हावापानी वर्णन गरी एक अनुच्छेद लेख्नुहोस् ।<br>• जिल्लाको नक्सामा सुनकोशी गाउँपालिको नक्सा पहिचान गरी बनाउनुहोस् ।<br>• आफ्नो वडाभित्र रहेका ऐतिहासिक स्थलहरू पहिचान गरी विशेषता वर्णन गर्नुहोस् ।<br>• गाउँपालिकाभित्रका ऐतिहासिक व्यक्ति तथा व्यक्तित्व पहिचान गरी परिचय दिनुहोस् । |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन |
|---|---|---|---|---|
| २.हाम्रो संस्कृति र संस्कार | २.१ आफ्नो समुदायका जातजातिका न्वारन, छेवर, विवाह र मृत्यु संस्कार सम्पन्न गर्ने तरिका उल्लेख गर्न<br>२.२ आफ्नो गाउँपालिकाभित्र मनाइने चाडपर्व र मेलामा बजाइने बाजा, गीत, नाचको पहिचान र महत्व वर्णन गर्न<br>२.३ स्थानीय लोकगीत, भजन, सिलोक, सेलो, नृत्यको पहिचान गरी महत्व दर्साउन, संरक्षणका उपाय उल्लेख गरी र सहभागिता हुन<br>२.४ असल आचरणको स्थानीय अभ्यास उल्लेख गर्न | २.१ आफ्नो समुदायका जातजातिका न्वारन, छेवर, विवाह र मृत्यु संस्कार सम्पन्न गर्ने तरिका<br>२.२ आफ्नो गाउँपालिकाभित्र मनाइने चाडपर्व र मेलामा बजाइने बाजा, गीत,नाचको पहिचान र महत्व : पञ्चेबाजा, मादल, डम्फु, खैँजडी, सेलो, भजनकीर्तन, झाँकी नाच, मारुनी.....<br>२.३ स्थानीय लोकगीत, भजन, सिलोक, सेलो, नृत्यको पहिचान, महत्व, संरक्षण र सहभागिता<br>२.४ असल आचरणको स्थानीय अभ्यास : मितव्ययीता, क्षमाशील, आनीबानी | • विद्यार्थीको पूर्वअनुभवलाई आधार मानी आआफ्नो घरमा न्वारन, छेवर, विवाह संस्कृति सम्पन्न गर्ने विधि छलफल गर्ने, जातिगत रूपमा सम्पन्न गर्ने फरक तरिका छलफल गर्ने<br>• न्वारन, छेवर, विवाह जस्ता संस्कारसम्बन्धी क्रियाकलापहरू के कसरी सम्पन्न गरिन्छन् अभिभावकसँग सोधी सम्पन्न गर्ने विधि तयार गरी कक्षामा प्रस्तुत गर्न लगाउने र छलफल गर्ने<br>• आफुले मनाउने चाडपर्व को सूची तयार गर्न लगाई छलफल गर्ने र आफ्नो गाउँपालिकाभित्र मनाइने चाडपर्व र मेलामा बजाइने बाजा, नाच, गीतको सूचीकृत गरी छलफल गराउने<br>• पञ्चेबाजा, खैँजडी, मादल, बाँसुरी जस्ता बाजाहरूको सुची तयार पारी स्थानीय संस्कृतिमा बाजा, गीत, नाचको महत्व छलफल गर्ने<br>• स्थानीय लोकगीत, भजन, वालन, सङ्गीनी, नृत्यसँग सम्बन्धित भई छलफल गर्ने र विद्यार्थीले देखे र अनुभव गरेका आधारमा प्रस्तुत गराउने<br>• स्थानीय लोकगीत, भजन, वालन, सङ्गीनी, नृत्य पहिचान गरी महत्व छलफल गराउने संरक्षण र सहभागिता जनाउन प्रेरित गर्ने<br>• गाउँमा रहेका असल आचरण भएका व्यक्तिको उदाहरण दिएर एवम् कथा सुनाएर असल आचरणको नमुना प्रस्तुत गर्ने | • तपाइँको समुदायमा रहेका एक जातिको विवाह गर्ने तरिका उल्लेख गर्नुहोस् ।<br>• स्थानीय लोकबाजाहरूको महत्व वर्णन गर्नुहोस:<br>• तपाइँको गाउँका एक असल आचरण भएका व्यक्तिको उदाहरण प्रस्तुत गर्नुहोस् । |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन |
|---|---|---|---|---|
| ३. हाम्रा प्राकृतिक र मानव निर्मित सम्पदा | ३.१ आफ्नो गाउँपालिकाभित्र रहेका जलसम्पदाको पहिचान गरी महत्त्व वर्णन गर्न साथै संरक्षण र संवर्धनमा सहभागिता जनाउन<br>३.२ स्थानीय स्तरका मन्दिर, पाटी, पौवा, बाटो, पोखरी, चौतारो जस्ता सम्पदाको महत्त्व वर्णन गर्न साथै संरक्षणका उपाय उल्लेख गरी सहभागिता जनाउन | ३.१ आफ्नो गाउँपालिकाभित्र रहेका जलसम्पदाको पहिचान, महत्त्व, संरक्षण र संवर्धनमा सहभागिता : सुनकोशी, भुसीखोला, सयले खोला, पाखरखोला, पानीका स्रोत<br>३.२ स्थानीय स्तरका मन्दिर, पाटी, पौवा, बाटो, पोखरी, चौतारो जस्ता सम्पदाको महत्त्व, संरक्षणका उपाय र सहभागिता | • समूहमा छलफल गरी सुनकोशी गाउँपालिकाभरि रहेका नदीनाला खोलाको नाम सूची तयार गर्न लगाउने<br>• नजिकै रहेका नदी खोलाको अवस्था अवलोकन भ्रमण गरी त्यसको संरक्षण र उपयोगिताको छलफल गर्न लगाउने, संरक्षण र उपयोग सम्भावनाहरूको पूर्वअनुमान गराई नदी खोलाले पुऱ्याएका फाइदा वर्णन गराउने<br>• स्थानीय स्तरका मन्दिर, पाटी, पौवा, बाटो, पोखरी, चौतारो जस्ता सम्पदाको महत्त्व वर्णन गर्न सहजीकरण साथै संरक्षणका उपाय छलफल गराउने र संरक्षण कार्यमा सहभागिता गराउने | • सुनकोशी गाउँपालिकामा रहेका नदी खोलालगाएत जलसम्पदाको सूची बनाउनुहोस् ।<br>• सुनकोशीमा रहेका जलसम्पदाको महत्त्व वर्णन गर्नुहोस् ।<br>• स्थानीय स्तरका मन्दिर, पाटी, पौवा, बाटो, पोखरी, चौतारो जस्ता सम्पदाको महत्त्व वर्णन गर्दै संरक्षणका उपाय लेख्नुहोस् । |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन |
|---|---|---|---|---|
| ४.स्थानीय प्रविधि र घरेलु उद्योग | ४.१ स्थानीय प्रविधि संरक्षणका उपाय उल्लेख गर्न<br>४.२ घरेलु उद्योगका लागि आवश्यक कच्चा पदार्थ अध्ययन गरी प्रतिवेदन तयार गर्न<br>४.३ डोको बुन्ने अभ्यास गर्न | ४.१ स्थानीय प्रविधि संरक्षणका उपाय : ढिकी, जाँतो, ओखल, पानी घट्ट, काठको डुङ्गा, सिलौटो, चेपुवा, कोल, हलो, जुवा, आरन...<br>४.२ घरेलु उद्योगका लागि आवश्यक कच्चा पदार्थ : बाँस, निगालो, पराल, खोस्टा, छ्वाली....<br>४.३ डोको बुन्ने अभ्यास | • स्थानीय स्तरमा भएका स्थानीय प्रविधि अवलोकन गराउने र उपयोग गर्ने तरिका छलफल गरी वर्णन गर्न लगाउने<br>• स्थानीय स्तरमा रहेका स्थानीय प्रविधिको संरक्षण गर्ने उपायहरू छलफल गरी सूची निर्माण गर्न लगाउने<br>• स्थानीय नमुना घरेलु सामान प्रदर्शन गरी कुन कुन सामान के केबाट बनाएको हो, छलफल गराई वर्गीकरण गर्न लगाउने, बाँस, निगालो, काठ, पराल, छ्वाली, धागो, सालका पात आदि घरेलु सामान निर्माणका लागि कच्चा पदार्थ वा स्रोत हुन् भनी स्पष्ट पार्ने<br>• स्थानीय घरेलु सामान निर्माणका लागि स्थानीय स्रोत वा कच्चा पदार्य स्थानीय स्तरमा कस्तो अवस्थामा छन् ? अवलोकन अध्ययन गरी प्रतिवेदन तयार गर्न लगाउने र कक्षामा प्रस्तुत गराउने<br>• स्थानीय घरेलु सामान निर्माण्का लागि स्थानीय कच्चा पदार्थको महत्त्व छलफल गरी सूची तयार गराउने<br>• डोको बुन्ने व्यक्तिलाई स्रोत व्यक्तिका रूपमा कक्षामा आमन्त्रण गर्ने र डोको बुन्ने तरिका अवलोकन र सामान्य अभ्यास गराउने | • स्थानीय स्तरमा पाइने स्थानीय प्रविधिको संरक्षण किन गर्नुपर्छ ? वर्णन गर्नुहोस् ।<br>• स्थानीय स्तरमा पाइने घरेलु सामान र तिनका कच्चा पदार्थको सूची निर्माण गर्नुहोस् ।<br>• स्थानीय स्तरमा पाइने घरेलु सामान निर्माणका लागि आवश्यक कच्चा पदार्थको महत्त्व वर्णन गर्नुहोस् ।<br>• डोको बनाउने तरीका उल्लेख गर्नुहोस् । |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन |
|---|---|---|---|---|
| ५. कृषि, पशुपन्छी र माछा पालन | ५.१ गाउँपालिकाभित्र उत्पादन हुने अन्नहरूको उन्नत बिउबिजनको पहिचान, छनोट र भण्डारण कार्यको उल्लेख गर्न<br>५.२ तरकारी बालीमा लाग्ने रोग पहिचान गरी उपचार विधि उल्लेख गर्न<br>५.३ गाउँपालिकाभित्र व्यावसायिक फलफूल खेतीको अवस्था अध्ययन गरी प्रतिवेदन तयार गर्न<br>५.४ माछा पालनको आवश्यकता र महTTव उल्लेख गर्न<br>५.५ स्थानीय स्तरमा पालिएका पशुपन्छीको रोग पहिचान : गरी उपचार विधि उल्लेख गर्न | ५.१ गाउँपालिकाभित्र उत्पादन हुने अन्नहरूको उन्नत बिउबिजनको पहिचान, छनोट र भण्डारण : धान, मकै, गहुँ, तोरी फापर, कोदो.....<br>५.२ तरकारी बालीमा लाग्ने रोग र उपचार : लाई, गोब्रे......<br>५.३ गाउँपालिकाभित्र व्यावसायिक फलफूल खेतीको अवस्था : परम्परागत, उन्नत<br>५.४ माछा पालनको आवश्यकता र महत्त्व<br>५.५ स्थानीय स्तरमा पालिएका पशुपन्छीको रोग पहिचान र उपचार : खोरेत, जरो, अरुची, किर्ना, लुतो... | • विद्यार्थीहरूको पूर्वअनुभवलाई आधार बनाई अर्को वर्षका लागि तपाइँको परिवारले अन्नका बिउको छनोट कसरी गर्नुहुन्छ ? के तपाइँलाई थाहा छ ? भन्दै छलफल अगाडि बढाउने, विद्यार्थीहरूको अनुभवसँग जोड्दै धान, मकै, गहुँ, कोदो, फापर, बालीबाट बिउ छनोट गर्ने तरिका बताउने<br>• छनोट गरिएको बिउबिजनलाई घुन पुतली, किरा नलाग्ने गरी सुरक्षित तरिकाबाट राख्ने उपायहरू छलफल गर्ने<br>• उन्नत बिउबिजन बजारबाट किन्दा सक्कली हो वा नक्कली हो ? किरा लागेको छ कि ? मक्केको छ कि ? स्थानीय हावापानीमा लाग्छ लाग्दैन एकिन गर्न परीक्षण गरेर किन्ने कुरा स्पष्ट पार्ने<br>• नजिकको तरकारी बारीको अवलोकन गराई तरकारीबालीमा के रोग लागेको छ, पहिचान गराउने र लाग्न सक्ने रोगहरूको पूर्वअनुमान गराउने<br>• स्थानीय स्तरमा पाइने तितेपाती, असुरो, बनमारा, खिर्रो विद्यार्थीलाई नै सङ्कलन गर्न लगाउने, गाई, भैँसीको गोबर गहुँतसहित मिलाएर एक हप्तासम्म ड्रममा राखी कुहाउने र त्यसलाई जैविक मल औषधीको रूपमा तरकारीमा छर्न सहभागी गराउने<br>• रासायनिक विषादीको प्रयोग गर्दा हुने असर र जैविक औषधीको प्रयोग गर्दा हुने फाइदा प्रस्ट पार्ने<br>• छलफलका माध्यमबाट व्यावसायिक फलफूल खेती भनेको के हो प्रस्ट बनाउने<br>• विद्यार्थीलाई नजिकको व्यावसायिक फलफूल खेतीको अवलोन गराउने र व्यावसायिक फलफूल खेती गर्ने तरिका छलफल गराउने<br>• फलफूल व्यावसायिक एवम् विशेषज्ञलाई विद्यालयमा आमन्त्रण गरी फलफूल व्यावसाय गर्ने तरिका र फाइदा बताउन लगाउने<br>• सम्भव भएसम्म माछा पालन स्थल अवलोकन गराउने र माछा पालन गर्दा हुने फाइदा स्पष्ट पार्ने<br>• विद्यार्थीको पूर्वअनुभवमा आधारित भई स्थानीय स्तरमा पालिएका पशुपन्छीमा लाग्ने रोग र रोगका लक्षण छलफल गराउने र सूची तयार गर्ने<br>• तयार गरिएका सूचीअनुसार ती रोगका उपचार कसरी गरिन्छ, छलफल गराउने र उपचार विधिहरू सूची बनाउने<br>• स्थानीय पशु चिकित्सकलाई विद्यालयमा आमन्त्रण गर्ने र पशुपन्छीमा लाग्ने रोगका लक्षण साथै उपचार विधि जानकारी दिन लगाउने | • तपाइँको परिवारले अन्नका उन्नत बिउबिजन कसरी छनोट गर्नुहुन्छ ? उल्लेख गर्नुहोस् ।<br>• उन्नत बिउबिजन किन्दा कस्ता कस्ता कुरामा ध्यान दिनुपर्छ ? उल्लेख गर्नुहोस् :<br>• तरकारी बालीमा लाग्ने रोगहरूको सूची तयार गर्नुहोस् ।<br>• जैविक विषादी बनाउने तरिका उल्लेख गर्नुहोस् ।<br>• माछा पालनको आवश्यकता र महत्त्व वर्णन गर्नुहोस् ।<br>• घरपालुवा पशुपन्छीमा लाग्ने रोगहरूको सूची बनाउनुहोस् र कुनै एकको उपचार विधि लेख्नुहोस् । |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन |
|---|---|---|---|---|
| ६. पेसा व्यवसाय | ६.१ स्थानीय आवश्यकतामा आधारित पेसा व्यवसाय छनोट गर्ने सिपको आवश्यकता वर्णन गर्न<br>६.२ . हाउस वाइरिङ, प्लम्बिङ, स्टोरिङ तथा स्थानीय रूपमा उपलब्ध हुने फलफूल तरकारी बहुउपयोगको महत्व वर्णन गरी प्रयोग गर्न | ६.१ स्थानीय आवश्यकतामा आधारित पेसा व्यवसाय छनोट गर्ने सिप<br>६.२ . हाउस वाइरिङ, प्लम्बिङ, स्टोरिङ तथा स्थानीय रूपमा उपलबध हुने फलफूल तरकारी बहुउपयोगको महत्व र प्रयोग | • पेसा व्यवसाय कार्यस्थलमा अवलोकन अध्ययन गराई ती पेसा व्यवसायले स्थानीय आवश्यकता कसरी पूरा गर्न सकिन्छ छलफल गराउने ।<br>• स्थानीय आवश्यकता पूरा गराउन कुन कुन सिपको विकास कसरी गर्न सकिन्छ छलफल गर्ने<br>• . हाउस वाइरिङ, प्लम्बिङ, स्टोरिङ तथा स्थानीय रूपमा उपलबध हुने फलफूल तरकारी खेती एवम् प्रशोधन जस्ता सिपको अभ्यास गराउने र महत्व वर्णन गर्न र प्रयोग गर्न लगाउने | • स्थानीय आवश्यकतामा आधारित सिप छनोट किन आवश्यक छ ?<br>• घट्टको उपयोग कसरी गरिन्छ ?<br>• हाउस वाइरिङ गर्ने तरिका उल्लेख गर्नुहोस् । |
| ७. जडीबुटी | ७.१ स्थानीय जडीबुटी प्रयोग गरी उपचार गर्ने विधिहरू उल्लेख गर्न | ७.१ स्थानीय जडीबुटी प्रयोग गरी उपचार गर्ने विधिहरू : जरो, रुखाखोकी, घाउचोट,भाँचिएको, मर्केको | • सामान्य रुघाखोकी, लाग्दा, घाँटी दुख्दा, सामान्य घाउचोट लाग्दा, पेट ढाढिँदा घरमै कुनै जडीबुटी प्रयोग गरी उपचार गर्नुभएको थियो भन्दै विद्यार्थीको अनुभवलाई आधार बनाई छलफल गराउने र सामान्य उपचारमा जडीबुटीको प्रयोग बताउने<br>• विद्यार्थीहरूको समूह निर्माण गर्ने, स्थानीय स्तरमा पाइने जडीबुटीबाट कस्ता कस्ता रोगमा कसरी उपचार गरिन्छ स्थानीय जानेबुझेका व्यक्ति वा स्थानीय वैद्यसँग सोधखोज गरी जडीबुटी र रोग उपचार विधिको समूहमा रिपोर्ट तयार गर्न लगाउने | • तपाईंलाई सामान्य रुघाखोकी, घाउचोट लाग्दा कुन जडीबुटी प्रयोग गर्नुभयो उल्लेख गर्नुहोस् ।<br>• स्थानीय जडीबुटी विशेषज्ञसँग सोधपुछ गरी सामान्य रोग उपचार विधिमा स्थानीय जडीबुटी कसरी प्रयोग गर्ने र त्यसको असर कस्तो हुन्छ सोधपुछ गरी प्रतिवेदन तयार गर्नुहोस् । |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन |
|---|---|---|---|---|
| ८. हाम्रा धार्मिक र पर्यटकीय स्थल | ८.१ गाउँपालिकाभित्र रहेका पर्यटकीय स्थलहरूको अवलोकन गरी उपयोगिता वर्णन गर्न | ८.१ गाउँपालिकाभित्र रहेका पर्यटकीय स्थलहरूको अवलोकन र उपयोगिता : सुनकोशीमा रहेका पदमार्ग, होटल, होम स्टे, ऱ्याफ्टिङ, डाँडाकाँडा, ऐतिहासिक स्थल, मठ मन्दिर, गुम्बा, चर्च | • स्थानीय स्तरमा भएका एक एकओटा पर्यावरणीय र सांस्कृतिक पर्यटकीय स्थलहरू अवलोकन गराउने र आफ्नो गाउँको चिनारी गराउने, साथै आम्दानीको स्रोतका हिसाबले पर्यटकीय स्थलको महत्त्व छलफल गराउने, छलफलबाट आएको निष्कर्षलाई बुँदागत टिपोट गराउने<br>• पर्यटन व्यवसाय र आम्दानीको स्रोतको सम्बन्ध छलफल गराउने र आम्दानीका हिसाबले स्थानीय पर्यटन स्थलको महत्त्व स्पष्ट गराउने<br>• स्थानीय स्तरका पर्यटन स्थलको महत्त्व बढाउन हाम्रो भूमिका के के हुन सक्छ छलफल गराउने र छलफलबाट निस्केको निष्कर्ष प्रस्तुत गराउने | • सुनकोशी गाउँपालिकाभित्रका र स्थानीय स्तरका पर्यटन स्थलको महत्त्व विवेचना गर्नुहोस् ।<br>• स्थानीय स्तरका पर्यटन व्यवसाय विकासमा तपाईंको भूमिका उल्लेख गर्नुहोस् । |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन |
|---|---|---|---|---|
| ९. विपत् व्यवस्थापन | ९.१. विपत् सामनाको पूर्व तयारीको अभ्यास गर्न<br>९.२. विपत् जोखिमको नक्सांकन गर्न<br>९.३ स्थानीय स्तरका विपत् जोखिमका क्षेत्रहरूको अध्ययन गरी प्रतिवेदन तयार गर्न<br>९.४ पुनर्लाभ, पुनर्निर्माणमा विद्यालय, सङ्घसंस्थाहरू, गाउँ/नगरको भूमिका उल्लेख गर्न | ९.१. विपत् सामनाको पूर्व तयारी<br>९.२. विपत् जोखिमको नक्सांकन<br>९.३ विपत् जोखिमका क्षेत्रहरूको पहिचान<br>९.४ पुनर्लाभ, पुनर्निर्माणमा विद्यालय, संघसंस्थाहरू, गाउँ/नगरको भूमिका | • विपत्का अवस्था परिचय गराउँदै विपत् आउनुभन्दा पहिला हाम्रा स्थानीय तयारी के के छन् भनी प्रश्न गर्ने विद्यार्थीबाट आएका उत्तरको आधारमा विपत् सामनाको पूर्व तयारी अभ्यास गर्न<br>• आफ्नो पालिकाभित्र जोखिम हुन सक्ने स्थानको नक्साङ्कनको अभ्यास गराउने<br>• विपत् पछिको पुनर्निर्माणमा कसरी गर्न सकिन्छ विद्यार्थीको समूह बनाई छलफल गराउने । छलफलका आधारमा समूहगत बुँदा टिपोट गर्न लगाई प्रस्तुत गर्न लगागाउने<br>• नजिकैको बाढी पहिरो अवलोकन गराई पुनर्निर्माण कसरी गर्न सकिन्छ छलफल गराउने<br>• गाउँपलिका प्रतिनिधिलाई स्रोतव्यक्तिका आमन्त्रण गरी रूपमा विपत्पछिको पुनर्निर्माणमा गाउँपलिकाको योजना के के छ, प्रस्तुत गराउने | • कुनै दुईओटा विपत् सामनाको पूर्व तयारी अभ्यास गर्ने तरिका उल्लेख गर्नुहोस् ।<br>• तपाईंको गाउँपालिकाभित्र जोखिमका स्थानहरूको सूची बनाउनुहोस् ।<br>• आगलागी भएपश्चात पुनर्निर्माण के कसरी गर्न सकिन्छ एउटा योजना बनाउनुहोस् ।<br>• गाउँपलिकाको कार्यलय जानुहोस् र विपत् पछिको पुनर्निर्माणमा गाउँपालिकाको योजना के के छ, अध्ययन गरी प्रतिवेदन तयार गर्नुहोस् । |

## ५. विषयवस्तुको विस्तृतीकरण तथा सिकाइ सहजीकरण प्रक्रिया

**कक्षा ७**

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन |
|---|---|---|---|---|
| १.सुनकोशीको परिचय | १.१.१ गाउँपालिकाको भौगोलिक अवस्था : अक्षांश देशान्तर छुट्याई वर्णन गर्न<br>१.२ गाउँपालिकाको नक्सा निर्माण गरी सङ्केतीकरण गर्न<br>१.३ गाउँपालिकाको क्षेत्रफल उल्लेख गरी वर्णन गर्न<br>१.४ स्थानीय बालक्लब र सहकारीको शासकीय स्वरूप उल्लेख गर्न<br>१.५ गाउँपालिकाभित्रका ऐतिहासिक व्यक्ति तथा व्यक्तित्वको परिचय दिन<br>१.५ गाउँपालिकाभित्रका सडक सञ्जालको अवस्था वर्णन गर्न | १.१.१ गाउँपालिकाको भौगोलिक अवस्था : अक्षांश देशान्तर<br>१.२ गाउँपालिकाको नक्सा निर्माण र सङ्केतीकरण : बनजङ्गल, वस्ती, खोला, स्कुल, बाटो,<br>१.३ गाउँपालिकाको क्षेत्रफल<br>१.४ शासकीय स्वरूप : बालक्लब, सहकारी<br>१.५ गाउँपालिकाभित्रका ऐतिहासिक व्यक्ति तथा व्यक्तित्व<br>१.५ गाउँपालिकाभित्रका सडक सञ्जाल : खाडीचौरबाट थुम्पाखर बाह्रकिलो, सुकुटे भन्ज्याङ सुनखानी, सयले मिलडाँडा, सयले यामुना डाँडा, सुनखानी...... | • अक्षांश र देशान्तरको परिभाषा दिने र सुनकोशी गाउँपालिकाको अक्षांश र देशाान्तर पत्ता लगाउने अभ्सास गराउने<br>• समूहगत रूपमा सुनकोशी गाउँपालिकाको नक्सा पुरै अध्ययन गर्न लगाई नदी, वनजङ्गल, बस्ती, विद्यालय, बाटो पहिचान गरी टिपोट गराउने<br>• चार्टपेपरमा नक्सा ट्रेस गराउने र सिमाना उल्लेख गराउने साथै नदी, वनजङ्गल, बस्ती, विद्यालय, बाटो नक्सामा सङ्केतीकरण गर्न लगाउने<br>• समूहगत रूपमा तयार भएको नक्सा कक्षामा प्रस्तुत गराउने,<br>• गाउँपालिकाको क्षेत्रफल पत्ता लगाउने अभ्यास गराउने<br>• विद्यालयमा बालक्लब गठन गरिएको छ भने कसरी गठन भयो, पदाधिकारी को को छन्, परिचित गराउने । बालक्लब गठन भएको छैन भने विद्यार्थीको सहभागितामा बालक्लब गठन गरी शासकीय स्वरूप स्पष्ट बनाउने । यसै गरी सहकारीको शासकीय स्वरूप पत्ता लगाउन परियोजना कार्य दिने र प्रस्तुति गराउने<br>• उदाहरणका रूपमा राष्ट्रिय स्तरका ऐतिहासिक व्यक्तित्वको परिचय दिँदै सुनकोशी गाउँपालिकाभरिका ऐतिहासिक व्यक्तिको खोज अध्ययन गर्ने र छलफल परियोजनाका माध्यमबाट ती व्यक्तिका योगदान पत्ता लगाउने<br>• सुनकोशी गाउँपालिकाको नक्सा प्रदर्शन गर्ने । कुन स्थानदेखि कुन स्थानसम्म सडक विस्तार भएका छन् प्रश्नोत्तर छलफल गर्ने र सडकको सूची तयार गर्ने<br>• सडक संरक्षण र विकासमा हाम्रो भूमिका के के हुन सक्छ, समूहगत छलफल गराउने र बुँदागत रूपमा लेख्न लगाई प्रस्तुति गराउने<br>• आफ्नो वडामा भएका सडकको अवस्था अवलोकन गर्न लगाई प्रतिवेदन लेख्न परियोजना कार्य दिने | • तपाईंको गाउँपालिकाको अक्षांश र देशान्तर उल्लेख गर्नुहोस् :<br>• व्यक्तिगत रूपमा सुनकोशी गाउँपालिकाको नक्सा तयार गरी नदी, वनजङ्गल, बस्ती, विद्यालय, बाटो नक्सामा सङ्केतीकरण गर्नुहोस् ।<br>• तपाईंको गाउँपालिकामा रहेका दुईजना ऐतिहासिक व्यक्तिको परिचय दिनुहोस् ।<br>• तपाईंको पालिकाकामा भएका मुख्य मुख्य सडकहरूको नाम सूची बनाउनुहोस् । |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन |
|---|---|---|---|---|
| २.हाम्रो संस्कृति र संस्कार | २.१ आफ्नो समुदायका जातजातिका संस्कारअनुसार जन्म, न्वारन, विवाह र मृत्यु अन्त्येष्टि, गर्ने चलनको अध्ययन गरी वर्णन गर्न<br>२.२ स्थानीय पर्व स्थानीय जात्रा मनाउने विधि र महत्त्व वर्णन गर्न<br>२.३ तामाङ् सेलो, रत्यौली गीत, रोपाइँ गीत, लाखे नाच, झ्याँक्री, लामा नृत्यको पहिचान पहिचान गरी महत्त्व उल्लेख गर्न साथै संरक्षण संरक्षण कार्यमा सहभागिता जनाउन | २.१ आफ्नो समुदायका जातजातिका संस्कारअनुसार जन्म, न्वारन, विवाह र मृत्यु अन्त्येष्टि, गर्ने चलनको अध्ययन :<br>२.२ स्थानीय पर्व स्थानीय जात्रा मनाउने विधि र महत्त्व<br>२.३ तामाङ् सेलो, रत्यौली गीत, रोपाइँ गीत, लाखे नाच, झ्याँक्री, लामा नृत्यको पहिचान, महत्त्व, संरक्षण र सहभागिता | • स्थानीय संस्कृति तथा परम्पराअनुसार स्थानीय जातिहरूले मृत्यु अन्त्येष्टि तथा काजक्रिया कसरी सम्पन्न गर्छन् विद्यार्थीको पूर्वअनुभवको आधारमा छलफल गराउने र विद्यार्थीको अनुभव अभिव्यक्त गर्ने अवसर दिने<br>• विद्यार्थीको समूह निर्माण गरी विभिन्न जातजातिको अन्त्येष्टि तथा काजक्रिया गर्ने तरिका अध्ययन गरी प्रतिवेदन तयार गर्ने र कक्षामा प्रस्तुत गर्ने गरी परियोजना कार्य गराउने<br>• विद्यार्थीको पूर्वअनुभवको आधारमा स्थानीय पर्व न्वागी, गासा, कुल पूजा, संसारी पूजा स्थानीय जात्रा आदि मनाउने विधि छलफल गर्ने र अध्ययन प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्न परियोजना कार्य दिने<br>• तामाङ् सेलो, रत्यौली गीत, रोपाइँ गीत, लाखे नाच, झ्याँक्री, लामा नृत्यको अभ्यास गराउने र संरक्षणका उपाय छलफल गराउने साथै समुदायमा हुने यस्ता कार्यक्रममा सहभागी हुन अभिप्रेरित गर्ने | • स्थानीय कुनै जातिको काजक्रिया,घेवा विधि क्रमबद्ध उल्लेख गर्नुहोस् ।<br>• स्थानीय कुल पूजा, न्वागी र गासा पर्व कसरी मनाइन्छ ? वर्णन गर्नुहोस् ।<br>• एउटा स्थानीय गीत लेख्नुहोस् र गाएर सुनाउनुहोस् । |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन |
|---|---|---|---|---|
| ३. हाम्रा प्राकृतिक र मानव निर्मित सम्पदा | ३.१ आफ्नो गाउँपालिकाभित्र रहेका वन्यजन्तु सम्पदाको पहिचान गरी महत्त्व वर्णन गर्न साथै संरक्षण र संवर्धनमा सहभागिता जनाउन<br>३.२, स्थानीय स्तरका पुल, नहर, खेल मैदान, पार्क जस्ता सम्पदाको सूची बनाई महत्त्व दर्साउन साथै उपयोग र संरक्षणमा सहभागिता जनाउन | ३.१ आफ्नो गाउँपालिकाभित्र रहेका वन्यजन्तु सम्पदाको पहिचान, महत्व, संरक्षण र संवर्धनमा सहभागिता : बाघ, चितुवा, बाँदर, स्याल, मृग, बँदेल, कालिज, तित्रा...<br>३.२, स्थानीय स्तरका पूल, नहर, खेल मैदान, पार्क जस्ता सम्पदाको सूची, महत्त्व, उपयोग र संरक्षणमा सहभागिता | • हाम्रो स्थानीय वनजङ्गलमा कुन कुन प्रजातिका वन्यजन्तु छन् विद्यार्थीको अनुभभवमा आधारित भई छलफल गराउने, वन्यजन्तु हाम्रो साझा सम्पत्ति हो, प्रकृतिक सम्पत्ति तिनीहरूको संरक्षण गर्नुपर्छ भन्ने धारणाको विकास गराउने र स्थानीय स्तरमा पाइने वन्यजन्तुको सूची तयार गर्ने<br>• वन्यजन्तु संरक्षणको हालको अवस्था छलफल गर्ने, बढ्दो जनसङ्ख्या बासस्थान, घट्दो आहारा, चोरी सिकारीका कारण वन्यजन्तु जोखिममा पर्दै गएका कुरा स्पष्ट पार्ने<br>• वन्यजन्तु संरक्षणमा हाम्रो भूमिका के हुन सक्छ ? छलफल गराउने, संरक्षणका उपाय र हाम्रो भूमिका के के हुन सक्छ, सूची तयार गर्ने | • तपाईंको स्थानीय वनजङ्गलमा कुन कुन प्रजातिका जीवजनावर पाइन्छन् ? सूची बनाउनुहोस् ।<br>• वन्यजन्तु संरक्षणको हालको अवस्था कस्तो छ ? विश्लेषण गर्नुहोस् ।<br>• स्थानीय स्तरका वन्यजन्तु संरक्षणमा स्थानीय भूमिका के हुन सक्छ ? उल्लेख गर्नुहोस् । |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन |
|---|---|---|---|---|
| ४.स्थानीय प्रविधि र घरेलु उद्योग | ४.१ स्थानीय उद्योग विकासका लागि स्थानीय अभ्यास अध्ययन गरी प्रतिवेदन तयार गर्न<br>४.२ स्थानीय उद्योग विकासका लागि गाउँ पालिकाको भूमिका एवम् योजना अध्ययन गरी उल्लेख गर्न<br>४.३ मुढा बुन्ने अभ्यास गर्न | ४.१ स्थानीय उद्योग विकासका लागि स्थानीय अभ्यास<br>४.२ स्थानीय उद्योग विकासका लागि गाउँपालिकाको भूमिका एवम् योजना<br>४.३ मुढा बुन्ने अभ्यास | • आफ्नो वडा एवम् गाउँपालिकाभित्र सञ्चालनमा रहेका घरेलु उद्योग अवलकन गराउने स्थानीय उद्योग विकासका लागि स्थानीय अभ्यास के कस्तो छ, छलफल गराउने<br>• जनप्रतिनिधिलाई विद्यालयमा आमन्त्रण गर्ने र स्थानीय उद्योग विकासका लागि गाउँपालिकाको भूमिका एवम् योजना के के छ र के के गर्दै आइरहेको छ, छलफल गराउने सो आधारमा विद्यार्थीलाई प्रतिवेदन तयार गर्न लगाउने | • स्थानीय उद्योग विकासका लागि स्थानीय अभ्यास के कस्तो छ वर्णन गर्नुहोस् ।<br>• स्थानीय उद्योग विकासका लागि गाउँपालिकाको भूमिका एवम् योजना अध्ययन गरी प्रतिवेदन तयार गर्नुहोस् । |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन |
|---|---|---|---|---|
| ५. कृषि, पशुपन्छी र माछा पालन | ५.१ अन्न खेती गर्ने तरिका वर्णन गर्न र सहभागिता जनाउन<br>५.२ गाउँपालिकाभित्र फल्ने कन्दमूलको पहिचान गरी महत्व वर्णन गर्न साथै खेती गर्ने तरिकामा सहभागिता हुन<br>५.३ व्यावसायिक तरकारी खेतीको आवश्यकता, महत्व वर्णन गर्न साथै सहभागिता हुन<br>५.४ व्यावसायिक फलफूल खेतीको आवश्यकता महत्व वर्णन गर्न साथै सहभागिता हुन<br>५.५ व्यावसायिक बाखा पालनको आवश्यकता महत्व वर्णन गर्न र बजारको अध्ययन गरी प्रतिवेदन तयार गर्न | ५.१ अन्न खेती गर्ने तरिका र सहभागिता : धान, मकै, गहुँ, फापर, कोदो.....<br>५.२ गाउँपालिकाभित्र फल्ने कन्दमूलको पहिचान, महत्व र खेती गर्ने : तरिकामा सहभागिता : सखरखण्ड, तरुल...<br>५.३ व्यावसायिक तरकारी खेतीको आवश्यकता, महत्व र सहभागिता : गोलभैँडा, काउली, बन्दा, च्याउ....<br>५.४ व्यावसायिक फलफूल खेतीको आवश्यकता, महत्व र सहभागिता : मेवा, कटहर, लिची, एभोकाडो.....<br>५.५ व्यावसायिक बाखा पालनको आवश्यकता महत्व र बजार | • स्थानीय अन्न तथा कन्दमूलको उन्नत व्यावसायिक खेती गर्दा हुने फाइदाहरू छलफल गर्न लगाउने र फाइदाहरूको सूची तयार गराउने<br>• कन्दमूलको परिचय गराई व्यावसायिक अन्न तथा कन्दमूल खेतीका लागि आवश्यक पूर्वाधार तयारीका विषयमा छलफल गराउने जस्तै कृषकलाई प्रोत्साहन, बजार अध्ययन, उपयुक्त जग्गा छनोट, व्यावसायिक तालिम, मल र उन्नत बिउको व्यवस्था, सिँचाइको व्यवस्था<br>• व्यावसायिक अन्न तथा कन्दमूल खेती गर्ने कृषकलाई स्रोत व्यक्तिका रूपमा आमन्त्रण गर्ने र व्यावसायिक अन्न तथा कन्दमूल खेती गर्ने तरिका र व्यावसायिक खेती गरी आम्दानी वृद्धि गर्ने उपायहरू बताउन लगाउने<br>• स्थानीय स्तरमा व्यावसायिक तरकारी खेती गर्न नर्सरी तथा ब्याडमा तरकारीका बेर्ना तयार गरेको विद्यार्थीले देखेको र अनुभव गरेको आधारमा छलफल गराउने र नर्सरी तथा ब्याड तयार गर्ने विधिहरूको सूची तयार गर्ने<br>• विद्यार्थीहरूको समूह निर्माण गराउने र स्थानीय स्तरमा व्यावसायिक तरकारी खेती गरेको अवलोकन अध्ययन गरी प्रतिवेदन तयार गर्ने र कक्षामा प्रस्तुत गर्ने गरी परियोजना कार्य दिने<br>• स्थानीय स्तरमा व्यावसायिक तरकारी खेती गर्ने उपायहरू समूहगत छलफल गर्न लगाउने र सूची निर्माण गरी कक्षामा प्रस्तुत गर्न लगाउने<br>• स्थानीय फलफूल व्यावसायिक विज्ञलाई स्रोत व्यक्तिका रूपमा आमन्त्रण गर्ने र फलफूलको नर्सरी व्यवस्थापनसम्बन्धी कक्षा सञ्चालन गर्ने साथै विज्ञ सँगसँगै विद्यार्थीहरूलाई नर्सरी निर्माण गर्न लगाउने<br>• फलफूलको बेर्ना तयार गर्ने विधि प्रदर्शन गर्ने र सोही अनुरूप समय समयमा विद्यार्थीलाई प्रयोगात्मक अभ्यास गराउने साथै व्यावसायिक फलफूल खेती गर्ने उपाय छलफल गर्न लगाउने<br>• फलफूल व्यावसायिक विज्ञद्वारा कलमी गर्ने तरिका प्रदर्शन गराउने र विद्यार्थीलाई सँगै गर्न अभ्यास गराउने<br>• स्थानीय पशु तथा पन्छी व्यावसायिक तथा विज्ञलाई स्रोत व्यक्तिका रूपमा आमन्त्रण गर्ने र कक्षा सञ्चालनद्वारा व्यावसायिक बाखापालनको महत्व बताउन लगाउने साथै नस्लसुधार गर्ने तरिका उल्लेख गर्न लगाउने<br>• व्यावसायिक बाखा पालन गर्ने तरिका सिकाउन स्थानीय व्यावसायिक पशुपन्छी पालन कृषकको फर्ममा अवलोकन गर्न लैजाने । कृषकसँग छलफल भएका र विद्यार्थीले देखिएका कुरा टिपोट गर्न लगाउने<br>• विद्यार्थीको समूह निर्माण गर्ने र व्यावसायिक बाखा पालनका लागि आवश्यक स्रोत साधन पहिचान गरी प्रतिवेदन तयार साथै कक्षामा प्रस्तुत गर्ने गरी परियोजना कार्य दिने | • स्थानीय अन्न तथा कन्दमूलको व्यावसायिक खेतीबाट हुने फाइदाहरू उल्लेख गर्नुहोस् ।<br>• व्यावसायिक अन्न तथा कन्दमूल खेतीका लागि आवश्यक पूर्वतयारी गर्दा के कस्ता कुरामा ध्यान दिनुपर्छ ?<br>• व्यावसायिक अन्न तथा कन्दमूल खेती गरी आम्दानी वृद्धि गर्ने उपायहरू वर्णन गर्नुहोस् ।<br>• व्यावसायिक तरकारी खेती गर्न नर्सरी तथा ब्याड तयार गर्ने तरिका उल्लेख गर्नुहोस् ।<br>• स्थानीय स्तरमा तरकारी खेती गर्न ध्यान दिनुपर्ने कुराहरू के के हुन् लेख्नुहोस् ।<br>• स्थानीय स्तरमा फलफूल खेतीका लागि नर्सरी तयार गर्ने विधि उल्लेख गर्नुहोस् ।<br>• स्थानीय स्तरका फलफूलका बिरुवामा कलमी गरेर देखाउनुहोस् ।<br>• पशुपन्छीको नस्लसुधार गर्ने तरिका उल्लेख गर्नुहोस् ।<br>• व्यावसायिक बाखा पालन गर्ने तरिका वर्णन गर्नुहोस् । |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन |
|---|---|---|---|---|
| ६. पेसा व्यवसाय | ६.१ हाउस वाइरिङ र प्लम्बिङ् गर्ने तरिकाको अभ्यास गर्न<br>६.२ अचार, जाम, पाक कला, तरकारी खेतीको अभ्यास गर्न<br>६.३ पुष्प खेतीको आवश्यकताको वर्णन गरी अभ्यास गर्न | ६.१ हाउस वाइरिङ र प्लम्बिङ गर्ने तरिकाको अभ्यास<br>६.२ अचार, जाम, पाक कला, तरकारी खेतीको अभ्यास<br>६.३ पुष्प खेतीको आवश्यकता र अभ्यास | • हाउस वाइरिङ र प्लम्बिङ गर्ने तरिकाका लागि सो सँग सम्बन्धित स्थानीय विज्ञलाई विद्यालयमा आमन्त्रण गर्ने र विद्यार्थीहरूलाई अभ्यास गराउने<br>• विद्यालय हाताभित्र तरकारी खेती गर्ने अभ्यास गराउने<br>• पाक कलासँग सम्बन्धित विशेषज्ञलाई विद्यालयमा आमन्त्रण गराउने र पाक कलाको अभ्यास गराउने<br>• विद्यालयमा पुष्प बगैँचा निर्माण गरी रोप्ने, गोडमेल, मलजल गर्ने कार्यमा सहभागी गराउने र पुष्प खेतीको महत्त्व र फाइदा छलफल गरी निष्कर्ष निकाल्ने | • हाउस वाइरिङ गर्ने तरिका वर्णन गर्नुहोस् :<br>• तरकारी खेती, अचार, जाम, पाक कला, तरकारी खेतीको परिचय दिनुहोस् र फाइदाको सूची बनाउनुहोस् ।<br>• पुष्प खेतीको महत्त्व वर्णन गर्नुहोस् । |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन |
|---|---|---|---|---|
| ७. जडीबुटी | ७.१स्थानीय स्तरमा पाइने जडीबुटीको व्यावसायिक खेती गर्ने तरिका : अध्ययन गरी प्रतिवेदन तयार गर्न | ७.१ स्थानीय स्तरमा पाइने जडीबुटीको व्यावसायिक खेती गर्ने तरिका : कुरिलो, बेसार, अदुवा..... | • स्थानीय स्तरमा पाइने जडीबुटीको व्यावसायिक खेती गर्न सक्दा हुने फाइदा छलफल गराउने, व्यावसायिक जडीबुटी खेती गर्न बिउ छनोट, उपयुक्त जग्गा छनोट, माटोको उपचार, कृषि प्रविधिको प्रयोग, उन्नत बिउको छनोट, जैविक मल तथा विषादीको प्रयोग, बजारको अध्ययन जस्ता विषयमा छलफल गराउने र व्यावसायिक जडीबुटी खेतीबाट मनग्य आम्दानी गर्न सकिने धारणा अवगत गराउने<br>• स्थानीय स्तरमा उन्नत जडीबुटी खेती गर्न गर्नुपर्ने पूर्वतयारी उपयुक्त जग्गा छनोट, माटोको उपचार, कृषि प्रविधिको प्रयोग, उन्नत बिउको छनोट, जैविक मल तथा विषादीको प्रयोग, बजारको अध्ययन विषयमा छलफल गर्ने र निष्कर्ष निकाल्ने<br>• विद्यालयको हाता नजिक जग्गा व्यवस्थापन गरी उन्नत तरिकाबाट स्थानीय जडीबुटी खेती नमुनाको रूपमा विद्यार्थीको सहभागितामा गराउने | • स्थानीय स्तरमा व्यावसायिक तरिकाबाट जडीबुटी खेती गर्दा हुने फाइदाको विश्लेषण गर्नुहोस् ।<br>• व्यावसायिक जडीबुटी खेती गर्न आवश्यक पूर्व तयारी के के हुन सक्छन् ? उल्लेख गर्नुहोस् ।<br>• आफ्नो घर बगैंचामा स्थानीय कुनै दुई जडीबुटी लगाउनुहोस् र हुर्काउनुहोस् साथै आफ्नो शिक्षकलाई अवलोकन गराउनुहोस् । |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन |
|---|---|---|---|---|
| ८.हाम्रा धार्मिक र पर्यटकीय स्थल | ८.१ गाउँपालिकाभित्र रहेका पर्यटकीय स्थलहरूको संरक्षण र संवर्धनको योजना बनाउन र सहभागी हुन<br>८.२ पर्यटन पूर्वाधार विकास अध्ययन गरी प्रतिवेदन तयार गर्न | ८.१गाउँपालिकाभित्र रहेका पर्यटकीय स्थलहरूको संरक्षण र संवर्धन : पदमार्ग, होटल, होमस्टे, ऱ्याफ्टिङ, डाँडाकाँडा, ऐतिहासिक स्थल, मठ मन्दिर, गुम्बा, चर्च<br>८.२ पर्यटन पूर्वाधार विकास | • छलफलका माध्यमबाट सुनकोशी गाउँपालिकाभित्र रहेका पर्यटकीय स्थलहरूको सूची तयार गर्न लगाउने र कुनै एउटा पर्यटकीय स्थलको संरक्षण गर्नुपर्ने अवस्था अवलोकन अध्ययन गराउने<br>• विद्यार्थीहरूको समूह विभाजन गर्ने, स्थानीय स्तरमा भएका पर्यटकीय स्थलहरूको संरक्षण संवर्धन किन गर्नुपर्छ र संरक्षण गर्ने उपायहरू के के हुन सक्छन्, समूहगत छलफल गराई बुँदा टिपोट गराउने<br>• विद्यार्थीले तयार गरेका बुँदा टिपोटलाई कक्षामा प्रस्तुत गराउने र थप छलफल गरी निष्कर्ष निकाल्ने | • सुनकोशी गाउँपालिकाभित्र रहेका पर्यटकीय स्थलको सूची तयार गर्नुहोस् ।<br>• स्थानीय पर्यटकीय स्थल संरक्षण संवर्धन गर्ने उपायहरू के के हुन सक्छन् ? बुँदा टिपोट गर्नुहोस् ।<br>• स्थानीय पर्यटकीय स्थल संरक्षणमा तपाईंको भूमिका के हुन सक्छ ? उल्लेख गर्नुहोस् । |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन |
|---|---|---|---|---|
| ९. विपत् व्यवस्थापन | ९.१ पुनर्लाभ, पुनर्निर्माणमा विभिन्न निकायको भूमिका उल्लेख गर्न<br>९.२. विपत् व्यवस्थापनका सैद्धान्तिक तथा व्यावहारिक अवधारणा उल्लेख गर्न<br>९.३ सङ्कटासन्न क्षेत्र र समुदायको पहिचान गरी सजगताका उपाय उल्लेख गर्न | ९.१ पुनर्लाभ, पुनर्निर्माणमा विभिन्न निकायको भूमिका<br>९.२. विपत् व्यवस्थापनका सैद्धान्तिक तथा व्यावहारिक अवधारणा<br>९.३ सङ्कटासन्न क्षेत्र र समुदायको पहिचान | • विपत् पछिको पुननिर्माणमा कसरी गर्न सकिन्छ र कुन कुन निकायले कस्ता सहयोग गर्न सक्छन्, विद्यार्थीको समूह बनाई छलफल गराउने छलफलका आधारमा समूहगत बुँदा टिपोट गर्न लगाई प्रस्तुत गर्न लगागाउने<br>• २०७२ को भूकम्पपछिको पुनर्लाभका विषयमा छलफल गर्ने साथै नजिकैको बाढी पहिरो अवलोकन गराई पूननिर्माण कसले कसरी गर्न सकिन्छ छलफल गराउने<br>• विपत् व्यवस्थापनका सैद्धान्तिक तथा व्यावहारिक पक्षको छलफल गर्ने अध्ययन गराई प्रतिवेदन तयार गर्न लगाउने<br>• आफ्नो गउँपालिकामा रहेका सङ्कटासन्न क्षेत्र र समुदायको खोज गराउने र प्रतिवेदन तयार गरी प्रस्तुत गराउने | • गाउँपलिकाको कार्यलय जानुहोस् र विपत्पछिको पुननिर्माणमा गाउँपालिका र अन्य निकाएको योजना के के छ अध्ययन गरी प्रतिवेदन तयार गर्नुहोस् ।<br>• विपत् व्यवस्थापनका सैद्धान्तिक तथा व्यावहारिक पक्षको वर्णन गर्नुहोस् :<br>• आफ्नो गाउँपालिकाभित्र सङ्कटासन्न क्षेत्र र समुदायको खोज गरी प्रतिवेदन तयार गर्नुहोस् । |

## ५. विषयवस्तुको विस्तृतीकरण तथा सिकाइ सहजीकरण प्रक्रिया

**कक्षा ८**

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन |
|---|---|---|---|---|
| १. सुनकोशीको परिचय | १.१ विविध हिसाबले आफ्नो गाउँपालिकालाई चिनाउने भौगोलिक स्थान र तिनको महत्त्व उल्लेख गर्न<br>१.२ विद्यालय र गाउँपालिकाको शासकीय स्वरूप र कार्य वर्णन गर्न<br>१.३ गाउँपालिकाको जातिगत, लिङ्गगत, उमेरगत जनसङ्ख्या विश्लेषण गर्न<br>:१.४ आफ्नो गाउँपालिकाको पूर्वाधार विकास योजना पहिचान गरी उल्लेख गर्न | १.१ विविध हिसाबले आफ्नो गाउँपालिकालाई चिनाउने भौगोलिक स्थान र तिनको महत्त्व : सुनकोशी नदी, ठोकर्पा सामुदायिक वन अनुसन्धान केन्द्र, सुनकोशी जलविद्युत् आयोजना....<br>१.२ शासकीय स्वरूप र कार्य : विद्यालय, गाउँपालिका<br>१.३ गाउँपालिकाको जनसंख्या विश्लेषण : जातिगत, लिङ्गगत, उमेरगत<br>१.४ आफ्नो गाउँपालिकाको पूर्वाधार विकास योजना पहिचान | • सुनकोशी गाउँपालिकालाई चिनाउने महत्त्वपूर्ण स्थानहरू कुन कुन हुन सक्छन् ? विद्यार्थीहरूको अनुभवको आधारमा छलफल गराउने,<br>• गाउँपालिकाको भौगोलिक बनावट भएको नक्सा प्रदर्शन गरी छलफल गराउने,<br>• नक्सामा जङ्गल, खोला, पहाड, गुफा, ओढार आदि छुट्याउन र महत्त्व बताउन लगाउने,<br>• सुनकोशी गाउँपालिकाको भूगोलमा बस्ने जातिगत, लिङ्गगत जनसङ्ख्याको अवस्था छलफल गराउने र विश्लेषण गर्न लगाउने<br>• विद्यालयको शासकीय स्वरूप, विद्यालय व्यवस्थापन समिति गठन, शिक्षक अभिभावक सङ्गठन र तिनको काम कर्तव्य अधिकारको जानकारी गराउने र यसै गरी गाउँपालिकाको शासकीय स्वरूप स्पष्ट पार्ने<br>• सुनकोशी गाउँपालिकाको जनसङ्ख्या विवरण प्रस्तुत गर्ने र १८ वर्षमुनिका, ६० वर्षमाथिका र १८ देखि ६० वर्ष उमेरमा जनसङ्ख्या छलफल गराई छुट्याउन लागाउने। १८ देखि ६० वर्ष उमेरका मानिसहरू सुनकोशी गाउँपालिकाभित्र र बाहिर कुन कुन पेसामा कति कति संलग्न छन्, सम्भवभएसम्म तथ्याङ्कको आधारमा छलफल गराउने र सम्भव नभएमा छलफल गरी अनुमान गर्न लगाउने<br>• गाउँपालिका प्रतिनिधिलाई आमन्त्रण गर्ने र सुनकोशी गाउँपालिकाको पूर्वाधार विकास योजना के के छ, प्रस्तुत गराउने<br>• आफ्नो गाउँपालिकाको विकास निर्माण योजनामा आफ्नो भूमिका के के हुन सक्छ छलफल गर्ने र निष्कर्ष निकाल्ने | • सुनकोशी गाउँपालिकालाई चिनाउने महत्त्वपूर्ण स्थानहरू कुन कुन हुन् ? सूची तयार गर्नुहोस् :<br>• गाउँपालिकाको शासकीय स्वरूप कस्तो हुन्छ ? स्पष्ट पार्नुहोस् :<br>• सुनकोशी गाउँपालिकाभित्र बसोबास गर्ने जातिगत र लिङ्गगत जनसङ्ख्याको विश्लेषण गर्नुहोस् ।<br>• सुनकोशी गाउँपालिकाको पूर्वाधार विकास योजना उल्लेख गर्नुहोस् ।<br>• आफ्नो गाउँपालिकाको विकास निर्माणमा आफ्नो भूमिका उल्लेख गर्नुहोस् । |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन |
|---|---|---|---|---|
| २.हाम्रो संस्कृति र संस्कार | २.१ स्थानीय संस्कृतिको महत्त्व, संरक्षण तथा संवर्धन गर्ने उपायहरूको वर्णन गर्न र सहभागी हुन<br>२.२ स्थानीय चाडपर्वले समाजमा पार्ने सकारात्मक र सुधारात्मक पक्षको विश्लेषण गर्न<br>२.३ स्थानीय स्तरमा मानिने धर्म, धार्मिक सहिष्णुता र सद्भाव साथै यसको महत्त्व वर्णन गर्न<br>२.४ आफ्नो जातजातिअनुसार जन्म विवाह र मृत्यु साथै अन्य प्रचलित संस्कारको अध्ययन गरी वर्णन गर्न | २.१ स्थानीय संस्कृतिको महत्त्व, संरक्षण तथा संवर्धन गर्ने उपायहरू<br>२.२ स्थानीय चाडपर्वले समाजमा पार्ने सकारात्मक र सुधारात्मक पक्षको विश्लेषण<br>२.३ स्थानीय स्तरमा मानिने धर्म, धार्मिक सहिष्णुता र सद्भाव साथै यसको महत्त्व<br>२.४ आफ्नो जातजातिअनुसार जन्म विवाह र मृत्यु साथै अन्य प्रचलित संस्कार | • स्थानीय स्तरमा परम्परागत रूपमा मान्दै आएका सांस्कृतिक मूल्य र मान्यताहरू जात्रा, पूजा, न्वागी, गासा, विवाह, छेवर, भूमि पूजा, धर्म, काजक्रिया आदिको सूची तयार गर्न छलफल गराउने साथै संरक्षण गर्न सकिने उपायहरूको विवरण तयार गर्न लगाउने<br>• स्थानीय स्तरमा मनाइने चाडपर्वहरूको बारेमा छलफल गरी चापर्वहरूको सूची तयार गर्न लगाउने<br>• चाडपर्वले गर्दा समाजमा पारेका राम्रा र नराम्रा असर बारेमा समूह विभाजन गरी एउटा समूहलाई राम्रा र अर्कालाई सुधार गर्नुपर्ने पक्ष छलफल गर्दै बुँदा लेख्न लगाउने र प्रस्तुति गराउने<br>• स्थानीय स्तरमा मानिने धर्म, धार्मिक सहिष्णुता र सद्भाव साथै यसको महत्त्व छलफल गराई धार्मिक सहिष्णुताको र सद्भाव विश्लेषण गराउने<br>• स्थानीय संस्कृति तथा परम्पराअनुसार स्थानीय जातिहरूले मृत्यु अन्त्येष्टि तथा काजक्रिया कसरी सम्पन्न गर्छन् विद्यार्थीको पूर्वअनुभवको आधारमा छलफल गराउने र विद्यार्थीको अनुभव अभिव्यक्त गर्ने अवसर दिने<br>• विद्यार्थीको समूह निर्माण गरी विभिन्न जातजातिको जन्म, न्वारन, विवाह, अन्त्येष्टि तथा काजक्रिया गर्ने तरिका अध्ययन गरी प्रतिवेदन तयार गर्ने र कक्षामा प्रस्तुत गर्ने गरी परियोजना कार्य गराउने | • स्थानीय स्तरमा परम्परागत रूपमा मान्दै आएका सांस्कृतिक मूल्य र मान्यताहरूको सूची तयार गर्नुहोस् ।<br>• स्थानीय चाडपर्वका राम्रा पक्ष र सुधार गर्नुपर्ने पक्ष उल्लेख गर्नुहोस् ।<br>• स्थानीय स्तरमा मानिने धर्म, धार्मिक सहिष्णुता र सद्भाव साथै यसको महत्त्व विश्लेषण गर्नुहोस् ।<br>• तपाईंको समुदायमा रहेका कुनै जातिको जन्म, न्वारन, विवाह र मृत्य संस्कार अध्ययन गर्नुहोस् र प्रतिवेदन तयार गर्नुहोस् । |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन |
|---|---|---|---|---|
| ३. हाम्रा प्राकृतिक र मानव निर्मित सम्पदा | ३.१, पालिकाभित्र रहेका सुरुङ, गुफा, ताल तलैया, झरना जस्ता प्राकृतिक सम्पदाको महत्त्व वर्णन गरी संरक्षण, प्रचार प्रसारमा सहभागिता जनाउन<br>३.२ स्थानीय स्तरका भ्यू टावर, पदमार्ग, सडक, खानेपानी, पुस्तकालय जस्ता सम्पदाको महत्त्व वर्णन गरी उपयोग, संरक्षणमा सहभागिता जनाउन | ३.१, पालिकाभित्र रहेका सुरुङ, गुफा, ताल तलैया, झरना जस्ता प्राकृतिक सम्पदाको महत्त्व, संरक्षण, प्रचार प्रसारमा सहभागिता<br>३.२ स्थानीय स्तरका भ्युटावर, पदमार्ग, सडक, खानेपानी, पुस्तकालय जस्ता सम्पदाको महत्त्व, उपयोग, संरक्षणमा सहभागिता | • सुनकोशी गाउँपालिकाभित्र रहेका सुरुङ, गुफा, ताल तलैया, झरना जस्ता प्राकृतिक सम्पदाको सूची तयार गराउने र तिनको महत्त्व छलफल गर्ने<br>• पालिकाभित्र रहेका सुरुङ, गुफा, ताल तलैया, झरना जस्ता प्राकृतिक सम्पदाको संरक्षणका उपाय छलफल गरी प्रचार प्रसार कार्यको अभ्यासमा सहभागिता गराउने<br>• सम्भवभएसम्म नजिका भ्युटावर, पदमार्ग, सडक, खानेपानी, पुस्तकालय जस्ता सम्पदाको अवलोकन गराउने र महत्त्व स्पष्ट पार्ने<br>• स्थानीय स्तरका भ्युटावर, पदमार्ग, सडक, खानेपानी, पुस्तकालय जस्ता सम्पदाको संरक्षण कार्यमा सहभागिता गराउने | • तपाईंको गाउँपालिकामा रहेका प्राकृतिक सम्पदा सुरुङ, गुफा, ताल तलैया, झरना जस्ता प्राकृतिक सम्पदाको महत्त्व वर्णन गरी संरक्षणका उपाय लेख्नुहोस् ।<br>• तपाईंको पालिकामा रहेका मानव निर्मित सम्पदा भ्युटावर, पदमार्ग, सडक, खानेपानी, पुस्तकालय जस्ता सम्पदाको महत्त्व वर्णन गरी संरक्षणका उपाय लेख्नुहोस् : |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन |
|---|---|---|---|---|
| ४.स्थानीय प्रविधि र घरेलु उद्योग | ४.२ स्थानीय प्रविधिको विकासका सम्भावना अध्ययन गरी प्रतिवेदन तयार गर्न<br>४.१ घरेलु उद्योगबाट उत्पादित वस्तुको बजार, प्रचार प्रसारमा सहभागी हुन<br>४.३ बाँस निगालोबाट सजावटका सामान बनाउने अभ्यास गर्न | ४.२ स्थानीय प्रविधिको विकासका सम्भावना<br>४.१ घरेलु उद्योगबाट उत्पादित वस्तुको बजार, प्रचार प्रसार<br>४.३ बाँस निगालोबाट सजावटका सामान बनाउने अभ्यास : फ्रेम, कुर्सी, ढक्की,... | • स्थानीय प्रविधिका सामग्री अवलोकन गराउने र तिनको आधुनिक विकास कसरी गर्न सकिएला ? भनी सम्भावनाको खोजी गर्ने अभ्यास गराउने<br>• तपाईंले कुनै घरेलु सामग्री बजारमा लगेर विक्री गर्नुभएको वा खरिद गर्नुभएको छ भनी प्रश्न गर्दै विद्यार्थीको पूर्वअनुभवमा आधारित भई स्थानीय घरेलु उत्पादित सामग्रीको बजार अवस्थाको छलफल गर्ने ।<br>• आआफ्नो गाउँघरमा उत्पादिन घरेलु सामग्रीहरूमध्ये कुन कुन सागग्रीहरू बजारमा विक्रीको अवस्था कस्तो छ, स्थानीय घरेलु सामान उत्पादक व्यावसायिकसँग अवस्था अध्ययन गरी प्रतिवेदन तयार गर्न साथै सो प्रतिवेदन कक्षामा प्रस्तुत गर्न विद्यार्थीहरूको समूह निर्माण गर्ने र परियोजना कार्य दिने<br>• प्रयोगको आधारमा कुन कुन स्थानीय सामग्रीको बजार कुन कुन क्षेत्रमा बढी मात्रामा हुन सक्छ ? छलफल गरी वर्गीकरण गर्न लगाउने<br>• बाँस तथा निगालोबाट सजावटका सामग्री निर्माण गर्न सक्ने स्थानीय विज्ञलाई विद्यालयमा आमन्त्रण गर्ने र सजावटका समान बनाउने अभ्यास गराउने | • कुन कुन स्थानीय प्रविधिका सामगीलाई कसरी विकास गर्न सकिएला लेख्नुहोस् ।<br>• स्थानीय स्तरमा उत्पादित घरेलु सामानको बजार अवस्था विश्लेषण गर्नुहोस् ।<br>• स्थानीय घरेलु सामग्री बढीभन्दा बढी विक्री गरी आम्दानी गर्न कस्तो सामान बनाउनु पर्छ ? उल्लेख गर्नुहोस्<br>• निगालोबाट कुनै एक सजावटको सामग्री तयार गर्नुहोस् । |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन |
|---|---|---|---|---|
| ५. कृषि, पशुपन्छी र माछा पालन | ५.१गाउँपालिकामा उत्पादन भएका अन्न र कन्दमूलको भण्डारण र बजार व्यवस्था अध्ययन गरी प्रतिवेदन तयार गर्न<br>५.२ स्थानीय स्तरमा फलेका तरकारी, प्रशोधन भण्डारण र बजार व्यवस्थापन अध्ययन गरी प्रतिवेदन तयार गर्न<br>५.३ स्थानीय स्तरमा फल्ने फलफूलको भण्डारण, प्रशोधन र बजार व्यवस्थापन अध्ययन गरी प्रतिवेदन तयार गर्न<br>५.४व्यावसायिक कुखुरा पालन र बजार अध्ययन गरी प्रतिवेदन तयार गर्न | ५.१ गाउँपालिकामा उत्पादन भएका अन्न र कन्दमूलको भण्डारण र बजार अध्ययन, मकै, गहुँ, फापर, कोदो, सखरखण्ड, तरुल.....<br>५.२ स्थानीय स्तरमा फलेका तरकारी, प्रशोधन भण्डारण, र बजार अध्ययन : गोलभैँडा, काउली, बन्दा, च्याउ....<br>५.३ स्थानीय स्तरमा फल्ने फलफूलको भण्डारण, प्रशोधन र बजार अध्ययन : गोलभैँडा, काउली, बन्दा, च्याउ....<br>५.४व्यावसायिक कुखुरा पालन र बजार | • तपाईंको घरमा अन्नभण्डार कसरी गर्ने गरिएको छ भनी विद्यार्थीको पूर्वअनुभवको आधारमा छलफल गर्ने र सुरक्षित अन्नभण्डार गर्दा हुने फाइदा र नगर्दा हुने बेफाइदा चर्चा गरी सूची तयार गर्न लगाउने,<br>• स्थानीय स्तरमा उत्पादित अन्न तथा कन्दमूल परम्परागत भण्डार गर्दा प्रयोग गरिने सामग्रीको चर्चा गर्ने जस्तै, मान्द्रो गुन्द्रीको भकारी, काठको ढुकुटी, मकैको झुत्ता, कुन्यु बनाउने, कन्दमूल माटोमा पुरेर राख्ने तरिका छलफल गर्ने, आधुनिक अन्नभण्डारण गर्ने तरिका शीतभण्डार तथा कोल्डस्टोरको जानकारी गराउने<br>• भण्डारण गर्दैमा अन्न तथा कन्दमूल सुरक्षित हुन्छ त ? छलफल गराउने र मूसा र पुतली तथा अन्य किराबाट जोगाउने उपायहरू पूर्वअनुमान गराउने<br>• व्यावसायिक अन्न तथा कन्दमूलको बजार व्यवस्थापन अवलोकन अध्ययन गर्न परियोजना कार्य गराई कक्षामा प्रस्तुत गराउने<br>• स्थानीय स्तरमा फल्ने तरकारीलाई व्यवस्थापन गर्न, भण्डारण गर्न के कस्तो तरिका अपनाउन सकिन्छ विद्यार्थीको पूर्वअनुभवको आधारमा छलफल गर्ने जस्तै : सागको गुन्द्रुक बनाउने, मुलाको सिन्की बनाउने, आलु, पिँडालुबाट मस्यौरा बनाउने, काउली टुक्रा बनाई सुकाउने जस्ता उपायहरू छलफल गर्ने<br>• स्थानीय स्तरमा रहेको शीतभण्डार अवलोकन गराई लामो समय शीतभण्डारमा राख्दा नबिग्रने तरकारी भण्डारण गर्न सकिने कुरा स्पष्ट बनाउने<br>• गेडागुडी तरकारी र दलहन गेडागुडीलाई जैविक औषधी प्रयोग गरी सुरक्षित भण्डारण गर्ने तरिका छलफल गर्ने<br>• स्थानीय व्यावसायिक तरकारी खेतीबाट उत्पादित तरकारी बिक्री वितरणका लागि बजार अध्ययन अवलोकन गर्न र प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्न परियोजना कार्य दिने<br>• स्थानीय स्तरमा उत्पादन हुने फलफूल किन सुरक्षित भण्डारण गर्नुपर्छ, भण्डारण नगर्दा के हुन्छ, कसरी भण्डारण गर्न सकिन्छ, कति समयावधिमा र कस्तो अवस्थामा भण्डारणबाट निकाल्न सकिन्छ छलफल गर्न लागाउने र निष्कर्ष निकाल्ने<br>• स्थानीय स्तरमा व्यावसायिक रूपमा गरिएको कुखुरा पालन अवलोकन गराउने र बजारसँग सम्बन्धित भई छलफल गराउने | • अन्न तथा कन्दमूल भण्डारण गर्ने परम्परागत र आधुनिक तरिका उल्लेख गर्नुहोस्,<br>• अन्न तथा कन्दमूल सुरक्षित रूपमा भण्डारण गर्दा हुने फाइदा सूची बनाउनुहोस् ।<br>• स्थानीय अन्न तथा कन्दमूलको बजार अवस्था विश्लेषण गर्नुहोस् ।<br>• स्थानीय स्तरमा पाइने पाँचओटा तरकारी प्रशोधन गर्ने तरिका<br>• अन्न तथा कन्दमूल भण्डारण गर्ने परम्परागत र आधुनिक तरिका उल्लेख गर्नुहोस्,<br>• अन्न तथा कन्दमूल सुरक्षित रूपमा भण्डारण गर्दा हुने फाइदा सूची बनाउनुहोस् ।<br>• स्थानीय अन्न तथा कन्दमूलको बजार अवस्था विश्लेषण गर्नुहोस् ।<br>• स्थानीय स्तरमा पाइने पाँचओटा तरकारी प्रशोधन गर्ने तरिका लेख्नुहोस् ।<br>• शीतभण्डारण भनेको के हो ? तरकारीलाई किन सीत भण्डारण गर्नुपर्छ ? कारण दिनुहोस् ।<br>• स्थानीय तरकारी बिक्री वितरणका लागि बजार अवस्था अध्ययन गरी रिपोर्ट तयार गर्नुहोस् :<br>• फलफूल भण्डारण गर्ने तरिका लेख्नुहोस् ।<br>• कुखुरा बिक्री वितरणका लागि बजारको अध्ययन गर्नुहोस् र प्रतिवेदन तयार गर्नुहोस् । |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन |
|---|---|---|---|---|
| ६. पेसा व्यवसाय | ६.१ हाउस वाइरिङ र प्लम्बिङ् गर्ने तरिकाको अभ्यास गर्न<br>६.२ अचार, जाम, पाक कला, तरकारी खेतीको अभ्यास गर्न<br>६.३ फूलको बजार व्यवस्थापन अध्ययन गरी प्रतिवेदन तयार गर्न | ६.१ हाउस वाइरिङ र प्लम्बिङ गर्ने तरिकाको अभ्यास<br>६.२ अचार, जाम, पाक कला, तरकारी खेतीको अभ्यास<br>६.३ फूलको बजार अध्ययन, अध्ययन | • हाउस वाइरिङ र प्लम्बिङ गर्ने तरिकाका लागि सोसँग सम्बन्धित स्थानीय विज्ञलाई विद्यालयमा आमन्त्रण गर्ने र विद्यार्थीहरूलाई अभ्यास गराउने<br>• विद्यालय हाताभित्र तरकारी खेती गर्ने अभ्यास गराउने<br>• पाक कलासँग सम्बन्धित विशेषज्ञलाई विद्यालयमा आमन्त्रण गराउने र पाक कलाको अभ्यास गराउने<br>• फूलको बजार अध्ययन, व्यवस्थापनसँग सम्बन्धित भई छलफल गराउने र सोध खोज गरी प्रतिवेदन तयार गर्न लगाउने | • हाउस वाइरिङ गर्ने तरिका वर्णन गर्नुहोस् ।<br>• तरकारी खेती, अचार, जाम, पाक कला, तरकारी खेतीको परिचय दिनुहोस् र फाइदाको सूची बनाउनुहोस् । |
| ७. जडीबुटी | ७.१ स्थानीय स्तरमा पाइने जडीबुटीहरूको बजार व्यवस्था अध्ययन गरी प्रतिवेदन तयार गर्न | ७.१ स्थानीय स्तरमा पाइने जडीबुटीहरूको बजार अध्ययन : अमला, हर्रो, बर्रो, पाँचऔंले, तुलसी, घिउकुमारी, कुरिलो पुँदिना, सर्पगन्दा, लज्जावती, घोडताप्रे, बेसार, अदुवा, पिप्ला, बोजो, तितेपाती.. | • स्थानीय जडीबुटी विशेषज्ञलाई स्रोत व्यक्तिका रूपमा आमन्त्रण गराउने कुन कुन औषधी कुन कुन जडीबुटीबाट बन्छ, प्रशोधन गर्ने तरिका, प्रयोग गर्ने तरिका सहित छलफल अन्तरक्रिया गराउने र स्थानीय जडीबुटीको बजार पहिचान गराउने<br>• स्थानीय स्तरमा जडीबुटीको प्रयोग के कसरी भएका छन् र प्रयोग गर्दा भएका सकारात्मक र नकारात्मक असर पहिचान गरी प्रतिवेदन तयार गर्न र कक्षामा प्रस्तुत गर्न विद्यार्थीहरूको समूह निर्माण गरी परियोजना कार्य दिने<br>• स्थानीय स्तरमा पाइने जडीबुटीको प्रभावकारी प्रचार प्रसारका लागि विज्ञापन, पर्चा, पम्पलेट, लेख रचना तयार गर्न अभ्यास गराउने | • स्थानीय जडीबुटी विशेषज्ञको सहायता लिई स्थानीय स्तरमा पाइने दुईओटा जडीबुटीको प्रशोधन र प्रयोग विधि लेख्नुहोस् :<br>• स्थानीय स्तरमा पाइने तीनओटा जडीबुटी प्रयोग गर्दा भएको सकारात्मक असर स्थानीय प्रयोग कर्तासँग सोधपुछका आधारमा उल्लेख गर्नुहोस् ।<br>• स्थानीय जडीबुटी प्रचार प्रसारका लागि एक एकओटा पर्चा, पम्पलेट, लेख, रचना तयार गर्नुहोस् । |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन |
|---|---|---|---|---|
| ८.हाम्रा धार्मिक र पर्यटकीय स्थल | ८.१ गाउँपाउँपाकिभित्र रहेका पर्यटकीय स्थलहरूको प्रचार प्रसार कार्यमा सहभागी भई पर्यटक आकर्षण गर्ने तरिका अभ्यास गर्न | ८.१ गाउँपाउँपालिकाभित्र रहेका पर्यटकीय स्थलहरूको प्रचार प्रसार र पर्यटक आकर्षण गर्ने तरिका र अभ्यास : पर्चा, पम्लेट, महोत्सव, निमन्त्रण, भ्रमण, विज्ञापन.... | • सुनकोशी गाउँपालिकाभरि रहेका पर्यटकीयस्थलको सूची तयार गर्न लगाउने र ती स्थानहरूमा आन्तरिक तथा बाह्य पर्यटक अवलोकन गर्न आउने अवस्था, पर्यटकलाई ती स्थानमा आउन आकर्षण गर्ने तरिका, पर्यटकका लागि स्थानीय स्तरबाट सेवा सुविधा र सत्कार अध्ययन गर्न र प्रतिवेदन तयार गर्न समूह निर्माण गरी परियोजना कार्य सम्पन्न गर्न लगाउने<br>• स्थानीय पर्यटकस्थलको प्रचार प्रसारका लागि प्लेकार्ड, पम्पलेट निर्माण गर्न नमुना प्रदर्शन गर्ने र पर्चा पम्लेट अध्ययन गराउने साथै सोहीअनुसार पर्चा पम्पलेट निर्माण गर्न अभ्यास गराउने र मानिस आवतजावत गर्ने चोक तथा सार्वजनिकस्थलमा टाँस्न लगाउने<br>• स्थानीय पर्यटकस्थलको प्रचार प्रसारका लागि विज्ञापन तयार गर्न नमुना प्रस्तुत गर्ने र विज्ञापन लेखनमा अभ्यास गराउने, उक्त विज्ञापन स्थानीय रेडियो, टेलिभिजनबाट प्रशारण गराउने, पत्रपत्रिकामा प्रकाशन गर्ने<br>• स्थानीय पर्यटन क्षेत्रको लेख रचना गर्न लगाई भित्ते पत्रिका साथै स्थानीय पत्रिकामा प्रकाशन गर्ने | • स्थानीय पर्यटकस्थल अवलोकन गरी पर्यटक आकर्षण गर्ने तरिका उल्लेख गर्नुहोस् ।<br>• स्थानीय पर्यटकस्थलको प्रचार प्रसारका लागि प्लेकार्ड, पर्चा पम्पलेटको नमुना तयार गर्नुहोस् ।<br>• स्थानीय पर्यटकस्थलको प्रचार प्रसारका लागि विज्ञापन नमुना तयार गर्नुहोस् ।<br>• कुनै एक स्थानीय पर्यटकस्थलको चर्चा गर्दै पर्यटक आकर्षण गर्ने एउटा लेख रचना तयार गर्नुहोस् । |

| विषयक्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन |
|---|---|---|---|---|
| ९. विपत् व्यवस्थापन | ९.१ विपत् सामनाका पूर्व तयारीको योजना निर्माण गर्न<br>९.२ प्रकोप पात्रो निर्माण गर्न<br>९.३. पुनर्लाभ, पुनर्निर्माणले ल्याएका सामाजिक परिवर्तनहरू उल्लेख गर्न<br>९.४. विपत् व्यवस्थापनमा नेपालको अभ्यास उल्लेख गर्न<br>९.५. सङ्कटासन्न क्षेत्र र समुदायको रक्षात्मक उपायहरू उल्लेख गर्न | ९.१ विपत् सामनाका पूर्व तयारीको योजना निर्माण<br>९.२ प्रकोप पात्रो निर्माण<br>९.३. पुनर्लाभ, पुनर्निर्माणले ल्याएका सामाजिक परिवर्तनहरू<br>९.४. विपत् व्यवस्थापनमा नेपालको अभ्यास<br>९.५. सङ्कटासन्न क्षेत्र र समुदायको रक्षात्मक उपाय | • विभिन्न विपत् आउनुपूर्व के के गर्नुपर्छ, छलफल गराउने र विद्यार्थीको समूह विभाजन गरी फरक समूहलाई फरक विपत् सामनाका पूर्व तयारीको योजना निर्माण गर्न लगाउने साथै शिक्षकले सहजीकरण गर्ने । योजना निर्माण भइसकेपश्चात् कक्षामा प्रस्तुति गराउने<br>• कुन कुन समयमा कुन कुन विपत् आइपर्न सक्छन्, छलफल प्रश्नोत्तर गरी प्रकोप पात्रो निर्माण गर्ने<br>• खोज अध्ययनको माध्यम अपनाएर पुनर्लाभ, पुनर्निर्माणले ल्याएका सामाजिक परिवर्तनहरू अध्ययन गर्न र प्रतिवेदन तयार गर्न लगाउने<br>• सङ्कटासन्न क्षेत्र र समुदायको रक्षात्मक उपायहरू छलफल प्रश्नोत्तर गरी सूची तयार गर्ने | • विपत् सामनाका पूर्व तयारीको एउटा योजना निर्माण गर्नुहोस् ।<br>• प्रकोप पात्रो निर्माण गर्नुहोस् ।<br>• पुनर्लाभ, पुनर्निर्माणले ल्याएका सामाजिक परिवर्तनहरू अध्ययन गरी र प्रतिवेदन तयार गर्नुहोस् ।<br>• विपत् व्यवस्थापनमा नेपालको अभ्यास उल्लेख गर्नुहोस् ।<br>• सङ्कटासन्न क्षेत्र र समुदायको रक्षात्मक उपायहरू उल्लेख गर्नुहोस् । |

## ६. सिकाइ सहजीकरण प्रक्रिया

स्थानीय विषयको शिक्षण सिकाइ गर्दा सकेसम्म कक्षाभित्रभन्दा विषयवस्तुसँग सम्बन्धित क्षेत्रमा गरिने क्रियाकलापमा जोड दिनुपर्छ । यसका लागि स्थलगत अवलोकन, विषयवस्तुसँग सम्बन्धित कार्यमा सहभागिता, छलफल अन्तरक्रिया आदि गराउन सकिने छ । तरकारी, पशुपन्छी, फलफूल, घरेलु सामान, विषयसँग सम्बन्धित विज्ञ तथा व्यावसायिक संस्था/व्यक्तिसँग छलफल अन्तरक्रिया गराउन सकिने छ । यसै गरी अन्य विषयवस्तुका लागि पनि त्यस विषयवस्तुसँग सम्बन्धित व्यक्तिलाई स्रोत व्यक्तिका रूपमा उपयोग गर्न सकिन्छ । स्थानीय आवश्यकता, विषयवस्तु, उपलब्ध स्रोतसाधन र अनुकूलताअनुसार छलफल, स्थलगत अध्ययन भ्रमण, अवलोकन, प्रदर्शन, सहभागिता, प्रश्नोत्तर, स्रोत व्यक्ति आमन्त्रण आदि जस्ता क्रियाकलाप विधि प्रयोगमा ल्याउन सकिन्छ ।

आधारभूत तहमा विद्यार्थीकेन्द्रित शिक्षण सिकाइ क्रियाकलापमा जोड दिइने छ । यस तहमा कक्षालाई जीवन्त बनाउन र विद्यार्थीलाई क्रियाशील बनाउन शिक्षकले सहजकर्ता (facilitator) को भूमिका निर्वाह गर्नुपर्ने छ । विद्यार्थीकेन्द्रित शिक्षण सिकाइ क्रियाकलापबाट सिकाइ प्रभावकारी हुने, बालबालिकाहरूले व्यावहारिक शिक्षा तथा जीवनोपयोगी सिप आर्जन गर्न सक्ने र उनीहरूमा रहेको प्रतिभा प्रस्फुटनको सम्भावना रहने भएकाले शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा विद्यार्थीकेन्द्रित र बालमैत्री शिक्षण विधि अपनाउनुपर्ने छ । सबै प्रकारका आवश्यकता भएका विद्यार्थीलाई समेट्न कक्षामा समावेशी शिक्षण प्रक्रिया अपनाउनुपर्ने छ ।

शिक्षण सिकाइ क्रियाकलाप सँगसँगै यस स्थानीय पाठ्यक्रममा भएका सिकाइ उपलब्धि हासिल गराउन एवम् प्रत्येक्ष सक्षमता देखिने निम्नलिखित नियमित क्रियाकलाप संञ्चालन गर्न सकिने छ :

- प्रत्येक विद्यालयले विद्यालय हातानजिक कक्षागत करेसाबारी र पुष्प बगैंचा निर्माण गरी नियमित तरकारी र पुष्प खेती सञ्चालन गर्ने
- प्रत्येक विद्यालयले विद्यालय वरिपरि रहेका खाली जग्गामा स्थानीय स्तरका फलफूलका विरुवा रोप्ने र संरक्षण गर्ने
- एउटा कक्षाकोठामा शिक्षक, विद्यार्थी र अभिभावकको सहभागितामा स्थानीय घरेलु प्रविधिका सामग्री, स्थानीय लोक संस्कृतिसँग सम्बन्धित सामग्री, भेषभूषा एवम् स्थानीय विषयका लागि चाहिने सम्पूर्ण सामग्रीको सङ्ग्रहालय स्थापना गरी संरक्षण गर्ने र विद्यार्थीको सिकाइ क्रियाकलापमा प्रयोग गर्ने
- सुनकोशीको भूगोल, धार्मिक, संस्कृति, जातजाति जस्ता कुरा समेटी सुनकोशी गान तयार गर्ने र शिक्षक विद्यार्थीहरूबाट नियमित गाउने
- आआफ्नो जातजाति, धर्म, परम्पराअनुसारका अभिवादन र आचार संहिता पालन गर्ने तरिका संरक्षण गर्न हरेक दिन कक्षा सञ्चालनपूर्व र विद्यालय छुट्ने समयमा स्थानीय अभिवादन र आचार संहिता अभ्यासलाई नियमित गर्ने

## सम्भाव्य शिक्षण सिकाइ विधि

- कथाकथन एवम् गीत : यस विधिमा विषयवस्तुलाई कथाको रूपमा प्रस्तुति तथा अवधारणालाई गीतका माध्यमबाट प्रस्तुत गर्न सकिन्छ ।
- आगमन विधि : यसमा सूचनाहरूको सङ्कलन, अवलोकन, विश्लेषण, अनुमान, पुष्टि तथा निष्कर्षको

प्रक्रिया प्रयोग गरिन्छ ।

- भूमिका निर्वाह/अभिनय : यसमा सन्दर्भ र भूमिकाको बारेमा छलफल तथा निर्धारण, भूमिका बहन, छलफल र निष्कर्ष निकाल्ने कार्य गरिन्छ ।
- निर्माणात्मक कक्षा : यस विधिमा मष्तिस्क मन्थन, पाठसम्बन्धी पूर्वज्ञानको पहिचान, अन्तरक्रियात्मक कार्य (जस्तै : वैयक्तिक चिन्तन, समूह कार्य, परियोजना कार्य, प्रश्नोत्तर), आवश्यकताअनुसार टेवा प्रदान र विचार आदान प्रदान गरी निष्कर्ष निकालिन्छ ।
- सहयोगात्मक कक्षा : यसमा सामान्यतया समूह विभाजन, समस्या र विषयवस्तु प्रस्तुति, समूहमा छलफल र निष्कर्ष वा समाधान निकालिन्छ ।
- परियोजना कार्य : सिकारुको उमेर र स्तरअनुसारका विभिन्न परियोजना कार्य दिई सिकारुले आफैँ खोज्ने तथा गरेर सिक्ने अवस्था सिर्जना गर्न सकिन्छ ।
- छलफल र प्रश्नोत्तर : यसमा शिक्षक सिकारु, सिकारु शिक्षक, सिकारु सिकारु बिचमा प्रश्न र उत्तर गर्न सकिन्छ । प्रश्नहरूले स्मरणको प्रत्याह्वान भन्दा पनि सिकारुलाई सोच्न, कारण खोज्न, सिर्जनात्मक तथा रचनात्मक सोचाइलाई प्रोत्साहन गर्न सक्नुपर्छ । त्यसै गरी प्रश्नोत्तर र छलफलमा कक्षामा सबैका अगाडि प्रश्न सोध्ने, एकछिन पर्खने, कुनै पनि सिकारुलाई तोकेर उत्तर दिन लगाउने, उत्तर राम्रोसँग सुन्ने र अन्तमा छलफल र मूल्याङ्कन गर्ने प्रक्रिया प्रयोग गर्न सकिन्छ ।
- अन्वेषण, अनुसन्धान तथा खोज : यसमा समस्या वा प्रश्नको प्रस्तुति, गर्नुपर्ने र खोज कार्य र तरिकाको बारेमा छलफल गरी सिकारुहरूद्वारा खोज गरी निष्कर्ष प्रस्तुति र पृष्ठपोषण दिइन्छ ।
- प्रविधियुक्त कक्षा : मोबाइल, कम्प्युटर, प्रोजेक्टर, स्मार्टबोर्ड आदिको उपयोग गरी धारणाहरूको दृश्याङ्कन गर्न सकिन्छ ।
- सिर्जनात्मक कार्य : यसमा चित्र निर्माण, रङ भर्ने, कागज काट्ने र पट्याउने, सम्बन्ध स्थापना जस्ता कार्यहरूद्वारा सिकाइ गर्न सकिन्छ ।
- समस्या समाधान विधि : यस विधिमा समस्यालाई बुझ्ने, योजना निर्माण, योजना कार्यान्वयन, पछाडि फर्केर हेर्ने र परिणामलाई जाँच्ने प्रक्रियाद्वारा समस्या समाधान गरिन्छ ।
- खेल विधि : यसमा विषयवस्तुलाई खेलका माध्यमबाट प्रस्तुत गरी अभ्यास गराइन्छ ।
- प्रयोगात्मक विधि : यसमा कक्षाकोठाभित्र र बाहिर प्रयोगात्मक कार्यका माध्यमबाट सिकाइ कार्य गराइन्छ ।
- भ्रमण : विभिन्न स्थानको भ्रमण गराई त्यहाँका अनुभव र सिकेको कुरा छलफल तथा प्रत्यावर्तन गराइन्छ ।
- प्रदर्शन विधि : विषयवस्तुसँग सम्बन्धित तस्बिर वा अन्य दृश्य सामग्री तथा श्रव्यदृश्य सामग्री प्रदर्शन गरिन्छ ।
- स्वाध्ययन तथा छलफल : विभिन्न किसिमका सामग्रीका अध्ययनको माध्यमबाट सिकाइ गर्दा सामग्री छनोट, अध्ययन र धारणा वा विचार निर्माण गरिन्छ र यसलाई आवश्यकतानुसार सिकारुबिच छलफल गराउन सकिन्छ ।
- अन्तरक्रिया : यसमा छलफलको योजना र तयारी, बृहत् समूहमा छलफल सञ्चालन वा समूह विभाजन, कार्यसूची बाँडफाँट  तथा कार्य सञ्चालन, प्रस्तुतीकरण, तुलना, विश्लेषण तथा मूल्याङ्कन

र निष्कर्ष निकालिन्छ ।

- उदाहरण र प्रयोग : पाठका विषयवस्तुबाट उदाहरण, प्रयोग र अभ्यासमा जोड दिनुपर्छ । यसलाई भाषा शिक्षणअन्तर्गत भाषिक सिप, शब्दभण्डार र अभिव्यक्तिको शिक्षणका लागि प्रयोग गर्नुपर्छ । भाषा सिकाइमा चित्र वा आकृति निर्माण, निर्देशित, व्यावहारिक लेखन वा स्वतन्त्र रचना, सस्वरवाचन तथा द्रुतपठन पनि यसअन्तर्गत उपयोग गर्न सकिन्छ ।
- श्रव्यवाच्यका आधारमा सिकाइ सहजीकरण : यसमा व्यक्ति, जोडी, सानो समूह र बृहत् समूहमा सुनाइ र छलफल, नमुना वाचन र अनुकरण, तुलना, विश्लेषण, मूल्याङ्कन र निष्कर्षको मौखिक प्रस्तुतीकरण क्रियाकलाप गर्नुपर्छ । यसलाई भाषा शिक्षणअन्तर्गत भाषिक सिप, शब्दभण्डार र अभिव्यक्तिको शिक्षणका लागि प्रयोग गर्न सकिन्छ ।

## ७. विद्यार्थी मूल्याङ्कन

कक्षा १ देखि ८ सम्मको पाठ्यक्रमले अपेक्षा गरेका सक्षमता र सिकाइ उपलब्धि हासिल भए नभएको सुनिश्चत गर्न कक्षा १ देखि ३ सम्म निर्माणात्मक र कक्षा ४ देखि ८ सम्म निर्माणात्मक र निर्णयात्मक दुवै किसिमका मूल्याङ्कन गरिने छ । निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य निरन्तर मूल्याङ्कन र पृष्ठपोषणका माध्यमबाट विद्यार्थीको सिकाइमा सुधार गर्नु हो । सिकाइका लागि गरिने यस्तो निर्माणात्मक मूल्याङ्कन शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा रहनुपर्छ । निर्माणात्मक मूल्याङ्कनमा विद्यार्थीको मूल्याङ्कनका लागि विभिन्न औपचारिक तथा अनौपचारिक तरिका प्रयोग गर्नुपर्छ । निर्माणात्मक मूल्याङ्कनमा कक्षा क्रियाकलाप, विद्यार्थीका कार्य तथा कार्यसम्पादनको अवलोकन, गृहकार्य, परियोजना कार्य, मौखिक तथा लिखित कार्य, एकाइ तथा त्रैमासिक परीक्षाहरू, स्व तथा सहपाठी मूल्याङ्कन लगायतका साधन प्रयोग गर्न सकिन्छ ।

विद्यार्थी मूल्याङ्कन गर्दा मुख्य सिकाइ उपलब्धि विद्यार्थीले हासिल गरेको सिकाइस्तरको मूल्याङ्कनका लागि विद्यार्थीका कार्य तथा समस्या समाधानको अवलोकन, मौखिक तथा लिखित प्रश्नोत्तर, कक्षा तथा एकाइ परीक्षा, व्यवहार अवलोकनलगायतका तरिका प्रयोग गर्न सकिन्छ । यसका लागि रुजुसूची, श्रेणी मापनलगायतका व्यवहार अवलोकन फाराम, विभिन्न तहका सिकाइ क्षमता मापन गर्ने प्रश्नहरू, व्यवहारिक समस्यालगायत कक्षा सहभागिता, कक्षा कार्य, गृहकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य आदिमा विद्यार्थीको सहभागिता र उपलब्धिका विषयमा शिक्षकको अभिलेख वा नोट आदि मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तर मूल्याङ्कन गर्न प्रयोग हुन सक्ने साधन हुन् । यस्तो मूल्याङ्कन विषयवस्तुको प्रत्येक क्षेत्र वा एकाइको सिकाइपश्चात् गरी सो क्षेत्र वा एकाइअन्तर्गतका मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तर परीक्षण विभिन्न साधनहरूको प्रयोगबाट गर्नुपर्छ । यसरी सिकाइ उपलब्धि परीक्षण गर्दा विद्यार्थीले न्यूनतम सिकाइस्तर हासिल गरेको नपाइएमा सुधारात्मक सिकाइको अवसर प्रदान गरी पुनः परीक्षण गरी न्यूनतम सिकाइस्तर सुनिश्चित गरी थप वा माथिल्लोस्तरको सिकाइको अवसर प्रदान गर्नुपर्छ । पटकपटकको सुधारात्मक सिकाइ पश्चात पनि न्यूनतम स्तरको सिकाइस्तर हासिल गर्न नसक्ने विद्यार्थीका लागि उपचारात्मक सिकाइको योजना निर्माण गरी त्यस्ता विद्यार्थीलाई सहयोग गर्नुपर्छ ।

## कक्षा १-३
## विद्यार्थी मूल्याङ्कन अभिलेख फाराम

प्रत्येक सिकाइ उपलब्धिमा विद्यार्थीहरूले के कति हासिल गरे सो आधारमा १ देखि ४ अङ्क सम्म दिने । मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसेकेको, सबैजसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएको भए १ अङ्क, मुख्य सिकाइ उपलब्धि आंशिक रूपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको भए २ अङ्क, मुख्य सिकाइ उपलब्धि धेरै जसो हासिल गरेको र सुधारात्मक सिकाइ आवश्यक भएको भए ३ अङ्क र मुख्य सिकाइ उपलब्धि हासिल गरेको साथै माथिल्लो स्तरको उपलब्धि हासिल गरेको भए ४ अङ्क प्रदान गर्ने ।

कक्षा : १ विद्यार्थीको नाम : परिचय नम्बर :

| विषय क्षेत्र | मुख्य सिकाइ उपलब्धि | सिकाइ उपलब्धि विस्तृतीकरण र उपलब्धि सूचक | नियमित पढाइपछि मूल्याङ्कन | | थप सहायतापछि मूल्याङ्कन | | प्रयोग गरिएका साधन |
|---|---|---|---|---|---|---|---|
| | | | मिति | अङ्कन | मिति | अङ्कन | |
| १ सुनकोशीको परिचय | आफ्नो नाम, उमेर, विद्यालयको नाम बताउन | आफ्नो नाम, उमेर, विद्यालयको नाम बताउन सकेमा | | | | | छलफल प्रश्नोत्तर |
| | आफ्नो परिवारको परिचय दिन | आफ्नो परिवारको परिचय दिन सकेमा | | | | | छलफल प्रश्नोत्तर |
| | घरमुलीको नाम बताउन | घरमुलीको नाम बताउन सकेमा | | | | | छलफल प्रश्नोत्तर |
| | परिवार सङ्ख्या बताउन | परिवार सङ्ख्या बताउन सकेमा | | | | | छलफल प्रश्नोत्तर |
| | आफू बसेको स्थानको नाम र वडा नं बताउन | आ आफू बसेको स्थानको नाम र वडा नं बताउन सकेमा | | | | | छलफल प्रश्नोत्तर |
| | आफ्नो गाउँपालिकाको नाम बताउन | आफ्नो गाउँपालिकाको नाम बताउन सकेमा | | | | | छलफल प्रश्नोत्तर |

| विषय क्षेत्र | मुख्य सिकाइ उपलब्धि | सिकाइ उपलब्धि विस्तृतीकरण र उपलब्धि सूचक | नियमित पढाइपछि मूल्याङ्कन | | थप सहायतापछि मूल्याङ्कन | | प्रयोग गरिएका साधन |
|---|---|---|---|---|---|---|---|
| | | | मिति | अङ्कन | मिति | अङ्कन | |
| २.हाम्रो संस्कृति र संस्कार | आफ्नो परिवारका सदस्यले लगाउने पोसाकको नाम बताउन | आफ्नो परिवारका सदस्यले लगाउने पोसाकको नाम बताउन सकेमा | | | | | अवलोकन छलफल प्रश्नोत्तर |
| | परिवारका सदस्यले बोल्ने मातृभाषा बताउन | परिवारका सदस्यले बोल्ने मातृभाषा बताउन सकेमा | | | | | छलफल प्रश्नोत्तर |
| | आफ्नो परिवारले वर्षभरि मनाउने चाडपर्वको नाम बताउन | आफ्नो परिवारले वर्षभरि मनाउने चाडपर्वको नाम बताउन सकेमा | | | | | छलफल प्रश्नोत्तर |
| | आफ्नो परिवारले मान्ने धर्म संस्कृतिको नाम बताउन | आफ्नो परिवारले मान्ने धर्म संस्कृतिको नाम बताउन सकेमा | | | | | छलफल प्रश्नोत्तर |
| | घर टोलछिमेकमा प्रचलित लोक बाजाको नाम बताउन | घर टोलछिमेकमा प्रचलित लोक बाजाको नाम बताउन सकेमा | | | | | छलफल प्रश्नोत्तर |
| | आफ्नो घरमा अभिवादनका तरिका अभिनय गर्न | आफ्नो घरमा अभिवादनका तरिका अभिनय गर्न सकेमा | | | | | छलफल प्रश्नोत्तर |
| ३ हाम्रा प्राकृतिक र मानव निर्मित सम्पदा | आफ्नो घर वरपर भएका रुखबिरुवा खोलानाला, र जीवजन्तुका नाम बताउन | आफ्नो घर वरपर भएका रुखबिरुवा खोलानाला, र जीवजन्तुका नाम बताउन सकेमा | | | | | अवलोकन प्रश्नोत्तर |
| | आफ्नो घर वरपर रहेका मानव निर्मित सम्पदाका नाम बताउन | आफ्नो घर वरपर रहेका मानव निर्मित सम्पदाका नाम बताउन सकेमा | | | | | छलफल प्रश्नोत्तर |

| विषय क्षेत्र | मुख्य सिकाइ उपलब्धि | सिकाइ उपलब्धि विस्तृतीकरण र उपलब्धि सूचक | नियमित पढाइपछि मूल्याङ्कन | | थप सहायतापछि मूल्याङ्कन | | प्रयोग गरिएका साधन |
|---|---|---|---|---|---|---|---|
| | | | मिति | अङ्कन | मिति | अङ्कन | |
| ४. स्थानीय प्रविधि र घरेलु उद्योग | आफ्नो घरमा प्रयोग हुने स्थानीय प्रविधिको नाम बताउन | आफ्नो घरमा प्रयोग हुने स्थानीय प्रविधिको नाम बताउन सकेमा | | | | | अवलोकन<br>छलफल<br>प्रश्नोत्तर |
| | आफ्नो घरमा निर्माण भएका घरेलु उद्योगबाट उत्पादित सामानको नाम बताउन | आफ्नो घरमा निर्माण भएका घरेलु उद्योगबाट उत्पादित सामानको नाम बताउन सकेमा | | | | | अवलोकन<br>प्रश्नोत्तर |
| ५. कृषि तथा पशुपन्छी पालन | आफ्नो खेतबारीमा उत्पादित अन्न र कन्दमूलको नाम चिन्न र बताउन | आफ्नो खेतबारीमा उत्पादित अन्न र कन्दमूलको नाम चिन्न र बताउन सकेमा | | | | | अवलोकन<br>छलफल<br>प्रश्नोत्तर |
| | आफ्नो खेतबारीमा उत्पादित दलहन, तेलहन र मसलाजन्य वस्तुको नाम चिनेर बताउन | आफ्नो खेतबारीमा उत्पादित दलहन, तेलहन र मसलाजन्य वस्तुको नाम चिनेर बताउन सकेमा | | | | | अवलोकन<br>छलफल<br>प्रश्नोत्तर |
| | आफ्नो खेतबारी र करेसा बारीमा उत्पादित तरकारीहरूको नाम चिनेर बताउन | आफ्नो खेतबारी र करेसा बारीमा उत्पादित तरकारीहरूको नाम चिनेर बताउन सकेमा | | | | | अवलोकन<br>छलफल<br>प्रश्नोत्तर |
| | आफ्नो खेतबारीमा उत्पादित फलफूलहरूको नाम चिनेर बताउन | आफ्नो खेतबारीमा उत्पादित फलफूलहरूको नाम चिनेर बताउन सकेमा | | | | | अवलोकन<br>छलफल<br>प्रश्नोत्तर |
| | आफ्नो घरमा पालिने पशुपन्छीको नाम चिनेर बताउन | आफ्नो घरमा पालिने पशुपन्छीको नाम चिनेर बताउन सकेमा | | | | | अवलोकन<br>छलफल<br>प्रश्नोत्तर |

| विषय क्षेत्र | मुख्य सिकाइ उपलब्धि | सिकाइ उपलब्धि विस्तृतीकरण र उपलब्धि सूचक | नियमित पढाइपछि मूल्याङ्कन | | थप सहायतापछि मूल्याङ्कन | | प्रयोग गरिएका साधन |
|---|---|---|---|---|---|---|---|
| | | | मिति | अङ्कन | मिति | अङ्कन | |
| ६, पेसा व्यवसाय | आफ्नो परिवारका सदस्यको पेसा व्यवसायको नाम बताउन | आफ्नो परिवारका सदस्यको पेसा व्यवसायको नाम बताउन सकेमा | | | | | प्रश्नोत्तर छलफल |
| | आफ्नो परिवारका सदस्यको पेसा व्यवसायमा प्रयोग हुने सामग्रीको नाम चिनेर बताउन | आफ्नो परिवारका सदस्यको पेसा व्यवसायमा प्रयोग हुने सामग्रीको नाम चिनेर बताउन सकेमा | | | | | अवलोकन छलफल प्रश्नोत्तर |
| ७. जडीबुटी | आफ्ना घर वरपर पाइने जडीबुटीको नाम बताउन | आफ्ना घर वरपर पाइने जडीबुटीको नाम बताउन सकेमा | | | | | अवलोकन प्रश्नोत्तर |
| ८.हाम्रा धार्मिक र पर्यटकीय स्थल | बालबालिकाले भ्रमण गरेका रमाइला स्थानहरूको नाम बताउन | बालबालिकाले भ्रमण गरेका रमाइला स्थानहरूको नाम बताउन सकेमा | | | | | अवलोकन प्रश्नोत्तर |
| | आफ्नो समुदायवरपर भएका प्रचलित धार्मिक स्थलहरूको नाम बताउन | आफ्नो समुदायवरपर भएका प्रचलित धार्मिक स्थलहरूको नाम बताउन सकेमा | | | | | अवलोकन छलफल प्रश्नोत्तर |
| ९ विपत् व्यवस्थापन | आफ्नो घर वरपर आइपर्ने विपत् तथा जोखिम पहिचान गरी सजगता अपनाउन | आफ्नो घर वरपर आइपर्ने विपत् तथा जोखिम पहिचान गरी सजगता अपनाउन सकेमा | | | | | अवलोकन छलफल प्रश्नोत्तर |
| शिक्षकको सही : | | अभिभावकको सही : | उपलब्धिस्तरको अङ्कको जोड | | | | |
| | | | सिकाइ उपलब्धि प्रतिशत | | | | |

कक्षा : २ विद्यार्थीको नाम : परिचय नम्बर :

| विषय क्षेत्र | मुख्य सिकाइ उपलब्धि | सिकाइ उपलब्धि विस्तृतीकरण र उपलब्धि सूचक | नियमित पढाइपछि मूल्याङ्कन | | थप सहायतापछि मूल्याङ्कन | | प्रयोगगरिएका साधन |
|---|---|---|---|---|---|---|---|
| | | | मिति | अङ्कन | मिति | अङ्कन | |
| १ सुनकोशीको परिचय | आफ्नो घर, विद्यालय वरपरको भौगोलिक अवस्था : अग्लो, होचो, समथर, भिरालो, लेक, बेँसी अवलोकन गरी बताउन | आफ्नो घर, विद्यालय वरपरको भौगोलिक अवस्था : अग्लो, होचो, समथर, भिरालो, लेक, बेँसी अवलोकन गरी बताउन सकेमा | | | | | अवलोकन<br>प्रश्नोत्तर |
| | सुनकोशी गाउँपालिकाको वडा सङ्ख्या बताउन | सुनकोशी गाउँपालिकाको वडा सङ्ख्या बताउन सकेमा | | | | | प्रश्नोत्तर<br>छलफल |
| | छिमेकको परिचय र परिवार सङ्ख्या उल्लेख गर्न | छिमेकको परिचय र परिवार सङ्ख्या उल्लेख गर्न सकेमा | | | | | अवलोकन<br>प्रश्नोत्तर |
| | आफ्नो कक्षाका विद्यार्थी सङ्ख्या उल्लेख गर्न | आफ्नो कक्षाका विद्यार्थी सङ्ख्या उल्लेख गर्न सकेमा | | | | | प्रश्नोत्तर<br>छलफल |
| | आफ्नो घरको सिमाना : पूर्व, पश्चिम, उत्तर र दक्षिण छुट्याउन | आफ्नो घरको सिमाना : पूर्व, पश्चिम, उत्तर र दक्षिण छुट्याउन सकेमा | | | | | प्रश्नोत्तर<br>छलफल |
| | आफ्ना गाउँटोलमा रहेको संस्थाको नाम उल्लेख गर्न | आफ्ना गाउँटोलमा रहेको संस्थाको नाम उल्लेख गर्न सकेमा | | | | | अवलोकन<br>प्रश्नोत्तर |

| विषय क्षेत्र | मुख्य सिकाइ उपलब्धि | सिकाइ उपलब्धि विस्तृतीकरण र उपलब्धि सूचक | नियमित पढाइपछि मूल्याङ्कन | | थप सहायतापछि मूल्याङ्कन | | प्रयोगगरिएका साधन |
|---|---|---|---|---|---|---|---|
| | | | मिति | अङ्कन | मिति | अङ्कन | |
| २.हाम्रो संस्कृति र संस्कार | आफ्नो छिमेकीहरूले लगाउने पहिरन सूची बनाउन | आफ्नो छिमेकीहरूले लगाउने पहिरन सूची बनाउन सकेमा | | | | | अवलोकन प्रश्नोत्तर |
| | आफ्नो गाउँटोलमा बोलिने मातृभाषाका दशओटा शब्द बोल्न र लेख्न | आफ्नो गाउँटोलमा बोलिने मातृभाषाका दशओटा शब्द बोल्न र लेख्न सकेमा | | | | | छलफल प्रश्नोत्तर |
| | आफ्नो परिवारले चाडपर्वमा खाइने परिकारको सूची तयार गर्न | आफ्नो परिवारले चाडपर्वमा खाइने परिकारको सूची तयार गर्न सकेमा | | | | | अवलोकन प्रश्नोत्तर |
| | आफ्नो टोल छिमेकले मान्ने धर्म संस्कृतिको सूची तयार गर्न | आफ्नो टोल छिमेकले मान्ने धर्म संस्कृतिको सूची तयार गर्न सकेमा | | | | | छलफल प्रश्नोत्तर |
| | समुदायमा रहेका लोकबाजाको परिचय दिन | समुदायमा रहेका लोकबाजाको परिचय दिन सकेमा | | | | | अवलोकन प्रश्नोत्तर |
| | समुदायमा प्रचलित लोक गीत पहिचान गरी अभ्यास गर्न | समुदायमा प्रचलित लोक गीत पहिचान गरी अभ्यास गर्न सकेमा | | | | | छलफल प्रश्नोत्तर |
| | घरमा प्रचलित लोककथा सुनेर सुनाउन | घरमा प्रचलित लोककथा सुनेर सुनाउन सकेमा | | | | | छलफल प्रश्नोत्तर |
| | माया, आदर सत्कारको अभ्यास गर्न | माया, आदर सत्कारको अभ्यास गर्न सकेमा | | | | | प्रश्नोत्तर छलफल |

| विषय क्षेत्र | मुख्य सिकाइ उपलब्धि | सिकाइ उपलब्धि विस्तृतीकरण र उपलब्धि सूचक | नियमित पढाइपछि मूल्याङ्कन | | थप सहायतापछि मूल्याङ्कन | | प्रयोगगरिएका साधन |
|---|---|---|---|---|---|---|---|
| | | | मिति | अङ्कन | मिति | अङ्कन | |
| ३.हाम्रा प्राकृतिक र मानव निर्मित सम्पदा | आफ्नो विद्यालय वरपर भएका रुखबिरुवा खोलानाला, र जीवजन्तुको परिचय दिन | आफ्नो विद्यालय वरपर भएका रुखबिरुवा खोलानाला, र जीवजन्तुको परिचय दिन सकेमा | | | | | अवलोकन प्रश्नोत्तर |
| | आफ्नो विद्यालय वरपर रहेका मानव निर्मित सम्पदाका परिचय दिन | आफ्नो विद्यालय वरपर रहेका मानव निर्मित सम्पदाका परिचय दिन सकेमा | | | | | अवलोकन प्रश्नोत्तर |
| ४ स्थानीय प्रविधि र घरेलु उद्योग | आफ्नो गाउँघरमा प्रयोग हुने स्थानीय प्रविधिको परिचय दिन | आफ्नो गाउँघरमा प्रयोग हुने स्थानीय प्रविधिको परिचय दिन सकेमा | | | | | अवलोकन प्रश्नोत्तर |
| | आफ्नो घरमा निर्माण भएका घरेलु उद्योगबाट उत्पादित सामानको परिचय दिन | आफ्नो घरमा निर्माण भएका घरेलु उद्योगबाट उत्पादित सामानको परिचय दिन सकेमा | | | | | अवलोकन प्रश्नोत्तर |

| विषय क्षेत्र | मुख्य सिकाइ उपलब्धि | सिकाइ उपलब्धि विस्तृतीकरण र उपलब्धि सूचक | नियमित पढाइपछि मूल्याङ्कन | | थप सहायतापछि मूल्याङ्कन | | प्रयोगगरिएका साधन |
|---|---|---|---|---|---|---|---|
| | | | मिति | अङ्कन | मिति | अङ्कन | |
| ५ कृषि, पशुपन्छी र पालन | आफ्नो समुदायमा उत्पादित अन्नहरूको पहिचान गरी परिचय दिन | आफ्नो समुदायमा उत्पादित अन्नहरूको पहिचान गरी परिचय दिन सकेमा | | | | | अवलोकन<br>प्रश्नोत्तर<br>छलफल |
| | आफ्नो खेतबारीमा उत्पादित दलहन, तेलहन र मसलाजन्य वस्तुको परिचय दिन | आफ्नो खेतबारीमा उत्पादित दलहन, तेलहन र मसलाजन्य वस्तुको परिचय दिन सकेमा | | | | | प्रश्नोत्तर<br>छलफल |
| | आफ्नो समुदायमा उत्पादित तरकारीहरूको पहिचान गरी परिचय दिन | आफ्नो समुदायमा उत्पादित तरकारीहरूको पहिचान गरी परिचय दिन सकेमा | | | | | प्रश्नोत्तर<br>छलफल |
| | आफ्नो समुदायमा उत्पादित फलफूलहरूको पहिचानसहित परिचय दिन | आफ्नो समुदायमा उत्पादित फलफूलहरूको पहिचानसहित परिचय दिन सकेमा | | | | | प्रश्नोत्तर<br>छलफल |
| | आफ्नो समुदायमा पालिने पशुपन्छी र कीटको पहिचान गरी परिचय दिन | आफ्नो समुदायमा पालिने पशुपन्छी र कीटको पहिचान गरी परिचय दिन सकेमा | | | | | प्रश्नोत्तर<br>छलफल |
| | कृषि कार्यका लागि प्रयोग गरिने औजारको नामसहित परिचय दिन | कृषि कार्यका लागि प्रयोग गरिने औजारको नामसहित परिचय दिन सकेमा | | | | | प्रश्नोत्तर<br>छलफल |

| विषय क्षेत्र | मुख्य सिकाइ उपलब्धि | सिकाइ उपलब्धि विस्तृतीकरण र उपलब्धि सूचक | नियमित पढाइपछि मूल्याङ्कन | | थप सहायतापछि मूल्याङ्कन | | प्रयोगगरिएका साधन |
|---|---|---|---|---|---|---|---|
| | | | मिति | अङ्कन | मिति | अङ्कन | |
| ६.पेसा व्यवसाय | आफ्नो टोल छिमेकीका परिवारका सदस्यका पेसा व्यवसायको नाम बताई परिचय दिन | आफ्नो टोल छिमेकीका परिवारका सदस्यका पेसा व्यवसायको नाम बताई परिचय दिन सकेमा | | | | | प्रश्नोत्तर छलफल |
| | आफ्नो टोल छिमेकीका परिवारका सदस्यका पेसा व्यवसायमा प्रयोग हुने सामग्रीको नाम बताई परिचय दिन | आफ्नो टोल छिमेकीका परिवारका सदस्यका पेसा व्यवसायमा प्रयोग हुने सामग्रीको नाम बताई परिचय दिन सकेमा | | | | | प्रश्नोत्तर छलफल |
| ७. जडीबुटी | आफ्ना समुदायमा पाइने जडीबुटीको परिचय दिई प्रयोग गर्न | आफ्ना समुदायमा पाइने जडीबुटीको परिचय दिई प्रयोग गर्न सकेमा | | | | | अवलोकन प्रश्नोत्तर |
| ८. हाम्रा धार्मिक र पर्यटकीय स्थल | आफ्नो वडाभित्र भएका प्रचलित पर्यटकीय स्थलहरू सामान्य वर्णन गर्न | आफ्नो वडाभित्र भएका प्रचलित पर्यटकीय स्थलहरू सामान्य वर्णन गर्न सकेमा | | | | | अवलोकन प्रश्नोत्तर |
| | आफ्नो समुदायमा रहेका मठ, मन्दिर, चर्च, गुम्बा सूची बनाउन | आफ्नो समुदायमा रहेका मठ, मन्दिर, चर्च, गुम्बा सूची बनाउन सकेमा | | | | | प्रश्नोत्तर छलफल |

| विषय क्षेत्र | मुख्य सिकाइ उपलब्धि | सिकाइ उपलब्धि विस्तृतीकरण र उपलब्धि सूचक | नियमित पढाइपछि मूल्याङ्कन | | थप सहायतापछि मूल्याङ्कन | | प्रयोगगरिएका साधन |
|---|---|---|---|---|---|---|---|
| | | | मिति | अङ्कन | मिति | अङ्कन | |
| ९ विपत् व्यवस्थापन | आफ्नो छिमेक वरपर आइपर्ने विपत् तथा जोखिमको परिचय दिन र सजगता अपनाउन | आफ्नो छिमेक वरपर आइपर्ने विपत् तथा जोखिमको परिचय दिन र सजगता अपनाउन सकेमा | | | | | प्रश्नोत्तर छलफल |
| | आफ्नो छिमेक वरपर आइपर्ने विपत् तथा जोखिमका घटनाका उदाहरण दिन | आफ्नो छिमेक वरपर आइपर्ने विपत् तथा जोखिमका घटनाका उदाहरण दिन सकेमा | | | | | प्रश्नोत्तर छलफल |
| शिक्षकको सही : अभिभावकको सही | | | उपलब्धिस्तरको अङ्कको जोड | | | | |
| | सिकाइ उपलब्धि प्रतिशत | | | | | | |

**कक्षा** : ३ **विद्यार्थीको नाम** : **परिचय नम्बर** :

| विषय क्षेत्र | मुख्य सिकाइ उपलब्धि | सिकाइ उपलब्धि विस्तृतीकरण र उपलब्धि सूचक मिति | नियमित पढाइपछि मूल्याङ्कन | | थप सहायतापछि मूल्याङ्कन | | प्रयोग गरिएका साधन |
|---|---|---|---|---|---|---|---|
| | | | अङ्कन | मिति | अङ्कन | | |
| १ सुनकोशीको परिचय | आफ्नो वडाको भौगोलिक अवस्था अग्लो, होचो, समथर, भिरालो, लेक, बैँसी अवलोकन गरी उल्लेख गर्न | आफ्नो वडाको भौगोलिक अवस्था अग्लो, होचो, समथर, भिरालो, लेक, बैँसी अवलोकन गरी उल्लेख गर्न सकेमा | | | | | अवलोकन प्रश्नोत्तर |
| | आफ्नो गाउँटोलको सिमाना : पूर्व, पश्चिम, उत्तर र दक्षिण छुट्याउन | आफ्नो गाउँटोलको सिमाना : पूर्व, पश्चिम, उत्तर र दक्षिण छुट्याउन सकेमा | | | | | छलफल प्रश्नोत्तर |
| | आफ्नो गाउँको नक्सा सामान्य नक्सा कोर्न | आफ्नो गाउँको नक्सा सामान्य नक्सा कोर्न सकेमा | | | | | छलफल प्रश्नोत्तर |
| | समुदायमा रहेका सामाजिक व्यक्तित्वको पहिचान गरी सूची बनाउन | समुदायमा रहेका सामाजिक व्यक्तित्वको पहिचान गरी सूची बनाउन सकेमा | | | | | छलफल प्रश्नोत्तर |
| | विद्यालयमा रहेका कक्षागत विद्यार्थी सङ्ख्या उल्लेख गर्न | विद्यालयमा रहेका कक्षागत विद्यार्थी सङ्ख्या उल्लेख गर्न सकेमा | | | | | अवलोकन प्रश्नोत्तर |

| विषय क्षेत्र | मुख्य सिकाइ उपलब्धि | सिकाइ उपलब्धि विस्तृतीकरण र उपलब्धि सूचक मिति | नियमित पढाइपछि मूल्याङ्कन | | थप सहायतापछि मूल्याङ्कन | | प्रयोग गरिएका साधन |
|---|---|---|---|---|---|---|---|
| | | | अङ्कन | मिति | अङ्कन | | |
| २.हाम्रो संस्कृति र संस्कार | आफ्नो वडाभरिका मानिसले लगाउने पहिरन र राष्ट्रिय पोसाकको सूची बनाउन | आफ्नो वडाभरिका मानिसले लगाउने पहिरन र राष्ट्रिय पोसाकको सूची बनाउन सकेमा | | | | | अवलोकन प्रश्नोत्तर |
| | आफ्नो वडाका मानिसले बोल्ने मातृभाषाका दशओटा शब्द बोल्न र लेख्न | आफ्नो वडाका मानिसले बोल्ने मातृभाषाका दशओटा शब्द बोल्न र लेख्न सकेमा | | | | | अवलोकन प्रश्नोत्तर |
| | आफ्नो परिवारमा चाडपर्व मनाउने तरिका बताउन | आफ्नो परिवारमा चाडपर्व मनाउने तरिका बताउन सकेमा | | | | | अवलोकन प्रश्नोत्तर |
| | आफ्नो वडाभरि लाग्ने मेला, पर्व, जात्राको सूची तयार गर्न | आफ्नो वडाभरि लाग्ने मेला, पर्व, जात्राको सूची तयार गर्न सकेमा | | | | | अवलोकन प्रश्नोत्तर |
| | स्थानीय लोकबाजाको परिचय र अभ्यास गर्न | स्थानीय लोकबाजाको परिचय र अभ्यास गर्न सकेमा | | | | | अवलोकन प्रश्नोत्तर |
| | स्थानीय लोक गीत गायन अभ्यास गर्न | स्थानीय लोक गीत गायन अभ्यास गर्न सकेमा | | | | | छलफल प्रश्नोत्तर |
| | अनुशासन पालनका तरिका बताउन र पालन गर्न | अनुशासन पालनका तरिका बताउन र पालन गर्न सकेमा | | | | | प्रश्नोत्तर छलफल |

| विषय क्षेत्र | मुख्य सिकाइ उपलब्धि | सिकाइ उपलब्धि विस्तृतीकरण र उपलब्धि सूचक मिति | नियमित पढाइपछि मूल्याङ्कन | | थप सहायतापछि मूल्याङ्कन | | प्रयोग गरिएका साधन |
|---|---|---|---|---|---|---|---|
| | | | अङ्कन | मिति | अङ्कन | | |
| ३.हाम्रा प्राकृतिक र मानव निर्मित सम्पदा | आफ्नो टोल छिमेक वरपर भएका रुखबिरुवा खोलानाला, र जीवजन्तुको महत्त्व उल्लेख गर्न | आफ्नो टोल छिमेक वरपर भएका रुखबिरुवा खोलानाला, र जीवजन्तुको महत्त्व उल्लेख गर्न सकेमा | | | | | अवलोकन प्रश्नोत्तर |
| | आफ्नो टोल छिमेक वरपर भएका मानव निर्मित सम्पदाको सूची बनाई र महत्व दर्साउन | आफ्नो टोल छिमेक वरपर भएका मानव निर्मित सम्पदाको सूची बनाउन र महत्व दर्साउन सकेमा | | | | | अवलोकन प्रश्नोत्तर |
| ४.स्थानीय प्रविधि र घरेलु उद्योग | आफ्नो वडाभरि प्रयोग हुने स्थानीय प्रविधिको महत्व दर्साउन | आफ्नो वडाभरि प्रयोग हुने स्थानीय प्रविधिको महत्व दर्साउन सकेमा | | | | | अवलोकन प्रश्नोत्तर |
| | आफ्नो वडाभरि निर्माण भएका घरेलु उद्योगबाट उत्पादित सामानको महत्त्व उल्लेख गर्न | आफ्नो वडाभरि निर्माण भएका घरेलु उद्योगबाट उत्पादित सामानको महत्त्व उल्लेख गर्न सकेमा | | | | | छलफल प्रश्नोत्तर |

| विषय क्षेत्र | मुख्य सिकाइ उपलब्धि | सिकाइ उपलब्धि विस्तृतीकरण र उपलब्धि सूचक मिति | नियमित पढाइपछि मूल्याङ्कन | | थप सहायतापछि मूल्याङ्कन | | प्रयोग गरिएका साधन |
|---|---|---|---|---|---|---|---|
| | | | अङ्कन | मिति | अङ्कन | | |
| ५ कृषि, पशुपन्छी र माछा पालन | आफ्नो वडामा उत्पादित अन्नहरूको खोज गरी महत्त्व र उपयोग उल्लेख गर्न | आफ्नो वडामा उत्पादित अन्नहरूको खोज गरी महत्त्व र उपयोग उल्लेख गर्न सकेमा | | | | | अवलोकन प्रश्नोत्तर |
| | आफ्नो खेतबारीमा उत्पादित दलहन, तेलहन र मसलाजन्य वस्तुको खोज गरी महत्त्व दर्साउन | आफ्नो खेतबारीमा उत्पादित दलहन, तेलहन र मसलाजन्य वस्तुको खोज गरी महत्व दर्साउन सकेमा | | | | | छलफल प्रश्नोत्तर |
| | आफ्नो वडामा उत्पादित तरकारीहरूको खोजगरी महत्त्व र उपयोग उल्लेख गर्न | आफ्नो वडामा उत्पादित तरकारीहरूको खोज गरी महत्त्व र उपयोग उल्लेख गर्न सकेमा | | | | | छलफल प्रश्नोत्तर |
| | तरकारीका वर्गीकरण गर्न | तरकारीका वर्गीकरण गर्न सकेमा | | | | | छलफल प्रश्नोत्तर |
| | आफ्नो वडामा उत्पादित फलफूलहरूको खोजगरी महत्त्व र उपयोग उल्लेख गर्न | आफ्नो वडामा उत्पादित फलफूलहरूको खोज गरी महत्त्व र उपयोग उल्लेख गर्न सकेमा | | | | | अवलोकन प्रश्नोत्तर |
| | आफ्नो वडामा उत्पादित फलफूलहरूको खोज गरी महत्त्व र उपयोग उल्लेख गर्न | आफ्नो वडामा उत्पादित फलफूलहरूको खोजगरी महत्त्व र उपयोग उल्लेख गर्न सकेमा | | | | | अवलोकन प्रश्नोत्तर |

| विषय क्षेत्र | मुख्य सिकाइ उपलब्धि | सिकाइ उपलब्धि विस्तृतीकरण र उपलब्धि सूचक मिति | नियमित पढाइपछि मूल्याङ्कन | | थप सहायतापछि मूल्याङ्कन | | प्रयोग गरिएका साधन |
|---|---|---|---|---|---|---|---|
| | | | अङ्कन | मिति | अङ्कन | | |
| ६.पेसा व्यवसाय | समुदाय स्तरमा अपनाइएका पेसा व्यवसायको खोजगरी र आम्दानी गर्ने तरिका उल्लेख गर्न | समुदाय स्तरमा अपनाइएका पेसा व्यवसायको खोज गरी आम्दानी गर्ने तरिका उल्लेख गर्न सकेमा | | | | | प्रश्नोत्तर छलफल |
| | पेसा व्यवसायको महत्व दर्साउन | पेसा व्यवसायको महत्व दर्साउन सकेमा | | | | | प्रश्नोत्तर |
| | आफ्नो परिवारका सदस्यले अपनाएका पेसामा सहभागिता हुन र अनुभव उल्लेख गर्न | आफ्नो परिवारका सदस्यले अपनाएका पेसामा सहभागिता हुन र अनुभव उल्लेख गर्न सकेमा | | | | | प्रश्नोत्तर छलफल |
| ७. जडीबुटी | आफ्ना वडामा पाइने जडीबुटीको खोज गरी महत्त्व वर्णन गर्न | आफ्ना वडामा पाइने जडीबुटीको खोज गरी महत्त्व वर्णन गर्न सकेमा | | | | | अवलोकन प्रश्नोत्तर |
| ८. हाम्रा धार्मिक र पर्यटकीय स्थल | आफ्नो गाउँपालिकाभित्र भएका प्रचलित पर्यटकीय स्थलहरूको नाम सूची बनाई परिचय दिन | आफ्नो गाउँपालिकाभित्र भएका प्रचलित पर्यटकीय स्थलहरूको नाम सूची बनाई परिचय दिन सकेमा | | | | | अवलोकन प्रश्नोत्तर |
| | आफ्नो समुदायमा रहेका मठ, मन्दिर, चर्च, गुम्बामा लाग्ने मेलाको तिथि मिति उल्लेख गरी सहभागिता जनाउन | आफ्नो समुदायमा रहेका मठ, मन्दिर, चर्च, गुम्बामा लाग्ने मेलाको तिथि मिति उल्लेख गरी सहभागिता जनाउन सकेमा | | | | | प्रश्नोत्तर छलफल |

| विषय क्षेत्र | मुख्य सिकाइ उपलब्धि | सिकाइ उपलब्धि विस्तृतीकरण र उपलब्धि सूचक मिति | नियमित पढाइपछि मूल्याङ्कन | | थप सहायतापछि मूल्याङ्कन | | प्रयोग गरिएका साधन |
|---|---|---|---|---|---|---|---|
| | | | अङ्कन | मिति | अङ्कन | | |
| ९ विपत् व्यवस्थापन | आफ्नो छिमेक र वडाभित्र विपत् आइपर्ने स्थान पहिचान गरी र सजगता अपनाउन | आफ्नो छिमेक र वडाभित्र विपत् आइपर्ने स्थान पहिचान गरी र सजगता अपनाउन सकेमा | | | | | प्रश्नोत्तर छलफल |
| | आफ्नो छिमेक र वडाभित्र विपत् आइपरेका घटनाको उदाहरण दिन | आफ्नो छिमेक र वडाभित्र विपत् आइपरेका घटनाको उदाहरण दिन सकेमा | | | | | प्रश्नोत्तर छलफल |
| शिक्षकको सही : अभिभावकको सही | | | उपलब्धिस्तरको अङ्कको जोड | | | | |
| | सिकाइ उपलब्धि प्रतिशत | | | | | | |

## कक्षा ४-८ मूल्याङ्कन

विद्यार्थी मूल्याङ्कन काठ्यक्रमले अपेक्षा गरेका सक्षमता र सिकाइ उपलब्धि हासिल भएनभएको सुनिश्चत गर्न कक्षा ४–८ मा ५० प्रतिशत निर्माणात्मक र ५० प्रतिशत निर्णयात्मक मूल्याङ्कन अवलम्बन गरिने छ। निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य निरन्तर मूल्याङ्कन र पृष्ठपोषणका माध्यमबाट विद्यार्थीको सिकाइमा सुधार गर्नु हो। सिकाइका लागि गरिने यस्तो निर्माणात्मक मूल्याङ्कन शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा रहनुपर्छ। निर्माणात्मक मूल्याङ्कनमा विद्यार्थीको मूल्याङ्कनका लागि विभिन्न औपचारिक तथा अनौपचारिक तरिका प्रयोग गर्नुपर्छ। निर्माणात्मक मूल्याङ्कनमा कक्षा क्रियाकलाप, विद्यार्थीका कार्य तथा कार्यसम्पादनको अवलोकन, गृहकार्य, परियोजना कार्य, मौखिक तथा लिखित कार्य, एकाइ तथा त्रैमासिक परीक्षाहरू, स्वः तथा सहपाठी मूल्याङ्कनलगायतका साधन प्रयोग गर्न सकिन्छ। विद्यार्थी मूल्याङ्कन गर्दा मुख्य सिकाइ उपलब्धि विद्यार्थीले हासिल गरेको सिकाइ स्तरको मूल्याङ्कनका लागि विद्यार्थीका कार्य तथा समस्या समाधानको अवलोकन, मौखिक तथा लिखित प्रश्नोत्तर, कक्षा तथा एकाइ परीक्षा, व्यवहार अवलोकनलगायतका तरिका प्रयोग गर्न सकिन्छ। यसका लागि रुजुसूची, श्रेणी मापनलगायतका व्यवहार अवलोकन फाराम, विभिन्न तहका सिकाइ क्षमता मापन गर्ने प्रश्नहरू, व्यावहारिक समस्यालगायत कक्षा सहभागिता, कक्षा कार्य, गृहकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य आदिमा विद्यार्थीको सहभागिता र उपलब्धिका विषयमा शिक्षकको अभिलेख वा नोट आदि मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर मूल्याङ्कन गर्न प्रयोग हुन सक्ने साधन हुन्। यस्तो मूल्याङ्कन विषयवस्तुको प्रत्येक क्षेत्र वा एकाइको सिकाइपश्चात् गरी सो क्षेत्र वा एकाइअन्तर्गतका मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर परीक्षण विभिन्न साधनहरूको प्रयोगबाट गर्नुपर्छ। यसरी सिकाइ उपलब्धि परीक्षण गर्दा विद्यार्थीले न्यूनतम सिकाइ स्तर हासिल गरेको नपाइएमा सुधारात्मक सिकाइको अवसर प्रदान गरी पुनः परीक्षण गरी न्यूनतम सिकाइस्तर सुनिश्चित गरी थप वा माथिल्लो स्तरको सिकाइको अवसर प्रदान गर्नुपर्छ। पटकपटकको सुधारात्मक सिकाइपश्चात् पनि न्यूनतम स्तरको सिकाइ स्तर हासिल गर्न नसक्ने विद्यार्थीका लागि उपचारात्मक सिकाइको योजना निर्माण गरी त्यस्ता विद्यार्थीलाई सहयोग गर्नुपर्छ।

मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तर मूल्याङ्कनका लागि नमुना मापनका आधार मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तर मूल्याङ्कनका लागि पाँचओटा सूचक निर्धारण गरिएको हुनाले पूरा गरेका सूचक सङ्ख्याअनुसार नै अङ्क प्रदान गर्ने गरी मापन गर्नुपर्छ। प्रत्येक सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तर मूल्याङ्कन गर्दा निर्माणात्मक मूल्याङ्कनका साधनहरू प्रयोग गर्नुपर्नेछ।

प्रत्येक मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीहरूको कार्य सम्पादन तथा सिकाइस्तरअनुसार शिक्षकले विद्यार्थीहरूलाई थप सहयोग गर्नका लागि देहायका कार्य गर्नुपर्नेछ :

### आन्तरिक मूल्याङ्कन

आन्तरिक मूल्याङ्कन निम्नलिखित आधार र भारका आधारमा गरिने छ :

| सि.नं. | मूल्याङ्कनका आधार | भार |
|---|---|---|
| १ | पोर्टफोलियोको लेखाजोखा | ४ |
| २. | मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर | २० |
| ३ | प्रयोगात्मक/परियोजना कार्य | १६ |
| ४ | त्रैमासिक परीक्षाहरू | १० |
| | जम्मा | ५० |

## सम्भाव्य परियोजना/प्रयोगात्मक कार्यका उदाहरण

**कक्षा ४–८**

१. आफ्नो पालिकाको सिमाना पूर्व, पश्चिम, उत्तर र दक्षिणमा पर्ने पालिकाका स्थान सूची बनाई तिनीहरूको चार्ट वा तालिका निर्माण र प्रस्तुतीकरण गर्ने

२. समुदायका विभिन्न चाडपर्वको सूची बनाई कुनै दुईओटा चाडपर्व कहिले कहिले र के कसरी मनाइन्छ भन्ने विषयमा समुदायका व्यक्तिसँग कुराकानी गरी प्रतिवेदन तयार गरी र प्रस्तुतीकरण गर्ने :

## प्रतिवेदनको ढाँचा

(क) परियोजना कार्यको शीर्षक

(ख) परियोजना कार्यको छोटो परिचय

(ग) विवरण सङ्कलनको तरिका

(घ) सेवा प्रदायक निकायले प्रदान गरेका मुख्य सेवा

(ङ) निष्कर्ष

३. आफ्नो समुदायमा भएका प्राकृतिक सम्पदा पहिचान गरी तिनको संरक्षण र संवर्धनका लागि भएका प्रयास र गर्नुपर्ने प्रयास समेटेर तालिकामा प्रस्तुत गरी प्रतिवेदन तयार गर्ने

| क्र.सं. | प्राकृतिक र सांस्कृतिक सम्पदा | संरक्षण संवर्धनका लागि गरिएका प्रयास | संरक्षण संवर्धनका लागि गर्नुपर्ने प्रयास |
|---|---|---|---|
| | | | |
| | | | |

४. आफ्नो गाउँपालिकामा भएका सांस्कृतिक पर्यटकीय स्थल खोजी गरी तिनको संरक्षण र संवर्धन गर्नका लागि अपनाउनुपर्ने उपायहरू तालिकामा प्रस्तुत गर्ने

| क्र.सं | सांस्कृतिक पर्यटकीय स्थल | संरक्षण र संवर्धनका लागि अपनाउनुपर्ने उपाय |
|---|---|---|
| | | |
| | | |

५. आफ्नो वडाभित्र पाइने जडीबुटी खोज सङ्कलन गरी तिनीहरूको कुन कुन भाग (जरा, काण्ड, फल, फूल, पात) औषधीका रूपमा प्रयोग गर्न सकिन्छ, छलफल गरी तालिकामा प्रस्तुति गर्ने
६, गाउँपालिकाभित्र सञ्चालित घरेलु उद्योगबाट उत्पादित कुनै एउटा सामानको निर्माण प्रक्रिया अवलोकन गरी घरेलु उद्योग सञ्चालन गर्दा हुने फाइदा र बेफाइदा तालिकामा प्रस्तुत गर्ने
७, आफ्नो घरमा प्रयोग भएका स्थानीय प्रविधिका सामग्रीहरूको सूची बनाई कुनै दुईको निर्माण गर्ने तरिका उल्लेख गर्ने ।

**आन्तरिक मूल्याङ्कनलाई वस्तुनिष्ठ र विश्वसनीय बनाउनका लागि अङ्क दिने आधार र तरिका निम्नअनुसार तोकिएको छ :**

| क्र.स. | आन्तरिक मूल्याङ्कनका आधार | | पहिलो त्रैमासिक अङ्कभार | दोस्रो त्रैमासिक (अर्धवार्षिक) अङ्कभार | अन्तिम अङ्क भार | जम्मा अङ्क भार |
|---|---|---|---|---|---|---|
| १ | पोर्टफोलियोको लेखाजोखा (कक्षा कार्य, एकाइ परीक्षा, विभिन्न समयमा गरेका विशिष्ट कार्यको अभिलेख) | | १ | १ | २ | ४ |
| २ | सिकाइ उपलब्धिको स्तर | कक्षा सञ्चालनका क्रममा सोधिएका प्रश्नका जावफ, विद्यार्थीले गरेका क्रियाकलापका अभिलेखहरू तथा सिकाइको अवस्थाको अवलोकन तथा व्यवहार अवलोकन | ५ | ५ | १० | २० |
| | प्रयोगात्मक तथा परियोजना कार्य | प्रयोगात्मक तथा परियोजना कार्यको अभिलेखीकरण | २ | २ | ४ | ८ |
| | | परियोजना कार्य / प्रयोगात्मक कार्यको प्रदर्शन र मौखिक परीक्षा (Viva voce) | २ | २ | ४ | ८ |
| ३ | त्रैमासिक परीक्षा | | ५ | ५ | | १० |
| जम्मा | | | १५ | १५ | २० | ५० |

नाट :

- पहिलो त्रैमासिक र दोस्रो त्रैमासिक (अर्धवार्षिक) परीक्षालाई ५० अङ्कभार सञ्चालन गरी तोकिएको ५।५ अङ्कभारमा रूपान्तरण गर्नुपर्ने छ ।

### प्रयोगात्मक/परियोजना कार्यका लागि सम्भावित क्रियाकलाप

तलका कक्षागत प्रयोगात्मक तथा परियोजना कार्यहरू छुट्टै सञ्चालन गर्नुपर्दैन । नियमित सिकाइका क्रममा निम्नानुसारका क्रियाकलाप समावेश गर्नुपर्छ :

| क्र.सं | विषयवस्तुको क्षेत्र | सम्भावित क्रियाकलापहरू |
|---|---|---|
| १ | सुनकोशीको परिचय | छलफल, प्रश्नोत्तर, अवलोकन भ्रमण, प्रदर्शन |
| २ | हाम्रो संस्कृति र संस्कार | कथाकथन, छलफल, प्रश्नोत्तर, अवलोकन भ्रमण, प्रदर्शन, प्रयोग, अभिनय |
| ३ | हाम्रा प्राकृतिक र मानव निर्मित सम्पदा | छलफल, प्रश्नोत्तर, प्रदर्शन, प्रयोग, अभिनय |
| ४ | स्थानीय प्रविधि र घरेलु उद्योग | छलफल, प्रश्नोत्तर, कथाकथन, अवलोकन भ्रमण, प्रदर्शन, प्रयोग, अभिनय |
| ५ | कृषि, पशुपन्छी र माछा पालन | छलफल, प्रश्नोत्तर, अवलोकन भ्रमण, प्रदर्शन, प्रयोग |
| ६ | पेसा व्यवसाय | छलफल, प्रश्नोत्तर, अवलोकन भ्रमण, प्रदर्शन, प्रयोग, अभिनय, समस्या समाधान |
| ७ | जडीबुटी | छलफल, प्रश्नोत्तर, अवलोकन भ्रमण, खोज, प्रदर्शन, प्रयोग |
| ८ | हाम्रा धार्मिक र पर्यटकीय स्थल | छलफल, प्रश्नोत्तर, अवलोकन भ्रमण, प्रदर्शन |
| ९ | विपत् व्यवस्थापन | छलफल, प्रश्नोत्तर, अवलोकन भ्रमण, खोज, प्रदर्शन, प्रयोग, अभिनय |

### सिकाइ स्तरीकरण

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६, एकीकृत पाठ्यक्रम कक्षा (१-३), २०७६ र लेटर ग्रेडिङ निर्देशिका २०७८ बमोजिम विद्यार्थीको सिकाइलाई प्रमाणीकरण गर्नु आवश्यक हुन्छ । विद्यार्थीको आन्तरिक र बाह्य मूल्याङ्कन, कक्षा सहभागिता, प्रयोगात्मक कार्य, अभ्यास कार्य, समूह कार्य, परियोजना कार्य जेजस्ता मूल्याङ्कनका साधनहरू प्रयोग गरिन्छ, ती सबैलाई एकीकृत गरी सिकाइ प्रमाणीकरण गर्न लेटर ग्रेडिङ निर्देशिका २०७८ मा उल्लेख भएअनुसार विद्यार्थीको प्राप्ताङ्कलाई निम्नानुसार ग्रेडको समूहमा रूपान्तरण गर्नुहोस् :

| क्र.स. | उपलब्धि प्रतिशत | स्तरिकृत अङ्क | अक्षरमा उपलब्धिस्तर | उपलब्धि स्तरको व्याख्या |
|---|---|---|---|---|
| १. | ९० र सोभन्दा माथि | ४.० | A+ | सर्वोत्तम (outstanding) |
| २. | ८० र सोभन्दा माथि ९० भन्दा कम | ३.६ | A | अत्युत्तम (Excellent) |
| ३. | ७० र सोभन्दा माथि ८० भन्दा कम | ३.२ | B+ | उत्कृष्ठ (Very Good) |

| | | | | |
|---|---|---|---|---|
| ४. | ६० र सोभन्दा माथि ७० भन्दा कम | २.८ | B | उत्तम (Good) |
| ५. | ५० र सोभन्दा माथि ६० भन्दा कम | २.४ | C+ | सन्तोषजनक (Saisfactory) |
| ६. | ४० र सोभन्दा माथि ५० भन्दा कम | २.० | C | ग्राह्य (Acceptable) |
| ७. | ३५ र सोभन्दा माथि ४० भन्दा कम | १.६ | D | आधारभूत (Basic) |
| ८. | ३५ भन्दा कम | - | NG | अवर्गीकृत (Not Graded) |

स्रोत : लेटर ग्रेडिङ निर्देशिका २०७८

विद्यार्थी मूल्याङ्कन कार्यलाई प्रभावकारी बनाउनका लागि शिक्षकले शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनकै अवस्थामा गरिने मूल्याङ्कन र त्यसको अभिलेख प्रभावकारी मानिन्छ । सिकाइ उपलब्धिअनुसारको अभिलेखीकरण गर्दै विद्यार्थीलाई सिकाइका लागि थप सहयोग उपलब्ध गराउनु आवश्यक हुन्छ ।

## नतिजा विश्लेषण

विद्यालयले विद्यार्थीको सिकाइस्तरका आधारमा शिक्षण सिकाइ क्रियाकलाप, शैक्षणिक योजना, शिक्षक क्षमता विकासजस्ता विभिन्न क्रियाकलाप सञ्चालन गर्नका लागि नतिजा विश्लेषण गर्नु आवश्यक हुन्छ । उक्त नतिजा विश्लेषणका लागि २ ढाँचा प्रयोग गर्न सकिन्छ । विद्यार्थीले हासिल गरेको अङ्कको विश्लेषण र अन्तिम नतिजाको ग्रेड विश्लेषण गरी सुधारका उपाय अबलम्बन गर्नुपर्छ । विद्यार्थीले हासिल गरेको अङ्क विश्लेषण गर्दा खासगरी न्यूनतम, अधिकतम, न्यूनतम र अधिकतमका बिचको भिन्नता, स्तरीय भिन्नता र औसत हेर्नुपर्छ । माइक्रोसफ्ट एक्सेलमा डाटाबेस तयार गरी यी तथ्यहरू हेर्न सकिन्छ ।

| विषय<br>विद्यार्थी | नेपाली | अङ्ग्रेजी | सेरोफेरो | गणित | स्थानीय विषय |
|---|---|---|---|---|---|
| ............. | | | | | |
| ...................... | | | | | |
| .................. | | | | | |
| ............. | | | | | |
| न्यूनतम अङ्क | | | | | |
| अधिकतम अङ्क | | | | | |
| न्यूनतम र अधिकतमको भिन्नता | | | | | |
| स्तरीय भिन्नता | | | | | |
| औसत | | | | | |

उल्लेख गरिएका सूचकका आधारमा नतिजा विश्लेषण गर्नुपर्छ । न्यूनतम र अधिकतम बिचको भिन्नता जति कम छ त्यति नै राम्रो मानिन्छ । स्तरीय भिन्नता कम हुनु राम्रो मानिन्छ । औसत सिकाइ उपलब्धिले खासगरी विषयगत औसत सिकाइको जानकारी दिए पनि कमजोरी थाहा हुँदैन तथापि औसत धेरै हुनु राम्रो हो ।

अन्तिम नतिजापश्चात् कक्षाका जम्मा विद्यार्थीले प्राप्त गरेको ग्रेडलाई सङ्ख्याअनुसार विभाजन गरी त्यसलाई विश्लेषण गर्नुपर्छ । यसरी विश्लेषणका लागि निम्नअनुसारको नमुना प्रयोग गर्न सकिन्छ । विषयगत औसत निकाले पनि सबै विषयको औसतबाट कक्षागत औसत निकाल्नु हुँदैन यदि निकाल्नै परे weighted mean को सूत्र प्रयोग गर्नुपर्छ ।

| विषय / ग्रेड | नेपाली | अङ्ग्रेजी | सेरोफेरो | गणित | स्थानीय विषय |
|---|---|---|---|---|---|
| A+ | | | | | |
| A | | | | | |
| B+ | | | | | |
| B | | | | | |
| C+ | | | | | |
| C | | | | | |
| D | | | | | |
| NG | | | | | |

तालिकामा कुन ग्रेडमा कति जना विद्यार्थी पर्छन् सोहीअनुसार विश्लेषण गर्नुपर्छ । सामान्यतया NG मा कोही पनि नहुने र अन्य बाँकी विद्यार्थीमध्ये माथि हुनु राम्रो भए पनि न्यूनतम रूपमा NG मा ० र अन्य ६ समूहमध्ये एकचौथाइ विद्यार्थी तल्लो २ समूह, दुईचौथाइ बिचको २ समूह र बाँकी माथिल्लो समूहमा हुनु राम्रो मानिन्छ । जिपिएको औसत निकाल्नु हुँदैन । यसलाई विषयगत सङ्ख्यामै हेर्नुपर्छ ।

**द्रष्टव्य** :

कक्षा १-३ मा १०० प्रतिशत निर्माणात्मक मूल्याङ्कन पद्धति र कक्षा ४-८ मा ५० प्रतिशत निर्माणत्मक र ५० प्रतिशत निर्णयात्मक मूल्याङ्कन पद्दति प्रयोग हुनेछ । कक्षा ४ देखि ८ सम्म निर्णयात्मक मूल्याङ्कनका लागि त्रैमासिक र वार्षिक परीक्षा गर्ने व्यवस्था गरिएको छ । त्रैमासिक अवधिको आन्तरिक मूल्याङ्कन गर्दा पाठ्यक्रम विकास केन्द्रबाट प्रकाशित लेटर ग्रेडिङ पद्धतिका लागि सहयोगी पुस्तिका २०७९ अनुसार गर्नुपर्छ ।

# विशिष्टीकरण तालिका (कक्षा ४ - ८)

**विषय : स्थानीय पाठ्यक्रम कक्षा ४-८**

**पूर्णाङ्क : ५०**

| एकाइ | पाठ्यवस्तु | | ज्ञान र बोध | | | व्यवहारिक सिप | | | उच्च दक्षता | | | जम्मा प्रश्न संख्या | | | जम्मा प्रश्न | अङ्कभार | | | जम्मा अङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | घन्टा | वस्तुगत प्रश्न | छोटो | लामो | वस्तुगत प्रश्न | छोटो | लामो | वस्तुगत प्रश्न | छोटो | लामो | वस्तुगत प्रश्ने | छोटो | लामो | | वस्तुगत प्रश्न | छोटो | लामो | |
| १ | सुनकोशीको परिचय | २५.० मिनेट | १ | | | १ | | | १ | १ | १ | ३ | १ | १ | ५ | ४.५ मिनेट | ४.० मिनेट | १५.० मिनेट | ९.५ |
| २ | .हाम्रो संस्कृति र संस्कार | २३.५ मिनेट | १ | | १ | १ | १ | | १ | | | ३ | १ | १ | ५ | ४.५ मिनेट | ४.० मिनेट | १५.० मिनेछ | ९.५ |
| ३ | हाम्रा प्राकृतिक र मानव निर्मित सम्पदा | ४.५ मिनेट | १ | | | १ | | | १ | | | ३ | | | ३ | ४.५ मिनेट | | | १.५ |
| ४ | स्थानीय प्रविधि र घरेलु उद्योग | ३०.५ मिनेट | १ | | | १ | | | १ | | | ३ | | | ३ | ७.५ मिनेट | ८.० मिनेट | १५.० मिनेट | १३.५ |
| ५ | कृषि, पशुपन्छी र माछा पालन | ४.५ मिनेट | १ | १ | | २ | १ | १ | १ | | | ४ | २ | १ | ७ | ६.० मिनेट | ८.० मिनेट | १५.० मिनेट | १३.० |
| ६ | पेसा व्यवसाय | १८ मिनेट | १ | | | १ | | १ | | | | २ | | १ | ३ | ३.० मिनेट | | १५.० मिनेट | ६.० |
| ७ | जडीबुटी | ५.५ मिनेट | | १ | | १ | | | | | | १ | १ | | २ | १.५ मिनेट | ४.० मिनेट | | ३.५ |
| ८ | हाम्रा धार्मिक र पर्यटकीय स्थल | ८.५ मिनेट | १ | | | १ | | | १ | १ | | ३ | १ | | ४ | ४.५ मिनेट | ४.० मिनेट | | ४.५ |
| ९ | विपत् व्यवस्थापन | | १ | | | १ | | | | | | २ | | | २ | ३.० मिनेट | | | १.० |
| | जम्मा | २ घन्टा | ८ | २ | १ | १० | २ | २ | ६ | २ | १ | २४ | ६ | ४ | ३४ | ३६.० मिनेट | २४.० मिनेट | १.० घन्टा | ५० |

| प्रश्नका प्रकारहरू | प्रश्नको सङ्ख्या | प्रति प्रश्न अङ्क भार | प्रति प्रश्न समय | अङ्क भार | समय |
|---|---|---|---|---|---|
| वस्तुगत प्रश्न | २४ | ०.५ | १.५ मिनेट | १२ | ३६ मिनेट |
| सङ्क्षिप्त उत्तर आउने | ६ | ३.० | ४ मिनेट | १८ | २४ मिनेट |
| लामो उत्तर आउने | ४ | ५.० | १५ मिनेट | २० | १ घन्टा |
| जम्मा | ३४ | | | ५० | २ घन्टा |

नोट : यो कक्षा ४-८ को निर्णयात्मक मूल्याङ्कनअर्न्तगत त्रैमासिक र बार्षिक परीक्षाका लागि तयार गरिएको एउटा नमुना विशिष्टीकरण तालिका हो । यो तालिका प्रत्येक कक्षाका लागि प्रत्येक वर्ष एक विषयवस्तुमा फरक प्रश्न सङ्ख्या हुने गरी निर्माण गर्नुपर्छ । सोही विशिष्टीकरण तालिकाअनुसार प्रश्न निर्माण गर्नुपर्छ ।

**स्थानीय पाठ्यक्रम कक्षा ४-८**

## नमूना प्रश्न

**खण्ड क (वस्तुगत प्रश्न)**

१. खाली ठाउँमा मिल्ने शब्द भरी वाक्य पूरा गर्नुहोस् : (६X०.५=३ )
(क) सुनकोशी गाउँपालिकाको पूर्वी सिमानामा ........गाउँपालिका पर्छ ।
(ख) बक्खु .... जातिका मानिसले लगाउने पहिरन हो ।
(ग) जलेश्वर महादेव मन्दिर .....पालिकामा पर्छ ।
(घ) वृक्षरोपण गर्नाले ........रोकथाम हुन्छ ।
(ङ) तरकारी खेतीका लागि सबैभन्दा पहिला .....तयार गर्नुपर्छ ।
(च) चिराइतो हाम्रो....मा पाइने जडीबुटी हो ।

२. तलका भनाइ ठिक भए (✓) चिह्न र बेठिक भए (X) चिह्न लगाउनुहोस् : (६X०.५=३ )
(क) सुनकोशी गाउँपालिकाको सुनखानी वडा नं चारमा पर्छ ।
(ख) आङ्गी नेवार जातिका मानिसले लगाउने पहिरन हो ।
(ग) जटामसी सुनकोशी गाउँपालिकाभित्र पाइने जडीबुटी हो ।
(घ) वन संरक्षणका लागि सामुदायिक वन उपभोक्ता समूहको आवश्यकता पर्छ ।
(ङ) आरन स्थानीय घरेलु सामान उत्पादन गर्ने स्थानीय प्रविधि हो ।
(च) सुनकोशी गाउँपालिकामा पर्यटक वृद्धि गर्न पर्यटन क्षेत्रको संरक्षण र विकास गर्नुपर्छ ।

३. जोडा मिलाउनुहोस् : (६X०.५=३ )

| | |
|---|---|
| (क) मन्दिर | विपत् |
| (ख) घोडताप्रे | स्थानीय प्रविधि |
| (ग) भूकम्प | स्थानीय फलफूल |
| (घ) आरन | नदी |
| (ङ) आरुबखडा | हिन्दु |
| (च) सुनकोशी | जडीबुटी |

४. तल दिइएका चारओटा उत्तरमध्ये ठिक उत्तरमा (✓) चिह्न लगाउनुहोस् : (६X०.५=३)
(क) सुनकोशी गाउँपालिकाको दक्षिणी सिमानामा कुन पालिका पर्छ ?
(अ) भुम्लु गाउँपालिका (आ) लिसङ्खु पाखर गाउँपालिका
(इ) चौतारा साँगाचोक नगरपालिका (ई) बलेफी गाउँपालिका
(ख) बाघभैरव सुनकासी गाउँपालिकाको कति नम्बर वडामा पर्छ ?
(अ) १ (आ) २ (इ) ३ (ई) ४

(ग) पर्यटकलाई आकर्षण गर्ने तरिका कुन होइन ?

(अ) पर्यटकसँग मिठो बोली बोल्नु (आ) पर्यटकलाई अभिवादन गर्नु

(इ) पर्यटन क्षेत्रको सरसफाइ गर्नु (ई) पर्यटकलाई खान बस्नको व्यवस्था नगर्नु

(घ) बाख्रा पालन किन गरिन्छ ?

(अ) रमाइलाका लागि (आ) मासुका लागि

(इ) काम सिक्नका लागि (ई) औषधी उत्पादनका लागि

(ङ) जैविक खेतीका लागि कुन मलको आवश्यकता पर्छ ?

(अ) युरिया मल (आ) फोस्फरस

(इ) प्राङ्गारिक मल (ई) चिनीमल

(च) सामान्य जरो आउँदा कुन जडीबुटी प्रयोग गर्न सकिन्छ ?

(अ) बोझो (आ) निम

(इ) पाँचऔँले (ई) तितेपाली

**खण्ड ख :**

छोटो उत्तर आउने प्रश्न : (६x३=१८)

५. तलका प्रश्नको छोटो उत्तर दिनुहोस् :

(क) तपाईंको वडाको छोटो परिचय दिनुहोस् ।

(क) सुनकोशी गाउँपालिकाकाभित्र मनाइने कुनै चारओटा चाडपर्वको नाम लेख्नुहोस् ।

(ख) बाख्रा पालनबाट हुने चारओटा फाइदा लेख्नुहोस् ।

(ग) तरकारी खेती कसरी संरक्षण गर्न सकिन्छ ?

(घ) तपाईंको गाउँघरमा पाइने दुईओटा जडीबुटीको परिचय दिनुहोस् ।

(ङ) पर्यावरणीय पर्यटन र सांस्कृतिक पर्यटन भनेको के हो ? स्पष्ट पार्नुहोस् ।

**खण्ड ग :**

लामो उत्तर आउने प्रश्न : (४x५=२०)

६. तलका प्रश्नको विवेचनात्मक उत्तर दिनुहोस् :

(क) सुनकोशी गाउँपालिकाको धरातलीय स्वरूपअनुसार हावापानीको अवस्था वर्णन गर्नुहोस् ।

(ख) सुनकोशी गाउँपालिकाभित्र बसोबास गर्ने कुनै एक जातिको मृत्यु संस्कार सम्पन्न गर्ने तरिका लेख्नुहोस् ।

(ग) व्यावसायिक फलफूल खेती गर्दा हुने फाइदा वर्णन गर्नुहोस् ।

(घ) सफल पेसा व्यवसायी हुनका लागि सिप विकासको किन आवश्यता हुन्छ ? पुष्टि गर्नुहोस् ।



# राष्ट्रिय गान

सयौं थूंगा फूलका हामी, एउटै माला नेपाली
सार्वभौम भई फैलिएका, मेची-महाकाली ।

प्रकृतिका कोटी-कोटी सम्पदाको आँचल
वीरहरूका रगतले, स्वतन्त्र र अटल ।


ज्ञानभूमि, शान्तिभूमि तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ।

बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो, जय जय नेपाल ।




१. शिक्षा यस्तो शक्तिशाली हतियार हो, जसको प्रयोगले संसार बदल्न सक्छौं ।

- नेल्सन मन्डेला




२. शिक्षा भनेको भविष्यको लागि पासपोर्ट हो । आज राम्रो गर्नेहरुको नै भविष्य राम्रो हुन्छ ।

- माल्कोम एक्स




३. सिकाई र शिक्षाको लागि रुचि बनाइराख्यौं भने तिमीलाई अगाडि बढ्नको लागि कसैले रोक्न सक्दनैन ।

- एन्थोनी जे डिएञ्जेलो




४. शिक्षाको जरा तितो हुन्छ । तर, फल सबैभन्दा मिठो हुन्छ ।

- एरिसटोटल




५. शिक्षा जीवनको लागि तयारी होइन, शिक्षा स्वयम् जीवन हो ।

- जोन डिवे




६. मसँग त्यस्तो विशेष क्षमता केही पनि छैन । मात्र म नयाँ कुरा जान्न र बुझ्नको लागि सधैं उत्सुक रहन्छु ।

- अल्बर्ट आइन्स्टाइन्




७. आफ्नो बच्चालाई आफूले सिकेको ज्ञान मात्र दिन नखोज । ऊ तिमीभन्दा फरक समयमा जन्मिएको छ ।

- रविन्द्रनाथ टैगोर




८. जो व्यक्तिले धेरै पढ्छ, तर, आफ्नो दिमाग भने थोरै मात्र प्रयोग गर्छ भने ऊ विचारको कुरामा अल्छी बन्छ ।

- अल्बर्ट आइन्स्टाइन




९. जसले विद्यालय खोल्छ, उसले जेलको ढोका बन्द गर्न मद्दत गरिरहेको हुन्छ ।

- भिक्टर ह्युगो



१०. शिक्षा भनेको बाल्टिन भर्नु होइन । आगो सल्काउनु हो ।

- विलियम बटलर येट्स



११. असल शिक्षा, आत्मा सुन्दर बनाउने वास्तुकला हो ।

- विलियम वेनेट